# छायाँनाथ रारा नगरपालिकाको १० वर्षे  शिक्षा क्षेत्र योजना

# (आ. व २०८१/२०८२-२०९०/२०९१)

छायाँनाथ रारा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
गमगढी, मुगु
कर्णाली प्रदेश, नेपाल

प्रकाशन मिति : २०८१ माघ २८

## शिक्षा क्षेत्रको १० वर्षे योजना निर्माणमा संलग्न बिभिन्न समिति तथा पदाधिकारीहरू

**संरक्षण समितिः**
संयोजक : श्री बिष्णु कुमार भाम (नगर प्रमुख)
सदस्य : श्री ऐश्वर्य मल्ल (नगर उप-प्रमुख)
सदस्य : श्री पशुपती शाही (प्रमुख प्रशासकीय अधिकृत)

**सल्लाहकार समितिः**
संयोजक : श्री ऐश्वर्य मल्ल (नगर उप-प्रमुख)
सदस्य : श्री देब हादुर मल्ल (शिक्षाबिद)
सदस्य : श्री लोकेन्द्र बहादुर मल्ल (शिक्षा समिति सदस्य)

**सञ्चालन समितिः**
संयोजक : श्री बिष्णु कुमार भाम
सदस्य : श्री ऐश्वर्य मल्ल
सदस्य : श्री पशुपती शाही
सदस्य : श्री तिलक कार्की
सदस्य : श्री बिष्णु माया भाम
सदस्य : श्री जुन बहादुर खड्का
सदस्य : श्री शुसिल कुमार भाम
सदस्य : श्री सल बहादुर रावल
सदस्य : श्री पदम राज मल्ल
सदस्य : श्री नन्द बहादुर रावल
सदस्य : श्री कुन्जुमा कुमाई
सदस्य सचिव : गणेश न्यौपाने

**योजना निर्माण कार्यदलः**
संयोजक : श्री गणेश न्यौपाने (शिक्षा शाखा प्रमुख)
सदस्य : श्री शुसिल कुमार भाम (क्याम्पस प्रमुख)
सदस्य : श्री देव बहादुर मल्ल (शिक्षा बिज्ञ)
सदस्य : श्री हेम राज पुन (इकाई प्रमुख)
सदस्य : श्री कर्ण विर बोहोरा (प्र.अ.)
सदस्य : श्री हरिभक्त तिवारी (स्याक नेपाल)
सदस्य : श्री कृष्ण सुनार (शिक्षक)
सदस्य : श्री बुद्धि बहादुर शाही (बालविकास संयोजक)
सदस्य सचिवः श्री हस्त बहादुर भाम (शिक्षा, युवा तथा खेलकुद शाखा)

### शिक्षा उप-क्षेत्र कार्यदलहरूः

**क) प्रारम्भिक बालविकास र शिक्ष**
संयोजक : श्री नवराज रावल
सदस्यः डिल बहादुर नेपाली
सदस्य : इन्द्रिरा हमाल

**ख) आधारभुत शिक्षा**

संयोजकः श्री जंग बहादुर शाही

सदस्यः दिप बहादुर बिष्ट

सदस्यः कृष्ण सुनार

**ग) माध्यमिक शिक्षाः**

संयोजकः श्री लोकेन्द्र बहादुर मल्ल

सदस्यः सल बहादुर रावल

सदस्यः सुर बहादुर बुढा

**घ )जीवन सिकाई तथा अनौपचारिक शिक्षा**

संयोजकः श्री सल बहादुर रावल

सदस्यः श्री सविना भाम

सदस्यः नन्द बहादुर रोकाया

**ङ) प्राविधिक तथा उच्च शिक्षा**

संयोजकः श्री सुशील कुमार मल्ल

सदस्यः धन बहादुर विटालु

सदस्यः कृष्ण बहादुर रावल

**च) पाठ्यक्रम पाठ्यपुस्तक सिकाइ सामग्री तथा मुल्याङ्कन**

संयोजकः श्री हस्त बहादुर भाम

सदस्यः श्री मोहन कुमार मल्ल

सदस्यः श्री डिल बहादुर नेपाली

**छ ) शिक्षा व्यवस्थापन र विकास**

संयोजकः श्री बिष्णु माया भाम

सदस्यः श्री नन्द बहादुर रोकाया

**ज ) विद्यालय पोषणतथा स्वास्थ्य कार्यक्रम**

संयोजकः श्री बिर्सना शाही

सदस्यः श्री केबल बोहोरा

**झ) विद्यालय सुरक्षा, विपद न्यूनीकरण तथा उत्थानशीलता**

संयोजकः श्री निपेन्द्र बहादुर मल्ल

सदस्यः श्री पदम बहादुर बुदा

सदस्यः सुर बहादुर बुढा

**ञ) विद्यालयको भौतिक पूर्वाधार विकास**

संयोजकः श्री कर्णराज भाम

सदस्यः श्री तिलक कार्की

**ट) विद्यालय सूचना तथा संचार प्रविधि**

संयोजकः श्री निपेन्द्र बहादुर मल्ल
सदस्यः श्री सुवास मल्ल
सदस्यः श्री दान बहादुर बुढा

**ठ) सुशासन तथा व्यवस्थापन**

संयोजकः श्री रुप बहादुर मल्ल
सदस्यः श्री नन्द बहादुर रोकाया
सदस्यः श्री चित्र बहादुर मल्ल

**ड) लगानी र स्रोत व्यवस्था**

संयोजकः श्री जगत जंग रावल
सदस्यः श्री केशर रावल
सदस्यः श्री पदम बहादुर बुढा

**ढ ) अनुमगन तथा मुल्यांकन**

संयोजकः श्री कुन्जुमा कुमाई
सदस्यः श्री पदम राज मल्ल
सदस्यः श्री नन्द्र बहादुर रावल

**प्राविधिक सहयोग**

यूनिसेफ नेपाल
समाज जागरण केन्द्र (स्याक) नेपाल, वीरेन्द्रनगर, सुर्खेत

## मेरो भनाई

नेपालको कर्णाली प्रदेश, मुगु जिल्लामा पर्ने एक महत्वपूर्ण क्षेत्रको रुपमा छायाँनाथ रारा नगरपालिका रहेको छ। कुल ४८०.६७ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको यस छायाँनाथ रारा नगरपालिकाको नक्सा हेर्दा तेर्सो, लामो, चुच्चे आकारमा रहको देखिन्छ। यो नगरपालिकामा छायाँनाथ देबस्थल र नेपालको ठूलो ताल राराको नामाकरण मिलाएर वि.स. २०७३ सालमा पुन; संरचना गरिएको र त्यसको कन्द्रे निर्धारण गरिएको छ। कुल १४ वटा वडामा विभाजन गरिएको यस नगरपालिकामा मुगु जिल्लाको सदरमुकाम गमगढी बजार रहेको छ। यो नगरपालिका बहुभाषिक, बहुसांस्कृतिक, बहुजातीय र विविधतायुक्त नगरपालिका हो। हालको नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तहका आ–आफन अधिकार र कार्यक्षेत्रहरु तोकिदिएको छ। यसै गरी स्थानीय सरकार सचांलन ऐन, २०७४ कार्यान्वयनमा छ। जसमा स्थानीय तहले शिक्षा सम्बन्धी २३ वटा कार्यहरु सम्पादन गर्ने उल्लेख छ। त्यसैले आफ्नो स्थानीय तहमा सञ्चालित विद्यालयहरुको प्रभावकारी व्यवस्थापन गर्दै शिक्षामा समतामूलक पहुचँ, गणुस्तरीय शिक्षा, सक्षमता, सान्दर्भिकता, समावेशीकरण, सशुासन तथा व्यवस्थापन आदि सुनिश्चित गर्नका लागि स्थानीय तहले उपलब्ध स्रोत साधन (भौतिक, वित्तीय र मानवीय) को अधिकत्म परिचालन गर्नपुर्ने वास्तविकतालाई मध्यनजर गर्दै छायाँनाथ रारा नगरपालिकाले १० वर्षे नगर शिक्षा योजना (२०८०/२०८१-२०९०/२०९१ ) निमार्ण गरी कार्यान्वयनमा ल्याउन लागेकोमा मलाई अत्यन्तै खसुी लागेको छ। कुनैपनि ठाउँको समग्र विकासमा शिक्षाको विकास भनेको आधारभूत आवश्यकता हो। यस महत्वपूर्ण विषयवस्तलुाई आत्मसात गरी उपलब्ध ऐन, कानुन, नीति, नियम तथा अन्य दस्तावजेहरुको गहन अध्ययन गरी नेपालको संविधान, स्थानीय सरकार संचालन एने २०७४, १० वर्षीय योजनाहरु, विद्यालय शिक्षा क्षेत्रगत योजना (SESP) तथा विभिन्न ऐन काननूको परिधिमा रहेर स्थानीय सराकोरवाला, विज्ञ तथा जनप्रतिनीधिहरुसगँ चरणवद्ध रुपमा छलफल गरी निर्माण गरिएको यो शैक्षिक योजना नगरपालिकाको समग्र शैक्षिक विकासका लागि महत्वपूर्ण दस्तावेज हुनेछ भन्ने मैले विश्वास लिएको छु। यस नगरपालिकाको बहुजातीय, बहभुाषिक, बहुसांस्कृतिक पहिचानलाई मनन् गर्दै शैक्षिक अवस्थाको गहन अध्ययन गरी तयार पारिएको यस योजना निर्माण कार्यमा संयोजन गर्नुहुने प्रमुख प्रशासकीय अधिकृत, नगर उप-प्रमुख, वडाध्यक्षहरू, शिक्षा शाखा प्रमुख, लगायत कार्यालयका सम्पुर्ण कर्मचारीहरू, योजना निर्माण कार्यक्रममा सल्लाह सझ्ुाव दिनुहुने स्थानीय शिक्षाविद, विज्ञ टोली, प्र.अ., शिक्षक, वि.व्य.स. पत्रकार, नागरिक समाज, सहयोगी संघ संस्था लगाएत यस योजनालाई मूर्तरुप दिन खोज अनुसन्धान तथा लेखन कार्यमा सहयोग पुर्याउने यूनिसेफ नेपाल र समाज जागरण केन्द्र (स्याक) नेपाललाई हार्दिक धन्यबाद ज्ञापन गर्दछु। अन्त्यमा, यस शैक्षिक योजनामा समावेश विषयवस्तहुरुको कार्यान्वयनमा सम्पूर्ण सरोकारवालाहरुको सहयोग र सहकार्यको अपेक्षा राख्दै यसको पूर्ण सफलता एवम् प्रभावकारी कार्यान्वयनको कामना गर्दछु।

बिष्णु कुमार भाम
नगर प्रमुख

## दुई शब्द

कर्णाली प्रदेशको मुगु जिल्ला स्थित छायाँनाथ रारा नगरपालिका बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र प्राकृतिक रुपमा भरिपूर्ण एक महत्वपूर्ण र ऐतिहासिक क्षेत्र हो । यस महत्वपूर्ण क्षेत्रको गुणस्तरीय शिक्षामा विकास गरी आजको प्रतिस्पर्धी युग सुहाउँदो शैक्षिक वातावरण तयार गर्नु आजको आवश्यकता हो । यस आवश्यकतालाई मध्यनजर गरी नेपालको संविधान, स्थानीय सरकार सचांलन ऐन २०७४, पञ्च वर्षीय योजनाहरु, अनिवार्य शिक्षा ऐन २०७५, राष्ट्रिय शिक्षा नीति २०७६, राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६, विद्यालय क्षेत्र विकास कार्यक्रम तथा विभिन्न ऐन काननूको अधिकारको उपयोग गरी स्थानीय सरोकारवाला, विज्ञ तथा जनप्रतिनिधिहरुसँग चरणवद्ध रुपमा छलफल गरी निर्माण गरिएको छायाँनाथ रारा नगरपालिकाको यो शिक्षा क्षेत्रको १० वर्षे योजना (२०८१-२०९१) प्रकाशन हुन लागेकोमा मलाई खुसी लागेको छ । यो शैक्षिक योजना छायाँनाथ रारा नगरपालिकाको समग्र शैक्षिक विकासका लागि एउटा महत्वपूर्ण आधारभूत दस्तावेजको रुपमा रही शिक्षाको विकासमा कोसेढुङ्गा साबित हुनेछ भन्ने विश्वास गरेको छु ।

समग्र नगरपालिकाको गुणस्तरीय शिक्षामा पहुँच पुगोस, शिक्षाको अधिकारबाट कोही पनि बञ्चित हुन नपरोस र प्रविधि मैत्री, दक्ष जनशक्तिको उत्पादनमा सहयोग पुगोस भन्ने उद्देश्यका साथ हाम्रो नगरपालिकाले यो योजना निर्माण गरेको हो । नगरपालिकाको शैक्षिक अवस्थाको गहन अध्ययन गरी तयार पारिएको यस योजना निर्माण कार्यमा तदारुकता देखाउनु हुने नगर प्रमुख ज्यू, योजना तर्जुमाका लागि संयोजन गर्नु हुने प्रमुख प्रशासकीय अधिकतृ तथा शिक्षा शाखा प्रमुख लगायत लेखन समितिका पदाधिकारी, कार्यालयका सम्पूर्ण कर्मचारीहरू, योजना निर्माणका क्रममा सल्लाह सुझाव दिनहुने स्थानीय शिक्षाविद, विज्ञ टोली, प्र.अ., शिक्षक लगायत यस योजनालाई मूर्त रुप दिन खोज अनुसन्धान तथा लखेन कार्यमा सहयोग गर्ने विज्ञ संस्था, वडाध्यक्षहरू, शिक्षाप्रमी सम्पूर्ण महानुभावहरूले आ–आफ्नो क्षेत्रबाट पुर्याउनु भएको सहयोग प्रति आभार प्रकट गर्दछु ।

अन्त्यमा, यस शैक्षिक योजनामा समावेश विषयवस्तुहरुमा केही सुधार गर्नुपर्ने भएमा यहाँहरुको रचनात्मक सुझावसहित यसको सफलता एवम् प्रभावकारी कार्यान्वयनको कामना गर्दछु ।

ऐश्वर्य मल्ल
नगर उप-प्रमुख

## मेरो भनाइ

नेपालको संविधान अनुसूचि ८ ले आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकार क्षेत्र अन्तर्गत पर्ने तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (ज) अनुसार आधारभूत तथा माध्यमिक शिक्षाको २३ वटा अधिकार स्थानीय तहलाई प्रदान गरेको सन्दर्भमा संविधान र कानुनले अनुमोदित गरेको व्यवहारलाई आत्मसात गर्दै सुखी मुगुबासी र समृद्ध छायाँनाथ रारा नगरपालिकाको परिकल्पनालाई साकार पार्न शैक्षिक पहुँच र व्यवस्थालाई अग्रस्थानमा राख्न जरुरी देखिएको छ।

बि.स. २०१३ साल देखी राष्ट्रिय स्तरमा तयार गरिएको योजनाले स्थानीय तहका सबै आवश्यकता पुरा गर्न कठिनाई भई रहेको अबस्थामा बि.सं. २०५७ साल देखि शिक्षालाई विकेन्द्रित योजनाको रुपमा निर्माण गर्न सुरुवात गरे संगै स्थानीय तहमा जनसमुदाय र सरोकारवाला पक्षको संलग्नतामा जिल्ला शिक्षा योजना र नगर शिक्षा योजना निर्माण तथा कार्यान्यनको जमर्को गरेको देखिन्छ। संघीयता स्थापना पछिको समयमा राज्यको पून:संरचना संगै संघ, प्रदेश र स्थानीय तह गरी तिन वटै तहका सरकारहरुले शिक्षालाई साझा र एकल दुबै अधिकारको रुपमा बोध गरी कार्य गर्ने सन्दर्भमा नयाँ शिक्षा क्षेत्र योजनाको आवश्यकता परेको देखिन्छ। विद्यालय क्षेत्र विकास योजनाको समाप्ति पछि तिन वटै तहमा एउटै कार्य ढाँचामा निर्माण भएको यस योजनाले छायाँनाथ रारा नगरपालिकालाई यथार्थमा १० बर्ष पछि सबै शैक्षिक गन्तव्य बन्ने कुरामा आशावादी रहेको छु।

पहिलो अनुभवमा नै योजना निर्माण गर्नु जटिल र चुनौती पूर्ण कार्य भएको छ तापनि यो योजना निर्माणमा योजना निर्माण प्राविधिक समितिको काम अत्यन्तै प्रसंशा योग्य रहेको छ। समितिमा नेतृत्व गर्ने आदरणीय नगर प्रमुख ज्यू, नगर उप-प्रमुख ज्यू, सामाजिक विकास समिति संयोजक ज्यू, कार्यपालिका, लेखन समिति र शिक्षा समितिका आदरणीय पदाधिकारी, शिक्षक महासंघ, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका पदाधिकारीहरु, बालकल्याण प्रतिनिधि, क्याम्पस प्रमुख तथा योजनालाई निखार ल्याउनका लागि आ-आफ्नो ठाउँमा अमूल्य सहयोग, सुझाब र पृष्ठपोषण प्रदान गर्नु हुने सम्पूर्ण शैक्षिक सरोकारवालाहरुमा हार्दिक धन्यवाद प्रकट गर्दछु। नगरपालिकालाई योजना निर्माणमा सहयोग गर्नु हुने यूनिसेफ नेपाल र समाज जागरण केन्द्र (स्याक) नेपाललाई धन्यवादको पात्रको रुपमा स्मरण गरिरहेको छु। अन्त्यमा यस योजनाको प्रभावकारी कार्यान्वयको पूर्ण रुपले अपेक्षा गरेको छु।

धन्यवाद !

पशुपती शाही

नि. प्रमुख प्रशासकीय अधिकृत

# विषय सूची


विषय प्रवेश ........................................ १

क) भूमिका १

ख) स्थानीय तहको शिक्षा अधिकार र योजना निर्माणको आवश्यकता १

ग) शिक्षा योजना निर्माणका आधारहरु १

घ) शिक्षा योजना निर्माण प्रक्रिया २

ङ) योजनाको लेखाजोखा २

च) योजनाको दस्तावेजको स्वरूप ३

कार्यकारी सारांश ........................................ ४

परिच्छेद १: परिचय ........................................ ६

१.१ पृष्ठभूमी ६

१.२ छायाँनाथ रारा नगरपालिकाको परिचय ६

१.२.१ भौगोलिक र प्राकृतिक अवस्थिति ७

१.२.२ राजनीतिक अवस्थिति ७

१.२.३ सांस्कृतिकग उत्कृष्टता ७

१.२.४ जनसांख्यिक संरचना ८

१.२.५ सामाजिक साँस्कृतिक अवस्था ८

१.२.६ नगरपालिकाको शिक्षा तथा साक्षरताको अवस्था ९

१.३ विगतका योजनाको प्रगति समीक्षा १०

परिच्छेद २: दूरदृष्टी, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण ........................................ ११

२.१ सन्दर्भ र औचित्य ११

२.२ दीर्घकालीन राष्ट्रिय सोच ११

२.३ प्रदेशको दीर्घकालीन सोच तथा गन्तव्य ११

२.४ छायाँनाथ रारा नगरपालिकाको दूरदृष्टी ११

२.५ लक्ष्य १२

२ ६. उद्देश्यहरु १२

२.७ रणनीतीहरु १२

२ ८. कार्यनितिहरु १३

२.९ मुख्य क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य १९

परिच्छेद ३: शिक्षाका मुख्य क्षेत्रहरु........................................ २९

३.१ प्रारम्भिक बालविकास र शिक्षा २९

३.१.१ परिचय २९

३.१.२ चुनौतिहरू तथा अवसरहरू २९

३३.१ . लक्ष्य ३०

३.१.४ उद्देश्य ३०

३.१.५ रणनीतिक क्रियाकलाप ३०

३.१.६ अपेक्षित उपलब्धि ३१

३.१७. प्रमुख क्रियाकलापहरु तथा परिमाणात्मक लक्ष्य ३२

३.२ आधारभूत शिक्षा ३५

३.२.१ परिचय ३५

३.२.२ वर्तमान अवस्था ३५

३.२.३ चुनौती र अवसर ३६

३.२.४ लक्ष्य ३७

३.२.५ उद्देश्य ३७

| | | |
|---|---|---|
| ३.२.६ | रणनीतिक क्रियाकलाप | ३७ |
| ३.२.७ | अपेक्षित उपलब्धि | ३९ |
| ३.२.८ | नतिजा तथा परिमाणात्मक लक्ष्य | ४० |
| ३.२.८ | प्रमुख क्रियाकलापहरु तथा लक्ष्य | ४१ |
| ३.३ माध्यमिक शिक्षा | | ४३ |
| ३ १.३. | परिचय | ४३ |
| ३ २.३. | चुनौती तथा अवसर | ४३ |
| ३.३३. | लक्ष्य | ४४ |
| ३.३.४ | उद्देश्य | ४४ |
| ३.३.५ | रणनीति | ४४ |
| ३.३.६ | प्रमुख उपलब्धि तथा नतिजा | ४५ |
| ३.३.७ | प्रमुख क्रियाकलापहरु तथा नतिजा | ४६ |
| ३४ अनौपचारिक शिक्षा र आजीवन सिकाइ. | | ४९ |
| ३.४.१ | परिचय | ४९ |
| ३.४.२ | वर्तमान अवस्था | ४९ |
| ३ ३.४. | चुनौती तथा अवसर | ४९ |
| ३.४.४ | उद्देश्य | ५० |
| ३.४.५ | रणनीति | ५० |
| ३.४.६ | प्रमुख उपलब्धि र नतिजा | ५१ |
| ३ ७.४. | प्रमुख क्रियाकलाप अनुसार लक्ष्य योजना तालिका | ५२ |
| ३.५ प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम | | ५३ |
| ३.५.१ | परिचय | ५३ |
| ३२.५. | चुनौती तथा अवसर | ५३ |
| ३.५.३ | लक्ष्य | ५४ |
| ३.५.४ | उद्देश्य | ५४ |
| ३.४.५ | रणनीतिक क्रियाकलाप | ५४ |
| ३.५.६ | अपेक्षित उपलब्धि | ५५ |
| ३७.५. | प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य | ५७ |
| ४ १.पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाई तथा मूल्याङ्कन | | ५८ |
| ४.१.१ | परिचय | ५८ |
| ४.१.२ | वर्तमान अवस्था | ५८ |
| ४.१.३ | उद्देश्य | ६२ |
| ३.५.४ | रणनीतिहरु | ६२ |
| ४.१.५ | उपलब्धि तथा प्रमुख नतिजा | ६४ |
| ४.१.६ | प्रमुख क्रियाकलाप र लक्ष्य | ६६ |
| ४.२ शिक्षक व्यवस्थापन र विकास | | ६८ |
| ४ १.२. | परिचय | ६८ |
| ४ २.२. | वर्तमान अवस्था | ६९ |
| ४.२.३ | उद्देश्य | ७२ |
| ४.२.४ | रणनीतिहरु | ७३ |
| ४ ५.२. | उपलब्धी | ७३ |
| ४ ६.२. | प्रमुख क्रियाकलापहरु तथा लक्ष्य | ७४ |
| ४.३. शैक्षिक समता र समावेशीकरण | | ७९ |
| ४.३.१ | परिचय | ७९ |
| ४.३.२ | वर्तमान अबस्था | ७९ |
| ४.३.३ | उद्देश्य | ८० |
| ४.३.४ | रणनीतिहरू: | 82 |
| ४.३.५ | प्रमुख उपलब्धि तथा नतिजा | ८१ |
| ४.३.६ | प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष | ८३ |
| ४.४ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | ८४ |

४.४.१ वर्तमान अवस्था ८४
४.४.२ उद्येश्य ८५
४.४.३ रणनिती ८५
४ ४.४. उपलब्धि तथा नतिजा : ८५
४.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ८७
४.५ विद्यालयमा सुरक्षा, विपत न्यूनीकरण तथा उत्थानशीलता ८८
४.५.१ वर्तमान अवस्था ८८
४.५.२ उद्धेश्य ८८
४.५.३ रणनीति ८९
४.५.४ प्रमुख उपलब्धी तथा नतिजा ८९
४ ५.५. प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ९०
४.६ विद्यालय भौतिक पूर्वाधार विकास ९१
४.६.१ बर्तमान अवस्था ९१
४ २.६. चुनौती र अवसर ९१
४.६.३ उद्देश्य ९१
४.६.४ रणनीति ९२
४.६.५ प्रमुख उपलब्धि तथा नतिजा ९२
४.६.६ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य ९४
४.७ विधालयमा सूचना तथा सञ्चार प्रविधि ९५
४.७.१ परिचय ९५
४.७.२ वर्तमान अवस्था ९५
४.७.३ उद्देश्य ९६
४.७.४ रणनीतिहरू ९६
४.७.५ प्रमुख उपलब्धी र नतिजा ९६
४.७.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ९८
**परिच्छेद ५: अन्य उपक्षेत्र-** ............................................................ ९९
५.१ उच्च शिक्षाको व्यवस्थापन ९९
५.१.१ अवधारणा ९९
५.१.२ वर्तमान अवस्था १००
५ ३.१. चुनौती तथा अवसर १०१
५.१.४ उद्देश्य १०१
५.१.५ रणनीति १०१
५.१.६ प्रमुख उपलब्धि र नतिजा १०२
५.१.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य १०३
**परिच्छेद ६: सुशासन तथा व्यवस्थापन** ............................................................ १०४
६.१ परिचयः १०४
६२ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास. १०५
६.२.१ परिचय १०५
६.२.२ वर्तमान अवस्था १०५
६ ३.२. चुनौती र अवसरहरुः १०६
६.२४. उद्देश्य १०६
६.२५. रणनीतिहरू १०६
६.२.६ उपलब्धि तथा प्रमुख नतिजा १०७
६.२.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य १०८
६२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध. १०९
६.२.१ वर्तमान अवस्था १०९
६.२.२ उद्देश्य १०९
६.२.३ रणनीतिहरू ११०
६ ४.२. प्रमुख उपलब्धि तथा नतिजा ११०

६.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ११२
परिच्छेद ७ ........................................ ११४
**७.१ वर्तमान अबस्था** ११४
**७.२ उद्देश्य** ११५
**७.३ रणनीतिहरु** ११५
**७ ४.प्रमुख उपलब्धि तथा नतिजा** ११५
**परिच्छेद ८ : अनुगमन तथा मूल्याङ्कन** ........................................ १२०
**८.१ परिचय** १२०
**८.२ वर्तमान अवस्था** १२०
**८३ उद्देश्य.** १२१
**८४ रणनीतिहरू.** १२१
**८५ उपलब्धि., नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य** १२२
**८.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य** १२३
**सन्दर्भ सामग्रीहरु** ........................................ १२५

# विषय प्रवेश

## क) भूमिका

नेपालको संविधान, २०७२ ले तीन तहको राज्य संरचना सहित समाजवादउन्मुख राज्य प्रणालीमा आधारित भएर प्रत्येक नागरिकलाई आधारभूत शिक्षाको पहुँचको हकको सुनिश्चितता गरी प्रत्येक नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हकको सुनिश्चितता गरेको छ। यसै गरी संविधानले नै अपाङ्गता भएका र आर्थिक रूपमा विपन्न नागरिकलाई कानुनबमोजिम निःशुल्क उच्च शिक्षा पाउने, दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपाङ्गता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानुनबमोजिम निःशुल्क शिक्षा पाउने, साथै नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हकको व्यवस्था गरेको छ।

राज्यको आर्थिक विकास, समृद्धि, सामाजिक न्याय सहितको समतामूलक समाज निर्माणका लागि गुणस्तरीय शिक्षा तथा सबैका लागि आजीवन शिक्षाको समान अवसरले नै दीगो शान्ति, असल संस्कृति, सामाजिक सहिष्णुता तथा साझा मूल्य मान्यताको प्रवर्द्धन गरी राष्ट्र निर्माणमा शिक्षाको अहम् भूमिका रहन्छ। प्रारम्भिक बालविकास शिक्षा, औपचारिक शिक्षा, आधारभूत तथा माध्यमिक तहको शिक्षाको जिम्मेवारी र अधिकार समेतलाई ध्यानमा राखेर स्थानीय तहमा समेत शिक्षालाई कसरी व्यवहारिक, जीवनोपयोगी, वैज्ञानिक तथा रोजगारउन्मुख, गुणस्तरीय तथा समयानुकूल एवम् स्थानीय तहको कला, संस्कृति, परम्परागत ज्ञान, सीप, स्थानीय प्रविधि लगायतलाई एकीकृत गरी पालिकाको शैक्षिक क्षेत्रको सुधार गर्न र समृद्ध पालिका निर्माणको अभियानमा लाग्न व्यवहारिक ज्ञानसहितको दक्ष जनशक्ति उत्पादनमा जोड दिनका लागि पालिकाले पनि शिक्षा योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने आवश्यकता रहेको छ।

संघीय सरकारले १० वर्षे शिक्षा क्षेत्र योजना निर्माण गरी कार्यान्वयन गरेको अवस्थामा उक्त शिक्षा क्षेत्र योजनालाई प्रदेश तहमा तथा स्थानीय तहमा स्थानीयकरण गरी स्थानीय तहले पनि संघीय शिक्षा क्षेत्र योजना अनुरूपको शैक्षिक योजना निर्माण र कार्यान्वयन गर्न आवश्यक छ। यसै सन्दर्भमा छायाँनाथ रारा नगरपालिका, मुगुले पनि नगरपालिकाको शिक्षा योजना निर्माण गरेको छ।

## ख) स्थानीय तहको शिक्षा अधिकार र योजना निर्माणको आवश्यकता

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ ले स्थानीय तहलाई शिक्षाका २३ वटा अधिकार क्षेत्र प्रदान गरेको छ। यसै अधिकार क्षेत्रको प्रभावकारी कार्यान्वयनले शिक्षाका लक्ष्य र उद्देश्यहरू हासिल हुने विश्वास गरिएको छ। यसमा स्थानीय तहलाई आफ्नै स्थानीय अवस्था, स्रोत र आवश्यकताका आधारमा शिक्षा योजना तर्जुमा गरी कार्यान्वयन गर्न सक्ने व्यवस्था गरिएको छ।

नगरपालिकाको शैक्षिक सुधारका लागि नेपालको संविधान, २०७२, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, १० वर्षे शिक्षा क्षेत्र योजना, लगायतका मार्गदर्शनहरूलाई आधार मान्दै संघीय सरकार र प्रदेश सरकारले परिकल्पना गरेका लक्ष्य र उद्देश्यहरूको प्राप्तिमा सहयोग गर्न आवश्यक देखिएको छ। पालिकाको शैक्षिक सुधारका लागि मार्गदर्शनको रूपमा सहायता गर्ने उद्देश्यले शिक्षा योजना निर्माण गरिएको हो। यो योजना निर्माणले शिक्षा क्षेत्रको विकासका लक्ष्यहरू पूरा गर्न सहयोग गर्नुका साथै राष्ट्रिय लक्ष पूरा गर्न पनि योगदान गर्ने विश्वास गरिएको छ।

## ग) शिक्षा योजना निर्माणका आधारहरु

घ) यस छायाँनाथ रारा नगरपालिकाले आफ्नो शिक्षा क्षेत्र योजना निर्माण गर्दा क्षेत्रमा निर्माण गरेका योजना (कृषि, स्वास्थ्य, पूर्वाधार विकास, आदि) तथा विद्यालयले बनाएका विद्यालय सुधार योजना र नमुना विद्यालय विकास योजना जस्ता विभिन्न

योजनालाई कार्यान्वयनमा सहजीकरण गर्ने अभिप्रायले योजनाले परिलक्षित गरेका मुख्य मुख्य कार्यक्रमलाई आधार मानी विभिन्न योजनाबिचको अन्तर्सम्बन्ध कायम हुने गरी योजना तर्जुमा गरेको छ । यसका लागि यस नगरपालिका अन्तर्गतका विभिन्न शाखाहरूसँग पनि समन्वय गरेको छ । शिक्षा क्षेत्र योजना निर्माण गर्दा यस नगरपालिकाले बालमैत्री, लैङ्गिकमैत्री र अपाङ्गमैत्री, विभिन्न प्रकोप तथा जलवायु परिवर्तनप्रति उत्थानशील, सफा तथा स्वच्छ भौतिक पूर्वाधार र हरित विद्यालय निर्माण गरी अनुकूल सिकाइ वातावरणको प्रबन्ध तथा त्यसको सबलीकरण गर्नुपर्ने आधारमा योजना निर्माण गरेको छ । योजना तर्जुमा गर्दा लिइएका आधारहरुलाई तपशिलमा उल्लेख गरिएको छ ।

क) नेपालको संविधान,- २०७२

ख) सोह्रौँ आवधिक योजना

ग) स्थानीय सरकार सञ्चालन ऐन,- २०७४

घ) संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध ऐन),- २०७७

ङ) अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ लगायत विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन, नियमावली

च) विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) र सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना

छ) शिक्षा नीति मूलतः राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षाको सोचपत्र,- २०७२

ज) विद्यालय शिक्षामा समता रणनीति

झ) दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाँचा

ञ) स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ र स्थानीय तहको विकास योजना

ट) स्थानीय तहको मध्यकालिन खर्च संरचना

ठ) राष्ट्रिय जनगणनाको प्रतिवेदन,- २०७८

ड) शिक्षा क्षेत्रको योजना,- २०७१ - २०३०

ढ) विद्यालय सुधार योजना र अन्य सरकारी र गैरसरकारी सङ्घसंस्थाका शिक्षासम्बन्धी कार्यक्रम आदि ।

## घ) शिक्षा योजना निर्माण प्रक्रिया

शिक्षा योजना निर्माणका लागि नगरपालिकाको कार्यपालिकाले आवश्यकता महशुस गरी शिक्षा योजना निर्माणको लागि नीतिगत व्यबस्था मार्फत आ/व २०८१.०८२ मा शिक्षा योजना निर्माणको प्रक्रिया थालनी गरेको छ । यस अन्तर्गत शिक्षा समितिको बैठक मार्फत योजना निर्माणका लागि नगरपालिकाका नगर प्रमुख योजना संचालन तथा कार्यान्वयन समितिको संयोजक र सदस्य सचिवमा सामाजिक विकास समितिका संयोजक रहने गरि शिक्षा योजना निर्माण कार्यदल गठन भएको छ । कार्यदलको प्रारम्भिक बैठक तथा अभिमुखीकरण मार्फत बिभिन्न १४ वटा लेखन उपसमितिहरु गठन भयो । लेखन उप समितिहरुले विभिन्न सरोकारवालाहरु संगको समन्वयमा तथ्याङ्क संकलन, सल्लाह तथा सुझाव संकलन, छलफल गरी प्रारम्भिक लेखन गरियो । प्रारम्भिक लेखन पश्चात योजना लेखन कार्यदलले सबै संकलन गरी योजनाको मस्यौदा निर्माण दोस्रो कार्यशालाबाट गरेको हो । तत् पश्चात मस्यौदा माथि विभिन्न क्षेत्रका सरोकारवालाहरुबाट सल्लाह सुझाव प्राप्त गरी अन्तिमीकरण गरियो । अन्तिमीकरण गरिएको शिक्षा योजनामा बाह्य बिज्ञबाट गरिएको लेखाजोखा मार्फत थप सल्लाह सुझाव प्राप्त गरी योजनामा समेटेर कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वयनमा लैजाने गरी प्रक्रिया पुरा गरियो ।

## ङ) योजनाको लेखाजोखा

योजनाको तयारी पछि योजनाको विश्वसनियतावस्तुनिष्ठ र लगानी योग्य छ छैन भनेर यसका विभि ,ध पक्षहरु समेटर यसको लेखाजोखा गरिनु पर्छ, जुन योजना कार्वान्वयन गर्नु पूर्वको महत्वपूर्ण र कार्य तथा अङ्ग हो । निर्माण भएको योजना लेखाजोखा कार्यलाई सम्वन्धित स्थानीय तहले आन्तरिक र बाहिरका विभिन्न विषयगत समिति तथा क्षेत्रगत कार्यदल गठन तथा परिचालन गरिएको छ साथै स्थानीय विज्ञ, शिक्षा शास्त्री, शिक्षक, बौद्धिक व्यक्तित्व र शिक्षा क्षेत्रमा लामो समय अनुभव संगालेका व्यक्तित्वहरुको समावेश गरिएको थियो ।

योजना निर्माणको क्रममा समावेशी तथा समावेशीकरण हुने गरी महिला सञ्जाल शिक्षक महासंघ तथा विद्यालय ,अपाङ्ग संजाल , ,व्यवस्थापन समिति शिक्षक अभिभावक संघको सक्रीय सहभागिता रहेको थियो भने शिक्षा योजना निर्माण मूल समितमा यस पालिकाको प्रमुख, सदस्यमा पालिकाको उप-प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृत र सदस्य सचिवमा शिक्षा शाखा प्रमुख रहनु भएको थियो। योजनाको सान्दर्भिकतामा यस नगरपालिका भित्र रहेका बिभिन्न तहको खुद भर्ना दर, कुल भर्नादर लैङ्गिक समता र प्रारम्भिक , बालविकासको अनुभव सहित कक्षा १मा भर्ना हुने दर-कक्षा १ ,३, कक्षा १५-, कक्षा १८-, कक्षा ९१० र कक्षा- १११२ मा उ-तीर्ण दर र विद्यार्थीको टिकाउ दर लगाएत अन्य उपलब्धि समेत कम देखिएको सन्दर्भमा यस योजनाको निर्माण तथा कार्यान्वयन गर्नु पर्ने प्रशस्त आधार रहेकाले यसको सन्दर्भ विष्लेशण गरी तयार गरिएको छ।

## च) योजनाको दस्तावेजको स्वरूप

यस योजनामा आठ ओटा परिच्छेदको निर्माण गरिएको यस योजनाले परिच्छेद ,१ मा परिचय उल्लेख गरिएको छ भने परिच्चछेद २ मा राष्ट्रिय, प्रादेशिक तथा छायाँनाथ रारा नगरपालिकाको दूरदृष्ट्रि, लक्ष्य ,उद्धेश्य ,रणनीति र कार्यनीति निर्माण तथा त्यसको अन्तरसम्वन्ध विकास गरिएको छ जसले शिक्षा योजनाको सक्षमता देखाएको छ। यसैगरी परिच्छेद ३ मा शिक्षा क्षेत्रको उप-क्षेत्र अनुसारका विषयगत क्षेत्रहरूलाई प्रस्तुत गरिएको छ ,जसमा प्रारम्भिक बालविकास र शिक्षा प्राविधिक तथा ,माध्यमिक शिक्षा ,आधारभूत शिक्षा , अन ,व्यवसायिक शिक्षाौपचारिक र जीवन पर्यन्यत शिक्षाको परिचय, वर्तमान अवस्था, अवसर तथा चुनौतिहरु, उपलब्धि र प्रमुख नतिजा तथा क्रियाकलाप एवं परिमाणात्मक लक्ष्य सहभागितात्मक तरिकाले प्रस्तुत् गरिएको छ। यसका साथै परिच्छेद ४ मा अन्तर सम्बन्धित क्षेत्रहरु राखिएको छ भने परिच्छेद ५ मा उच्च शिक्षाको व्यवस्थापन समावेस गरिएको छ। परिच्छद ६ मा प्राविधिक तथा व्यवसायिक शिक्षालाई प्रस्तुत् गरिएको छ साथै परिच्छेद ७ मा सुशासन तथा व्यवस्थापनलाई संस्थागत संरचनाको विकास र योजना कार्यान्वयको प्रवन्धमा राखेर विकास गरिएको छ भने परिच्चछेद ८ मा प्रत्येक उप-क्षेत्रको लगानी र स्रोतको व्यवस्थापन र स्रोतको खोजी गरि योजनावद्ध तरिकाले प्रस्तुत् गरिएको छ भने योजनाको समयावधिमा अनुगमन मुल्यांकन र यसको प्रभावको बारेमा प्रस्तुत् गरिएको छ।

# कार्यकारी सारांश

नेपालको संविधानले प्रत्याभूत गरेअनुरूप आधारभूत तहसम्म अनिवार्य तथा निःशुल्क शिक्षा र माध्यमिक तहमा निःशुल्क शिक्षा प्राप्त गर्ने नागरिकको अधिकारको सुनिश्चितताका लागि राज्यले पूरा गर्नुपर्ने दायित्त्व, राष्ट्रिय शिक्षा नीति २०७६ ले निर्देश गरेका नीतिको कार्यान्वयन र अन्तराष्ट्रिय समुदायले स्थापना गरेका दिगोविकासका शिक्षासम्बन्धी लक्ष्य हासिल गर्न राष्ट्रले गरेका प्रतिबद्दता पूरा गर्न विद्यालय शिक्षा क्षेत्रको नयाँ योजना आवश्यक देखिएको छ। नेपालको दीर्धकालिन सामाजिक तथा आर्थिक विकासका लक्ष्य प्राप्त गर्न शिक्षाले खेल्ने रूपान्तरणकारी भूमिका र परिवर्तित संघीय संरचनाको आवश्यकता अनुरूप विद्यालय शिक्षा क्षेत्रको विकेन्द्रित व्यवस्थापनलाई स्थानीय तहमा संस्थागत गर्दै विद्यालय शिक्षाको विकासमा गति प्रदान गर्न सक्षम शिक्षा योजना आवश्यक देखिएको छ। हाल सञ्चालनमा रहेका कार्यक्रमहरू मध्ये प्रभावकारी देखिएका तथा परीक्षणबाट उपयोगी ठहरिएका कार्यक्रमहरूलाई निरन्तरता दिन, कतिपय कार्यक्रमहरूलाई परिमार्जन गरी समसामयिक बनाउन र परिस्थिति अनुरूप नयाँ रणनीति तथा कार्यक्रम समावेश गर्न पनि विद्यालय शिक्षा क्षेत्रमा नयाँ योजना निर्माण गर्नु परेको हो। त्यसै गरी विज्ञान तथा प्रविधिमा भएका विकास तथा परिवर्तनलाई सान्दर्भिक बनाई आत्मसात गर्न र यस नगरपालिकालाई एक सुशासित, स्थिर, सभ्य, सामञ्जस्यपूर्ण, शान्तिप्रिय र समृद्द नगरपालिकाको रूपमा विकास गर्न आवश्यक पर्ने सृजनशील, सक्रीय, उपयोगी तथा आफ्नो राष्ट्र र राष्ट्रियताप्रति सर्मपित तथा सचेत नागरिक तयार गर्न विद्यमान शिक्षा प्रणालीलाई सक्षम र सबल बनाउन पनि शिक्षा प्रणालीमा समसायिक सुधार गर्नुपर्ने देखिन्छ। विद्यालय शिक्षा क्षेत्रको नयाँ योजना निर्माणको अर्को सन्दर्भ कोभिड १९ जस्तो महामारीका कारण शिक्षा क्षेत्रमा परेको नकारात्मक प्रर्भाव, खास गरी विद्यार्थीको सिकाईमा भएको क्षतिलाई घटाई विभिन्न प्रविधि र पद्दतिको प्रयोगद्वारा सिकाई निरन्तर गर्नुका साथै विभिन्न समयमा देखा पर्ने प्राकृतिक प्रकोप, महामारी तथा आपत् विपतबाट उत्पन्न हुने जोखिमलाइ न्यूनीकरण गर्न सक्षम उत्थानशील शिक्षा पद्दतिको विकास गर्नुपर्ने आवश्यकता पनि रहेको छ।

यस छायाँनाथ रारा नगरपालिकाको औपचारिक शिक्षा प्रणालीबाट हालका दिनहरूमा उल्लेख्य उपलब्धि हासिल भएको छ। मुलुकका अधिकांश समुदाय र गाउँहरूमा विद्यालयको पहुँच विस्तार भएको छ। नगरपालिकाका ४८ वटा विद्यालयहरू मा ९४१८ भन्दा बढी बालबालिकाहरू अध्ययन गरिरहेकाका छन्। यसका अतिरिक्त ४५ प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रमा १३६४ बालबालिकाहरू सहभागी भएका छन्।

यस नगरपालिकाको शिक्षा क्षेत्रका केही सूचकहरूलाई नियाल्दा अन्य नगरपालिका तथा गाउँपालिकाको विकास र आयस्तरका दृष्ट्रिले अन्य नगरपालिकाको सूचकहरुसँग तुलनायोग्य रहेको छ। केही दशक अघिसम्म सहरी क्षेत्रमा मात्र सिमित प्रारम्भिक बालविकास तथा शिक्षा अहिले राष्ट्रिय शिक्षा प्रणालीको अभिन्न अङ्ग बनेको छ।

राष्ट्रिय प्रतिबद्दता बमोजिम मिति २०८१/०६/ ०७ गने मुगु जिल्ला र २०८१/०६/०२ गते यस नगरपालिकाको साक्षरता नगरपालिका घोषणा भएको छ। यी उपलब्धिहरुले नेपाल सरकारको शिक्षा प्रतिको अनवरत प्रतिबद्दता, सङघियलगायत प्रदेश र नगरपालिकाको निरन्तर प्रयास, शिक्षक, अभिभावक, विद्यालय व्यस्थापन समिति, विद्यार्थी, निजी क्षेत्र तथा गैर सरकारी क्षेत्र लगायत अन्य सरोकारवालाहरू तथा विकास साझेदार आदि सबैको योगदानबाट सम्भव भएका हो। तथापी अन्य नगरपालिका तथा गाउँ पालिकाको शिक्षा प्रणालीहरूले जस्तै यस छायाँनाथ रारा नगरपालिकाको शिक्षा प्रणालीमा पनि केही चुनौतीहरू रहेका छन्। उदाहरणका लागि पहुँच र सहभागिताको दृष्ट्रिले हेर्दा माध्यमिक तहमा अझै पनि सो उमेर समूहका करिब १०.५ प्रतिशत बालबालिकाहरू विद्यालय आएका छैनन् भने आधारभूत तहमा १ ५ कक्षामा-पनि सो उमेर समूहका ३.४ प्रतिशत कक्षा ६ ८-का ४ ७ प्रतिशत.बालबालिका विद्यालय बाहिर रहेका देखिन्छन् (Flash Report – २०२४)। प्रत्येक कक्षामा खासगरी आधारभूत तहका प्रारम्भिक कक्षाहरूमा बिचैमा कक्षा छोड्ने र कक्षा दोहर्याउने बालबालिकाको ठूलो सङ्ख्या रहनुका कारण आधारभूत तहमा भर्ना भएकामध्ये उक्त तहको पूर्ण चक्र पूरा गर्ने प्रतिशत ९२ ४८. मात्र रहेको छ ,भने माध्यमिक तह अन्तर्गत कक्षा १० बाट कक्षा ११ मा स्थानान्तरण हुने दरमा पनि

अपेक्षित सुधार हुन सकेको छैन। विद्यालय शिक्षालाई निशुल्क गर्नु:का साथै समता अभिबृद्धि गर्न विभिन्न कार्यक्रम तथा प्रबन्ध समेत गरिएको कारण समता सूचकहरूमा पनि सुधार आई छात्रा भर्ना समदरमा पुगेको, दलित, सीमान्तकृत जनजाति र अपाङ्गता भएका बालबालिकाहरूको भर्ना दरमा उल्लेख्य सुधार भएको छ तापनि माध्यमिक तहमा दलित विद्यार्थीको भर्ना दलित जनसङ्ख्याको अनुपातमा कम रहेको छ भने अपाङ्गता भएका बालबालिकाहरूको भर्ना उनीहरूको जनसङ्ख्याको अनुपातभन्दा कम रहेको छ। प्रारम्भिक बालविकास तथा शिक्षाको भर्नामा वृद्धि भएको छ तापनि ४ वर्ष उमेर समूहका करिब १९ प्रतिशत बालबालिकाहरूलाई यस तहको शिक्षा उपलब्ध गराउन सकिएको छैन। विद्यालय बाहिर रहेका र बिचैमा कक्षा छाड्ने र कक्षा दोहोर्याउनेहरूको ठूलो अनुपात विपन्न तथा विभिन्न कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूको देखिन्छ। यसमा भौगोलिक असमानताहरू पनि रहेका छन्।

शिक्षाको गुणस्तर र सान्दर्भिकता सूचकहरूले कुनै पनि शिक्षा प्रणालीको कार्य क्षमताको अवस्थाको चित्रण गर्छन्। हालका वर्षहरूमा विभिन्न तहमा गरिएका सिकाई उपलब्धि परीक्षणका नतिजाहरुले समग्रमा विद्यार्थीको उपलब्धि यथास्थानमा रहेको वा सुधार हुन नसकेको देखाएको छ। कतिपय विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण सिकाईका लागि उपयुक्त नहुनु र कतिपय विद्यालयहरूमा पर्याप्त, कुशल र उत्प्रेरित शिक्षकको व्यवस्था नहुनुले पनि सिकाईको गुणस्तर सुधारमा चुनौती सिर्जना भएको देखिन्छ। विभिन्न समयमा देखापर्ने प्राकृतिक प्रकोप, महामारी तथा आपत् विपतबाट उत्पन्न हुने जोखिमलाई न्यूनीकरण गर्न सक्षम उत्थानशील शिक्षा पद्दति विकास गरी कोभिड-१९ को कारण शिक्षा क्षेत्रमा परेको नकारात्मक प्रभाव, खासगरी विद्यार्थीको सिकाईको भएको क्षतिलाई घटाई गतिशीलता प्रदान गर्नुपर्ने चुनौती पनि रहेको छ। विद्यालय शिक्षाको शासकीय प्रबन्ध तथा व्यस्थापन पद्दति प्रभावकारी र उत्तरदायी बनाई शिक्षामा उल्लेख्य सुधार गर्नु सङ्घ, प्रदेश र स्थानीय सरकारबीच समन्वय र सहकार्यको कार्य ढाँचा र उत्तरदायित्व प्रणाली प्रभावकारी र सुदृढ नहुनु स्थानीय तहमा शैक्षिक योजना निर्माण तथा कार्यान्यनका लागि पर्याप्त जनशक्ति र क्षमता नहुनु विद्यालयमा प्रधानाध्यापकको नेतृत्व सुदृढ नहुनु विद्यार्थीको सिकाई प्रति जवाफदेही हुने प्रभाकारी प्रणालीको अभाव हुनु जस्ता समस्या देखिएका छन्।

संघीय परिवेश अनुरूप वा शासकीय तथा व्यस्थापन पद्दतिलाई प्रभावकारी बनाउन विशेषत त नयाँ सिर्जना गरिएका तथा भूमिकामा परिवर्तन गरिएका संरचनाको क्षमता विकास गर्नुपर्ने आवश्यकता छ। संवैधानिक प्रत्याभूति अनुसार शिक्षालाई मौलिक हकको रूपमा आत्मसात गर्दै अनिवार्य तथा नि शुल्क आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षा कार्यान्वयन गर्ने मूल जिम्मेवारी स्थानीय तहलाई प्रदान गरिएको छ। यसका लागि राज्यबाट उपलब्ध गराउने शिक्षा सम्बन्धी सेवा प्रदान गर्न स्थानीय तहमा आवश्यक सङ्गठनात्मक संरचना र दक्ष जनशक्तिको उचित व्यवस्थापन गर्नु आश्यवक भएको छ।

उल्लेखित परिवेशमा यस नगरपालिकाको शिक्षाको विकासका लागि नगरपालिकाको शिक्षा शाखाको नेतृत्वमा यो योजना निर्माण गरिएको हो। यो योजना विकासको क्रममा नगरपालिकाका विभिन्न अन्तर सम्बन्धित शाखाहरू तथा कार्यदल लेखन ,मूल समिति , समिति, विकास साझेदार, शिक्षक महासङ्घ तथा अभिभावक प्रतिनिधि, शिक्षा क्षेत्रका विज्ञ तथा अन्य सरोकारवालाबाट योजनाका विविध पक्षमा महत्त्वपूर्ण सुझाब तथा पृष्ठपोषण प्राप्त भएका छन्। योजना विकासका क्रममा विभिन्न सरोकारवालासंग गरिएका अन्तरक्रिया तथा छलफलले योजनालाई स्थानीय अनुभव, अभ्यास तथा आवश्यकता अनुकूल बनाउन सहयोग गरेका छन्।

# परिच्छेद १: परिचय

## १.१ पृष्ठभूमी

नेपालको संविधानको धारा ४ ले नेपाललाई स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्मनिरपेक्ष, समावेशी, लोकतन्त्रात्मक, समाजवाद उन्मुख, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यको रूपमा व्यवस्था गरेको छ। नेपालको संविधानको भाग ५ मा राज्यको संरचना र राज्यशक्तिको बाँडफाड सम्बन्धी कानूनी व्यवस्था गरिएको छ। संविधानले राज्यको संरचनामा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचनालाई संघ, प्रदेश, र स्थानीय तह गरी तीन तहमा विभाजित गरेको छ। यसअनुसार, नेपालको शासन प्रणालीमा तीन तहका सरकारहरू बनेका छन्। सबैभन्दा तल्लो तह स्थानीय सरकार हो, जसलाई घरदैलोको सरकार भनिन्छ। संविधानअनुसार राज्यशक्तिको बाँडफाँडको व्यवस्था गरिएको छ। धारा ५७ मा स्थानीय तहको अधिकार अनुसूची ८ मा उल्लिखित (४)विषयमा निहित रहने कुरा उल्लेख गरिएको छ। यसमा उल्लेख छ कि स्थानीय तहको अधिकार संविधान र नगर सभा वा नगर सभाले बनाएको कानूनी प्रावधान अनुसार प्रयोग हुनेछ। अनुसूची ८ मा स्थानीय तहका २२ वटा अधिकारको सूची राखिएको छ, जसमा अधिकार नं ८ मा . आधारभूत र माध्यमिक शिक्षाको व्यवस्था गरिएको छ। संविधानको अनुसूची ५, ६ र ८ मा संघ, प्रदेश र स्थानीय तहका एकल अधिकारहरूको सूची राखिएको छ, र अनुसूची ७ र ९ मा साझा अधिकारहरूको प्रबन्ध गरिएको छ।

शिक्षासम्बन्धी संघ, प्रदेश र स्थानीय तहलाई संविधानले निर्दिष्ट गरेका एकल तथा साझा अधिकारहरूको व्यवहारिक कार्यान्वयनमा सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई अवलम्बन गर्नुपर्ने आवश्यकता रहेको छ। विगतमा नेपालले शिक्षा क्षेत्रको योजना एकात्मक शासन व्यवस्था अनुसार केन्द्रिय स्तरबाट विकास तथा निर्माण गर्ने र कार्यान्वयन क्षेत्रीय र जिल्लास्तरबाट गराउने गरेको सन्दर्भमा, राज्यको पुनः संरचना सँगै शिक्षा सम्बन्धी अधिकार, स्रोत, साधन, जिम्मेवारी र उत्तरदायित्व स्थानीय तहमा स्थानान्तरण गरिएको छ। नेपाललाई सन् २०२२ सम्म अल्पविकसित राष्ट्रबाट विकासशील राष्ट्र र सन् २०३० सम्म मध्यम आय भएको राष्ट्र बनाउने नीति निर्धारण गर्दै शिक्षा क्षेत्रका हालसम्मका प्रयास, उपलब्धि र समस्याहरूको समीक्षा गर्दै शिक्षा, विज्ञान र प्रविधि मन्त्रालयले संघ, प्रदेश र स्थानीय तहको शिक्षा क्षेत्र योजनाको एकरूपता ल्याउनका लागि १० वर्षे शिक्षा क्षेत्रको नयाँ (२०८८–२०८१) योजना निर्माण गर्न पहल गरेको छ।

## १.२ छायाँनाथ रारा नगरपालिकाको परिचय

नेपालका सात प्रदेश मध्ये छायाँनाथ रारा नगरपालिका कर्णाली प्रदेश अन्तर्गत मुगु जिल्लामा अवस्थित हिमाली र उच्च पहाडी विशेषता बोकेको नगरपालिका हो। साविकका श्रीनगर, कार्कीवाडा, रोवा, रुगा, पिना र राता गाउँ विकास समितिहरूका केही भूभागलाई मिलाएर छायाँनाथ रारा नगरपालिकाको गठन गरिएको हो। नेपाल सरकारले बि २०७४ श्रावण २८ गते स्थानीय तहको संख्या ७४४ बाट .सं. ७५३ कायम गर्दा छायाँनाथ रारा नगरपालिकाको प्रशासनिक अस्तित्व कायम भएको हो।

धार्मिक विश्वास अनुसार नेपालका महत्वपूर्ण चार धामहरू बराहक्षेत्र, पशुपतिक्षेत्र, मुक्तिनाथक्षेत्र, ऋषिकेश रुरु क्षेत्र जस्तै छायाँनाथ/नगरपालिकाको वडा नं .२ को चैना गाउँमा स्थित छ। मुगु कर्णाली नदी यस नगरपालिकाबाट बग्दछ र नेपालकै सबैभन्दा ठूलो ताल, रारा ताल, यसै नगरपालिका अन्तर्गत अवस्थित छ। रारा ताल र छायाँनाथ देवताको संयुक्त अस्तित्वको मान्यता दिँदै नगरपालिकाको नाम राखिएको हो। यस जिल्लामा प्रवेश गर्न पूर्वपश्चिम मार्गलाई बाँकेको कोहलपुरबाट सुर्खेत, दैलेख, कालिकोट, जुम्ला हुँदै सडकमार्गबाट पुग्न सकिन्छ भने नेपालगञ्ज र सुर्खेतको हवाईमार्गमार्फत ताल्चा विमानस्थलमा पनि आउन सकिन्छ। नेपालमा पहिलो पटक संविधान सभा मार्फत नेपालको संविधान निर्माण भई जारी भएपछि देश एकात्मक र केन्द्रीकृत शासन व्यवस्थाबाट संघीय लोकतान्त्रिक गणतान्त्रिक मुलुकका रूपमा रुपान्तरण भएको छ।

छायाँनाथ रारा नगरपालिकाको नामकरणसँग सम्बन्धित विभिन्न तथ्यहरू छन् । पौराणिक कथाअनुसार महादेवले सत्यवतीको मृत शरीरलाई डुलाउँदै जाँदा मुगु जिल्लाको साविक डोल्फु गाविसमा सत्यवतीको छातीको एक टुक्रा खस्न गई छायाँनाथ रहन गएको विश्वास गरिएको छ। यो स्थान हिन्दू धर्मावलम्बीहरूको प्रसिद्ध र पवित्र धामको रूपमा परिचित छ। रारा तालसँग सम्बन्धित स्थानीय जनविश्वास अनुसार, पौराणिक कालमा एक सिद्ध योगी भिक्षा माग्न आएका थिए। भिक्षा दिन नमान्दा, योगीले सिँह बाबाको श्राप दिएर कमन्डलु फुटाएका थिए, जसबाट रारा तालको उत्पत्ति भएको भनाइ छ। भौगोलिक दृष्टिले, विगतमा नेपालको हालको हिमाली क्षेत्रमा टेथिस सागर रहेको थियो र भारतीय भौगर्भिक प्लेटले विस्थापित गर्दा अग्ला चुचुरा र तालहरूको निर्माण भएको विश्वास छ।

### १.२.१ भौगोलिक र प्राकृतिक अवस्थिति

विश्व मानचित्रको हिसाबले, छायाँनाथ रारा नगरपालिका समुद्र सतहबाट लगभग ३५०० मिटर उचाइमा अवस्थित एक प्राकृतिक र साँस्कृतिक दृष्टिले उत्कृष्ट क्षेत्र हो। यसको भौगोलिक स्थितिका अनुसार, २९ डिग्री २४ मिनेट ३० सेकेण्ड पूर्वदेखि २९ डिग्री ३९ मिनेट ४५ सेकेण्ड पूर्वी देशान्तर र ८२ डिग्री १ मिनेट १५ सेकेण्ड पूर्वदेखि ८२ डिग्री १८ मिनेट ४५ सेकेण्ड पूर्वी देशान्तरमा फैलिएको छ। यस नगरपालिका को पूर्वमा मुगुम कार्मारोंग गाउँपालिका, पश्चिममा सोरु गाउँपालिका र खत्याड गाउँपालिका, दक्षिणमा कनका सुन्दरी गाउँपालिका (जुम्ला जिल्ला), र उत्तरमा चंखेली गाउँपालिका  सँग सिमाना जोडिएको छ (हुम्ला जिल्ला)। यो नगरपालिका ४८,०६९ हेक्टर क्षेत्रफलमा फैलिएको छ, जसमा ४४,०३ हेक्टर भूमि खेतियोग्य छ।  यद्यपि भूमि समथर नभएर भिरालो र मलिलो माटो भएको कारण कृषिको लागि उपयुक्त छ। नगरपालिकाको कुल क्षेत्रफल ४८०६७ वर्ग किमी रहेको छ., जुन जिल्लाको कुल क्षेत्रफलको १४ ८६. प्रतिशत हो।

प्राकृतिक स्रोतको हिसाबले सम्पन्न छायाँनाथ रारा नगरपालिकामा रारा राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र, एक दर्जनभन्दा बढी साना र ठूला नदी तथा खोलाहरू, वालुवा र अन्य नदीजन्य खनिजहरू, र चरण क्षेत्रहरू रहेका छन्। नगरपालिका क्षेत्रको वडा नं ९ मा पर्ने रारा . .राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रले वडा नं१, २, ३, ४ र ८ को महत्वपूर्ण भूभाग समेटेको छ।  जलस्रोतका दृष्टिले रारा ताल, कर्णाली नदी, घट्टे खोला, जलेख टाउका झरना, हिलुमद खोला, छाडे खोला, गमगाढ खोला, नाउर खोला, ऋणी मोक्ष खोला, धौलीगाड, भित्र खोला, निजार जेउडे खोला, पापकुण्ड दह, सालिम खोला, शोभा खोला र गरुणनानी दह लगायतका खोला रहेका छन्।

### १.२.२ राजनीतिक अवस्थिति

छायाँनाथ रारा नगरपालिका कर्णाली प्रदेशअन्तर्गत मुगु जिल्लाको मध्यभागमा अवस्थित रहेको छ।  कुल १४ वटा वडामा विभक्त रहेको यस नगरपालिका मुगु जिल्लामा विद्यमान १ नगरपालिका र ३ गाउँपालिका गरी कुल ४ स्थानीय तहमध्ये यो नगरपालिका एक हो। नगरपालिकाको केन्द्र साविक गमगढी श्रीनगर गाविसको कार्यालय रहेको स्थानमा रहेको छ।  पूर्ववत् रूपमा नेपालको मध्यपश्चिम विकास क्षेत्रमा पर्ने कर्णाली अञ्चलमा रहेको यो नगरपालिका जिल्लाभित्रको प्रतिनिधि सभा निर्वाचन प्रयोजनका लागि जिल्लामा एउटा निर्वाचन क्षेत्र रहेको छ भने चार वटा स्थानीय तहहरूलाई दुई वटा प्रदेश निर्वाचन क्षेत्रमा विभाजन गरिएको छ।

### १.२.३ सांस्कृतिकग उत्कृष्टता

ऐतिहासिक महत्वको मुगाली सांस्कृतिक विशेषता बोकेको यस क्षेत्रमा खस सभ्यता तथा हिन्दू संस्कृतिको अनुपम संगम रहेको छ। क्षेत्री, ब्राह्मण, आदिवासी जनजाति, दलित जातिको मिश्रित बसोबास रहेको यस नगरपालिकामा मुख्य बोलीचालीको भाषा नेपाली रहेको छ।  धार्मिक रूपमा हिन्दू धर्मावलम्बीहरूको बाहुल्यता रहेको यो क्षेत्रमा मनाइने चाडपर्वहरूमा कृष्णाष्टमी, तीज, जनैपूर्णिमा, दशैं, तिहार, माघे सङ्क्रान्ती, चैते दशैं आदि रहेका छन्। धार्मिक तथा भाषिक रूपमा करिव एकरूपता रहेको यो क्षेत्रमा चाडपर्वका समयमा

गरिने विभिन्न क्रियाकलापहरूले यहाँको सामाजिक र सांस्कृतिक उत्कृष्टता झल्काउने गर्दछन्। भेषभूषाका रूपमा पुरुषहरूले मुख्य रूपमा दौरा, सुरवाल, टोपी तथा कोट र महिलाले गुन्यु चोली र पटुकी लगाउने गर्दछन्।

### १.२.४ जनसांख्यिक संरचना

नेपालको राष्ट्रिय जनगणना विस २०७८ अनुसार यस नगरपालिकाको कुल जनसंख्या २४.,५२७ रहेको छ जसमा पुरुष ५० र %५. .महिला ४९५ %छन्। यहाँको जनघनत्व ५१ रहेको छ साथै जम्मा घरधुरी संख्या ४,९५२ रहेको छ। यस नगरपालिकाको लैङ्गिक अनुपात १०२ ०८ पुरुष प्रति १०० महिला रहेको.छ। यस नगरपालिकामा जम्मा जनसंख्याको २ अपाङ्गता छन् भने जसमा %६. .२९.पुरुष अपाङ्गता तथा २ %३ महिला अपाङ्गता रहेका %छन्। जन्म भएका मध्ये ९३.को जन्म दर्ता भएको छ भने ६ %७.३ % बालबालिकाको जन्मदर्ता हुन बाँकी रहेको देखिन्छ।

### १.२.५ सामाजिक साँस्कृतिक अवस्था

वि स २०७८ को जनगणना अनुसार यस नगरपालिकामा विभिन्न जातजातिहरुको बसोबास रहेको छ। विशेष गरि क्षेत्री, विश्वकर्मा, ठकुरी, परियार, नेपाली ,व्राम्हण, मल्ल, शाही ,बम ,मिजार, भोटे, कामी ,तामाङ्ग आदीको बसोवास रहेको छ। यस नगरपालिका भित्र तपसिलमा उल्लेखित जात जातियताको बसोवास गर्दछन् – क्षेत्री )६०.१(%, विष्वकर्मा१) ८.५(%, ठकुरी १)१(%३., परियार (%६.६), व्राम्हण )०(%९., मल्लाह) ०.६(% , मिजार) ०(% ५., भोटे) ०.४(% , तामाङ्ग )०.३(%, अन्य (०.२%)। धर्म अनुसारको जनसङ्ख्या धर्म हिन्दू) ९७.८(% , वौद्ध )०.८(% , इस्लाम०.०) ५(% , क्रिश्चियन (% ०१.०) किरात (% ३.१) अन्य धर्म मान्य रहेका छन भने बोलिने भाषाका हिसावले नेपाली भाषा (% ६.८१), खस (% ३.१७), भोटे (% ६.०), तामाङ्ग (% १.०), मगर खाम (% १.०), कर्माङ्ग (% १.०), अन्यभाषा बोल्ने गरिन्छ। (% २.०)

यो नगरपालिका चाड पर्व तथा सास्कृतिक पर्वले धनि रहेको छ, जुन तपसिल अनुसार उल्लेख गरिएको छ।

| क्र. सं. | चाडपर्वहरु | मनाईने महिना | तिथी मिति | मनाउने जातजाति/धर्म |
|---|---|---|---|---|
| १ | बैशाख पुर्णिमा | बैशाख | बैशाख शुक्ल पुर्णिमा | हिन्दूबौद्ध / |
| | इदुल बक्र इद | असार | इस्लामिक पात्रो अनुसार | मुस्लिम |
| २ | जनै पुर्णिमा | साउन भदौ/ | श्रावण शुक्ल पुर्णिमा | हिन्दू |
| ३ | कृण्ण जन्माष्टमी | भाद्र | भाद्र कृष्ण सप्तमी | हिन्दू |
| ४ | हरितालिका तिज | भाद्र | भाद्र शुक्ल तृतिया | हिन्दू |
| ५ | विजया दशमी | असोज कात्तिक | घटस्थापना देखि कोजाग्रत पुर्णिमा | हिन्दू |
| ६ | तिहार | कात्तिक मंसिर | कात्तिक कृष्ण त्रयोदशी देखि कात्तिक शुक्ल द्वितिया | हिन्दू |
| ७ | क्रिसमस डे | पौष | डिसेम्वर २५ | क्रिश्चियन |
| ८ | तमु लोह्सार | पौष१५ - | | गुरुङ्ग |

| | | | | |
|---|---|---|---|---|
| ९ | माघे सक्रांन्ति | माघ – १ | माघ | हिन्दू |
| १० | सोनाम लोहछार | | | |
| ११ | महा शिव रात्रि | फागुन | फागुन कृष्ण त्रयोदशी | हिन्दू |
| १२ | फागु पुर्णिमा | फागुन | फागुन शुक्ल चतुर्दशी | हिन्दू |
| १३ | चैते दशै | चैत्र बैशाष | चैत शुक्ल अष्टमी | हिन्दू |

### १.२.६ नगरपालिकाको शिक्षा तथा साक्षरताको अवस्था

जनगणना २०७८ को विवरण अनुसार यस नगरपालिकाको पुरुष साक्षरता ८०.र महिला साक्षरता ६१ %३.० तथा औसत साक्षरता % .७०७ रहेको %छ। छायाँनाथ रारा नगरपालिका भित्र ४५ वटा प्रारम्भिक वालविकास केन्द्र, ४५ वटा विद्यालय रहेका छन्, जसमा १ देखि ३ सम्म सञ्चालित विद्यालय ७ वटा रहेका छन्। आधारभूत २४ वटा (५-१), आधारभूत  ६ वटा रहेका (८-१)छन्। माध्यमिक ) ६ वटा र माध्यमिक (१०-१)१२ वटा रहेका छन् भने सामुदायिक विद्यालय जम्मा ४५ वटा रहेका छन् (१२-, जसमा आधारभूत -१) ३१ वटा (५, आधारभूत ६ वटा (८-१), माध्यमिक ) ५ वटा र माध्यमिक (१०-१)१(१२- २ सञ्चालित रहेका छन्। ५ वटा सामुदायिक सिकाइ केन्द्र रहेका छन् )CEHRD-Flash Report-२०२४(।

त्यसै गरी २ वटा सामुदायिक विद्यालयमा प्राविधिक धारका विद्यालयहरूको अनुमति प्राप्त भए पनि शिक्षक अभावका कारण सञ्चालित नभएको देखिन्छ। यस नगरपालिकामा माध्यमिक तहमा स्थायी ११ जना, आधारभूत तहमा स्थायी १३, प्रा.वि. तहमा १२० जना गरी जम्मा दरवन्दीमा १४४  जना, राहत दरवन्दीमा प्रा.वि. तर्फ ३, नि.मा.वि. ४  र मा.वि. १० गरी जम्मा १७ जना शिक्षक कार्यरत रहेका छन्। यसैगरी संघीय अनुदानबाट मा६ .वि., आ १० गरी .वि. जम्मा १६ जना शिक्षक कार्यरत छन्, साथै नगर अनुदानबाट मा६ जना .वि., नि.१० जना र प्रा .वि.मा.वि ६ जना गरी जम्मा २२ जना शिक्षक कार्यरत रहेका .छन्। बालविकास ४५ जना शिक्षक तथा ५० जना विद्यालय कर्मचारी कार्यरत छन्। महिला प्रधानाध्यापक माध्यमिक तहमा १ जना, निम्न माध्यमिक तहमा नभएका र प्राथमिक तहमा ४ जना रहेका छन्। साथै प्राथमिक तह र निम्न माध्यमिक तहमा २ जना दलित प्रधानाध्यापक रहनु भएको छ। नगरभित्र ४१ जना महिला शिक्षक कार्यरत हुनुहुन्छ। नगरभित्र सञ्चालित विद्यालयमा बालविकासमा ८६७, १ देखि ५ मा ३०३५, ६ देखि ८ सम्म १६६२, ९ देखि १० सम्म ८०४ जना र कक्षा ११ देखि १२ मा ४४२ विद्यार्थीहरू अध्ययनरत छन्। जसमा ३२३५ जना छात्र र ३४३५ जना छात्रा गरी जम्मा ६६८७ जना विद्यार्थीहरू अध्ययनरत छन्।

यस नगरपालिकामा शिक्षक विद्यार्थी अनुपात वालविकास केन्द्र, कक्षा १ देखि ५, कक्षा ६ देखि ८, कक्षा ९ देखि १२ मा क्रमशः २२१:, २८१:, ८८ १ रहेको:१ र ४६:छ। लैंगिक समता सूचकांकमा ५२ छात्रा सहभागी %देखिन्छ। विद्यालय दोहोर्याउने दर कक्षा १ देखि कक्षा १२ सम्म क्रमशः कक्षा १ मा १४७., कक्षा २ मा ११६., कक्षा ३ मा ८४., कक्षा ४ मा ६२., कक्षा ५ मा ४ ६ रहेको.छ। आधारभूत तह .मा ११ (५-१)३, कक्षा ६ मा २६., कक्षा ७ मा ०५., कक्षा ८ मा २६) ७। आधारभूत तह.६.मा १२ (८-२, कक्षा ९ मा ०५., कक्षा १० मा १४., माध्यमिक तह .मा २ (१०-९)८, कक्षा ११ ५ प्रतिशत रहेको.१२ मा २-छ। कक्षा छाड्ने दर कक्षा १ देखि कक्षा १२ सम्म क्रमशः कक्षा १ मा ३०., कक्षा २ मा २५., कक्षा ३ मा ३७., कक्षा ४ मा ४२., कक्षा ५ मा ४ १ रहेको.छ। आधारभूत तह  मा (५-१) .३३, कक्षा ६ मा ३८., कक्षा ७ मा ५३., कक्षा ८ मा ५ १ प्रतिशत रहेको.छ। आधारभूत तह .मा ४ (८-६)७, कक्षा ९ मा ५९., कक्षा १० मा ०१., माध्यमिक तह .मा २ (१०-९)८, कक्षा ११ मा ६.५ र कक्षा १२ मा ०., ११ २ प्रतिशत रहेको.१२ मा १-छ।

## १.३ विगतका योजनाको प्रगति समीक्षा

छायाँनाथ रारा नगरपालिकाको शिक्षा विकासको क्षेत्रमा विभिन्न तह र तप्काबाट सहयोग हुँदै आएको छ। यस नगरपालिकाको शैक्षिक उन्नतिको लागि विगतका दिनहरूमा शिक्षा क्षेत्रमा भएका प्रयासहरूलाई पूर्व अग्रजहरूले सञ्चालन गरेका लेख, श्रेस्ता, गुरुकुल जस्ता अनौपचारिक शिक्षाको थालनी, अभिभावक ज्युहरूबाट जग्गा दान तथा चन्दा प्राप्त भएको, विद्यालयको भौतिक पूर्वाधार निर्माण तर्फ नेपाल सरकार, गैर सरकारी संघसंस्था लगायत अन्य सरोकारवाला निकायबाट अनुदान सहयोग प्राप्त भइरहेको-, यस नगरपालिकामा सबैका लागि शिक्षा, आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम, सहस्त्राब्दि विकास लक्ष्य, विद्यालय क्षेत्र विकास योजना, दिगो विकास लक्ष्य लगायतका विभिन्न योजना तथा कार्यक्रमहरूले शिक्षामा पहुँच वृद्धि गरेको, ५ वटा नयाँ वालविकास केन्द्रहरूको स्थापना, ४ वटा नमुना वालविकास केन्द्रहरूको निर्माण भई वाल तथा अभिभावक शिक्षा, वालशिक्षक तालिम, वालविकास केन्द्रका लागि शैक्षिक सामग्रीको व्यवस्थापन, गुणस्तरीय शिक्षाका लागि लगानी, विभिन्न शिक्षा ऐन, नियमावली, कार्यविधिहरूको निर्माण, शैक्षिक अभियान र विभिन्न शैक्षिक कार्यक्रमसँग सम्बन्धित जनचेतनामूलक कार्यक्रम, विद्यालय शिक्षक तथा कर्मचारीको व्यवस्थापन, भौतिक संरचनाको व्यवस्थापन, आदि उपलब्धि भएको देखिन्छ। यस नीति निर्माणको आधारशीलाका रूपमा लिइएको छ। आर्थिक सर्वेक्षण २०८० अनुसार शैक्षिक सत्र २०८० मा माध्यमिक तह -कक्षा ९)१२.को खुद भर्ना दर गत वर्षको भन्दा ० (५ प्रतिशत वृद्धि भएर ५७ ९ प्रतिशत. पुगेकोछ। कक्षा १ मा खुद प्रवेश दर ९५) ७ रहेको छ भने आधारभूत तह.कक्षा १.को खुद भर्ना दर ९५ (५-६ प्रतिशत र आधारभूत तह -कक्षा १)८.को खुद भर्ना दर ९५ (१ प्रतिशत रहेको छ।

नगरस्तरीय बिभिन्न योजना मार्फत शिक्षक विद्यार्थी अनुपात घटाउन निजी स्रोत नगर अनुदान शिक्षकबाट शिक्षक व्यवस्थापन गरिएको छ भने विद्यालय छाड्ने तथा कक्षा दोहोर्याउने समस्यालाई शून्यमा झार्न विभिन्न कार्यक्रम गरिएको छ। विश्व भूमण्डलीकरणका साथ २१ औं सत्ताब्दीको जीवन्त सूचना प्रणालीमार्फत जीवन पद्धतीलाई अद्यावधिक गर्न बिद्यालयहरूमा विद्युतीय सूचना प्रणालीको विकास गर्ने प्रयास गरिएको छ।

# परिच्छेद २: दूरदृष्टी, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

## २.१ सन्दर्भ र औचित्य

नेपालको संविधानको धारा ५६ मा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने र सोहि बमोजिम राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले संविधान तथा कानुन बमोजिम गर्नुपर्ने व्यवस्था उल्लेख छ। राज्यशक्तिको बाँडफाँडलाई संविधानको अनुसूची ५, ६ र ८ मा संघ, प्रदेश र स्थानीय तहको एकल अधिकार सूची र अनुसूची ७ र ९ मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारसूचीको प्रबन्ध गरिएको छ। शिक्षासम्बन्धी संघ, प्रदेश र स्थानीय तहलाई संविधानले निर्दिष्ट गरेका एकल तथा साझा अधिकारको व्यवहारिक कार्यान्वयन गर्न सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई अवलम्बन गरी शिक्षाको राष्ट्रिय गन्तव्य तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता पूरा गर्नुपर्ने देखिन्छ। विगतमा नेपालले शिक्षा क्षेत्रको योजना एकात्मक शासन व्यवस्था बमोजिम केन्द्रिय स्तरबाट विकास तथा निर्माण गर्ने र कार्यान्वयन क्षेत्रीय र जिल्लास्तरबाट गराउने गरेको सन्दर्भमा राज्यको पुन संरचनासंगै : शिक्षासम्बन्धी अधिकार, स्रोत साधन, जिम्मेवारी र उत्तरदायित्व पनि तत् तत् निकायमा हुने गरी संवैधानिक रुपमा व्यवस्था गरिएको छ।

नेपाललाई सन् २०२२ सम्म अल्पविकसित राष्ट्रबाट विकासशील राष्ट्र र सन् २०३० सम्म मध्यम आय भएको राष्ट्रका रुपमा विकास गरी समृद्ध नेपाल र सुखी नेपालीको चाहना पूरा गर्न शिक्षा सम्बन्धी हालसम्म भएका प्रयास, उपलब्धि र पहिचान गरिएका समस्या तथा चुनौतीको समीक्षा गर्दै शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले संघ, प्रदेश र स्थानीय तहको शिक्षा क्षेत्र योजनाको ढाँचामा एकरुपता आउने गरी १० बर्षे )२०८०/८१- २०९०/९१शिक्षा क्षेत (ृरको नयाँ योजना निर्माणलाई अगाडि बढाएको परिवेशमा चालू विद्यालय शिक्षा क्षेत्रगत योजना .एस)ई.एसको समयावधि (पी.संग तालमेल हुने गरी यो योजना विकास गरिएको हो।

योजना तर्जुमा गर्दा नगरपालिकास्तरका शिक्षासंग सम्बन्धित सरोकारवालाहरूको सकृय सहभागिता रहेको थियो। यस अन्तर्गत शिक्षा समितिको बैठक मार्फत योजना निर्माणका लागि नगरपालिकाका नगर प्रमुख योजना संचालन तथा कार्यान्वयन समितिको संयोजक र सदस्य सचिवमा सामाजिक विकास समितिका संयोजक रहने गरि शिक्षा योजना निर्माण कार्यदल गठन भएको छ। कार्यदलको प्रारम्भिक बैठक तथा अभिमुखीकरण मार्फत बिभिन्न १४ वटा लेखन उपसमितिहरु गठन भयो। लेखन उप-समितिहरुले विभिन्न सरोकारवालाहरु संगको समन्वयमा तथ्याङ्क संकलन, सल्लाह तथा सुझाव संकलन, छलफल गरी प्रारम्भिक लेखन गरियो। प्रारम्भिक लेखन पश्चात योजना लेखन कार्यदलले सबै उप-समितिहरूको कार्यलाई संकलन गरी योजनाको मस्यौदा निर्माण दोस्रो कार्यशालाबाट गरेको हो। तत् पश्चात मस्यौदा माथि विभिन्न क्षेत्रका सरोकारवालाहरुबाट सल्लाह सुझाव प्राप्त गरी अन्तिमीकरण गरियो। अन्तिमीकरण गरिएको शिक्षा योजनामा बाह्य बिज्ञबाट गरिएको लेखाजोखा मार्फत थप सल्लाह सुझाव प्राप्त गरी योजनामा समेटेर कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वयनमा लिने गरी प्रक्रिया पुरा गरियो।

## २.२ दीर्घकालीन राष्ट्रिय सोच

आर्थिक तथा सामाजिक रुपान्तरणको माध्यमबाट न्यायपूर्ण समाजको विकाससहित नेपाललाई समृद्ध र नेपालीलाई सुखी बनाउन योगदान गर्ने

## २.३ प्रदेशको दीर्घकालीन सोच तथा गन्तव्य

शिक्षा विकासको पूर्वाधारः समृद्ध कर्णालीको आधार

## २.४ छायाँनाथ रारा नगरपालिकाको दूरदृष्टी

" समृद्ध छायाँनाथ रारा नगरपालिकाको इच्छाः समतामूलक, उत्थानशील पूर्वाधार सहितको गुणस्तरीय शिक्षा"

## २.५ लक्ष्य

शिक्षालाई समतामूलक, गुणस्तरीय, जीवन उपयोगी, सिपमूलक तथा रोजगारमूलक बनाउदै सक्षम र नैतिकवान नागरिक निर्माण गरी समग्र नगरपालिकाको विकासमा योगदान गर्ने ।

## २.६ उद्देश्यहरु

- सवै बालबालिकालाई प्रारम्भिक बाल विकास शिक्षाको अनुभव सहित आधारभूत शिक्षा अनिवार्य तथा नि:शुल्क र माध्यमिक शिक्षामा नि:शुल्क पहुँच सुनिश्चित गरी शिक्षालाई गुणस्तरीय, उत्पादनमुखी, रोजगारमूलक र प्रविधिमैत्री बनाउने।
- प्रारम्भिक बाल विकास सहित उच्च तहसम्मका बालबालिकाहरुमा भाषिक शुद्धता सहित निपूर्ण वा क्षमतावान बालबालिका निर्माण गर्ने
- नगरपालिकाका सबै विद्यालयहरुलाई समतामूलक तथा उत्थानशील भौतिक संरचनाहरु बनाउने ।
- प्रत्यक व्यक्तिमा शान्ति, मानव अधिकार, समानता, समावेशिता र सामाजिक न्यायका मान्यता अनुसार आचरण विकास गरी समतामूलक, समावेशी, न्यायपूर्ण नगरपालिका निर्माण गर्न आधारभुत तथा माध्यमिक तह शिक्षा निःशुल्क गर्ने ।
- आधारभूत तथा माध्यामिका तहका विद्यार्थीहरुमा सूचना तथा संचार प्रविधिको समुचित प्रयोग गर्न सक्ने जनशक्ति उत्पादन गर्ने ।
- सबै बालबालिकाको सर्वाङ्गिण विकास गरी गुणस्तरीय र समावेशि शिक्षा प्रदान गर्ने ।
- सबै विद्यालयहरुमा भौतिक पूर्वाधारहरुको निर्माण गरी गुणस्तरीय शिक्षा प्राप्त गर्ने वातावरणको सृजना गरिने छ ।
- शैक्षिक गुणस्तरमा सुधार गर्दै सक्षम, सभ्य र स्वावलम्बी मानव संसाधनको विकास गरी उपयोग गर्नु ।
- प्राविधिक शिक्षा तथा व्यावसायिक सीप विकासमा समावेशी र समतामूलक पहुँच विस्तार र गुणस्तर सुनिश्चित गर्नु ।
- उच्च शिक्षातर्फ पहुँच र गुणस्तर अभिबृद्धि गरी प्रतिस्पर्धी, प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनमुखी एवम् देशको आवश्यकता अनुरुपको मानव संसाधन विकास गर्नु ।
- नगर भित्रको शैक्षिक (ब्यवस्थापक र शिक्षण) जनशक्तिको क्षमता विकासका लागि मानव संसाधन केन्द्रको संस्थागत सुदृढीकरण गर्नु ।
- सवै नागरिकका लागि जीवनपर्यन्त, साक्षरता र अनौपचारीक शिक्षाको अवसर सुनिश्चित गर्नु ।
- समावेशी र विशेष शिक्षाको लागि आवश्यक संरचना निर्माण गरी सरोकारवालाको पहुँच सुनिश्चित गर्नु ।

## २.७ रणनीतीहरु

१. प्रत्येक नागरिकलाई आधारभूत शिक्षाको पहुँच सुनिश्चित गरिनेछ ।
२. सम्पूर्ण अपाङ्गता भएका, दलित र आर्थिक रूपले विपन्न बालबालिका समेत सबै बालबालिकाहरूलाई आधारभूत तहसम्मको शिक्षामा सहज पहुँच गराई उच्च शिक्षा निःशुल्क गर्नका लागि नगरपालिकाबाट पहल गरिनेछ ।
३. आवश्यकता अनुसार संघीय तथा प्रदेश सरकारसँग समन्वय गरी शिक्षा विकासका लागि मानवीय तथा आर्थिक श्रोत सुनिश्चित गरिनेछ ।
४. हरेक बालबालिकालाई आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क गरिनेछ । साथै दृष्टिविहीन बालबालिकालाई ब्रेललिपि तथा बहिरा बालबालिकालाई सांङ्केतिक भाषामा शिक्षा प्रदान गरिनेछ ।

५. सबै विद्यालयहरूमा गुणस्तर सुनिश्चित गर्न गुणस्तरीय सिकाइ कार्यढाँचा तयार गरी कार्यान्वयन गरिनेछ।
६. वैज्ञानिक, प्राविधिक र व्यवसायिक शिक्षा प्रबर्धनमा जोड दिईनेछ।
७. प्रारम्भिक बाल विकास केन्द्रमा जानुपर्ने उमेर समूहका सबै बालबालिकाको पहुँच पुर्याउदै कक्षा १ मा भर्ना हुँदा आधारभूत भाषिक र गणितीय सीप सिकेको सुनिश्चित गरिनेछ।
८. घर र विद्यालयमा शारीरिक, मानसिक वा अन्य किसिमका शोषण र हिंसाबाट मूक्त गर्दै सबै विद्यालयमा बालसहभागिता प्रबर्धन गरी विद्यालयलाई शान्ति क्षेत्र सुनिश्चित गरिनेछ।
९. सबै विद्यालय र बालबालिकालाई संभावित जोखिम नपर्ने गरी सुरक्षित विद्यालय प्रबर्धन गर्नुका साथै सम्पूर्ण विद्यालयहरूमा आधारभूत स्वास्थ्य र सरसफाइ व्यबस्था गरिनेछ।

## २.८ कार्यनितिहरु

**१. प्रत्येक नागरिकलाई आधारभूत शिक्षाको पहुँच सुनिश्चित गरिनेछ।**

- शिक्षाबाट बञ्चित भएका वा विद्यालय बाहिर रहेका बालबालिकाहरूको तथ्यांक संकलन गर्ने, अद्याबधिक गर्ने, विश्लेषण गर्ने, सार्बजनिक गर्ने र क्रमिक रुपमा अनुगमन गरिनेछगर्ने।
- अभिभावकलाई बालविकास र बालशिक्षाबारे सचेतनामूलक क्रियाकलापहरू सञ्चालन गर्ने।
- जोखिममा रहेका बालबालिकाको विद्यालय नियमितताका लागि सहयोगार्थ बालहीत कोषको व्यबस्था गर्ने।
- सेवाक्षेत्रका सबै बालबालिका विद्यालय भर्ना गर्ने विद्यालयलाई पुरस्कृत गर्ने।
- सिकाइ उपलब्धि कम भएका समुदायका बस्तिहरुमा Home worke club गठन गरी गृहकार्य गर्न प्रेरित गर्ने गरी विषेश प्रकारको आवश्यक प्रयासहरु गरिनेछन्।
- प्रत्येक विद्यालयमा महिनावारी भएका छात्राहरुको लागी सेनेटरी प्याडको व्यवस्था गरिने छ।
- शिक्षाबाट वञ्चित बालबालिकालाई वैकल्पिक कक्षाको व्यबस्था गर्ने।
- आवश्यकता अनुसार घुम्ती विद्यालय वा घुम्ती शिक्षाको व्यबस्था मिलाइने छउन पहल गर्ने।
- बाल तथा लैंगिकमैत्री विद्यालय निर्माण गर्ने।

**२. सम्पूर्ण अपाङ्गता भएका, दलित र आर्थिक रूपले विपन्न बालबालिका समेत सबै बालबालिकाहरूलाई आधारभूत तहसम्मको शिक्षामा सहज पहुँच गराई उच्च शिक्षा निःशुल्क गर्नका लागि नगरपालिकाबाट पहल गरिनेछ।**

- शैक्षिक सत्रको सुरुमै हरेक बालबालिकाले पाठ्यपुस्तक प्राप्त गर्ने व्यबस्था मिलाइउने।
- पाठ्यपुस्तक सुरक्षित गर्ने विद्यार्थीलाई प्रोत्साहन गर्ने पुराना सकुशल किताब देऊ), नयाँ कापी लैजाऊ (भन्ने नारालाई सार्थक बनाई लागु गर्ने।
- अपांगता भएका र आर्थिकरुपमा विपन्न भएका बालबालिकाहरूको पहिचान गरी तथ्यांक अद्यावधिक, वर्गीकरण, विश्लेषण गरेर सार्वजनिक गर्ने
- अपांगता तथा आर्थिक रुपमा विपन्नहरूको लागि छात्रवृत्ति तथा आवश्यक उपकरण र सामग्रीहरूको व्यवस्था गर्ने।
- अपांगता भएका बालबालिकाहरूलाई विद्यालयमा भर्ना गर्नका लागि कोटाहरू निर्धारण गरेर सम्वन्धित विद्यालयहरूमा भर्ना गर्न पहल गर्ने। यस्ता बालबालिकाहरूको लागि सुविधा सम्पन्न विद्यालयमा सम्प्रेषण गर्ने।

- पहिचान भएका बालबालिकाहरूलाई शिक्षा प्रदान गर्न श्रोत विद्यालयको व्यवस्था गर्ने र आवश्यक पाठ्य तथा शैक्षिक सामग्रीहरू र आवश्यक उपकरणको व्यवस्था गर्ने।
- दलित बालबालिकाहरूको शिक्षामा पहुँच पुर्याउन विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरूको सहकार्यमा कोषको व्यवस्था गर्ने।
- दलित विद्यार्थीहरूका परिवार तथा विद्यार्थीहरूको लागि आयआर्जनका लागि सीपमुलक तालिमको व्यवस्था गर्ने।
- राज्यबाट प्रदान गरिएका सेवासुविधाहरू प्राप्त गरेनगरेको अनुगमन गर्ने र नपाएका विद्यार्थीहरूलाई सहयोगको लागि प्रदेश तथा केन्द्रमा सिफारिस गर्ने।
- उच्च शिक्षाको लागि स्थानीय तहमै छात्रवृत्तिको व्यवस्था गर्ने र थप सहयोगका लागि प्रदेश तथा केन्द्रमा सिफारिस गर्ने।

**३. हरेक बालबालिकालाई आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क गरिनेछ। साथै दृष्टिविहीन बालबालिकालाई ब्रेल लिपि तथा बहिरा बालबालिकालाई सांकेतिक भाषामा शिक्षा प्रदान गरिनेछ**

- अनिवार्य र निःशुल्क शिक्षा कार्यान्वयनको लागि कार्यविधि निर्माण गर्ने।
- सरकारी कर्मचारी, जनप्रतिनिधिहरू र शिक्षकहरूले अनिवार्य रुपमा आफ्ना छोराछोरीहरूलाई सरकारी विद्यालयमा पढाउने व्यवस्थाको लागि पहल गर्ने।
- विद्यालयलाइ दिवा खाजाको व्यवस्था मिलाउने जसका लागि अभिभावक तथा विद्यालयले व्यवस्था गर्ने।
- दृष्टिविहीन, बहिरा र स्वर वा बोलाइ सम्बन्धी समस्या भएका अपांग बालबालिकाहरूको तथ्यांक संकलन गर्ने र वर्गीकरण गर्ने।
- पहिचान भएका बालबालिकाहरूलाई शिक्षा प्रदान गर्ने र आवश्यक पाठ्य तथा, शैक्षिक सामग्रीहरू र आवश्यक उपकरणको व्यवस्था गर्ने।
- अभिभावकहरू र शिक्षकहरूलाई साङ्केतिक भाषा सम्वन्धी तालिम तथा अभिमुखीकरण तालिम संचालन गर्ने।
- शैक्षिक सत्रको सुरुमै सबै विद्यालयहरुमा नगर स्वास्थ्य शाखासँग समन्वय गरी बालबालिकाहरूको स्वास्थ्य परीक्षण गरेको सुनिश्चित गर्ने।
- बिद्यार्थी संख्या र तहको आधारमा स्वास्थ्यकर्मी र औषधिको व्यवस्था विद्यालय परिसरमै गर्ने ब्यवस्था गरिने छ। माध्यमिक तहवाट शुरु गरेर क्रमशः सवै विद्यालयहरुमा स्टाफ नर्सको व्यवस्था मिलाउदै जाने।
- अनिवार्य र निःशुल्क शिक्षामा पहुँच पुग्न नसक्ने बालबालिकाहरूको लागि विद्यालय तथा अन्य शैक्षिक संस्थाहरुमा भर्ना गरी छात्रवृत्ति र पाठ्यसामग्रीहरूको व्यवस्था गर्ने।
- अनिवार्य र निःशुल्क शिक्षा सुनिश्चत गर्नका लागि विद्यालय नपठाउने अभिभावकहरूलाई आफ्ना छोराछोरी नियमित विद्यालय नपठाउँदासम्म नगरपालिकाद्वारा प्रदान गरिने सेवासुविधाबाट वंचित गर्ने।
- अनिवार्य र निःशुल्क शिक्षा सुनिश्चत गर्नका लागि नगरस्तरीय शिक्षा कोषको व्यवस्था गर्ने।
- नगरपालिका भित्र रहेका सबै सामुदायिक विद्यालयहरूमा विद्यार्थी सङख्याको आधारमा क्रमशः शिक्षक दरवन्दिको व्यवस्था गरिने छ। शुन्य दरवन्दी भएका विद्यालयवाट शिक्षक दरवन्दिको व्यवस्था गर्दै क्रमशः दरवन्दि अभाव भएका विद्यालयलाई प्राथमिकका आधारमा नगरपालिकाद्वाद्वारा अनुदानमा दरवन्दि श्रृजना गरी लागु गर्ने।
- न्यूनतम मापदण्ड तय गरी विद्यार्थी सङख्याको आधारमा बालमैत्रि विद्यालय भवन, खानेपानी र शौचालयको व्यवस्था गर्ने।

**४. सबै विद्यालयहरूमा गुणस्तर सुनिश्चित गर्न गुणस्तरीय सिकाइ कार्यढाँचा तयार गरी कार्यान्वयन गरिनेछ।**

- गुणस्तरीय शिक्षा सम्वन्धी सूचकहरू तयार गर्ने, कार्यान्वयन गर्ने र सोहि अनुसार नमुना विद्यालयको विकास गर्ने।
- कमजोर विद्यार्थीहरूको लागि हरेक सरकारी विद्यालयमा उपचारात्मक तथा सुधारात्मक कक्षाहरू संचालन गर्ने।
- कुनै शिक्षकले विद्यालय समयमा अन्यत्र कुनै पेशा व्यबसाय गर्न नपाउने नीति तयार गरी कडाइका साथ कार्यान्वयन गर्ने।
- समुदायस्तरमा माथिल्लो कक्षाका विद्यार्थीहरूले तल्लो कक्षाका विद्यार्थीहरूलाई सिकाउने वातावरण सृजना गर्ने।
- सरकारी विद्यालयमा पढाउने शिक्षकहरूले सोहि विद्यालयमा टिउसन पढाउन नपाउने नीति नगरपालिकाले कढाइका साथ अवलम्वन गर्ने।
- विद्यालयमा सबै पक्षको सभागिता )स्वास्थ्यकर्मी, प्रहरी, शिक्षा, युवा तथा खेलकुद शाखा, महिला विकास, नगरप्रतिनिधि, बालप्रतिनिधि आदि सुनिश्चित गरेर शिक्षा विकास समिति गठन गर्ने। (
- विद्यायलयको गुणस्तर कायम गर्न नगरक्षेत्र भित्रका सबै राजनैतिक दलहरूबाट राजनैतिक हस्तक्षेप नगर्ने प्रतिवद्धता लिने र शैक्षिक क्षेत्रमा राजनैतिक दलका क्रियाकलापहरूको प्रभाव नपार्ने र यसको लागि साझा सहमति निर्माण गर्ने।
- दक्ष तथा तालिम प्राप्त शिक्षक, स्वच्छ तथा उपयुक्त वातावरण, गुणस्तरीय स्थानीय शैक्षिक सामग्रीको निर्माण र प्रयोगको विद्यालयले सुनिश्चत गर्ने।
- शैक्षिक सामग्री प्रर्दशनी मेलाको आयोजना गर्ने र त्यसमा शिक्षक, अभिभावक र विद्यार्थीहरूको सहभागिता सुनिश्चत गर्ने।
- नगरपालिका भित्रका सबै प्र हरूको भेला गरेर वास्तविक समस्याहरूको पहिचान गरी समाधानको लागि योजना बनाउने।.अ.
- तालिममा सिकेका विषयवस्तुहरूको बारेमा विद्यालयमा सबै शिक्षकहरूलाई जानकारी गर्ने र त्यसको अभिलेख विद्यालयले व्यवस्थापन गर्ने।
- स्थानीय स्तरको आवश्यकतालाई मध्यनजर गरी स्थानीय पाठ्क्रम निर्माण गर्ने।
- विद्यार्थीहरूको नियमितता  मा जोड दिने र यसको लागि हाजिरी (मेरो साथी खोई अभियान)लेखाजोखा गर्ने प्रणालीलाई व्यवस्थापन गर्ने।
- शिक्षक नभएको विद्यालयमा शिक्षक व्यवस्थाका लागि सो क्षेत्रमा कार्यरत कर्मचारी तथा पढेर बसेका विद्यार्थीहरूलाई स्वयम्सेवकको रुपमा पढाउने व्यवस्था मिलाउने।
- बढी उपस्थित हुने विद्यार्थी र विद्यार्थीहरूका अभिभावकहरूलाई सम्मान गर्ने र शिक्षण सिकाइ क्रियाकलापहरू प्रभावकारी गर्ने शिक्षकहरूलाई पुरस्कृत गर्ने। कक्षा ५ र ८ को परीक्षाको व्यवस्थापन तथा सन्चालनको मापदण्डमा जस्तो बनाउदै लगि व्यवस्थित र मर्यादित रुपमा सन्चालन गर्न परीक्षा केन्द्र र केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष। नीरिक्षक तोकेर व्यबस्थित रुपमा संचालन गर्ने, उत्तरपुस्तिका परीक्षण  र नतिजा प्रकाशनमा विश्वसनियता रहने गरि कार्य गर्ने।
- विज्ञान सामाग्री, पुस्तकालय, खेलकुदको सामाग्री व्यवस्था, सास्कृतिक कार्यक्रमका सामाग्रीहरु, प्रविधिमय सामाग्रीको व्यवस्था गर्ने।
- प्रत्येक बिद्यालयमा शिक्षकले, तीन महिनामा विद्यालयस्तरीय र छ महिनामा नगरस्तरीय मूल्यांकन प्रणाली लागू गर्ने। अन्तर विद्यालय उत्तरपुस्तिका जाँच गर्ने नीति अवलम्वन गर्ने   एक)विद्यालयका शिक्षकले अर्को विद्यालयको उत्तरपुस्तिका जाँच गर्ने। (
- निरन्तर विद्यार्थी मूल्यांकन प्रणालीलाई व्यवस्थित गरि प्रभावकारी रुपमा कार्यान्वयन गर्न पहल गर्ने, र शिक्षक दरवन्दि मिलान, विद्यालय समायोजन, तह समायोजन गर्ने नीति तयार गरी कार्यान्वयन गर्ने।
- शिक्षकहरूको नियमिततामा जोड दिने र यसको लागि हरेक कक्षामा घडिको व्यवस्थापन गरेर स्वयम् विद्यार्थीहरूबाट नै समयको बारेमा शिक्षकलाई सचेत गराउने र कक्षामा नै शिक्षक हाजिर हुने व्यवस्था गर्ने।
- कक्षागत सिकाइ उपलब्धीको मापदण्ड निर्माण गरी लागू गर्ने।

- हरेक विद्यालयमा विषयगत शिक्षक भएनभएको बारेमा विश्लेषण गरी अनिवार्य रुपमा विषय शिक्षकको व्यवस्था गर्ने ।
- तालिम प्राप्त शिक्षकले कक्षाकोठामा सिकेको ज्ञान, सिप प्रयोग गरे नगरेको बारेमा एकिन गर्ने ।
- कमजोर तथा सहयोगको आवश्यकता भएको विद्यालयमा भौतिक तथा शैक्षिक क्रियाकलापहरू विस्तार गर्न सबैको सहमति कायम गर्ने ।
- विद्यालय व्यवस्थापन समिति, जनप्रतिनिधिहरूद्वारा निश्चित मापदण्ड तयार गरेर अनुगमनलाई प्रभावकारीरुपमा संचालन गर्ने ।
- श्रोत व्यक्तिको व्यवस्था गरि निजद्वारा मासिक रुपमा निरिक्षण तथा अनुगमन गर्ने व्यवस्था गरिनेछ ।

**५. वैज्ञानिक, प्राविधिक र व्यवसायिक शिक्षा प्रबर्धन गरिनेछ**

- स्थानीय स्तरमा प्राविधिक तथा व्यवसायिक सीप भएका व्यक्तिहरूको सूची तयार गरी विद्यालयले स्थानीय सहयोगी शिक्षकका रुपमा प्रयोग गर्ने ।
- विद्यालयका शिक्षकहरूलाई अनिवार्यरुपमा कम्प्युटर किन्न अभिप्रेरित गर्ने र त्यसको लागि नगरपालिकाले शुरुमा निश्चित समयको लागि आवश्यक बजेटको व्यवस्था मिलाउने ।
- अन्तर नगरपालिका नमुना विद्यालयहरूमा शैक्षिक भ्रमण गर्ने व्यवस्था मिलाउने ।
- उद्यम र व्यावसायिक कोषको व्यवस्था गर्ने ।
- बालबालिकाहरूलाई समुदायस्तरमा परियोजना कार्यको माध्यामद्वारा अध्ययन गर्ने वातावरण निर्माण गर्ने ।
- कक्षागत क्रियाकलापहरू संचालन गर्दा व्यवहारको माध्यामद्वारा प्रयोगात्मक, प्रर्दशन, चित्र, भिजिवल डकुमेन्ट्रि तथा डिजिटल सामग्रीको माध्यमद्वारा शिक्षण सिकाइ क्रियाकलापहरू संचालन गर्ने ।
- आवश्यकताको आधारमा प्राविधिक र व्यावसायिक सीपमुलक रोजगारीमूलक विद्यालयहरूको स्थापना गर्ने वा अन्य पालिकाहरुसंग समन्वय गर्ने ।
- स्थानीय स्तरमा भएका परम्परागत प्रविधिलाई आधुनिकीकरण गरी सम्भाब्यता अध्ययन गरी सीप सिकाउने पाठ्यक्रम र पाठ्यसामग्री निर्माण गर्ने ।
- विद्यालस्तरका अतिरिक्त क्रियाकलापहरू समुदायस्तरमा संचालन गर्ने र अभिभावकहरूको सहभागिता सुनिश्चत गर्ने, विजुली बत्ती नभएका विद्यालयमा सोलारको व्यवस्था गर्ने ।
- सबै विद्यालयमा इमेल इन्टरनेटको सेवा उपलब्ध गर्ने ।
- छोटो अवधीको प्राविधिक सीप सम्बन्धी तालिमहरु संचालन गर्ने ।
- एक शिक्षक एक ल्यापटप नीति लागु गरिनेछ, हरेक शिक्षकको आफ्नै ल्यापटप हुनेछ र त्यसको प्रयोग शिक्षण सिकाई क्रियाकलापमा हुने निश्चितता गर्ने ।

**६. प्रारम्भिक बाल विकास केन्द्रमा ४८ महिना पूरा गरी ५९ महिना पूरा नगरेका उमेर समूहका सबै बालबालिकाको पहुँच पुर्याउँदै कक्षा १ मा भर्ना हुँदा आधारभूत भाषिक र गणितीय सीप सिकेको सुनिश्चित गरिनेछ ।**

- बालविकास कक्षा देखि नै विद्यार्थीहरूको सिकाइ उपलब्धीको विश्लेषण गरेर कमजोर क्षेत्रमा तत्काल सुधार गर्ने नीति अवलम्वन गर्ने ।
- सिकाइमा कक्षाकोठाको समय व्यवस्थापनका लागि स्थानीय शैक्षिक सामग्रीहरूको निर्माण र प्रयोगको लागि उचित व्यवस्था गर्ने ।

- शैक्षिक सामग्री प्रदर्शनी मेलाको आयोजना गर्ने र सहजकर्ता, अभिभावक र विद्यार्थीहरूको सहभागिता सुनिश्चत गर्ने ।
- बालविकास सहजकर्ताहरूको पहलमा स्थानीय शैक्षिक सामग्री निर्माण र प्रयोगमा वृद्धि गर्न पहल गर्ने ।
- बालविकास केन्द्रको नक्साङ्कन गरी आवश्यकता अनुसार व्यवस्थापन गर्ने ।
- विद्यार्थीहरूको नियमिततामा जोड दिने र यसको लागि हाजिरी लेखाजोखा गर्ने प्रणालीलाई व्यवस्थापन गर्ने ।
- बालविकास केन्द्रमा नै आधारभूत नेपाली भाषा स्थानीय खस भाषा र गणितीय सीप सम्वन्धी ज्ञान, सीप र धारणामा अभिवृद्धि गर्न अनिवार्यरुपमा लागु गर्ने ।
- नगरक्षेत्र भित्रमा रहेका सबै प्रारम्भिक बालविकास केन्द्रहरूको लेखाजोखा गर्ने र नमुना बालविकास केन्द्रका न्यूनतम मापदण्डहरू पुरा हुने गरी विस्तृत कार्ययोजना निर्माण गर्ने ।
- नगरपालिका भित्र कम्तिमा एक नमुना बालविकास केन्द्र स्थापना गर्ने ।
- प्रत्येक वडामा बालउद्यानको व्यवस्था गर्ने ।
- वालविकास कक्षामा वालवालिका भर्ना गर्न ल्याउदा जन्मदर्ता प्रमाण पत्रलाई अनिवार्य गरिनेछ ।

**७. घर र विद्यालयमा शारीरिक, मानसिक वा अन्य किसिमका शोषण र हिंसाबाट मूक्त गर्दै सबै विद्यालयमा बालसहभागिता प्रबर्धन गरी विद्यालयलाई शान्ति क्षेत्र सुनिश्चित गरिनेछ ।**

- प्रत्येक वडा तथा विद्यालयस्तरमा बालक्लबको गठन गर्ने र उनिहरूलाई स्थानीय तह तथा विद्यालयस्तरीय क्रियाकलापहरूमा अनिवार्य सहभागिता गराउने व्यवस्था मिलाउने ।
- वडा र नगरस्तरीय बालसंरक्षण समिति गठन गर्ने र बालअधिकारको सुनिश्चिताको लागि अनुगमन गर्ने ।
- बालबालिकाहरूको ओसारपसार गर्ने र उनीहरूलाई श्रममा लगाउन नदिने विषयमा कडाइका साथ कार्यान्वयन गर्न अनुगमन प्रणालीलाई प्रभावकारी बनाउने ।
- वर्षमुनिका बालबालिकाहरूको ओसारपसार भएको तत्याङ्क अद्यावधिक गर्ने । यदि यस्तो देखिएमा कडाइका साथ कार्वाही गर्न सिफारिस गर्ने ।
- ओसापसारबाट फिर्ता भएका बालबालिकाहरू र विद्यालयका बालबालिकाहरू बीच अन्तरक्रिया तथा संवाद गर्ने वातावरण मिलाउने ।
- वेवारिसे बालबालिकाहरूको हकमा नगरपालिकाले नै नाम राख्ने व्यवस्था गर्ने ।
- प्रत्येक विद्यालयमा बालसुरक्षा सम्वन्धी प्रहरीद्वारा कक्षा लिन लगाउने । जस्तैः राती सुती सकेपछि कोठामा बत्ति बाल्ने आदि । अगाडी बढाउने । ''प्रहरी मेरो साथी कार्यक्रम''
- कुनै पनि बालबालिकाहरूलाई विद्यालय तथा घरमा मानसिक तथा शारीरिक यातना दिन नहुने विषयमा सचेतनामूलक क्रियाकलापहरू संचालन गर्ने ।
- बालविवाह उन्मूलन गर्न बालविवाह सम्वन्धी कार्यविधि तयार गरी बालविवाह न्यूनीकरण सम्वन्धी अभियानहरू संचालन गर्ने ।
- बालविवाह विरुद्ध सचेतनामूलक क्रियाकलापहरू संचालन गर्ने ।
- विद्यालय शान्तिक्षेत्र सम्वन्धी रणनैतिक कार्ययोजना कार्यान्वयन गर्ने ।
- गुनासो सुनुवाई संयन्त्र कार्यविधिलाई कडाईका साथ लागू गर्ने ।
- हरेक विद्यालयमा दण्डरहित शिक्षण सिकाई क्रियाकलापहरूलाई कडाइका साथ अवलम्वन गर्ने र सकारात्मक अनुशासनका विधि र प्रक्रिया लागु गर्न प्रोत्साहन गर्ने ।

**८. सबै विद्यालय र बालबालिकालाई संभावित जोखिम नपर्ने गरी सुरक्षित विद्यालय प्रबर्धन गर्नुका साथै सम्पूर्ण विद्यालयहरूमा आधारभूत स्वास्थ्य र सरसफाई व्यबस्था गरिनेछ।**

- नगरका हरेक विद्यालयहरूमा विपद् जोखिम न्यूनीकरण योजना निर्माण गर्ने र यस्ता विषयवस्तुहरू विद्यालय सुधार योजनामा समावेश गर्न अनिवार्य गर्ने।
- हरेक विद्यालयका बालबालिकाहरूलाई भुकम्पबाट जोगिने उपायहरूको बारेमा पूर्व अभ्यास र वास्तविक अभ्यास गर्न हरेक विद्यालयमा श्रोत शिक्षकको व्यवस्थापन गर्ने।
- सवै विद्यालयमा स्वास्थ्य सुरक्षाको मापदण्ड अपनाउने नीति अनिवार्य लागु गर्ने।माक्स),सेनिटाईजर दैनिक रुपमा प्रयोग गर्नै र नियमित सावुन पानिले हात धुने ४५७ जना(
- प्रत्येक वडास्तरमा शिक्षा, स्वास्थ्य, पोषण, खेलकुद, मनोरञ्जन र सर्वाङ्गीण व्यक्तित्व विकासका लागि व्यवस्था गर्ने।
- छात्र र छात्राहरूको लागि बेग्लाबेग्लै शौचालयको व्यवस्था गर्ने।
- हात धुने, व्यक्तिगत सरसफाई तथा विपद् जोखिम न्यूनीकरण विषयमा अभिभावकहरूलाई अभिमुखीकरण गर्ने।
- कोरोना भाईरस (कोभिड - १९) जस्ता अकस्मात देखिने रोग तथा, विपद् जोखिम व्यवस्थापन तथा न्यूनीकरण सम्वन्धी नगरस्तरीय योजना निर्माण गर्ने।
- विद्यालयले वर्षको २ पटक अनिवार्यरुपमा सम्वन्धित स्वास्थ्य चौकीको समन्वयमा बालबालिकाहरूको परीक्षण पनि गर्ने र जुकाको औषधी खाएको सुनिश्चत गर्ने।
- विद्यार्थीहरूको व्यक्तिगत सरसफाई नङ काट्ने), कपाल कोर्ने, पोशाक सरसफाईर विद्यालय (स्तरीय सरसफाई सम्वन्धी क्रियाकलाप संचालन गर्ने।
- नगरका सबै विद्यालयहरूमा खानेपानी र छात्र र छात्राका लागि बेग्लाबेग्लै शौचालयको आफैँ व्यवस्था मिलाउने र हरेक विद्यालयमा ऐना र साबुनको व्यवस्था गर्ने। हरेक विद्यार्थीहरूद्वारा नै शौचालय आफैँ सफा गर्ने विद्यालयको हाता सफा गर्ने नियम पालन गर्न अभिप्रेरित गर्ने।
- विपद् प्रभावित, विस्थापित परिवार तथा बालबालिकाहरूको पुनर्स्थापन गर्न तथा तत्तकाल अस्थायी पढाइ केन्द्र मार्फत बालबालिकाहरूको पढाइलाई निरन्तर गर्ने। वैकल्पिक शिक्षाका माध्यमहरु लागु गर्ने रेडियो), टेलिभिजनमा घुम्ति शिक्षक टोल शिक्षा(

**९. निजी विद्यालयहरूलाई न्यूनतम मापदण्ड तयार गरि नियमन र व्यबस्थापन गरिनेछ।**

- निजी विद्यालयहरूको गुणस्तर मापन गरी सेवामुलक बनाउन उनीहरूलाई निश्चित छात्रवृत्ति (कम्तिमा १० प्रतिशत कोटा ( निर्धारण गरी कार्यान्वयन गराउने। साथै कार्यान्वयन भए नभएको बारेमा अनुगमन प्रणालीलाई प्रभावकारी बनाउने।
- निजी विद्यालयहरूले विद्यार्थीलाई प्रदान गर्ने सुविधाको आधारमा शुल्क निर्धारण गर्ने नीति अवलम्वन गर्ने।
- नगरपालिकाले संस्थागत विद्यालयहरूको लागि बालमैत्री सूचक सहितका न्यूनतम मापदण्ड तयार गरेर कार्यान्वयन गर्ने र कार्यान्वयन भए नभएको अनुगमन गर्ने।
- अब स्थापना हुने नीजी विद्यालयहरूलाई सेवामूलक गुठीको रुपमा संचालन गर्ने अनुमति दिने र नेपाल सरकारको नीतिनियम बमोजिम स्वीकृति तथा अनुमति नलिई संचालन भएका यस्ता विद्यालयहरूको लागि जनप्रतिनिधिहरूको संयोजकत्वमा समिति गठन गरेर छानविनको दायरामा ल्याउने।

## २.९ मुख्य क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | सूचक | सूचकको तह | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | २०९० | सूचकको स्रोत | तथ्याङ्कको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | प्रारम्भिक बालविकास र शिक्षा | | | | | | | | |
| ११. | प्रारम्भिक बालविकास र शिक्षामा कुल भर्ना दर (%) | स्थानीय | ८६.६ | ९० | ९५ | ९९ | ९९.५ | | फ्ल्यास प्रतिवेदन – २०२४ |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | ८६२. | ८९५. | ९४०. | ९९०. | | | |
| १२. | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १मा भर्ना भएका बालबालिका (%) | स्थानीय | ९३.३ | ९५ | ९७ | ९९ | १०० | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | ६८६. | ७३०. | ८५०. | ९५०. | | | |
| १३. | प्रारम्भिक बाल विकास र शिक्षा केन्द्र (सङ्ख्या) | स्थानीय | ४६ | ५० | ५५ | ६० | ६० | | |
| | | प्रदेश | ३३४५ | | | | | | फ्ल्यास प्रतिवेदन |
| | | राष्ट्रिय | ३५५४८ | | | | | | फ्ल्यास प्रतिवेदन |
| १४. | प्रारम्भिक बाल विकास र शिक्षामा भर्ना भएका बालबालिकाले अनुदान पाउने (दिवा खाजा, खेल तथा सिकाई सामग्री, आदि) (सङ्ख्या हजारमा) | स्थानीय | ६८२५. | ६९० | ६९४ | ६९९ | ७५० | | फ्ल्यास प्रतिवेदन |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | |
| १५. | प्रारम्भिक बाल विकास र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक/सहजकर्ता (%) | स्थानीय | ४६ | ५० | ५५ | ६० | ७५ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | |
| २ | आधारभूत शिक्षा -कक्षा १)८ ( | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २१. | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर (%) | स्थानीय | ७४.८ | ८० | ९० | ९९ | ९९.५ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | ९६९. | ९७५. | ९९०. | १०० | | | |
| २२. | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कुल भर्ना दर (%) | स्थानीय | १०३.४ | १०२ | १०१ | १०० | १०० | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | |
| २३. | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर (%) | स्थानीय | ९५.६ | ९७ | ९८ | ९९ | ९९.५ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | ९७२. | ९९०. | ९९५. | १०० | | | |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १ ५)कुल भर्ना दर (%) | स्थानीय | ११९.६ | ११५ | १०५ | १०० | १०० | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | ८५८. | ९३१. | ९५५. | ९९५. | | | |
| २.५ | आधारभूत तह को कक्षा ५ को खुद प्रवेश दर | स्थानीय | १२७ | १२० | ११० | १०० | १०० | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | |
| २.६ | आधारभूत तह (प्राथमिक कक्षा १-८) मा कुल भर्ना दरमा लैङ्गिक समता सुचाङ्क (%) | स्थानीय | १.०१ | १ | १ | १ | १ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | |
| २.७ | आधारभूत तह कक्षा ५ सम्म टिकाउ दर* (%) | स्थानीय | १०३.३ | १०३ | १०१ | १०० | १०० | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | ९३०. | ९६०. | ९९०. | १०० | | | |
| २.८ | आधारभूत तह -प्राथिमक कक्षा १)५) मा भर्ना भई कक्षा ८ पुरा गर्ने दर (%) | स्थानीय | २४.८ | ५० | ७० | ८० | ९५ | | |
| | | प्रदेश | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | | | | | | | |
| २.९ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पुरा गर्ने छात्रा र छात्रको समता अनुपात | स्थानीय | १०२.३ | १०२५. | १०३ | १०५ | १०५ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | ७ | ५ | ३ | १ | | | |
| २.१० | कक्षा ३ का बालबालिकाको सिकाई उपलब्धी* (कम्पोजिट अङ्क) | स्थानीय | ५५३४. | ६० | ६६ | ७५ | ८० | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | |
| २.११ | कक्षा ५ का बालबालिकाको सिकाई उपलब्धी* (%). | स्थानीय | ५४१. | ६१ | ६५५. | ७५ | ८० | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | |
| २ १२ | कक्षा ८ का बालबालिकाको सिकाई उपलब्धी * (%). | स्थानीय | ५६६५. | ६५ | ७० | ८० | ८५ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | |
| २१३. | आधारभूत तह (१-५ ) विद्यालय वाहिर रहेको बालबालिका (%) | स्थानीय | ३.४ | ३ | २ | ० | ० | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | |
| २१४. | मातृभाषामा पठनपाठन हुने विद्यालय (सङ्ख्या | स्थानीय | ० | ० | ० | ० | ० | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | |
| २१५. | आधारभूत तहमा कार्यरत महिला शिक्षकको दर (%) | स्थानीय | २० | २५ | ३० | ३५ | ४० | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २१६. | आधारभूत तहमा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक (%) | स्थानीय | १०० | १०० | १०० | १०० | १०० | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | |
| ३. माध्यमिक शिक्षा (१२-९) | | | | | | | | | |
| ३१. | माध्यमिक शिक्षामा कुल भर्नादर (ग्रेड ९-१२) (%) | स्थानीय | ८०.४ | ८८ | ९५ | ९८ | १०० | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | ७२०. | ९००. | ९५०. | ९९०. | | | |
| ३.२ | माध्यमिक शिक्षामा खुद भर्नादर र (ग्रेड ९-१0 ) (%) | स्थानीय | ७८.२ | ८६ | ९२ | ९८ | १०० | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | |
| ३.३ | माध्यमिक शिक्षामा कुल भर्नादर (ग्रेड ९-१0 ) (%) | स्थानीय | ८७.३ | ९१ | ९४ | ९८ | १०० | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | |
| ३.४ | माध्यमिक शिक्षामा कुल भर्नादर (ग्रेड ११- १२ ) (%) | स्थानीय | ३७.१ | ४७ | ६२ | ८२ | ९५ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | |
| ३.५ | माध्यमिक शिक्षामा खुद भर्नादर दर (११- १२ ) (%) | स्थानीय | २१.१ | ३८ | ५८ | ७८ | ९४ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | |
| ३.६ | माध्यमिक शिक्षामा खुद भर्नादर * (ग्रेड ९-१२) (%)। | स्थानीय | ६४.७ | ७५ | ८५ | ९५ | ९८ | | |
| | | प्रदेश | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | ४६०. | ५४०. | ६५०. | ८००. | | | |
| ३७. | माध्यमिक शिक्षामा लैङ्गिक समानता सूचकांक* (ग्रेड ९-१२) | स्थानीय | ०.०० | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | ०९५. | १०. | १०. | १०. | | | |
| ३८. | माध्यमिक शिक्षा (कक्षा १०) (%) मा पुगेका कक्षा १ मा भर्ना भएका बालबालिका | स्थानीय | ५३.५२ | ६० | ७५ | ८५ | ९० | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | ५८५. | ६५०. | ७५०. | ९००. | | | |
| ३९. | माध्यमिक शिक्षा (कक्षा १२) (%) मा पुग्न कक्षा १ मा भर्ना भएका बालबालिका। | स्थानीय | ४.२९७ | ५० | ६५ | ७५ | ८० | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | १८. | २२०. | २७०. | ३३०. | | | |
| ३.१० | माध्यमिक शिक्षा (कक्षा १२) पूरा गर्न कक्षा १ मा भर्ना भएका केटीहरूको अनुपात (केटाहरूसँग)। | स्थानीय | ९४.१२ | ९७ | ९८ | ९९ | १०० | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | ९८५. | १०० | | | | | |
| ३.११ | माध्यमिक शिक्षामा महिला शिक्षकको अनुपात (ग्रेड ९-१२)। | स्थानीय | २७ | ३० | ३३ | ३७ | ४० | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | ३६ | ४५ | ५५ | ९० | | | |
| ३.१२ | माध्यमिक शिक्षामा आवश्यक योग्यता र तालिम भएको शिक्षक* (%) | स्थानीय | १०० | १०० | १०० | १०० | १०० | | |
| | | प्रदेश | | | १५०. | २५०. | | | |
| | | राष्ट्रिय | २३ | ३५ | ४० | ८० | | | |
| ३.१३ | माध्यमिक तहमा विज्ञान तथा प्राविधिक तथा व्यवसायिक विषयमा भर्ना दर | स्थानीय | ० | ३ | ५ | १० | १५ | | |
| | | प्रदेश | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | | | | | | | |
| ३.१४ | माध्यमिक तह कक्षा ९ -१० मा  कक्षा छोड्ने दर | स्थानीय | २.८ | २ | १ | ० | ० | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | |
| ३.१५ | माध्यमिक तह कक्षा ९ -१० मा  कक्षा दोहोर्याउने दर | स्थानीय | १.५ | १ | ० | ० | ० | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | |
| ३.१६ | माध्यमिक तह कक्षा ९ -१० मा  कक्षा उर्तिण दर | स्थानीय | ८५५३. | ८८ | ९० | ९५ | ९८ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | |
| ३.१७ | माध्यमिक तह कक्षा ११ -१२ मा  कक्षा छोड्ने दर | स्थानीय | ३ | २ | १ | ० | ० | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | |
| ३.१८ | माध्यमिक तह कक्षा ११ -१२ मा  कक्षा दोहोर्याउने दर | स्थानीय | १२ | १ | ० | ० | ० | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | |
| ३.१९ | माध्यमिक तह कक्षा ११ -१२ मा  कक्षा उर्तिण दर | स्थानीय | ३६ | ४५ | ५५ | ९० | ९५ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | |
| ४. अनौपचारिक तथा जीवन पर्यन्त सिकाई | | | | | | | | | |
| ४१. | साक्षरता दर (६ वर्ष र माथि) (%) | स्थानीय | ७०.७ | ८० | ९० | ९८ | ९९ | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | |
| ४२. | साक्षरता दर (१५ वर्ष र माथि) (%) | स्थानीय | ९६ | ९६५. | ९७ | ९८ | ९९ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | |
| ४३. | साक्षरता दर (१५-२४ वर्ष) (%)। | स्थानीय | ७३.४ | ८५ | ९५ | ९८ | १०० | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | |
| ४.४ | सबै वयस्कहरू (१५ वर्ष र माथि) * (%) को संख्यात्मक (संख्यात्मक सर्तहरूमा पढ्ने र लेख्ने)। | स्थानीय | ७३४४ | ८४०० | ९००० | ९९९९ | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | |
| ४.५ | महिला (१५ वर्ष र माथि) * (%) को संख्यात्मक (संख्यात्मक सर्तहरूमा पढ्ने र लेख्ने)। | स्थानीय | ३५१९ | ४१०० | ४६०० | ५००० | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | |
| ४.६ | साक्षारता दरमा लैङ्गिक समता सूचकांक*। | स्थानीय | ०.७५ | ०.८५ | ०.९५ | १.० | १.० | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | |
| | ५. प्राविधिक शिक्षा तथा व्यवसायिक  सिप विकास (TVEDS) | | | | | | | | |
| ५१. | प्राविधिक तथा व्यावसायिक शिक्षाका कार्यक्रमहरू सञ्चालन गर्ने विद्यालयहरू (संख्या)। | स्थानीय | ० | १ | १ | २ | ३ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | |
| | | स्थानीय | ० | १ | १ | १ | १ | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५२. | प्राविधिक र व्यावसायिक शिक्षा र सीप विकास वा तालिम (संख्या) को केन्द्र/संस्था सञ्चालन कार्यक्रमहरू। | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | |
| ५३. | प्राविधिक र व्यावसायिक तालिमको साथ काम गर्ने उमेरको जनसंख्या (%) | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | |
| ५५. | छोटो अवधिको प्राविधिक र व्यावसायिक सीप विकास वा प्रति वर्ष प्रशिक्षणमा स्नातक * (संख्या)। | स्थानीय | ५० | १०० | १८० | २५० | ३०० | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | |
| ५६. | दीर्घकालीन प्राविधिक र व्यावसायिक शिक्षा र सीप विकासमा स्नातक | स्थानीय | ० | ३ | १० | १५ | २० | | |
| | | प्रदेश | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| ४. सुशासन र व्यवस्थापन | | | | | | | | | |
| ४१. | आधारभूत शिक्षामा विद्यार्थी-शिक्षक अनुपात (ग्रेड १-५)। | स्थानीय | ७० | ६० | ५० | ४० | ३५ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | |
| ४२. | आधारभूत शिक्षामा विद्यार्थी-शिक्षक अनुपात (ग्रेड ६-८)। | स्थानीय | ४७ | ४५ | ४२ | ४० | ३३ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | |
| ४३. | माध्यमिक शिक्षामा विद्यार्थी-शिक्षक अनुपात (ग्रेड ९-१२)। | स्थानीय | २९ | ३२ | ३५ | ४० | ३५१ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | |
| ४४. | बिजुलीको पहुँच भएका विद्यालयहरू* (%)। | स्थानीय | ७८ | ८५ | ९० | १०० | १०० | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| ४५. | इन्टरनेटको पहुँच भएका विद्यालयहरू* (%)। | स्थानीय | १५५५. | ३० | ५० | ९० | १०० | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | |
| ४६. | धुने सुविधामा पहुँच भएका विद्यालयहरू* (%)। | स्थानीय | ६६६५. | ७५ | ९० | १०० | १०० | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | |
| ४७. | अपाङ्गता मैत्री विद्यालय संख्या * (%) | स्थानीय | ४४४. | १० | १५ | २० | ४० | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | |
| ४८. | ग्रिन एण्ड किलिन स्कुल(Number) | स्थानीय | ३० | ३५ | ४० | ४५ | ४५ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | |
| ४९. | नर्सिङ हेरचाह र/वा सुविधा भएका विद्यालयहरू (नम्बर) | स्थानीय | ० | २ | ५ | १० | २० | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | |
| ४१०. | आधारभूत शिक्षा* (ग्रेड १-८) (संख्या) मा उपलब्ध छात्रवृत्तिहरू। | स्थानीय | २४१३ | २५०० | २५५० | २७०० | ३००० | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | |
| ४११. | | स्थानीय | ८ | ५० | १५० | २०० | २५० | | |
| | | प्रदेश | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | माध्यमिक शिक्षा* (ग्रेड ९-१२) (सङ्ख्या) मा उपलब्ध छात्रवृत्तिहरू। | राष्ट्रिय | | | | | | | |
| ४१२. | प्राविधिक र व्यावसायिक शिक्षा र सीप विकास वा ट्रेनमा छात्रवृत्तिहरू उपलब्ध छन् | स्थानीय | २५ | ३० | ३५ | ५० | ६० | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | |
| ४१३. | विभिन्न क्षेत्रहरूमा उपलब्ध क्षेत्रीय र अन्तर्राष्ट्रिय छात्रवृत्तिहरू * (संख्या)। | स्थानीय | २ | ५ | ७ | १० | १५ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | |
| ४ उच्च शिक्षा . | | | | | | | | | |
| ४.१ | उच्च शिक्षामा कुल भर्ना दर (% | स्थानीय | ७६९. | १५ | २० | २५ | ४० | | |
| | | राष्ट्रिय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| ४.२ | उच्च शिक्षामा महिला सहभागिता अनुपात | स्थानीय | ३९३९. | ४६ | ५० | ५० | ५० | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | |
| **६ Financing** | | | | | | | | | |
| ६.१ | कूल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट रू हजारमा | स्थानीय | २३१६४३ | २६१२०८ | ३१६०६२ | ३७७१७१ | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | |
| ६.२ | आधारभूत तह कक्षा १ -८ मा प्रति विद्यार्थी सरकारी खर्च रू हजारमा | स्थानीय | २०८८३ | २२८८३ | २३८८३ | २५३८३ | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ६.३ | माध्यमिक तह कक्षा ९ -१२ मा प्रति विद्यार्थी सरकारी खर्च रू हजारमा | स्थानीय | २२३२ | २७३२ | ३१३२ | ३६३२ | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | |
| ६.४ | प्रति विद्यार्थी लागत खर्च | स्थानीय | २६८९५ | २७३५० | २७९९५ | २८४९५ | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | |

# परिच्छेद ३: शिक्षाका  मुख्य क्षेत्रहरु

## ३.१ प्रारम्भिक बालविकास र शिक्षा

### ३.१.१ परिचय

नेपालमा प्रारम्भिक बालविकास कार्यक्रमको औपचारिक शुरुवात २००७ सालमा काठमाण्डौमा स्थापना भएको मन्टेश्वरी स्कूलबाट भएको पाइन्छ। सर्वाङ्गिण राष्ट्रिय शिक्षा समिति २०१८ ले पहिलो पटक पूर्वप्राथमिक शिक्षामा जोड दिएको थियो। २०२२ सालमा बाल मन्दिर स्थापना पछि शिशु शिक्षालाई अझ बढावा दिइएको पाइन्छ। शिक्षा मन्त्रालयले २०२५ सालदेखि शिशु कक्षासम्बन्धी पाठ्यक्रम तयार गरेको र २०२९ सालमा शिशु कक्षा व्यवस्था नियमावलीद्वारा यसलाई व्यवस्थित गरेको पाइन्छ। शिक्षा ऐन, २०२८ अनुसार ४ वर्ष उमेर पूरा भएका बालबालिकालाई दिइने शिक्षालाई प्रारम्भिक बाल शिक्षा भन्ने बुझिन्छ। बालविकास केन्द्रलाई विद्यालय शिक्षाको अभिन्न अंगको रूपमा स्थापित गरी समुदाय र विद्यालय स्तरमा बालविकास केन्द्रहरू सञ्चालन गरिने व्यवस्था गरियो। समुदाय स्तरमा सञ्चालित बालविकास केन्द्रहरूको अनुगमनमा समस्या देखिए पश्चात् विद्यालयमा आधारित बालविकास केन्द्रमा जोड दिन थालियो। पछिल्लो तथ्यांक अनुसार शैक्षिक सत्र २०८० मा ३२,८६१ सामुदायिक  परम्परागत विद्यालयमा सञ्चालित ५६६) र ७ (समेत,६२३ संस्थागत गरी ४०,६८४ प्रारम्भिक बालविकास केन्द्र र पूर्वप्राथमिक कक्षाहरू सञ्चालनमा रहेका छन्। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०८० आर्थिक सर्वेक्षण २०८१ अनुसार शैक्षिक सत्र २०७९ मा यस्तो संख्या ४०,६५६ रहेको थियो। औपचारिक शिक्षाको तयारीमा महत्त्वपूर्ण मानिने यस्तो शिक्षा प्रदान गर्ने संस्थामा भएको वृद्धिले गुणस्तरीय शिक्षामा योगदान पुर्याएको छ।  आम मानिसमा प्रारम्भिक बालविकास शिक्षाको महत्त्व बढ्दै गएको देखिएको छ। शैक्षिक सत्र २०७९ मा बालविकास केन्द्रको अनुभव लिई कक्षा १ मा भर्ना हुने विद्यार्थीको अनुपात ७६ ९ प्रतिशत पुगेको छ.७ प्रतिशत रहेकोमा शैक्षिक सत्र २०८० मा यस्तो अनुपात ७६.। शैक्षिक सत्र २०८० मा प्रारम्भिक बालविकास कक्षामा भर्ना भएका कुल १२,८६,५२६ विद्यार्थीमध्ये ४९ ७ प्रतिशत बालबालिका. ३ प्रतिशत बालबालिका संस्थागत विद्यालयमा भर्ना भएका छन्। सामुदायिक र संस्थागत.५० सामुदायिक बालविकास केन्द्रमा र बालविकास केन्द्रलाई विद्यालय संरचनामा एकीकरण गरेपछि आधारभूत शिक्षाको परिभाषामा प्रारम्भिक बाल शिक्षालाई समेत समावेश गराइएको छ। तत्कालीन शिक्षा विभागबाट विद्यालय क्षेत्र सुधार कार्यक्रम मार्फत प्रारम्भिक बालविकास सञ्चालन दिग्दर्शन, २०६१ र प्रारम्भिक बाल विकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका, २०६७ पहिलो संशोधन २०७५ तयार गरिएको छ। राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ ले चार वर्षको उमेर पूरा भएका बालबालिकालाई एक वर्षको प्रारम्भिक बालविकासको अवसर प्रदान गर्नुपर्ने प्रावधान उल्लेख गरेको छ। उक्त प्रारुप अनुसार चार वर्ष उमेरभन्दा मुनिका बालबालिकालाई शिशु विकास केन्द्रबाट शारीरिक, मानसिक वा बौद्धिक, संवेगात्मक र सामाजिक विकास तथा स्याहारका क्रियाकलाप सञ्चालन गर्न सकिने कुरा उल्लेख छ। प्रारम्भिक बालविकास र शिक्षाको मुख्य उद्देश्य विविध किसिमका मनोरञ्जनात्मक सिकाइ सहजीकरण क्रियाकलापका माध्यमद्वारा बालबालिकाहरूको सर्वाङ्गीण विकासमा सहयोग पुर्याउनु र कक्षा १ मा प्रवेशका लागि तयार पार्नु रहेको छ।

### ३.१.२ चुनौतिहरू तथा अवसरहरू

एकिकृत प्रारम्भिक बालविकास शिक्षाको कार्यविधि स्थानीय तहमा नहुनु, प्रारम्भिक बालविकास शिक्षाको सर्वसुलभता, उपयुक्त पूर्वाधारको विकास, गुणस्तरको सुनिश्चिततासहित प्रारम्भिक बालविकास शिक्षाप्रतिको आकर्षण अभिवृद्धि नहुनु, जनशक्ति व्यवस्थापन नहुनु, पारिश्रमिक तथा सेवा शर्तको स्पष्ट मापदण्डको विकास नगरिनु, गुणस्तरको न्यूनतम मापदण्ड विकास नहुनु, चेकलिष्टका आधारमा अनुगमन मूल्यांकन, विद्यालय र केन्द्र बीचको अन्तर सम्बन्ध नहुनु, अभिभावक शिक्षामा कमी, विद्यालयमा आधारित बालविकास केन्द्रको व्यवस्थापनमा विद्यालयले जिम्मेवारी वहन नगर्नु आदि प्रारम्भिक बालविकास शिक्षाका मुख्य चुनौतीहरू रहेका छन्।

नेपालको संविधान २०७२ ले निशुल्क तथा अनिवार्य आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षाको संवैधानिक सुनिश्चितता गर्नुका साथै बालबालिकाको हक अन्तर्गत प्रारम्भिक बालविकास शिक्षालाई बालबालिकाको हकमा समावेश गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा काम कर्तव्य र अधिकारहरू समेटिनु तथा विद्यालय क्षेत्र विकास योजनाले प्रारम्भिक शिक्षा र बालविकासलाई विद्यालय शिक्षाको संरचनामा एकिकृत गरिसकेको र शिक्षा ऐन, २०२८ को आठौं संशोधनले समेत प्रारम्भिक बाल विकास र शिक्षालाई विद्यालय शिक्षाको संरचनामा समेटेको हुँदा प्रारम्भिक बाल विकास र शिक्षालाई शिक्षा प्रणालीको जगको रूपमा आत्मसात गरिएको छ । यस नगरपालिकामा प्रारम्भिक बालविकास केन्द्रको विस्तार र विकासका लागि सरकारी तथा गैरसरकारी संघ संस्थाहरूको योगदान, सहयोग र भूमिका वृद्धि गर्न सकिने अवस्था छ । अभिभावक, समुदाय, वडा कार्यालय, स्थानीय र प्रदेश सरकारहरू बीच साझेदारी र सहकार्य मार्फत प्रारम्भिक बालविकास र शिक्षाको प्रर्वद्धन गर्न सकिने अवसर प्रशस्त छ ।

### ३३.१ . लक्ष्य

बालबालिकाको सर्वाङ्गीण विकासको महत्वपूर्ण आधारका रुपमा एकिकृत प्रारम्भिक वालविकास शिक्षा र वालविकास कार्यक्रमको विस्तार गर्नुका साथै वालविकास सेवालाई गुणस्तरीय बनाउने ।

### ३.१.४ उद्देश्य

- बालबालिकाको सर्वाङ्गीण विकासमा केन्द्रित प्रारम्भिक बालविकास तथा शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउनु,
- पाँच वर्षमुनिका बालबालिकाको शारीरिक, सामाजिक, संवेगात्मक, संज्ञानात्मक, आध्यात्मिक तथा नैतिक क्षमताको विकास गरी एकिकृत प्रारम्भिक बाल विकास शिक्षा/पूर्व प्राथमिक शिक्षालाई अधिकारमा आधारित बनाउनु र विद्यालय प्रवेशको तयारी गराउनु,
- सबै बालबालिकालाई प्रारम्भिक बाल विकास शिक्षाको अनुभव सहित आधारभूत शिक्षा अनिवार्य तथा निशुल्क र माध्यमिक शिक्षामा निःशुल्क पहूँच सुनिश्चित गरी शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी र प्रविधिमैत्री बनाउनु ।

### ३.१.५ रणनीतिक क्रियाकलाप

- प्रारम्भिक बाल विकास तथा शिक्षा कार्यक्रमलाई विद्यालय शिक्षाको अभिन्न अंगको रुपमा विकास गरी यसलाई सबै बालबालिकाको लागि अनिवार्य गर्ने कार्यलाई सहजीकरण गर्ने,
- कम्तिमा एक विद्यालय, एक बाल विकास केन्द्रको अवधारणा अन्तर्गत स्थानीय तह मार्फत बाल विकास केन्द्रको पुनर्बितरण गरी प्रदेश तहबाट समेत लगानी गरी बाल विकास केन्द्रको विकासका लागि लागत साझेदारी गर्ने,
- प्रारम्भिक बाल कक्षामा निर्धारित मापदण्ड अनुरुप बसाइँ व्यवस्था र सरसफाइलाई ध्यान दिइ खेल सामग्री, सिकाइ सामग्री, मनोरञ्जन सामग्री, अडियो भिडियो सामग्री सहित आकर्षक, मनोरञ्जक र बालमैत्री कक्षाकोठा व्यवस्थापन सहितको नमूना बाल विकास केन्द्रको विकास गर्ने कार्यमा सहयोग गर्ने,
- पाँच वर्षभन्दा कम उमेर समूहका बालवालिकाहरुलाई पूर्व प्राथमिक शिक्षा दिन आवश्यक लगानी गर्न स्थानीय तहहरुलाई प्रोत्साहन गर्ने,
- प्रारम्भिक बाल विकास शिक्षा/पूर्व प्राथमिक शिक्षा कार्यक्रमलाई सबै सामुदायिक विद्यालयमा रहने गरी व्यवस्थापन गर्न स्थानीय तहलाई अभिप्रेरित गर्ने,

- तीनै तहका सरकार र अभिभावकको साझेदारीमा बालबालिकाहरूको सर्वाङ्गीण विकास एवं विद्यालय शिक्षाको पूर्वतयारीका लागि कम्तीमा एक बर्षको प्रारम्भिक बालविकासको अवसर प्रदान गर्ने,
- प्रारम्भिक बाल विकास शिक्षा/पूर्व प्राथमिक शिक्षाको अनुभव नलिई कक्षा एकमा भर्ना हुनेको प्रतिशत उच्च भएका स्थानीय तहहरुमा केन्द्रित गर्दै विद्यालयमा आधारित, समुदायमा आधारित तथा घर परिवारमा आधारित विभिन्न प्रकारका प्रारम्भिक बाल विकास शिक्षा/पूर्व प्राथमिक शिक्षा कार्यक्रमको व्यवस्था गर्न सहजीकरण गर्ने।
- अभिभावक शिक्षा कार्यक्रमलाई परिवार साक्षरता, आय आर्जन, स्वास्थ्य तथा सरसफाइ तथा सीप विकास कार्यक्रमसँग आबद्ध गराएर प्रारम्भिक बाल विकास शिक्षा/पूर्व प्राथमिक शिक्षा कार्यक्रममा समुदायको संलग्नता बढाउन आवश्यक सहयोग गर्ने,
- अपांगता भएका बालबालिकालाई सहयोग गर्न र खास गरी जटिल अपांगता भएका बालबालिकालाई लक्षित गरी विशिष्टीकृत, घरमा आधारित प्रारम्भिक बाल विकास शिक्षा पूर्व प्राथमिक शिक्षा स्थापना गर्ने लगायत अपांगताको पहिचान गरी उपचारका लागि सिफारिस गर्ने संयन्त्रको स्थापना र सुदृढीकरण गराउन सहकार्य गर्ने,
- प्रारम्भिक बाल विकास शिक्षा/पूर्व प्राथमिक शिक्षा कार्यक्रमहरू सञ्चालन भएका विद्यालयमा कम्तिमा एक जना शिशु वा बालस्याहार कार्यकर्ताको व्यवस्थापन गर्न आवश्यक सहयोग गर्ने,
- प्रारम्भिक बालविकास कक्षा र बालविकास केन्द्रका शिक्षकहरूको न्यूनतम योग्यता निर्धारण गरी हाल कार्यरत बालविकास शिक्षकहरूलाई योग्यतामा आधारित वृत्ति विकास र स्तर वृद्धिको अवसर प्रदान गर्न साझेदारीका कार्यक्रमहरु सञ्चालन गर्ने,
- स्वास्थ्य, पोषण, शिक्षा र सुरक्षामा एकीकृत पद्दतिबाट विद्यालयमा बालबालिकाका लागि बहुक्षेत्रीय प्रारम्भिक बाल विकास योजना निर्माणका लागि समन्वय र सहकार्य गर्ने,

### ३.१.६ अपेक्षित उपलब्धि

- ✓ छायाँनाथ रारा नगरपालिका तीन बर्षदेखि पाँच बर्ष उमेर समूहका ९८% प्रतिशत बालवालिकाले प्रारम्भिक बाल विकास शिक्षाको अनुभव हासिल गरेका हुनेछन्।
- ✓ नगरपालिका भित्रका बाल विकास केन्द्रहरुमा एकिकृत न्यूनतम मापदण्डमा आधारित बालमैत्रि ब्यबस्थापन सहित नमुना केन्द्र भएको हुनेछ।
- ✓ सबै विद्यालयहरुमा र पत्येक टोलमा कम्तिमा पनि एउटा एकिकृत प्रारम्भिक बाल विकास केन्द्र वा पूर्व प्राथमिक कक्षा सञ्चालन भएको हुनेछ।
- ✓ बाल शिक्षकहरु कम्तिमा बाल मनोबिज्ञानमा आधारित तालिम पाप्त प्रबिणता प्रमाण पत्र तह वा साविकको उच्च माध्यमिक तह उतिर्ण गरेको हुनेछन।

### ३.१.७ प्रमुख क्रियाकलापहरु तथा परिमाणात्मक लक्ष्य

**तालिका नं. ३.१ प्रारम्भिक बालविकास र शिक्षाका प्रमुख क्रियाकलापहरु तथा लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | ईकाइ | परिमाणामक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | प्रारम्भिक बालविकास र शिक्षाका न्यूनतम मापदण्डहरु विकास र परिमार्जन तथा प्रबोधिकरण | पटक | ० | १ | १ | १ | १ | ४ | ३ |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षाको नक्साङ्कन गरी पुनर्वितरण | केन्द्र | ० | १५ | १० | १० | १० | ४५ | |
| ३ | प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिका, (दुर्गम भेगमा बसोबास गर्ने, अपाङ्गता भएका तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाका लागि समेत) प्रारम्भिक बालविकास तथा शिक्षामा पहुँचका लागि वैकल्पिक प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन | केन्द्र | ० | ४५ | ४५ | ४५ | ४५ | ४५ | ४५ |
| ४ | विकासका साझेदार, गैरसरकारी संस्था, निजी क्षेत्र तथा समुदायलाई प्रारम्भिक बाल विकास तथा शिक्षामा समन्वय, सहयोग, सहकार्य तथा लगानी बढाउन प्रोत्साहन गर्ने। | केन्द्र | ० | १५ | १० | १० | १० | ४५ | निरन्तर |
| ५ | प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रममा अपाङ्गताको पहिचान गर्ने व्यवस्था गरी सहयोग उपलब्ध गराउने र आवश्यकता अनुसार थप सेवाको सुनिश्चितता गर्ने | केन्द्र | ० | २० | १० | १० | ५ | ४५ | निरन्तर |
| ५ | न्यूनतम मापदण्ड अनुसार विद्यालयमा आधारित प्रारम्भिक बाल विकास तथा शिक्षा कार्यक्रमका लागि सुरक्षित तथा अपाङ्ग मैत्री शौचालय खानेपानि, घेरवार बाहीरी खेलौना सहितको दुई कक्षा कोठाको व्यवस्था गर्ने | केन्द्र | ० | १० | २० | १० | ४० | ४० | ४० |
| ६ | बालबालिकाको अभिलेखीकरण राख्ने | पटक | १ | १ | १ | १ | १ | ५ | निरन्तर |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ७ | अपाङ्गता भएका बालबालिकाहरुको सिकाई आवश्यकता सम्बोधन गर्न वैयक्तिक परिवार सेवा योजना निर्माण गरी कार्यन्वयन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ८ | प्रारम्भिक बालविकास तथा शिक्षामा अध्ययनरत बालबालिकाका लागी पोषणयुक्त दिवा खाजाको व्यवस्थालाइ निरन्तरता दिने | केन्द्रका सबै | ४५ | ४५ | ४५ | ४५ | ४५ | ४५ | ४५ |
| ९ | प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रमलाई बालबालिकाको सर्वाङ्गीण विकास तथा सिकाई सहजीकरणमा सहयोग हुनेगरी सन्दर्भ सापेक्ष बनाउने र प्रवोधिकरण गर्ने | पटक | १ | १ | २ | २ | ३ | ५ | १ |
| १० | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रको न्यूनतम मापदण्ड र सिकाई तथा विकास मापदण्डमा समयसापेक्ष परिमार्जन तथा कार्यन्वयन | पटक | ० | १ | १ | १ | १ | ४ | १ |
| ११ | बाल विकास केन्द्रहरुमा मापदण्डले तोकेअनुसार पूर्वाधार, सिकाई क्षेत्र, केन्द्रको भित्री तथा बाहिरी सिकाई तथा खेल सामग्री व्यवस्थापन गर्ने | केन्द्र | ५ | १५ | १० | १० | ५ | ४५ | निरन्तर |
| १२ | शिक्षकको योग्यता र क्षमता विकास गर्दै वृत्ति विकासको अवसर मिलाउने | प्रतिशत | ० | २० | ३० | ४० | ५० | ९० | निरन्तर |
| १३ | प्रारम्भिक बाल विकास तथा शिक्षामा बालबालिकालाई गुणस्तरीय एकिकृत सेवा प्रदान गरी बालबालिकाको मासिक स्वास्थ्य जाँच, खोप तथा स्वास्थ्य सम्बन्धी अभिलेख व्यवस्थापन, वृद्धि अनुगमन गरी कुपोषण भएका बालबालिकाका लागि आवश्यक प्रबन्ध गर्ने | केन्द्र | ५ | १० | १० | १५ | ५ | ४५ | निरन्तर |
| १४ | सिकाइ क्रियाकलाप सहजीकरणमा मातृभाषालाई प्राथमिकता दिई आवश्यकता अनुसार स्थानीय भाषाको प्रयोग गर्ने | सबै केन्द्र | ० | ४५ | ४५ | ४५ | ४५ | ४५ | निरन्तर |
| १५ | प्रारम्भिक बालविकास तथा शिक्षाका व्यवस्थापन समितिका सदस्यहरु, वर्तमान तथा भावी अभिभावक तथा सरोकारवालाहरुका लागि प्रारम्भिक बालविकास तथा शिक्षा सम्बन्धी नियमित अभिमुखीकरण कार्यक्रम संचालन। | पटक | १ | २ | ३ | ४ | १० | ४५ | ४५ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १६ | प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रममा कम्तीमा महिनाको एक पटक अभिभावक तथा समुदायका सदस्य मार्फत स्थानीय ज्ञान तथा सिपहरु बालबालिकालाई सिकाउने | केन्द्र | २० | ३० | ४५ | ४५ | ४५ | ४५ | ४५ |
| १७ | प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रममा शारिरिक, सामाजिक, मानसिक तथा भावनात्मक सुरक्षाको व्यवस्था गर्ने र आवश्यकताको केन्द्रका२० आधारमा मनोसामाजिक परामर्शदाता वा संस्था सँग समन्वय गर्ने | केन्द्र | २० | २५ | ३० | ४० | ४५ | ४५ | ४५ |
| १८ | शिक्षकको पेसागत विकास भएका शिक्षक | प्रतिशत | ० | २० | ३० | ४० | ५० | ९० | |
| १९ | प्रारम्भिक बालविकास तथा शिक्षामा परिवार तथा समुदाय, निजी क्षेत्र तथा गैरसरकारी संघ संस्थाको सहभागित, संलग्नता र जिम्मेवारी वृद्धि | केन्द्रमा | | ४५ | ४५ | ४५ | ४५ | ४५ | |
| २० | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रको वर्तमान अवस्थाको परीक्षण गरी न्यूनतम मामदण्ड पूरा गराउन बजेट व्यवस्थाका लागि लागत साझेदारी मापदण्ड २०७७ परिमार्जन गरी कार्यान्वयन | पटक | | १ | ५ | १० | ३५ | ४५ | |
| २१ | प्रारम्भिक बालविकास तथा शिक्षाको शिक्षकहरुको पारिश्रमिक तथा सेवा सुविधा बृद्धि गर्ने । | जना | ० | ४५ | ४५ | ४५ | ४५ | ४५ | निरन्तर |
| २१ | सबै प्रकारका बालविकास केन्द्रहरुमा अनिवार्य रुपमा शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा दर्ता गराई पाठ्यक्रम कार्यान्वयन गराउने । | केन्द्रमा | ५ | १० | १० | १५ | ५ | ४५ | निरन्तर |
| २२ | प्रारम्भिक बालविकास सेवा तथा पाठ्यक्रमको कार्यान्वयन, प्रभावकारिताको संघ, प्रादेशिक प्रारम्भिक बालविकास समिति, स्थानीय प्रारम्भिक बालविकास समितिबाट अनुगमन, सुपरिवेक्षण, सहयोग तथा सहजीकरण गरि कार्यन्वयन गर्ने | पटक | ० | १ | २ | २ | २ | ७ | निरन्तर |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचय

शिक्षाले मानव जीवनलाई आत्मनिर्भर, सरल, सहज र व्यवस्थित बनाउँछ । मानिसलाई मानवोचित जीवनयापन गर्न आवश्यक पर्ने आधारभूत ज्ञान, सीप, र दक्षता हासिल गराउने शिक्षा आधारभूत शिक्षा हो । आधारभूत शिक्षाले माध्यमिक शिक्षाको जग बसाल्ने र देशको विकासको मेरुदण्डको भूमिका खेल्दछ । विश्वमा यस तहको शिक्षालाई विभिन्न संरचनामा राखिएको पाइन्छ । नेपालको सन्दर्भमा प्रारम्भिक बाल विकास शिक्षादेखि कक्षा आठसम्मको शिक्षालाई आधारभूत शिक्षा मानिएको छ ।

नेपालमा प्राथमिक शिक्षाको इतिहासलाई हेर्ने हो भने, राष्ट्रिय शिक्षा आयोग २०११, सर्वाङ्गिण राष्ट्रिय शिक्षा समिति २०१८ र नयाँ राष्ट्रिय पद्दतिको योजना २०२८ ले योजनाबद्ध र प्रगतिशील कदम चालेको पाइन्छ । देशमा बहुदलीय व्यवस्थाको प्रारम्भपछि २०४९ सालमा आधारभूत तथा प्राथमिक शिक्षा परियोजनाले यसको गुणात्मक र संख्यात्मक सुधारका लागि व्यवहारिक उपायहरू अवलम्बन गरेको पाइन्छ । विशेषतः २०२८ सालको नयाँ राष्ट्रिय शिक्षा पद्दतिको योजनाले यस तहको शिक्षामा आमूल परिवर्तन ल्याएर पाठ्यक्रममा सुधार, शिक्षक तालिम, विद्यालय निरीक्षण र अनुगमन, विद्यालयको भौतिक सुधारजस्ता कार्यक्रम कार्यान्वयनमा ल्याएको थियो ।

सबैका लागि शिक्षा, माध्यमिक शिक्षा सहयोग कार्यक्रम र विद्यालय क्षेत्र सुधार कार्यक्रममार्फत आधारभूत शिक्षालाई उच्च प्राथमिकतामा राखिएको थियो । २०७२ साल असोज ३ गते जारी गरिएको नेपालको संविधानमा नागरिकलाई माध्यमिक तहसम्मको शिक्षा पाउने मौलिक अधिकारको रूपमा उल्लेख गरिएको छ । हाल कार्यान्वयनमा रहेको विद्यालय क्षेत्र विकास योजनाले आधारभूत शिक्षामा समतामूलक पहुँच र गुणस्तर कायम गर्न विभिन्न कार्यक्रमहरूको व्यवस्था गरेको छ ।

### ३.२.२ वर्तमान अवस्था

कर्णाली प्रदेश सरकारले आधारभूत शिक्षामा समतामूलक पहुँच र गुणस्तर कायम गर्न सामाजिक विकास मन्त्रालयमार्फत मातहतका कार्यालयबाट विभिन्न कार्यक्रमहरू कार्यान्वयन गरिरहेको छ । आधारभूत शिक्षा अन्तर्गत कक्षा १ देखि ८ सम्मको शिक्षामा पहुँच, गुणस्तर, समता र समग्र शिक्षा क्षेत्रको व्यवस्थापकीय प्रबन्धको मौजूदा अवस्थाका आधारमा आधारभूत शिक्षाका चुनौतिहरू पहिचान गरी यसको उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरूका साथै लक्ष्य तोकिएको छ । नगरपालिकामा रहेका विद्यालयहरूमध्ये कक्षा १–५ सञ्चालन भएका विद्यालयहरू ३३ छन् भने कक्षा ६-८ सञ्चालन भएका ८ र कक्षा १-८ सञ्चालन भएका जम्मा विद्यालयहरूको संख्या ४१ रहेको छ । शैक्षिक सत्र २०७६ मा कक्षा १-५ सम्मको शिक्षक विद्यार्थी अनुपात २८ र कक्षा ६-८ मा ८८ रहेको छ । छायाँनाथ रारा नगरपालिकामा रहेका आधारभूत विद्यालयमा जम्मा ५२१६ विद्यार्थीहरू अध्ययनरत भएका छन् भने आधारभूत तहमा यस नगरमा कक्षा १-५ मा ९६.३%, कक्षा ६-८ मा ९३.२% र कक्षा १-८ मा ९५.२% खुद भर्ना दर रहेको छ ।

छायाँनाथ रारा नगरपालिकामा जनताको आर्थिक अवस्था कमजोर भएको कारण यस नगरका विशेषगरी दलित र आर्थिक रूपमा कमजोर रहेका बालबालिकाहरूले सिजनमा काम गर्नुपर्ने कारणले गर्दा उनीहरूको सिकाइ उपलब्धि न्यून रहेको देखिन्छ । कतिपय बालबालिका आयआर्जनका लागि छिमेकी मुलुक भारतसम्म जाने गर्दछन् भने कतिपय अभिभावक आयआर्जनका लागि विदेश जान्छन् र उनीहरूसँगै बालबालिकासमेत जान्छन्, जसले कक्षा छोड्ने दरमा कमी ल्याउन कठिनाइ सिर्जना गरेको छ । छायाँनाथ रारा नगरपालिकामा वालविवाहको प्रचलन पनि बढी रहेको छ, जसका कारण कक्षा दोहोर्याउने र कक्षा छोड्ने दर बढ्दै गएको छ । यस नगरमा अल्पसंख्यक जनजातिहरूको वासोबास पनि रहेको छ र यी बालबालिकाहरूको शैक्षिक अवस्था अत्यन्त कमजोर रहेको छ ।

यस छायाँनाथ रारा नगरपालिकामा आधारभूत तह (कक्षा १-८) का विभिन्न सामुदायिक तथा संस्थागत विद्यालयहरू सञ्चालनमा छन् । केही विद्यालयमा राम्रो पूर्वाधार भए पनि कतिपय विद्यालयहरूमा अझै पनि उपयुक्त भवन, पिउने पानी, शौचालय जस्ता आधारभूत सुविधाको अभाव छ । नगरपालिकाका विद्यालयहरूमा प्रशिक्षित शिक्षकहरू उपलब्ध छन्, तर टाढाका विद्यालयहरूमा अझै दक्ष शिक्षकहरूको अभाव देखिन्छ । आधारभूत तहमा विद्यार्थी भर्नादर सुधार भएको छ, तर अझै पनि विशेष गरी छात्रा तथा वञ्चित समुदायका बालबालिकाहरूको विद्यालय छोड्ने दर चिन्ताजनक छ । छात्रवृत्ति कार्यक्रम, निःशुल्क पाठ्यपुस्तक वितरण, तथा मध्याह्न खाजा कार्यक्रम जस्ता पहलहरूले आधारभूत शिक्षाको प्रवर्द्धनमा मद्दत पुऱ्याएको छ ।

### ३.२.३ चुनौंती र अवसर

निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा प्रदान गर्नु, सबै प्रकारका विद्यालयमा भौतिक पूर्वाधार सहितको आकर्षक सिकाइ वातावरण विकास गर्नु, शैक्षिक सेवा प्रवाहमा सुधार ल्याउनु, शैक्षिक सुशासन र उत्तरदायित्व अभिबृद्धि गर्नु, शिक्षण सिकाइ पद्दतिलाई व्यवहारिक, बालमैत्री एवं प्रविधिमा आधारित बनाइ सहज पहुँचको व्यवस्था गर्नु, विद्यालय शिक्षालाइ प्रकोप, संकट तथा महामारी लगायतका परीस्थिति प्रति उत्थानशील बनाउनुका साथै समग्र शिक्षा प्रद्दतिलाई विद्यार्थीको सिकाइ प्रति उत्तरदायी बनाउनु, विकट भौगोलिक क्षेत्रका कारण विद्यालय पुग्न कठिनाइ रहनु ,पारिवारिक तथा मौसमी प्रवासनले अध्ययनलाई निरन्तरता दिन कठिन, प्रविधि पहुँचको अभावले डिजिटल तथा आधुनिक शिक्षण प्रविधि अपनाउन समस्या हुनु, विद्यालय बाहिर रहेका सबै बालबालिकाहरुलाई विद्यालयमा भर्ना गर्नु, सामुदायिक तथा नीजि विद्यालय बीचको खाडल कम गर्नु, शैक्षिक सरोकारवालाहरुको क्षमता अभिवृद्धि गर्नु, कक्षा छाड्ने दर शून्यमा झारी विद्यार्थीको सिकाइ उपलव्धी अभिबृद्धि गर्नु, गुणस्तरको सुनिश्चितता सहित सार्वजनिक शिक्षा प्रतिको आकर्षण अभिबृद्धि गर्नु, विद्यार्थी संख्याको अनुपातमा शिक्षक दरबन्दी मिलान तथा पुनर्बितरण गर्नु, विद्यालय सुपरीवेक्षण र अनुगमन तथा नियमनलाई संस्थागत र संरचनागत रुपमा विकास गर्नु आधारभूत शिक्षासंग सम्बन्धित चुनौतिहरु हुन् ।

शिक्षालाइ मौलिक हकको रुपमा स्थापित गर्दै अधिकार र जिम्मेवारी सहित स्थानीय तहलाई जिम्मेवार गराउने संवैधानिक आधार भएकाले शिक्षामा सहभागीता र पहुँचमा बृद्धि गरी गुणस्तर सुधार गर्न सकिने अवसर सिर्जना भएको छ । देशमा संघीयताको कार्यान्वयनसंगै सरोकारवालाहरुमा सार्वजनिक विद्यालयहरु प्रतिको चासो र चिन्ता बढिरहेको छ । शिक्षकका पेशागत संघ संस्था, राजनीतिक दल, नागरिक समाज आदिवाट शैक्षिक सुधारमा सकारात्मक प्रतिवद्धता प्राप्त भइरहेको छ । निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षाको सुनिश्चितता प्रदान गर्ने तथा साक्षरता घोषणा अभियान संस्थागत रुपमा सवै सरोकारवालाहरुले अगाडी बढाएको अवस्था छ । शिक्षामा पहुँच र गुणस्तर अभिबृद्धिमा गैर सरकारी र नीजि क्षेत्रको भूमिका पनि महत्वपूर्ण बन्दै गएको अवस्था छ । विद्यालयमा आधारभूत तहको खुद भर्नादर र लैंगिक समता सूचकांकमा प्रगति देखिएको छ । स्थानीय तहको सरकारको क्षमता विकास गर्दै आधारभूत शिक्षाको व्यबस्थापनलाई प्रभाकारी तुल्याइ शैक्षिक सेवा प्रवाहमा सुधार गर्न सकिने अवसर रहेको छ । शिक्षा तीन वटै तहका सरकारको साझा अधिकार क्षेत्रको रुपमा रहेकोले आपसी साझेदारीमा आधारभूत शिक्षामा प्रयाप्त लगानी अभिबृद्धि गर्न सकिने अवस्था देखिन्छ ।

### ३.२.४ लक्ष्य

सबैका लागि आधारभूत शिक्षालाई अधिकारका रुपमा स्थापित गर्दै विद्यालयमा बालमैत्री वातावरणमा ५ देखि १२ वर्ष उमेर समूहका बालबालिकाहरुका लागि समतामूलक तथा गुणस्तरीय आधारभूत शिक्षामा पहुँचको सुनिश्चितता गर्ने ।

### ३.२.५ उद्देश्य

- सबै बालबालिकालाई आधारभूत शिक्षामा अनिवार्य तथा निशुल्क रुपमा पहूँच सुनिश्चित गरी शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी र प्रविधिमैत्री बनाउनु ।
- आधारभूत शिक्षा प्रदायक विद्यालयहरुमा न्यूनतम् सक्षमताको अवस्था सुनिश्चित गर्न सरोकारवालाहरुसँग साझेदारी गर्नु ।
- सामाजिक सांस्कृतिक विविधतामा सामाञ्जस्य र राष्ट्रिय अर्थतन्त्रप्रति अभिमुख गरी आधारभूत तहमा अध्ययन गर्ने बालबालिकामा जीवनोपयोगी सीप तथा मूल्यमा आधारित शिक्षा हासिल गराउनु,
- वैकल्पिक तथा लचिला मोडका शिक्षा कार्यक्रम मार्फत औपचारिक शिक्षालाई सहयोग पुर्याउनु ।
- विद्यालय शिक्षाको शासकिय तथा व्यवस्थापकीय प्रवन्धमा क्रमिक सुधार गरी विद्यालय संचालन पद्दतिलाइ विविधता अनुकुल उत्थानसिल र जवाफदेही बनाउनु ।
- सबै बालबालिकाको सिकाई उपलब्धि हासिल र्गन बैकल्पिक कार्यक्रम संचालन गर्ने ।

### ३.२.६ रणनीतिक क्रियाकलाप

- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा उपलव्ध गराउन सबै सरोकारवालाहरु तथाःगैर सरकारी संस्था लगायतका निकायहरुसंग समन्वय र सहकार्य गर्ने,
- विद्यालय वाहिर रहेका बालबालिकालाई विद्यालय भर्ना गर्ने अभियानलाई सबै सरोकारवालाहरु, राजनीतिक दल, स्थानीय बुद्धिजिवी, सरकारी तथा गैरसरकारी निकायहरुको साझेदारीमा निरन्तरता दिई सबै बालबालिकालाई विद्यालयमा भर्ना गरी नगरपालिकामा रहेका विद्यालयहरुलाई निःशुल्क र अनिवार्य आधारभूत शिक्षाको सुनिश्चितताको लागि स्थानीय तह घोषणा गर्न आर्थिक तथा प्राविधिक सहयोगका लागि संघ तथा प्रदेश सरकार संग समन्वय गरि ब्यबस्थापन गर्ने ।
- आधारभूत तह (कक्षा १-८ सम्म) सञ्चालन भएका सबै विद्यालयहरुमा दिवा खाजा कार्यक्रम लागू गरी बालबालिकाको स्वास्थ्यलाइ ध्यान दिइ स्थानीय स्तरमा उत्पादित खाद्यबस्तुलाइ नै प्राथमिकता दिदै बजारीया खाजालाइ विस्थापित गरी शैक्षिक क्षति न्यूनीकरण गरि लागु गर्ने,
- आधारभूत तहको शिक्षा मातृभाषामा प्राप्त गर्ने बालबालिकाको मौलिक हकलाई सुनिश्चित गर्न स्थानीय पाठ्यक्रमलाई लागु गर्ने ।
- कक्षा छाड्ने समस्या समाधानका लागि र विद्यालयमा विद्यार्थी टिकाइ राख्नका लागि आधारभूत तहमा अध्ययन गर्ने लक्षित समूहका बालबालिकाहरुलाई विभिन्न किसिमका छात्रवृत्ति सरल र सहज रुपमा उपलव्ध गराउने, स्वास्थ्य परीक्षण र उपचारजस्ता सेवाहरु उपलब्ध गरानका साथै वालमनोबिज्ञानमा आधारित सिकाई सहजीकरण गर्ने,

- नगरपालिकामा नगर शिक्षा योजना कार्यन्यन गारि सबै विद्यालयहरुमा विद्यालय सुधार योजना अद्यावधिक गर्न लगाइ स्थानीय स्रोतसाधन परिचालन गरी प्रभाबकारि कार्यान्वयन गर्ने गराउने,
- पछाडि पारीएका, अल्पसंख्यक, सिमान्तकृत, लोपोन्मुख वर्ग तथा जनजाती लगायतका वालबालिकालाइ शिक्षाको मूल प्रवाहमा ल्याउन थप सेवासुविधाको व्यवस्थापन गर्ने तथा विद्यालय बाहिर रहेका र औपचारिक शिक्षाको मूल प्रवाहमा आउन नसकेका सवै बालबालिकाहरुका लागि बैकल्पिक सिकाइ केन्द्र स्थापना गर्ने
- नगरपालिकामा संचालित धार्मिक प्रकृतिका गुरुकूल विद्याश्रम जस्ता परम्परागत शैक्षिक संस्थालाई औपचारिक शिक्षाको मापदण्डसंग समकक्षी बनाउने।
- सबै सामुदायिक तथा संस्थागत विद्यालयमा आवश्यक न्यूनतम पूर्वाधार, समावेशी तथा बालमैत्रि पूर्वाधार र शिक्षक तथा शैक्षिक स्रोत सुनिश्चित गर्ने गराउने।
- विद्यालय र विद्यालयका शिक्षकहरुलाई कार्य सम्पादन स्वःमूल्यांकनका आधारमा प्रोत्साहन गर्ने,
- विद्यालयका प्रधानाध्यापक, शिक्षकहरुसंग कार्य सम्पादन करार सम्झौता गरी  विद्यालय र बालबालिकाको सिकाइ प्रति जिम्मेवार र जवाफदेही बनाउन आवश्यक संयन्त्र निर्माण गर्ने,
- जीवनोपयोगी सीप, व्यवहारिक सीप र मूल्यमा आधारित शिक्षाको प्रयोगलाई समेटिएको स्थानीय पाठ्यक्रम विकास गरि कार्यन्यिन गर्ने।
- आधारभूत तहको प्रारम्भिक कक्षामा लागू भएको प्रारम्भिक कक्षा पढाइ कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने,
- जनसांख्यिक बनोट, भौगोलिक अवस्थाको आधारमा विद्यालय नक्सांकन गरी विद्यालय गाभ्ने, सार्ने तथा नयाँ स्थापना गर्ने कार्यमा संघ र प्रदेश सरकार संगको समन्वयमा कार्यान्वयन गर्ने,
- आधारभूत शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी शिक्षण सिकाइ गर्ने वातावरण तयार गर्न।
- आधारभूत तहको शिक्षा प्रदान गर्ने शिक्षण संस्थाहरुलाई प्रविधि सहितको भौतिक पूर्वाधार सम्पन्न गर्ने तथा बहुप्रकारका विपद प्रति संवेदनशील, अपांगमैत्री र वालमैत्रि बनाउने कार्य कार्यान्यिन गर्ने,
- राष्ट्रिय पाठ्यक्रमको प्रारुप, २०७६ ले अगाडी सारेको विद्यालय शिक्षाको नयाँ पाठ्यक्रमको कार्यान्वयन गर्नका लागि संघ र प्रदेश सरकारहरुबीच समन्वय र सहकार्य गर्ने,
- बिषय बिज्ञहरुसंग समन्वय गरी आधारभूत तह सञ्चालन भएका विद्यालयको अनुगमन तथा सुपरिवेक्षण गर्ने कार्यलाई प्राथमिकता दिई कार्यान्विन गर्ने। विद्यालय शिक्षाको समग्र विपत् जोखिम व्यवस्थापनका विविध आयामहरुमा तीन तहकै सरकारबाट जारी गरिएका नीति, मार्गदशन कार्यढाँचा लगायतका विषयवस्तुहरुलाई स्थानीय परिवेस अनुसार स्थानीयकरण गर्दै समग्र विद्यालय शिक्षा पद्दतिलाइ विपत् जोखिम व्यवस्थापन उत्थानसिल बनाउने, यसकालागी बहुक्षेत्रगत प्रयासहरुलाइ समन्वयात्मक ढंगले अगाडी बढाइनेछ।

- सबै बालबालिकाको सिकाई उपलब्धि हासिल गरि ब्यबहारमा लागु र्गन दीर्घकालिन र तत्कालिनरुपमा आवश्यकताका आधारमा बैकल्पिक कार्यक्रम संचालन गर्ने ।

### ३.२.७ अपेक्षित उपलब्धि

- छाँयानाथ रारा नगरपालिकामा अनिवार्य तथा आधारभूत शिक्षामा समतामुलक पहुँच र सहभागिता सुनिश्चित भइ आधारभुत शिक्षाको गुणस्तर अभिवृद्ध भएको हुनेछ ।
- छायाँनाथ नगरपालिकामा आधारभूत तहको खुद भर्नादर ९८ प्रतिशत पुगेको हुने छ ।
- योजनाको अवधिभर आधारभूत तह उमेर समूहका विद्यालय बाहिर रहेका सम्पूर्ण बालबालिकाहरुको शिक्षामा समतामूलक सहभागिता सुनिश्चित गरी समय अनुकुलको शिक्षा प्रदान गर्ने, विद्यालय छाड्ने र कक्षा दोहर्याउने दरमा कमी ल्याई उत्तीर्ण र टिकाउ दरमा सुधार आउनेछ र सिकाई उपलब्धिमा उल्लेखनिय रुपमा सुधार आउनेछ ।
- प्रारम्भिक बाल विकासको अनुभव सहित कक्षा एकमा भर्ना हुने विद्यार्थीको संख्या लक्ष्य अनुरुप बृद्धि भएको हुनेछ ।

### ३.२.८ नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख नतिजा | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | बाँकी लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|
| १ | कक्षा १- ३ सम्म एकिकृत पाठ्यक्रम लागु गरेका विद्यालय संख्या | ४५ | ४५ | ४५ | ४५ | ४५ | ४५ |
| २ | कल्याणकारी कोष स्थापना गरेका विद्यालय संख्या | | ५ | १० | २० | २५ | ४५ |
| ३ | न्यूनतम भौतिक पुर्वाधार तथा सिकाइ सामग्रीको उपलब्धता र विद्यालय बगैंचा निर्माण गर्ने विद्यालय संख्या | १० | १५ | ३० | ४० | ४५ | ४५ |
| ४ | सबै सामुदायिक विद्यालयहरुले प्राथमिकता प्राप्त सक्षमता (PMEC) पुरा गरेका विद्यालय संख्या | १५ | २५ | ४० | ४५ | ४५ | ४५ |
| ५ | कक्षा ३ र ५ मा उपलब्धी परीक्षा सञ्चालन गरी नतिजा सार्वजनिक गर्ने विद्यालय संख्या | २० | ३५ | ४५ | ४५ | ४५ | ४५ |
| ६ | शिक्षक पेशागत विकास र विद्यार्थी सिकाई सहायता प्रणाली निर्माण गरी कार्यान्वयन गर्ने विद्यालय | १५ | २० | ३० | ४५ | ५ | ४५ |
| ७ | विद्यालय शिक्षा प्रणाली प्रकोप, संकट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील | ५ | १५ | २५ | ४० | ४५ | ४५ |

### ३.२.८ प्रमुख क्रियाकलापहरु तथा लक्ष्य

**तालिका ३२ आधारभूत शिक्षाका प्रमुख क्रियाकलाापहरु तथा लक्ष्य.**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | ईकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य (पहिलो ५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | विद्यालयको नक्साङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | ४५ | १० | २० | २५ | ३० | ४० | ४० | ५ |
| २ | शिक्षक योग्यताका मापदण्ड र दरवन्दी निर्धारणका मापदण्ड तथा आधार पुनरावलोकन तथा परिमार्जन र कार्यान्वयन | पटक | २ | ० | १ | ० | १ | ० | २ | निरन्तर |
| ३ | विद्यालयमा मापदण्ड अनुसार शिक्षक व्यवस्था | जना | १०० | ९५ | ९६ | ९७ | ९८ | ९९ | १०० | ५ |
| ४ | आधारभूत तहका विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालयमा भर्ना गर्ने | प्रतिशत | १०० | ९६ | ९७ | ९८ | ९९ | १०० | १०० | १०० |
| ५ | विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकास भवन तथा) कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी, खेलमैदान, घेरवार, खाजा घर, करेसाबारी, बालबगैचा, कम्पुटर श्रब्य दृश्य सामाग्री ( | विद्यालय | ४५ | ५ | १० | १५ | २० | २५ | ३० | ४५ |
| ६ | शिक्षकको कार्य सम्पादन परीक्षण तथा विद्यार्थीको सिकाई उपलव्धि परीक्षण | पटक | २० | २ | ४ | ४ | ४ | ४ | १८ | २ |
| ७ | राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ कार्यान्वयन | कक्षा | २ तह | १-३ | ४, ५ | ५, ८ | ९, १० | ९, १० | ११, १२ | |
| ८ | कक्षा शिक्षण, विषयवस्तुको एकिकृत सिकाई, व्यवहार कुशल सिपहरुको एकिकरण तथा विद्यार्थी मुल्याङ्कन सम्बन्धि शिक्षक क्षमता विकास बहु भाषिक सिकाई सह)जीकरण तथा विद्यार्थी परामर्श सेवा समेत( | प्रतिशत | १००% | १० | २० | ३० | ३० | १० | १०० | |

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | ईकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य (पहिलो ५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| ९ | योजना तयार गरी सिकाईका लागि सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा वृद्धि गर्न आवश्यक संरचना, सामाग्री तथा क्षमता विकास गर्ने विद्यालय | प्रतिशत | १०० | १० | २० | ३० | ४० | ० | १०० | |
| १० | शिक्षक तयारी, विकास र सहायता प्रणालीको पुनर्संचना | जना | ३०० | ५० | ५० | ५० | १०० | ५० | ३०० | |
| ११ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम र दिवा खाजाको प्रबन्ध र स्थानीय उत्पादन संग अन्तर सम्बन्ध | प्रतिशत | ४१ | ५ | १० | १० | १० | ६ | ४१ | निरन्तर |
| १२ | विभिन्न किसिमका अपाङ्गता भएका विद्यार्थीलाई सहयोग | संख्या | ५०० | ५० | १०० | १०० | १०० | १०० | ४५० | ५० |
| १३ | नि; शुल्क शिक्षाको सुनिश्चितताका लागि पाठ्यपुस्तक वितरण | विद्यालय | ४५ | ० | १० | १० | १० | १० | | |
| १४ | आर्थिक रुपमा विपन्नका लागि ड्रेस, स्टेसनरी ईत्यादिका लागि छात्रवृत्ती | संख्या | ७०० | ५० | १०० | १०० | १५० | २०० | ६०० | १०० |
| १५ | सिकाई सामग्री वितरण तथा विद्यालयको व्यवस्थापन | संख्या | ४५ | ० | ० | ५० | ७० | ९० | ४५ | निरन्तर |
| १६ | कक्षाकोठामा आधारित मूल्याङ्कनलाई शिक्षण सिकाई प्रक्रियामा एकिकृत गरी सिकाई सुधारमा प्रयोग गर्ने गरी सुधार गर्ने | प्रतिशत | १०० | ० | २० | ३० | ४० | १०० | १०० | निरन्तर |
| १७ | आधारभूत तहमा सञ्चालन गरिने परीक्षालाई थप व्यवस्थित बनाइ सञ्चालन गर्ने | विद्यालय | ४१ | ४१ | ४१ | ४१ | ४१ | ४१ | ४१ | |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ परिचय

शिक्षा ऐन, २०२८ आठौँ संशोधन अनुसार कक्षा ९ देखि १२ सम्मको शिक्षालाई माध्यमिक शिक्षा भनेर परिभाषित गरिएको छ। नेपालको संविधानको अनुसूची ८ मा आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी अधिकार स्थानीय तहलाई प्रदान गरिए तापनि अनुसूची ९ मा शिक्षालाई साझा अधिकारको विषय बनाइएको छ। नेपाल सरकारबाट राष्ट्रिय शिक्षा नीति, २०७६, राष्ट्रिय पाठ्यक्रमको प्रारूप, २०७६ र दिगो विकासको लक्ष्य ४ कार्यान्वयन कार्यढाँचा स्वीकृत भई कार्यान्वयनमा आइरहेको अवस्था छ। आर्थिक सर्वेक्षण २०८० अनुसार देशभर कुल ३५,५२० विद्यालयहरू मध्ये कक्षा ९–१० सञ्चालन भएका विद्यालयहरू १०,६४४ र कक्षा ११-१२ सञ्चालन भएका ४,१८७ तथा कक्षा ९–१२ सञ्चालन भएका विद्यालयहरू १०,८८९ रहेका छन्। कर्णाली प्रदेशमा कक्षा ९-१० सञ्चालन भएका माध्यमिक विद्यालयहरू ६६९ र कक्षा ११-१२ सञ्चालन भएका विद्यालयहरू २७९ तथा माध्यमिक तह ९-१२ सञ्चालन भएका विद्यालयहरूको संख्या ९४८ रहेको छ। प्रदेशभर माध्यमिक तहमा स्थायी, अस्थायी र राहत गरी कक्षा ९-१० मा १,२३४ र ११-१२ मा ५४८ गरी जम्मा १,७८२ दरबन्दीमा शिक्षकहरू कार्यरत रहेका छन्। छायाँनाथ रारा नगरपालिकामा कक्षा ९-१० सञ्चालन भएका माध्यमिक विद्यालयहरू ८ वटा र कक्षा ११-१२ सञ्चालन भएका विद्यालयहरू २ तथा माध्यमिक तह ९-१२ सञ्चालन भएका विद्यालयहरूको संख्या २ रहेका छन्। नगरभरि माध्यमिक तहमा स्थायी, अस्थायी र राहत गरी कक्षा ९-१० मा १३ र ११-१२ मा ८ गरी जम्मा २१ दरबन्दीमा शिक्षकहरू कार्यरत रहेका छन्। यस नगरमा माध्यमिक तहमा विद्यार्थी-विद्यालय अनुपात कक्षा ९-१० मा १:१०४.८ र कक्षा ११-१२ मा १:२२०.५ तथा शिक्षक-विद्यार्थी अनुपात कक्षा ९-१० मा १:४०.३ र कक्षा ११-१२ मा १:५५.१२ रहेको छ। शैक्षिक सत्र २०८१ मा कक्षा ९ देखि १२ सम्म जम्मा १,२४६ विद्यार्थीहरू अध्ययनरत रहेका छन्। छायाँनाथ नगरपालिकामा विद्यार्थीको खुद भर्नादर कक्षा ९-१० मा ७८.२, कक्षा ११-१२ मा २१.१ र कक्षा ९-१२ मा ६४.७ रहेको अवस्था छ।

### ३.३.२ चुनौती तथा अवसर

शिक्षक व्यवस्थापन, विद्यालयमा राजनीतिक हस्तक्षेप, विद्यालय सुपरिवेक्षण, माध्यमिक शिक्षामा समतामूलक पहुँच, शैक्षिक गुणस्तर र सान्दर्भिकता, प्राविधिक तथा व्यावसायिक शिक्षामा विस्तार, कमजोर लगानी, तीनवटा तहका सरकारहरूबीचको समन्वय र सहकार्य तथा शिक्षा सम्बन्धी अधिकारको साझा बुझाइमा अस्पष्टता, विद्यालय व्यवस्थापनमा सरोकारवालाहरूको जिम्मेवारी आदि माध्यमिक शिक्षाका मुख्य चुनौतीका विषयहरू हुन्। मेधावी व्यक्तिहरूको शिक्षण पेशामा आकर्षण, शिक्षकको पेसागत विकास, संस्थागत विद्यालयलाई सेवामूलक बनाउँदै लैजाने कार्य, शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग, शिक्षक तालिमको प्रभावकारी कार्यान्वयन, विद्यालय र नतिजामा आधारित सुपरिवेक्षण आदि पनि माध्यमिक शिक्षाका चुनौतीहरू हुन्।

नेपालको संविधान २०७२ को मौलिक हक सम्बन्धी व्यवस्थाले गुणस्तरीय शिक्षामा सबैको समतामूलक समावेशी पहुँचको सिद्धान्तलाई अपनाएको र शिक्षालाई हरेक नागरिकको मौलिक अधिकार र राज्यको दायित्व बनाएको स्थिति रहेको छ। संविधानको धारा ३१ मा प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुने र प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक शिक्षा निःशुल्क पाउने हक हुनेछ भनेर ग्यारेन्टी गरिएको छ। संविधानको त्यही धाराले "अपांगता भएका र आर्थिक रूपमा विपन्न नागरिकलाई" उच्च शिक्षा समेत निःशुल्क हुने व्यवस्था गरेको छ। त्यस्तै, दलितको लागि पनि नेपालको संविधानको धारा ४० ले "प्राथमिकदेखि उच्च शिक्षासम्म छात्रवृत्ति सहित निःशुल्क" हुने व्यवस्था गरेको छ। संविधानको धारा ५१ ले शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने नीति अङ्गीकार गरेको छ। त्यही धाराले शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने भनेर निर्देशन गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई माध्यमलक तहसम्मको शिक्षा व्यवस्थापनको अधिकार दिएको छ। संविधानको अनुसूची ९ मा उल्लेख गरिएको साझा अधिकार क्षेत्रभित्र रहेर विद्यालय शिक्षामा समेत योगदान गर्न सक्ने प्रशस्त मार्ग प्रदान गरिएको छ। राष्ट्रिय शिक्षा नीति, २०७६ ले कक्षा १० वा माध्यमिक शिक्षा परीक्षा सञ्चालन गर्न, शिक्षकको पेसागत विकास गर्न, शिक्षक बढुवाका कार्य सम्पादन गर्न र

विद्यालय क्षेत्र विकास योजना तथा समग्र विद्यालय शिक्षासम्बन्धी कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नका लागि स्थानीय तह र विद्यालयहरूलाई भूमिका प्रदान गरेको छ। उक्त नीतिले संघ, प्रदेश र स्थानीय तहका अधिकार तथा जिम्मेवारीहरूलाई थप स्पष्ट बनाएको छ। राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले समेत विद्यालय शिक्षाको स्थानीय पाठ्यक्रम निर्माण गर्न र कार्यान्वयन गर्न स्थानीय तहलाई विभिन्न जिम्मेवारी प्रदान गरेको छ। नगरपालिका भित्रका विद्यालयलाई नमूना विद्यालयको रूपमा विकास गर्नका लागि संघ र प्रदेशले कार्यक्रम सञ्चालनमा ल्याएको छ। नगरपालिकाले प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति अध्यक्ष र शिक्षकबीच समीक्षा गोष्ठी गरी एकीकृत रूपमा प्रभावकारी बनाउनका लागि कार्यक्रम गरेको छ।

### ३.३.३ लक्ष्य

माध्यमिक तहको शिक्षालाई प्रतिस्पर्धी, प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनमुखी बनाई छायाँनाथ रारा नगारपालिका र समग्र देशको आवश्यकता अनुरुपको स्वावलम्वी मानव संशाधन विकास गर्ने।

### ३.३.४ उद्देश्य

- स्थानीय, प्रादेशिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहका अनुभव तथा अभ्यास समेतका आधारमा शैक्षिक गुणस्तर मानक तथा मापदण्ड तयार गरी माध्यमिक तहमा शिक्षाको गुणस्तर अभिबृद्धि गर्नु,
- गुणस्तरीय, जीवनोपयोगी र प्रविधिमैत्री माध्यमिक शिक्षामा सबैको निःशुल्क पहुँच सुनिश्चित गर्दै सिर्जनशीलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी, सीपयुक्त रउ उदनशील जनशक्ति तयार गर्नु।
- सार्वजनिक तथा निजी शैक्षिक क्षेत्रका विद्यमान असल अभ्यासलाई सम्मिलन गर्दै निजी लगानीका शिक्षण संस्थाहरूको प्रभावकारी परिचालन, नियमन एवम् सार्वजनिक शिक्षा प्रणालीको रुपान्तरणको प्रक्रियामा सवलीकरण गर्न,
- माध्यमिक शिक्षा प्राप्तिको संवैधानिक र कानुनी दायित्व पूरा गर्न प्राथमिकताका आधारमा पर्याप्तता, समन्यायिकता र प्रतिफलमुखी हुने गरी शैक्षिक लगानी सुनिश्चित गर्न,
- माध्यमिक तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा मार्फत विद्यार्थीको आधारभूत सीप प्राप्तिको सुनिश्चित गरी किशोर किशोरीहरूलाई विभिन्न सीप हासिल गर्न सहयोग गर्न।

### ३.३.५ रणनीति

- निःशुल्क माध्यमिक शिक्षा कार्यान्वयनका लागि संघ र स्थानीय तहहरुसंग समन्वय गरी कार्यक्रम सञ्चालन गर्ने,
- सामुदायिक विद्यालयमा अनुदान वितरण गर्दा कार्य सम्पादनमा आधारित विनियोजन पद्दति अपनाउने,
- माग र सम्भाव्यता अध्ययनका आधारमा साधारण र प्राविधिक तथा व्यावसायिक शिक्षाका आवासीय तथा नमूना विद्यालयहरू स्थापना गर्ने,
- नगारपालिकाका प्रतिभाशाली विद्यार्थीलाई योग्यताका आधारमा सहयोग प्रदान गर्ने कार्यक्रमको थालनी गर्ने,
- गरिब तथा विपन्न परिवारका कक्षा ८ उतीर्ण विद्यार्थी ९ विद्यालय छोड्न सक्ने सम्भावना भएका लाई कक्षा ९-१२ को माध्यमिक शिक्षा पूरा गर्न सहयोग गर्ने पद्दतिको विकास गर्ने,
- कक्षा १० र १२ को परीक्षामा सामुदायिक विद्यालयबाट उत्कृष्ट नतिजा हासिल गर्ने प्रतिभाशाली विद्यार्थीलाई कक्षा ११ र १२ तथा उच्च शिक्षा पूरा गर्न समन्वय तथा सहयोग गर्ने,

- कमजोर आर्थिक सामाजिक परिस्थिति भएका समुदायका माध्यमिक विद्यालयहरूलाई प्राथमिकतामा राखी विद्यालयमा आधारित प्राविधिक तथा व्यावसायिक शिक्षालाई विस्तार गर्न सहयोग गर्ने,
- आवश्यकतामा आधारित छात्रवृति प्रदान गरी न्यून आर्थिक सामाजिक पृष्ठभूमि भएका विद्यार्थीको माध्यमिक शिक्षामा पहुँच बढाउने,
- विद्यालयमा राष्ट्रिय पाठ्यक्रमको प्रारुप, २०७६ को कार्यान्वियन गर्न विद्यालयहरुको आवश्यकतामा आधारित स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वियन गर्ने,
- निजी एवम् सार्वजनिक क्षेत्रसँग सहकार्य गरी माध्यमिक तहका प्राविधिक तथा व्यावसायिक शिक्षामा सुदृढीकरण गर्ने,
- सबै सामुदायिक तथा संस्थागत विद्यालयहरूले सुनिश्चित गर्नुपर्ने गरी अनुकूल सिकाइ वातावरणका लागि संघ र प्रदेश सरकार संग समन्वय र सहकार्यमा आवश्यक पूर्वाधारको विकास गर्ने र विद्यालय भवन लगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद् जोखिममुक्त बनाउनुका साथै सबै विद्यालयलाई बालमैत्रि र सुरक्षित एवं हरित विद्यालयको रुपमा विकास गर्ने।
- नगरपालिकामा सञ्चालित माध्यमिक विद्यालयहरूलाई पुरस्कृत गर्न तथा नियमन गर्न उत्तरदायित्व र कार्यसम्पादन परीक्षण पद्दति लागू गर्ने,
- विज्ञान, भाषा र गणित विषयको शिक्षण सिकाइ स्तर बढाउन शिक्षक व्यवस्थापन र पेसागत विकासका कार्यक्रम कार्यान्वयन गर्ने,
- उत्तरदायित्व सुनिश्चित गर्न वार्षिक रूपले विद्यालय सञ्चालन र व्यवस्थापन स्तरको कार्य सम्पादनको पुनरावलोकन गर्ने गराउने कार्यमा विद्यालयसंग समन्वय गरी कार्यान्यिवयन गर्ने,
- माध्यमिक शिक्षामा मानव मुल्यमा आधारित शिक्षाको विस्तार गर्न प्रोत्सहान गर्ने,
- सार्वजनिक शिक्षा प्रणालीको रुपान्तरणका लागि सरोकारवालाहरूको सक्रीय सहभागितामा अल्पकालीन तथा दीर्घकालीन लक्ष्य किटान गरी सामुदायिक एवं सार्वजनिक शिक्षा प्रणाली सवलीकरण अभियान सञ्चालन गर्ने,
- विद्यालय अनुगमन, निरीक्षण तथा सुपरिवेक्षण प्रक्रियालाई विकेन्द्रित गरी विद्यालय र स्थानीय तहबाट प्राविधिक सहायता प्रदान गर्ने पद्दतिको विकास गर्न सहजीकरण गर्ने,
- माध्यमिक शिक्षामा शैक्षिक गुणस्तर अभिबृद्धिका निम्ति नगरले नै परिचालन गर्ने गरी अन्तरसरकारी वित्तीय हस्तान्तरण मार्फत् विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने
- शिक्षा क्षेत्रमा काम गर्ने गैरसरकारी संघ संस्था, सहकारी र अन्य सामुदायिक संस्थाहरुले नगरपालिकासंग समन्वय र साझेदारी गरी कार्यक्रम सञ्चालन गर्ने।

### ३.३.६ प्रमुख उपलब्धि तथा नतिजा

योजना अवधिभर माध्यमिक शिक्षाको खुद भर्नादर ९८ प्रतिशत पुगेको हुने छ। तीन वटै तहहरु बीचको समन्वय र सहकार्यमा सबै माध्यमिक विद्यालयहरुमा विषयगत शिक्षकको व्यवस्थापन गरिने छ। शिक्षकको पेसागत विकास कार्य प्रभावकारी ढंगले सञ्चालन भएको हुने छ। सम्भाव्यताको अध्ययनका आधारमा आवासीय विद्यालय सञ्चालन भएका हुने छन्। माध्यमिक विद्यालयहरुलाई क्रमशः नमूना विद्यालयको रुपमा विकास गरिनेछ। सबै माध्यमिक विद्यालयहरुमा विज्ञान प्रयोगशाला, पुस्तकालय र कम्प्यूटर ल्याब निर्माण गर्ने कार्यमा संघ र स्थानीय तहका सरकारसंगको समन्वयमा सहजीकरण गरिने छ। आर्थिक रुपले विपन्न, असहाय र दलित समुदायका वाल बालिकाको लागि बिषेश कार्यक्रम लागु गारिने छ।

**३.३.७ प्रमुख क्रियाकलापहरु तथा नतिजा**

तालिका ३ ३.

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | ईकाइ | परिमाणात्मक लक्ष्य (पहिलो ५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १. | निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयनका लागि आवश्यक पर्ने कानुन, कार्यविधि, निर्देशिकाहरु तयारी | वटा | १० | १५ | २० | २० | २० | २० | |
| २. | विद्यालय सेवा क्षेत्रको सिमाङ्कन गरी हरेक विद्यालयमा | वटा | ५ | १० | १५ | २५ | ४० | ४५ | ४५ |
| ३. | माध्यमिक शिक्षामा विज्ञान, प्रविधि, ईन्जिनियरिङ, कला र गणित शिक्षा जस्ता विषयहरुको सिकाईलाई अन्तरसम्बन्धित गर्ने र विज्ञान, गणित तथा कम्प्युटर विज्ञान विषय अध्ययानका लागि अवसर बढाउने | वटा | | २ | ५ | १० | २० | ३७ | ४५ |
| ४. | प्राविधिक धारको शिक्षाको स्वरुप, संरचना, मापदण्ड तथा पाठ्यक्रम समायोजन तथा परिमार्जन संघ र प्रदेशका आधारमा कार्यन्वयन गर्ने | वटा | | १ | | | २ | ३ | ५ |
| ५. | शिक्षक योग्यताको मापदण्ड र दरवन्दी निर्धारणका मामदण्ड तथा आधार पुनरावलोकन तथा परिमार्जन र कार्यान्वयन गर्ने | पटक | | १ | ३ | ५ | | ६ | ५ |
| ६. | मापदण्ड अनुसार विद्यालयमा आवश्यक विषय शिक्षक व्यवस्था गर्ने | वटा | २८ | ५ | २ | | ५ | ४० | १० |
| ७. | माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गर्न आवश्यकता अनुसार बसको व्यवस्था तथा खुला तथा दुर शिक्षा लगायतका बैकल्पिक प्रवन्ध गर्ने | वटा | | | १ | | | १ | २ |
| ८. | विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकास भवन तथा कक्षा कोठा), फर्निचर, शौचालय, खानेपानी, खेल मैदान, घेराबार, करेसा बारी( | वटा | २० | १० | १० | ५ | | ४५ | ५० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ९. | राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ कार्यान्वयन गरी पाठ्यक्रम, पाठ्यपुस्तक र सिकाई सामाग्री विकास तथा अध्यावधिक गर्न पहल गर्ने | पटक | | १० | २० | १५ | | ४५ | ५० |
| १०. | विद्यालयको कार्य सम्पादन परीक्षण तथा विद्यार्थीको सिकाई उपलब्धि परीक्षण | वटा | ५ | १० | १५ | १० | ५ | ४५ | ५० |
| ११. | प्रविधि तथा व्यवहार कुशल सिपहरुको एकिकरण तथा विद्यार्थी मल्याङ्कन सम्बन्धी शिक्षक क्षमता विकास | जना | १० | २० | २० | ३० | ३० | ११० | १६५ |
| १२. | विव्यस, पिटिय पदाधिकारीको क्षमता विकास | पटक | | १ | ३ | २ | ४ | १० | १५ |
| १३. | विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी लगाएतका परिस्थिती प्रति उत्थानशील बनाउने आकस्मिक व्यवस्थापन योजना निर्माण तथा कार्यान्वयन | वटा | २ | ३ | ३ | ४ | ३ | १५ | २० |
| १४. | सिकाईका लागि सूचना तथा संचार प्रविधि लगायतका प्रविधिको प्रयोगमा बृद्धि गर्न आवश्यक संरचना, सामग्री तथा क्षमता विकास | वटा | ५ | १० | १० | १० | १० | ४५ | ५० |
| १५. | शिक्षक तयारी, विकास र सहायता प्रणालीको पुनसंरचना | जना | १० | १५ | २० | २० | २० | ८५ | ६५ |
| १६. | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | पटक | २ | ५ | १० | १० | ५ | २५ | ३० |
| १७. | विभिन्न किसिमका अपाङ्गता भएका विद्यार्थीलाई सहयोग | संख्या | २०० | ३०० | ३०० | ३०० | २०० | १३०० | १५०० |
| १८. | निशुल्क शिक्षाको सुनिश्चितता लागि पाठ्यपुस्तक | विद्यार्थी % | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |
| १९. | आर्थिक रुपमा विपन्न बिद्यार्थीका लागि ड्रेस तथा स्टेशनरी, दिवा खाजा ईत्यादिका लागि छात्रवृत्ति | विद्यार्थी | १०० | १५० | १५० | २०० | ३०० | ८०० | १००० |
| २०. | सिकाई सामग्री तथा विद्यालय व्यवस्थापन तथा संचालन अनुदान | विद्यालय | ४५ | ४५ | ४५ | ४५ | ४५ | निरन्तर | निरन्तर |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २१. | माध्यमिक तहमा संचालन गरिने परीक्षालाई थप व्यवस्थित बनाउने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| २२. | कक्षाकोठामा आधारित मुल्याङ्कनलाई शिक्षण सिकाई प्रक्रियामा एकिकृत गर्ने गरी सुधार तथा प्रयोग | वटा | ५ | १० | १० | १० | ० | ३५ | ५० |
| २३. | शैक्षिक मानव संसाधन सूचना प्रणाली स्थापना र संचालन | वटा | | ३ | ३ | ५ | | ११ | १५ |

## ३४. अनौपचारिक शिक्षा र आजीवन सिकाइ

### ३.४.१ परिचय

न्यून सिपयुक्त कामदारको बाहुल्य तथा रोजगारीको बजारको माग र उच्च शिक्षाबीचको कमजोर सम्बन्ध रहेको नेपाल जस्तो मुलुकका लागि साक्षरता र जीवनपर्यन्त सिकाइका कार्यक्रमको ठूलो महत्व रहन्छ। नेपालको संविधानले आधारभूत शिक्षा प्राप्तिलाई नागरिकको मौलिक अधिकारका रूपमा स्वीकार गरेको अवस्था छ। वि २००७ सालमा २ प्रतिशत रहेको साक्षरता दर २०७८ मा पुग्दा नेपालमा .सं.) ४ प्रतिशत.७७नेपाल जीवन स्तर सर्वेक्षण २०२२ (२०२३ अनुसार/पुगेको अवस्थामा कर्णाली प्रदेशमा राष्ट्रिय जनगणना २०७८ अनुसार ७६२ प्रतिशत रहेको छ., जसमा महिला साक्षरता ६९ ६ प्रतिशत.४ प्रतिशत र पुरुष साक्षरता ८३.छ।

एकातिर प्रौढ शिक्षा, साक्षरता शिक्षा कार्यक्रम हुँदै २०६९ देखि शुरू भएको साक्षर नेपाल अभियानमार्फत नेपाललाई नै साक्षर घोषणाका लागि तयारी भइरहेको छ भने अर्कोतिर प्राथमिकदेखि उच्च तहसम्मको शिक्षा, खुला तथा दूर शिक्षाको मार्गबाट प्राप्त गर्न सक्ने संयन्त्र निर्माण गरिएको छ। नेपालको साक्षरता प्रतिवेदन २०२३ अनुसार हालसम्म नेपालका ७७ जिल्लामध्ये ६४ जिल्लाहरू साक्षर जिल्ला घोषणा भइसकेका छन्, जसमा बाग्मती, गण्डकी र कोशी प्रदेशका जिल्लाहरू छन्, भने मधेश र कर्णाली प्रदेशमा साक्षर जिल्ला घोषणा गर्ने काम रोकिएको छ। नेपाल सरकारले आर्थिक वर्ष २०८१ ०८२ को वार्षिक बजेटमा आगामी दुई वर्षभित्र साक्षर नेपाल घोषणा गर्ने/ कार्यक्रम अगाडि ल्याएकोछ । कर्णाली प्रदेश सरकारले समेत यही चालु आर्थिक वर्षभित्र साक्षर जिल्ला घोषणा हुन बाँकी जिल्लाहरूलाई साक्षर घोषणा गर्ने नीति तथा कार्यक्रम ल्याएको अवस्था छ।

साक्षरता तथा निरन्तर शिक्षा एवम् जीवनपर्यन्त शिक्षाका कार्यक्रम सञ्चालन गर्ने संविधानतः स्थानीय तहलाई अधिकार प्रदान गरिएको छ, तापनि सङ्घ र प्रदेश सरकारले समेत यो कार्यक्रममा साझा अधिकारलाई प्रयोग गर्दै सहयोग र सहजीकरण गरिरहेको अवस्था छ। देशभर २१५१ वटा सामुदायिक सिकाइ केन्द्रहरू अनौपचारिक शिक्षाको महत्वपूर्ण अङ्ग भई काम गरिरहेका छन् भने नगरपालिकामा सामुदायिक सिकाइ केन्द्रहरूले विद्यालय शिक्षाको पहुँचमा नपुगेका व्यक्तिका लागि प्राथमिक शिक्षा विस्तार कार्यक्रम, अनौपचारिक प्राथमिक शिक्षा कार्यक्रम, खुला शिक्षा (निम्नमाध्यमिक र माध्यमिक), खुला विश्वविद्यालयबाट सञ्चालित खुला सिकाइका कार्यक्रमहरू समेत सञ्चालनमा छन्।

### ३.४.२ वर्तमान अवस्था

छायाँनाथ रारा नगरपालिकाको जम्मा जनसङ्ख्या २४,५२७ .पुरुष ५०)५.महिला ४९ %५ रहेको (%छ। नगरपालिकामा साक्षरता दर ७०.पुरुष ८०) %७.३.र महिला ६१ %० रहेको (%छ। नगरपालिकामा अपाङ्गता प्रतिशत २ रहेको %६.छ। यो अवस्थालाई हेर्दा नगरपालिकामा साक्षरता बढाउनका लागि थप कार्य गर्नुपर्ने देखिन्छ र विभिन्न सिपमूलक तालिमहरूबाट साक्षरता दर बढाउन सकिने देखिन्छ।

सिकाइ जीवनपर्यन्त चलिरहने प्रक्रिया हो। मानिसहरू औपचारिक, अनौपचारिक र अतिरिक्त पद्दतिका माध्यमबाट केही न केही नयाँ कुराहरू सिकिरहेका हुन्छन् । यसै कुरालाई मध्यनजर गर्दै छायाँनाथ रारा नगरपालिकाले अनौपचारिक र जीवनपर्यन्त शिक्षालाई प्राथमिकताका साथ व्यवस्था गरेको छ। पढाइ, लेखाइ र सामान्य गणितीय सीपको सहयोगले कृषि, उद्यम, व्यापार लगायत धेरै प्रकारका पेशा व्यवसाय सञ्चालनमा ठूलो सहयोग पुग्ने हुँदा जीवनपर्यन्त सिकाइलाई मूर्त रूप दिन योजना निर्माण गरिएको छ।

### ३.४.३ चुनौती तथा अवसर

साक्षरतालाई उत्पादन र उत्पादकत्वसँग जोड्नु, अनौपचारिक रूपमा साक्षर भएका व्यक्तिलाई औपचारिक शिक्षामा निरन्तरता दिनु, अनौपचारिक शिक्षालाई नवीनतम प्रविधिसँग तादम्यता दिनु, समाजमा पठन संस्कृतिको विकास गर्नु, निरन्तर शिक्षालाई आयआर्जन र

जीवनोपयोगी सिपसँग जोडेर प्रदान गर्नु, विद्यालय शिक्षाबाट वञ्चित व्यक्तिका लागि खुला शिक्षाको पहुँच अभिवृद्धि गर्नु आदि अनौपचारिक तथा जीवनपर्यन्त शिक्षाका प्रमुख चुनौतीहरू हुन् ।

नगरपालिकामा हुने हरेक क्रियाकलापमा सम्बन्धित क्षेत्रसँग समन्वय गर्दै नीति तथा कार्यक्रममा पनि हरेक क्षेत्रबाट प्रतिनिधित्व हुने गरी बजेट विनियोजन गरिएको छ । शिक्षा जीवनभर चलिरहने प्रक्रिया भएकाले र समय परिवर्तनशील एवं प्रगतिशील भएकाले छायाँनाथ रारा नगरपालिका बासिन्दाहरूको मागअनुसार सिपमूलक तालिम, प्रविधि विस्तार, उद्यमशीलता तथा स्वदेशमै रोजगार सिर्जनाका लागि नीति निर्माण गरिएको छ ।

### ३.४.४ उद्देश्य

- सामुदायिक सिकाइ केन्द्रको सबलीकरण गर्दै आवश्यकता अनुसार स्थापना गरी अनौपचारिक शिक्षा र निरन्तर शिक्षाका कार्यक्रमहरु सञ्चालन गर्नु ।
- अनौपचारिक तथा जीवनपर्यन्त शिक्षाको विकास तथा विस्तार गरी डिजिटल साक्षरता र आयआर्जनमा सहयोग गर्नु ।
- शिक्षाबाट बन्चित भएका युवा तथा प्रौढहरुलाई शिक्षाको मुल धारमा ल्याउनु ।
- आय आर्जनका कार्यक्रमहरु सञ्चालन गर्दै समाजमा पछाडि परेको वर्गलाई मूलधारमा ल्याउनु ।

### ३.४.५ रणनीति

- औपचारिक शिक्षाको मूलधार बाहिर रहेका नागरिकलाई वैकल्पिक शिक्षाको व्यवस्था गर्ने ।
- सबै उमेर समूहका नागरिकलाई आजीवन तथा जीवन उपयोगी शिक्षाको व्यवस्था गर्ने ।
- शिक्षकहरूको क्षमता अभिवृद्धि गरी स्थानीय रुपमा बोलिने भाषाहरूलाई व्यवहारिक रूपमा अन्तरसंवादको रूपमा अगाडि बढाइनेछ ।
- सामुदायिक सिकाइ केन्द्रको सुदृढीकरण गरी आवश्यकता अनुसार स्थापना गर्दै अनौपचारिक शिक्षाका कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन गरिने ।
- नगरपालिकाभित्रका विद्यालयहरुका विद्यार्थी परिचालनद्वारा साक्षर, निरक्षरको अवस्था पहिचान र अभिलेखीकरण गरिने ।
- साक्षरता तथा निरन्तर शिक्षाका कार्यक्रम सञ्चालन गर्न संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार तथा अन्य संघसंस्थाहरुसँग सहकार्य र साझेदारीमा कार्यक्रम सञ्चालन गरी क्षमता अभिवृद्धि गरिने ।
- विज्ञान र प्रविधिले ल्याएका खोज र अनुसन्धान, विपन्न र परम्पराबादी सोचलाई वर्तमान सन्दर्भमा विज्ञानसँग जोड्दै पुर्खाले दिएको ज्ञानलाई व्यवहारिक बनाइने ।
- प्राविधिक शिक्षालय मार्फत समाजमा औपचारीक शिक्षाबाट बञ्चित भएका व्यक्तिहरुलाई छोटो अबधिको तालिमहरु दिई व्यवशायिक बनाइने ।
- सामुदायिक सिकाइ समूह मार्फत समूहको सदस्यहरुलाइ परिचालन गरी सिकाइ र सिप विकास कार्यक्रमहरु विस्तार गरिने ।
- जेष्ठ नागरिक सिकाइ केन्द्रहरुको स्थापना गरी सास्कृतिक कार्यक्रम मार्फत सिकाइलाइ जोड दिने ।

### ३.४.६ प्रमुख उपलब्धि र नतिजा

**उपलब्धि g**

- वडामा एकएक ओटा सामुदायिक सिकाइ केन्द्र स्थापना गरी सबै नागरिकलाई साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर सिर्जना गरी रोजगारिको अबसर सृजना भएको हुने छ।
- साक्षर नगरपालिका घोषणा भए पश्चात निरन्नतरताका लागी आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ। साथै नगरपालिका स्तरमा पठन संस्कृति विकासका लागि सार्वजनिक पुस्तकालय स्थापना तथा सञ्चालन भएका हुनेछन्।
- साक्षर, निरक्षर लगायत अनौपचारिक शिक्षा तथा वैकल्पिक सिकाइसँग सम्बन्धित तथ्यांक संकलन भइ अद्यावधिक भएको हुनेछ।
- सामुदायिक सिकाइ केन्द्र सवलीकरण तथा नयाँ स्थापना भई निरन्तर शिक्षा तथा आयआर्जन कार्यक्रम सञ्चालन हुने छ।
- निरक्षर साक्षर हुने, साक्षरले निरन्तर शिक्षा र जीवनोपयोगी सिप प्राप्त गर्ने तथा महिला तथा प्रौढहरुले आयआर्जन गरी जीवन निर्वाह र स्वावलम्वी तथा आत्मनिर्भर हुने छन्। प्रत्येक नागरिकले शिप सिकी स्वरोजगार तथा उद्यमी बन्ने वातावरणको सृजना भएको हुनेछ।

**प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र स | प्रमुख नतिजा | आधार वर्ष २०८०।८१ | ०८१।८२ | ०८२।८३ | ०८३।८४ | ०८४।८५ | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | प्रत्येक वडामा एकएक ओटा सामुदायिक सिकाइ केन्द्र स्थापना गर्ने | १ | २ | २ | २ | ३ | |
| २ | छायाँनाथ रारा नगरपालिकामा साक्षरता दर बढाउने | ७७.७ | ८१.२ | ८६.८ | ९२.४ | ९६.८ | |
| ३ | पुस्तकालयको स्थापना गर्ने। | ० | १ | १ | १ | १ | |
| ४ | जेष्ठ नागरिक सिकाइ केन्द्र स्थापना गर्ने। | ० | १ | १ | १ | | |

### ३.४.७ प्रमुख क्रियाकलाप अनुसार लक्ष्य योजना तालिका

तालिका ३.४

| क्रस. | नतिजा अनुसार प्रमुख कार्यक्रम | इकाई | लक्ष्य | परिमाणात्मक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० बर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | अनौपचारिक शिक्षा तथा निरन्तर शिक्षाका कार्यक्रम सञ्चालन | पटक | १० | १ | १ | १ | १ | १ | ५ | ५ |
| २ | वडामा एकएक ओटा सामुदायिक सिकाइ केन्द्र स्थापनासुचारु/ | वटा | १० | १ | ३ | २ | २ | २ | १० | निरन्तर |
| ३ | सामुदायिक सिकाइ केन्द्रको क्षमता अभिवृद्धि तालिम र अनुदान | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| ४ | प्रौढहरुलाई सिपविकास तालिम र आयआर्जनका कार्यक्रम सञ्चालन | पटक | १० | १ | १ | १ | १ | १ | ५ | ५ |
| ५ | सामुदायिक सहजकर्ताहरूको पारिश्रमिक निर्धारण तथा वितरण | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ६ | सामुदायिक पुस्तकालय स्थापना | वटा | १० | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ७ | छोटो अबधिको तालिम | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |

## ३.५ प्राविधिक  शिक्षा तथा व्यवसायिक तालिम

### ३.५.१ परिचय

विकास र समृद्धि मूलतः उपलब्ध प्राकृतिक स्रोतसाधन, क्षमता र दक्षता भएका जनशक्तिमा निर्भर गर्दछ। विकासलाई शिक्षासँग नजोड्ने र शिक्षालाई विकाससँग नजोड्ने हो भने हाम्रो शिक्षा प्रणाली केवल शिक्षित बेरोजगार उत्पादन गर्ने कारखानाको निरन्तरता मात्रै हुनेछ। हाम्रो शिक्षा प्रणालीलाई संरचनागत रूपमा बदल्न अनिवार्य छ। हाम्रो शिक्षा प्रणाली मौलिकतामा आधारित साधन स्रोत परिचालन र उपयोग गरी विकासका लागि साधक बन्नु आवश्यक छ। समृद्ध नगरपालिका बनाउन नगरपालिकामा उपलब्ध सामर्थ्य र मौलिकतामा आधारित बनाउन शिक्षामा समेत पुनर्संरचना आवश्यक छ। जुन मुलुकले आफ्नो मुलुकमा रहेका स्रोतसाधनको प्रयोग र परिचालन गर्न सक्ने जनशक्ति उत्पादन गर्न सक्दैन र आजको भूमण्डलीकरणको युगमा युगअनुकूलको नागरिक निर्माण गर्न सक्दैन भने त्यो मुलुक पनि विकासको दौडमा पछाडि पर्ने निश्चित छ। शिक्षालाई सीप, सीपलाई रोजगार, रोजगारलाई उत्पादन, र उत्पादनलाई बजारसँग जोड्न सक्ने शिक्षा प्रणालीको विकास र विस्तार गर्न सकिएन भने राज्यलाई शैक्षिक बेरोजगारको भिड थेग्न थप चुनौती हुने देखिन्छ।

नेपालको सन्दर्भमा लिच्छवी कालदेखि नै अनौपचारिक रूपमा सिकेका सीपहरूलाई उपयोग गर्दै हस्तकला, मूर्तिकला तथा वास्तुकलाका वस्तुहरूको उत्पादन र व्यवसाय गरेको पाइन्छ। त्यस्तै गरी मल्लकालमा आएर सीपमूलक कार्यहरूले अझ व्यापकता पाएको सो अवधिका मूर्ति र वास्तुकलाबाट थप पुष्टि हुन्छ। शाहकालीन तथा राणाकालीन समयमा पनि कालीगढी व्यवसायले व्यापकता पाएको र बेलायतबाट कालीगढहरू झिकाई नेपालीहरूलाई डकर्मी, सिकर्मी जस्ता तालिमहरू दिइएको थियो। औपचारिक रूपमा प्राविधिक तथा व्यावसायिक शिक्षाको सुरुवात वि) १९९९ सालमा स्थापित प्राविधिक तालिम शिक्षालय .सं.हालको पुल्चोक इन्जिनियरिङ कलेजबाट भएको हो। नेपालमा विद्यालय शिक्षालाई जीवन उपयोगी ब (नाउने उद्देश्यले विद्यालय तहमा व्यवसायिक सीप र ज्ञान सिकाउने प्रयास वि २००४ सालदेखि नै शुरू भएको हो। यसरी हेर्दा नेपालको प्राविधिक तथा व्यवसायिक शिक्षाले ६ दशक पार .सं. गरिसकेको छ।

कर्णाली प्रदेशको छायाँनाथ रारा नगरपालिकालाई जल, जमिन, जङ्गल र जडीबुटी र जैविक विविधता (पाँच ''ज'') को भर्जिन ल्याण्ड नै मान्न सकिन्छ। यी प्राकृतिक स्रोतसाधनमा आधारित पाँच ) ''ज'' हरूको उपयोग र परिचालन गर्न सक्ने अर्को ''ज''जनशक्ति ( आवश्यक पर्दछ। तसर्थ जनशक्तिको उत्पादन र विकासबाट मात्र विकास र समृद्धिको दीर्घकालीन रोडम्याप तय गर्न सकिन्छ। छायाँनाथ रारा नगरपालिकामा रहेको क्याम्पस, प्राविधिक विद्यालयहरू, हाल सञ्चालन भइरहेका शैक्षिक प्राज्ञिक कार्यक्रमहरूले स्रोतसाधनमा आधारित प्राविधिक र व्यवसायिक जनशक्ति उत्पादन र विकासको आवश्यकतालाई सम्बोधन गर्न मौजुदा संरचना र व्यवस्थापनले थेग्न सकिने देखिँदैन भने विद्यालयस्तरको शिक्षादेखि नै स्रोतसाधनको उपयोग गर्न सक्ने न्यूनतम ज्ञान, सीप र धारणाको विकास गराउने किसिमको पाठ्यक्रम निर्माण गरी पठनपाठन गर्न जरूरी छ। विद्यालय शिक्षाको अन्तिम तह माध्यमिक तहको शिक्षा जीवनयापन गरेर खान सक्ने आधारभूत व्यवसायिक सीप र दक्षता सहितको श्रम शिक्षामा परिवर्तित हुनुपर्छ। शिक्षा स्थानीय स्तरमा उपलब्ध स्रोतसाधनमा आधारित, व्यवसायिक सीप र उद्यमशीलतामा आधारित, श्रम गरेर जीवनयापन र आय आर्जनमा संलग्न भई आत्मनिर्भर र स्वावलम्बी-हुन सक्ने हुनुपर्छ। यसका लागि राज्यको केन्द्रीय, प्रान्तीय र स्थानीय संरचनाको लगानी र भूमिका महत्त्वपूर्ण हुन्छ। माध्यमिक तहलाई श्रम शिक्षाको रूपमा विकास गर्ने र त्यसको जगमा उच्च शिक्षालाई प्राविधिक तथा व्यवसायिक र रोजगारमूलक बनाउनु पर्ने हुन्छ।

### ३.५.२ चुनौती तथा अवसर

यस छायाँनाथ रारा नगरपालिकाको भौगोलिक बनावट र मानव बस्तीको अवस्थाका कारण प्राविधिक तथा व्यावसायिक शिक्षाको पहुँच विस्तार गर्नु, शिक्षालाई सीप, सीपलाई रोजगारी, रोजगारीलाई उत्पादन, र उत्पादनलाई बजार प्रणालीसम्म आबद्ध गर्ने गरी प्राविधिक तथा व्यावसायिक शिक्षाको प्रणालीगत विकास तथा विस्तार गर्नु, प्राविधिक तथा व्यावसायिक शिक्षालाई उद्यमशीलता विकासमा केन्द्रित गर्नु, प्राविधिक तथा व्यवसायिक शिक्षामा सार्वजनिक क्षेत्रको वृद्धि र लागत साझेदारी सिद्धान्तका आधारमा स्रोत परिचालन गर्ने,

प्राविधिक तथा व्यवसायिक शिक्षाका लागि आवश्यक पर्ने भौतिक पूर्वाधार, ल्याब लगायत उक्त धारका कार्यक्रम सञ्चालनका लागि दक्ष जनशक्तिको व्यवस्थापन गर्नु, प्राकृतिक स्रोतसाधनमा आधारित प्राविधिक तथा व्यवसायिक शिक्षा अगाडि बढाउन आवश्यक पर्ने अध्ययन अनुसन्धान गर्नु, प्राविधिक तथा व्यवसायिक शिक्षा सञ्चालनका लागि आवश्यक पर्ने बजेटको व्यवस्थापन गर्नु, राजनीतिक र नागरिक इच्छाशक्ति र प्रतिबद्धता सहितको ठोस योजना कार्यान्वयनका लागि आवश्यक व्यवस्थापन गर्नु, प्राविधिक शिक्षाको नाममा सञ्चालन भइरहेका परम्परागत प्राविधिक शिक्षाको निरन्तरताभन्दा पनि स्रोतसाधनमा आधारित उद्यमी र व्यवसायी उत्पादन गरी आर्थिक उपार्जन सहित समृद्धि प्राप्त गर्ने प्राविधिक शिक्षाको योजना र कार्यान्वयन गर्नु यस क्षेत्रका प्रमुख चुनौती हुन् ।

प्राविधिक तथा व्यावसायिक शिक्षाप्रति सरोकारवालाहरूको चासो बढ्दै जानु, प्राविधिक तथा व्यावसायिक शिक्षा संघीय र प्रदेश सरकारको समन्वयमा उपलब्ध प्राकृतिक स्रोतसाधनहरू जल), जङ्गल, जमिन, जडीबुटी, जैविक विविधता, पर्यटन र हिमसार लाई ( आधार बनाएर विद्यालय तथा विश्वविद्यालय स्तरमा शिक्षण कार्यक्रम सञ्चालनमा ल्याउने र निम्न, मध्यम, र उच्चस्तरको प्राविधिक जनशक्ति उत्पादन गर्न सकिने सम्भावना हुनु, जैविक विविधताको अधिकतम उपयोगमार्फत प्राविधिक शिक्षाको हबका रूपमा विकास गर्न सकिने सम्भावना हुनु, CTEVT अन्तर्गतका विभिन्न तहका सीपमूलक र उद्यमशीलतामा आधारित व्यवसायिक तथा रोजगारमूलक प्रकृतिका प्राविधिक विषय र कार्यक्रमहरूलाई व्यवस्थित बनाउन सकिने आधार हुनु, छायाँनाथ रारा नगरपालिकाले प्राविधिक शिक्षालयहरू र पर्वतीय विज्ञान तथा प्रविधि विश्वविद्यालय स्थापनामार्फत प्राविधिक तथा व्यवसायिक शिक्षामा जोड दिनु यस क्षेत्रका प्रमुख अवसरको रूपमा रहेका छन् ।

### ३.५.३ लक्ष्य

छायाँनाथ रारा नगरपालिकामा उपलब्ध प्राकृतिक स्रोतसाधनहरूको प्रयोग र परिचालन गर्दै आर्थिक उपार्जन र समृद्धिको साधक प्राविधिक, व्यवसायिक र उद्यमशील जनशक्ति उत्पादन गर्ने ।

### ३.५.४ उद्देश्य

- छायाँनाथ रारा नगरपालिकामा प्राविधिक र व्यवसायिक शिक्षा मार्फत सीपयुक्त स्वरोजगार र आत्मनिर्भर जनशक्ति उत्पादन गर्नु ।
- प्राविधिक, व्यवसायिक र सिपमूलक शिक्षामार्फत शैक्षिक बेरोजगारी न्यूनीकरण गर्नु ।
- छायाँनाथ रारा नगरपालिको स्रोत साधनमा आधारित उद्योग, व्यवसाय, र रोजगारी मार्फत आर्थिक विकास र समृद्धिमा टेवा पुऱ्याउनु ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका अवसरहरुलाई व्यापक विस्तार गरी समावेशी एवम समतामूलक पहुँच स्थापित गर्दै देश विकासका लागि योग्य, सक्षम सीपयुक्त र उद्धमशील जनशक्ति तयार गर्नु ।

### ३.४.५ रणनीतिक क्रियाकलाप

- राष्ट्रिय, प्रादेशिक र स्थानीय श्रम बजारको आवश्यकता एवम् प्राथमिकताका आधारमा योग्यता र क्षमता अनुसार सान्दर्भिक, उपयोगी, गुणस्तरीय र प्रतिस्प्रर्धी प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासका अवसरहरु सबैलाई प्रदान गर्ने ।
- प्राविधिक ताथा व्यावसायिक शिक्षा र तालिमको क्षेत्रमा विभिन्न सरोकारवालाहरुको सहभागिता एवम् साझेदारीमा दिगो लगानी गर्ने वातावरणको सुनिश्चित गर्ने ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई समेट्न विशेष सहुलियत दिने नीति अवलम्बन गर्ने ।
- प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदले तयार गरेका प्राविधिक र व्यवसायिक धारका पाठ्यक्रमहरूलाई नगरपालिकाको मौलिकता अनुकुल रुपान्तरण गर्न प्राविधिक तथा व्यवसयिक शिक्षा पाठ्यक्रम विकास केन्द्रको स्थापना गर्ने ।

- छायाँनाथ रारा नगरपालिकामा माध्यमिक विद्यालयहरूलाई आगामी पाँच वर्ष भित्र कम्तिमा ३ वटा प्राविधिक धारको शिक्षा सञ्चालन गर्ने गरी संघ र प्रदेश सरकारसंग आवश्यक समन्वय र सहजीकरण गर्ने ।
- नगरपालिकामा कम्तिमा एक वटा प्राविधिक र व्यवसायिक धारको नमूना माध्यमिक विद्यालय स्थापना गर्न यसका लागि संघ र प्रदेश सरकारसंग समन्वय गर्ने ।
- प्राविधिक र व्यवसायिक धारको उच्च शिक्षा प्राप्त गर्नका लागि नगरपालिकामा प्राविधिक क्याम्पस स्थापना गर्न संघ र प्रदेश सरकारसंग समन्वय गरी प्राविधिक र व्यवसायिक शिक्षाको उच्च स्तरको जनशक्ति उत्पादन गर्ने कार्यक्रम संचालन गर्ने रणनीति अख्तियार गर्ने ।
- प्राविधिक तथा व्यवसायिक शिक्षा कार्यक्रमलाई व्यवस्थित रूपमा संचालन गर्नका लागि नगरपालिकामा प्राविधिक तथा व्यवसायिक शिक्षा व्यवस्थापन समन्वय एकाइ गठन गरी प्राविधिक तथा व्यावशायिक शिक्षालाई थप प्रभावकारी बनाउने ।
- प्राविधिक तथा व्यावसायिक शिक्षाको क्षेत्रमा आवश्यक जनशक्ति उत्पादनका लागि विश्वविद्यालयहरूसँग सहकार्यगर्नुका साथै उनीहरूको क्षमता विकासमा जोड दिने ।

### ३.५.६ अपेक्षित उपलब्धि

✓ नगरपालिकामा कम्तिमा एकवटा प्राविधिक तथा व्यवसायिक धारको नमूना माध्यमिक विद्यालय स्थापना भएको हुनेछ ।

✓ सबै माध्यमिक विद्यालयहरूलाई क्रमशः साधारण र प्राविधिक धारको कार्यक्रम संचालन गर्दै लगिएको हुनेछ ।

✓ उच्च प्राविधिक शिक्षा हासिल गर्नका लागि नगरपालिकामा प्राविधिक धारको एक बहु-प्राविधिक क्याम्पस संचालनमा ल्याएको हुनेछ जस्ले प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको क्षेत्रमा पिछडिएका वर्ग, क्षेत्र र समुदायको सहभागिता अभिबृद्धि हुनेछ ।

✓ प्राविधिक तथा व्यावसयिक शिक्षा पाठ्यक्रम विकास केन्द्रको स्थापना भएको हुनेछ, एक नमुना प्राविधिक शिक्षालयको नीति तथा कार्यक्रम अख्तियार भई प्राविधिक तथा व्यावसायिक शिक्षालाई व्यवस्थापन गर्नका लागि नगरपालिकामा प्राविधिक शिक्षा विकास समन्वय एकाइ संचालनमा ल्याइनेछ ।

**प्रमुख नतिजा तथा लक्ष्य**

| क्र.सं. | प्रमुख नतिजा | आधार वर्ष २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/०८५ | २०८५/०८६ | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदान गर्ने विद्यालयको संख्या | ० | १ | १ | १ | ० | ३ |
| २ | माध्यमिक तहमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा भर्ना भएका विद्यार्थी संख्या | ० | ३५ | ३५ | ३५ | ३५ | १४० |
| ३ | पढ्दै कमाउदै कार्यक्रममा सहभागी विद्यार्थी संख्या | ० | २० | २० | २० | २० | ८० |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्राप्त गरी रोजगारीमा लागेका युवाहरुको संख्या | ० | ० | ० | २० | ५० | ७० |
| ५ | स्थानीय स्तरमा पहिचान भई प्रमाणीकरण तथा प्रबर्द्धन भएका परम्परागत सिपहरूको पहिचान तथा संरक्षण गर्ने | ० | ५ | ८ | १० | १० | १० |
| ६ | तालिम केन्द्र तथा प्रशिक्षण केन्द्रहरुको स्थापना तथा व्यवस्थापन | ० | १ | १ | १ | १ | १ |

### ३.५.७ प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य

तालिका ३.५

| क्र.स. | प्रमुख नतिजा | इकाइ | लक्ष | परिमाणात्मक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आधार वर्ष २०८१।८२ | ०८२।८३ | ०८३।८४ | ०८४।८५ | ०८५।८६ | जम्मा | |
| १ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा भर्ना हुन चाहनेहरुको तथ्याङ्क संकलन, खण्डीकरण तथा तयारी गर्ने | पटक | १० | ० | १ | १ | १ | १ | ४ | ६ |
| २ | स्थानीय स्तरमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका लागि आवश्यक नीति तर्जुमा गर्ने | पटक | १ | ० | १ | ० | ० | ० | १ | |
| ३ | प्राविधक शिक्षा सञ्चालन भएका विद्यालयहरूको न्यूनतम भौतिक पूर्वाधार विकास तथा सुधार गर्ने | वटा | ३ | ० | १ | ० | १ | १ | ३ | निरन्तर |
| ४ | प्राविधिक धारका माध्यमिक (कक्षा ९-१२) विद्यालयहरू स्थापना र सञ्चालन | वटा | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| ५ | नवप्रर्वधनात्मक तथा पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन | विद्यालय | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| ६ | छोटो अवधिका सिपमूलक व्यावसायिक तालिम सञ्चालन | समूह | १० | १ | २ | २ | २ | ३ | १० | निरन्तर |
| ७ | प्राविधिक शिक्षा सञ्चालनका लागि शिक्षक व्यवस्थापन गर्ने | जना | २० | ० | ५ | ५ | ५ | ५ | २० | निरन्तर |
| ८ | प्राविधिक शिक्षा पढन चाहने अति विपन्न, अपाङ्गता भएका, लोपोन्मुख तथा अनाथ विद्यार्थीहरुका लागि छात्रबृत्ति प्रदान गर्ने | जना | ४०० | ३० | ७० | १०० | १०० | १०० | ४० | निरन्तर |

# परिच्छेद ४: अन्तरसम्बन्धित विषय तथा क्षेत्र

## ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाई तथा मूल्याङ्कन

### ४.१.१ परिचय

शिक्षा पद्दतिलाई मार्गदर्शन गर्ने महत्वपूर्ण आधार पाठ्यक्रम हो । अझ औपचारिक शिक्षा पद्दतिमा पाठ्यक्रमद्वारा निर्देशित ज्ञान, सीप तथा अभिवृत्ति प्राप्तिमा विद्यार्थीलाई सक्षम बनाउने दिशामा शिक्षण-सीकाइ तथा मूल्याङ्कन प्रक्रियामा सञ्चालित हुनुपर्छ । पाठ्यक्रम कुनै कक्षा वा तहमा कुन-कुन विषयवस्तु सिकाउने भन्ने कुरासँग मात्र सम्बन्धित नभई विद्यार्थीमा के कस्ता क्षमता विकास गराउने हो अर्थात् किन पढाउने, के कस्ता क्रियाकलापका माध्यमबाट अपेक्षित सक्षमता हासिल गराउन सकिन्छ र विद्यार्थीले सिकेको वा नसिकेको सुनिश्चित गरी आवश्यक पृष्ठपोषण प्रदान गर्न के कसरी मूल्याङ्कन गर्ने भन्ने कुरा निर्धारण गर्ने महत्वपूर्ण आधार हो ।

पाठ्यक्रमको माध्यमबाट प्राप्त हुने शिक्षा अर्थात् ज्ञान, सीप तथा अभिवृत्तिको माध्यमबाट व्यक्तिलाई समाज तथा विश्व परिवेशअनुकूल समायोजन हुन, रोजगारी प्राप्त गर्न, पेशा-व्यवसाय छनोट तथा सञ्चालन गर्न र आर्थिक क्रियाकलापमा सरिक हुन सहयोग प्राप्त हुनुपर्छ । फेरि पाठ्यक्रम निश्चित मूल्य तथा मान्यतामा विकास गरिएको हुनाले यसले सामाजिक मूल्य-मान्यता तथा व्यवहारलाई सान्दर्भिकीकरणसहित आत्मसात् गर्न, विभेदरहित, समतामूलक र समावेशी दृष्टिकोण अनुरूप व्यवहार गर्न, आफ्नो र अरूको अधिकार र कर्तव्यप्रति सचेत रहन तथा सिर्जनात्मक तथा तथ्यपरक ढङ्गबाट सोच्न र निर्णय गर्न सहयोग गर्नुपर्छ ।

यसरी पाठ्यक्रम एउटा शिक्षा प्रणालीलाई मार्गदर्शन गर्ने आधार भएकाले यसको विकास तथा कार्यान्वयन उपयुक्त ढङ्गले हुनुपर्छ । मानवीय आवश्यकता, बालबालिका रुचि, सामाजिक मूल्य-मान्यता र समाज तथा विश्व परिवेशमा विकास भएका ज्ञान, सीप तथा प्रविधि अनुकूल पाठ्यक्रमलाई एउटा गतिशील र लचिलो प्रक्रियाका रूपमा लिनु आवश्यक छ । यस खण्डमा नेपालमा विद्यालय तह पाठ्यक्रम विकास (बालविकास शिक्षा देखि कक्षा १२ सम्मको), कार्यान्वयन तथा मूल्याङ्कन सम्बन्धी वर्तमान अवस्थाको समिक्षाको आधारमा चुनौतीहरु पहिचान गरिएको छ । पहिचान गरिएका चुनौतहीहरुलाई सामना गरी यस योजना अवधिमा पाठ्यक्रमलाई अझ सान्दर्भिक बनाउन यसको प्रभावकारी कार्यान्वयन गर्न पाठ्यक्रम तथा मुल्याङ्कन सम्बन्धि यस योजनाको उद्देश्य, रणनीतिहरु, अपेक्षित मुख्य नतिजा, मुख्य मुख्य कार्यक्रम तथा लक्षहरु उल्लेख गरिएको छ ।

### ४.१.२ वर्तमान अवस्था

नेपालमा वि २०२८ को राष्ट्रिय शिक्षा .सं.पद्दतिको योजनामा सर्वप्रथम विद्यालय तहमा आवश्यक अङ्गहरु सहित पाठ्यक्रमलाई दस्तावेजीकरण गरिएको थियो भने पाठ्यक्रम विकासका लागि संस्थागत प्रबन्धका रुपमा शिक्षा मन्त्रालय अन्तर्गत पाठ्यक्रम विकास केन्द्र स्थापना भएको थियो । पाठ्यक्रम विकास केन्द्रको संरचनाको निरन्तरता सँगै विद्यालय तहको पाठयक्रम विकास, सुधार तथा अध्यावधिक गर्ने कार्य केन्द्रद्वारा भइरहेको सन्दर्भमा विद्यालय तहको शिक्षाको मार्गदर्शक दस्तावेका रुपमा वि २०६३ मा राष्ट्रिय .सं. .पाठ्यक्रम प्रारुप तयार गरि सोहीअनुसार पाठ्यक्रम प्रारुप तयार भई सो विद्यालय शिक्षाको सुरु गरियो । यसै क्रममा विसं २०७६ मा . नयाँ पाठ्यक्रम प्रारुप तयार भई सो विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ कार्यान्वयन गर्ने क्रममा विद्यालय तहमा नयाँ पाठ्यक्रम विकास गरी वि.२०७७ देखि कक्षा १ र ११ मा कार्यान्वयन सुरु भएको छ भने वि .सं.सं २०८० सम्ममा विद्यालय तहका . १२ मा यो पाठ्यक्रम का–सबै कक्षाहरु अर्थात् कक्षा १र्यान्वयन हुने योजना छ ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ अनुरुपको पाठ्यक्रममा कतिपय नयाँ विषय क्षेत्र तथा विषयवस्तु समावेश, वर्तमान परिवेशमा उपयोगी नभएका विषय तथा विषयवस्तुलाई परिमार्जन तथा प्रतिस्थापन र शिक्षण सिकाईका विकसित तथा नविनतम दृष्टिकोण, विधि तथा तरिकाहरुको पहिचान गरिएको छ । यस प्रारुप तथा यस अनुरुपका पाठ्यक्रमका विद्यालय तहको पाठ्यक्रमलाई सान्दर्भिक तथा प्रभावकारी बनाउन कक्षा १३ मा अन्तर सम्बन्धित विषयवस्तुलाई एकिकृत गरिएको–, व्यवहार कुशल तथा जीवन उपयोगी सिपहरु समावेश हुने गरी सिकाई क्रियाकलाप तर्जुमा गर्ने रणनीति लिईएको, आधारभूत तहमा स्थानीय कला, संस्कृति, भाषा, ईतिहास, प्ररम्परा सिप तथा ज्ञानमा आधारित स्थानीय पाठ्यक्रम स्थानीय तहले विकास गरी कार्यान्वयन गर्नुपर्ने र सबै कक्षाका विषयवस्तुलाई यथासम्भव स्थानीय परिवेश तथा दैनिक जीवनसँग सम्बन्धित गराई सिकाई क्रियाकलाप संचालन गर्नुपर्ने व्यवस्था गरिएको छ । प्रत्येक विषयमा विषयवस्तुको स्वरुप अनुसार विद्यार्थीलाई २५ देखि ५० प्रतिशतसम्म भारको प्रयोगात्मक कार्य परियोजना कार्य वा सामुदायिक कार्य लगायतका व्यवहारिक अभ्यास गराउनु पर्ने व्यवस्था छ । त्यसै गरी यसले सिकाईमा प्रयोग गरिने माध्यम भाषाले सिकाईमा बाधा नपर्ने गरी आवश्यकता अनुसार मातृभाष, स्थानीय भाषा वा बहुभाषाको प्रयोग गरी सिकाई सहजीकरण गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई जीवनउपयोगी तथा व्यवहारकुशल सिपका रुपमा एकिकृत गर्नुका साथै सिकाईको माध्यमका रुपमा प्रयोगलाई विस्तार गर्ने र विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाई क्रियाकलापको अभिन्न अङ्गका रुपमा सिकाई सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्ने गरी प्रयोग गर्ने नीति लिएको छ । पाठ्यक्रममा नागिरक शिक्षा दिने, विद्यालय तह पुरा गरेपछि पेसा, व्यवासाय तथा रोजगारीमा जान चाहनेलाई सहयोग गर्ने र उच्च शिक्षा प्रवेश गर्न चाहनेहरुका लागि तयारी गराउने गरी माध्यमिक तहमा अनिवार्य तथा विभिन्नि ऐच्छिक विषयहरु समावेश गरिएको छ भने प्राविधिक धार अध्ययन गर्न सक्ने व्यवस्था पनि गरिएको छ । विद्यालय शिक्षाको समग्र पाठ्यक्रमलाई सक्षमतामा आधारित बनाई विकास तथा कार्यान्वयन गरिएको छ भने विषयवस्तु तथा सिकाई क्रियाकलापको भार पाठ्यघण्टामा निर्धारण गरिएको छ । विद्यार्थी मूल्याङ्कनको नतिजालाई अक्षराङ्कन पद्दतिमा व्याख्या गर्ने व्यवस्था गरिएको छ ।
विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ तथा सो अनुरुप विकास गरिएका पाठ्यक्रमका उल्लिखित परिर्वतन तथा सुधारको प्रभावकारी कार्यान्वयनका लागि थप तयारी तथा क्षमता विकास आवश्यक छ । यसका लागि शिक्षकको तयार, क्षमता विकासको अवसर उत्प्रेरणा तथा जवाफदेहिता ज्यादै महत्वपूर्ण छ भने शिक्षक सहायतता प्रणालीको स्थापना, स्थानीय लगायत सबै तहका सरकार तथा पाठ्यक्रम विकास गर्ने निकाय र कार्यान्वयन गर्ने विद्यालय सबैको क्षमता तथा जवाफदेहितामा सुधार आवश्यक छ । समस्त पाठ्यक्रम, पाठ्यपुस्तक तथा अन्य पाठ्यसामग्रीलाइ सान्दर्भिक तथा उपयोगी बनाउन अध्ययन तथा अनुसन्धानका नतिजामा आधारित बनाउन सकिएको छैन । विद्यालय तहको कक्षा ९ देखी नै प्राविधिक धारको पाठ्यक्रम कार्यान्वयनको जटिलताको विश्लेषण गरी यस धारको पाठ्यक्रममा सुधार तथा समायोजन गर्नु जरुरी भएको छ । प्रारम्भिक बालविकास र शिक्षाको पाठ्यक्रम, शिक्षणसिकाई तथा मुल्याङ्कन सम्बन्धि व्यवस्थामा सुधारको खाँचो देखिएको छ ।

शिक्षक सेवामा प्रवेशका लागि तालिमको अनिवार्यता र सेवामा प्रवेश गरीसकेपछी पनि निश्चित अवधिमा शिक्षकको पेसागत विकास )TPD तालिम लिनुपर्ने प्रावनधानबाट शिक्षण सिकाईमा सुधारका प्रयास (गरिएको छ तापनि पाठ्यक्रमको परिवर्तित सन्दर्भमा शिक्षण सिकाई कार्यको प्रभावकारिता तथा शिक्षकको तयारी, विकास, कार्यकुशलता र उत्प्रेरणाका पक्षमा सुधारको आवश्यकता देखिन्छ । त्रैमासिक, अर्धवार्षिक र वार्षिक लिखित प्रकारका औपचारिक मूल्याङ्कनमा क्रमशः सुधार गरी आधारभुत तहमा निरन्तर मुल्याङ्कन पद्दतिको कार्यान्वयन आन्तरिक र वाह्य मूल्याङ्कनको व्यवस्था, केहि कक्षाका केहि विषयमा स्तरीकृत परीक्षाको प्रारम्भ, अक्षराङ्कान

पद्दतिअनुसार नतिजा निकाल्ने परिपाटीको सुरुवात गरी परीक्षण र मूल्याङ्कनमा पनि सुधारको प्रयास गरिएको छ तापनि मूल्याङ्कनलाई शिक्षण सिकाई क्रियाकलापको अभिन्न अङ्गका रुपमा सिकाईमा निरन्तर पृष्ठपोषण तयार गरी सिकाई सुधार तयार गर्ने कार्यमा प्रभावकारी रुपमा प्रयोग गर्ने र परीक्षा लगायत मूल्याङ्कनका साधन विधिहरुलाई प्रभावकारी बनाउने कार्यमा सुधारको आवश्यकता रहेको छ। कक्षा ८, १० र ११-१२ मा संचालन हुने बाह्य परीक्षालाई थप व्यवस्थित, बैध र विश्वसनिय बनाउनु पर्ने छ। त्यसै गरी शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट नै कक्षा ५, ८ र १० मा विद्यार्थीहरुको राष्ट्रिय उपलब्धि परीक्षण सम्बन्धि कार्य चरणबद्ध रुपमा भईरहेको सन्दर्भमा यसलाई थप प्रभावकारी बनाउने र यसका नतिजालाई शिक्षाका निती तथा कार्यक्रम सुधारका आधारका रुपमा प्रयोग गर्ने पद्दतिको विकास आवश्यक छ । समग्रमा अपेक्षित उच्चकोटीको तथा प्रयोगमुखी सिकाईलाई सघाउ पुर्याउनका लागि मूल्याङ्कन प्रारुपको विकास तथा कार्यान्वियन गर्न पर्नेछ । विद्यालयमा आधारित मूल्याङ्कनका नतिजा विश्लेषणको प्राप्तिलाई प्रयोग गर्ने कार्य व्यवस्थित बनाउन सकिएको छैन।

मातृभाषा तथा स्थानीय विषय शिक्षाका लागि कानूनी तथा नीतिगत आधारहरु तयार भई मौलिक एवम् स्थानीय ज्ञान, सिप तथा प्रविधिको उपयोग तथा निरन्तरताका लागि सरोकारवाला पक्षका साथै नगरपालिकाले तथा विद्यालयका लागि अवसरको सुनिश्चितता गरिएको छ। सम्बन्धित शिक्षा  विषयका यथेष्ट रुपमा विज्ञ पहिचान र परिचालन गरी स्थानीय आवश्यकता निर्धारण गर्न नसक्दा यस्ता विषय क्षेत्रका लागि निर्धारित विषय र संरचना प्रभावकारी हुन सकेका छैनन्।

प्राविधिक माध्यमिक शिक्षा केही प्ररम्परागत शिक्षा तथा स्थानीय पाठयक्रम बाहेक अन्य सबै विषयमा पाठ्यक्रम अनुसार कक्षा १ देखि १० सम्मका पाठ्यपुस्तकहरु पाठयक्रम विकास केन्द्रले सम्बन्धित विषय शिक्षक तथा विज्ञहरुबाट लेखाई मुद्रणका लागि तयार गर्ने र जनक शिक्षा सामग्री केन्द्र तथा निजी मुद्रक तथा वितरकबाट विद्यालयमा बिक्रि वितरण हुने व्यवस्था रहेको छ। नेपाल सरकारले स्थानीय तह मार्फत् पाठ्यपुस्तक खरिदका लागि विद्यालयलाई रकम उपलब्ध गराई सामुदायिक विद्यालयमा कक्षा १ १० मा अध्यायन गर्ने सबै– विद्यार्थीले निःशुल्क रुपमा पाठ्यपुस्तक प्राप्त गर्ने व्यवस्था गरेको छ । विकल्पविहिन रप्रतिस्पर्धा विना तयार हुने यस्ता पुस्तकहरुमा विविध पक्षमा कमजोरी हुन सक्ने सम्भावनालाई निर्कान सकिन्न। विगत केही वर्षदेखि कक्षा १ ३–प्रारम्भ गरी कक्षा १५ सम्म पु–र्याइएको रङ्गीन पाठ्यपुस्तक छपाई गर्ने कार्य २०७६ देखि कक्षा ८ सम्म पुगेको छ भने पाठ्यपुस्तक छपाईका लागि प्रयोग गरिने कागजको गुणस्तरमा पनि सुधार गरिएको छ। यसका लागि पुस्तक डिजाइन र मुद्रणमा सुधार आवश्यक देखिन्छ। त्यसैगरी स्पेसिफिकेसन अनुसारको कागज ताथ मुद्रणको गुणस्तर सुनिश्चत गर्नु उत्तिकै आवश्यक छ। यसले गर्दा नगरपालिकाका बिधार्थीहरुका लागि सिकाइ सहजीकरणमा टेवा पुग्ने अबश्य देखिन्छ।

अधिकांस संस्थागत र केहि सामुदायिक विद्यालयहरुले भने निजी क्षेत्रका प्रकाशकद्वारा प्रकाशित र पाठ्यक्रम विकास केन्द्रले सन्दर्भ सामग्रीका रुपमा प्रयोग गर्ने प्रयोजनका लागि सूचिकृत पुस्तक मध्येबाट छनोट गरी पाठ्यपुस्तकका रुपमा प्रयोग गरिरहेका छन्। विद्यालय तहमा बहुपाठ्यपुस्तक लागु गरिने नितिगत व्यवस्था भएको विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले पनि सोही कुरा उल्लेख गरेको र यस सम्बन्धमा निर्देशिकामा  उल्लेख गरिएको छ। निजी क्षेत्रका प्रकाशकद्वारा प्रकाशित पुस्तकहरुमा पनि प्रतिस्पर्धात्मक रुपमा पुस्तक मूल्याङ्कन नहुनु र मूल्याङ्कन औपचारिक मात्र भई सबैलाई सूचिकृत गरिनुले कतिपय ज्यादै कमजोर गुणस्तर र विद्यार्थीको स्तरसँग नमिल्ने पुस्तकहरु पनि प्रयोग हुनसक्ने देखिन्छ।

पाठ्यक्रम विकास केन्द्रले विभिन्न समयमा पाठ्यपुस्तक बाहेक केही बाल सन्दर्भ सामग्रीहरु विकास गरी त्यसको विद्युतीय प्रति वेवसाईटमा राख्ने गरेको छ भने प्रारम्भिक कक्षा पढाई कार्यक्रम मार्फत् पाठ्यक्रम विकास केन्द्रले विकास गरेका प्रारम्भिक कक्षा पढाई सम्बन्धी सन्दर्भ सामग्रीहरुको कार्यक्रम लागु भएका विद्यालयमा पुर्याइएकोछ। अधिकांश वाल सन्दर्भ सामाग्रीहरुको उपलब्धता र प्रयोग सीमित छ भने कतिपय सामग्री अध्यावधिक गर्नु पर्ने पनि छन्। यसका अतिरिक्त पाठ्यक्रम विकास केन्द्रले कक्षा १ ५ का लागि विभिन्न–३ का लागि अन्य विषयका पाठ–२७ मातृभाषका पाठ्यपुस्तकहरु तयार गरेको छ। कक्षा १्यपुस्तकहरु पनि तयार गरेको छ। एकातिर सीमित स्रोत तथा जनशक्तिका कारण मातृभाषाका सामग्री विकासमा चुनौती रहेको छ भने अर्कोतिर मातृभाषाका पाठ्यसामग्री प्रयोग गर्ने कार्यमा कतिपय विद्यालय तथा समुदायलाई उत्साहित गर्न पनि सकिएको छैन।

छायाँनाथ रारा नगरपालिकाकाले कक्षा १ देखी ८ सम्मका नगरपालिकाले स्थानीय परिबेश रीतिरिवाज चालचलन धार्मिक र ऐतिहासिकताका आधारमा बार्षिकरुपमा स्थानीय पाठ्यक्रम बनाएर लागु भइरहेको छ। अरु सबै तहका पाठ्यपुस्तकहरु पाठ्क्रम विकास केन्द्रले तयार पारि देशभर एकरुपता ल्याइरहेको छ। पाठ्यपुस्तक तथा सन्दर्भ सामग्रीहरुको विद्युतीयप्रति तयार गरी पाठ्यक्रम विकास केन्द्रको वेवसाईटमा राखिएको तथा शिक्षा तथा मानव स्रोत विकास केन्द्रले निर्माण तथा सञ्चालन गरेको विद्युतीय सिकाई पोर्टलमा उक्त सिकाई सामग्रीहरु राखिएका छन्। माध्यमिक तहको प्राविधिक धारतर्फ पनि विषयगत सिकाई तथा स्रोत सामग्री विकास गरी वेवसाईटमा राखिएका छन्। यस अवस्थामा मुद्रित पाठ्यपुस्तक तथा पाठ्यसामग्रीको पहुँचमा खासै समस्या नदेखिए तापनि विभिन्न किसिमका महामारी र विपद्को बेलामा विभिन्न विधि र माध्यम अनलाईन), अफलाईन, मुद्रितमा पाठ्यसामग् (..रीको पहुँचमा वृद्धि गर्नुपर्ने अवस्था कोभिड- १९ को प्रभावको समयमा सिकाइमा भएको अवरोध तथा सिकाई सामग्रीको अपर्याप्तताले देखाएको छ। सधैँ आमनेसामने विधिमा मात्र भर नपरी शिक्षण सिकाई तथा मूल्याङ्कनका क्रममा पनि अन्य वैकल्पिक विधि र माध्यम आवश्यक देखिएको छ।

विद्यालय क्षेत्र विकास योजनाले राष्ट्रिय पाठ्यक्रम प्रारुप तयार गरी प्रारम्भिक कक्षाहरुमा एकिकृत ढाँचा सहति विद्यालय तहको पाठ्यक्रम सुधार तथा परिमार्जन गर्ने, गणित, विज्ञान तथा अङग्रेजी विषयमा केहि डिजिटल सिकाई सामग्री तयार गर्ने, पाठ्यपुस्तक तथा शिक्षक निर्देशिका परिमार्जन गर्ने, विद्यालय तहको शिक्षण सिकाईमा माध्यम भाषा सम्बन्धी नीतिगत स्पष्टता गर्ने, प्रारम्भिक पढाई कार्यक्रमका लागि आवश्यक सिकाई सामग्री जस्ता कार्यक्रमहरु समावेश गरिएअनुसार लक्षित कार्यक्रम सम्पन्न भएका छन्।

जीवनपर्यन्त सिकाई कार्यक्रमहरुको प्रमाणीकरण तथा समकक्षताका माध्यमबाट अनौपचारिक शिक्षाबाट औपचारिक शिक्षामा प्रवेश गर्ने कार्यलाई सुदृढ गर्ने कार्य राष्ट्रिय योग्यता प्रारुप मार्फत व्यवस्थित गर्ने प्रस्ताव गरिएकोले यस अनुसार कार्यान्वयनको विस्तृत खाका तयार गरी कार्यान्वयन प्रारम्भ गर्नु पर्ने आबश्यकता देखिन्छ।

उल्लिखित विश्लेषणका आधारमा विद्यालय तहको पाठ्यक्रम, पाठ्यसामग्री तथा विद्यार्थी मूल्याङ्कनमा निम्नलिखित चुनौतीहरु पहिचान गरिएको छः

- नयाँ पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि शिक्षक तयारी, विकास र विषयगत शिक्षकको व्यवस्था र विद्यालयमा आधारित पेसागत सहयोग पद्दति स्थापना र सञ्चालन।
- स्थानीय पाठ्यक्रम निर्माण र पाठ्यसामग्री विकासका लागि क्षमता विकास।

- सबै शिक्षकलाई नयाँ पाठ्यक्रम र पाठ्यसामग्रीको अभिमुखीकरण।
- पाठ्यक्रम विकास तथा परिमार्जनमा सरोकारवालाको अर्थपूर्ण सहभागिताको सुनिश्चितता।
- पाठ्यक्रम विकास तथा अद्यावधिक कार्यलाई अनुसन्धानमा आधारित बनाउने।
- बालबालिकाको सिकाईलाई माध्यम भाषाको कारण अवरोध नहुने गरी छनोट, विशेषतः प्रारम्भिक कक्षाहरुमा आवश्यकता अनुसार मातृभाषा, स्थानीय भाषा, बुहुभाषा प्रयोग।
- विद्यालय तहको प्राविधिक धारको पाठ्यक्रममा सुधार, परिमार्जन तथा समायोजन।
- अपाङ्गता भएका बालबालिकाहरुका लागि पाठ्यक्रम तथा सिकाई सामग्रीमा प्रर्याप्त विकल्पहरु प्रदान गरी अपाङ्गताको प्रकृतिअनुसार लचकता प्रदान गर्नु।
- मूल्याङ्कन पद्धतीलाई शिक्षण सिकाईसँग जोड्ने, निरन्तर विद्यार्थी मूल्यांकन प्रणालीका लागि उपलब्ध साधनहरुको प्रयोग, परीक्षा पद्दतिलाई स्मरण र बोध जस्ता सामान्य संज्ञानात्मक पक्षको मात्र लेखाजोखा नगरी उच्च तहको संज्ञान तथा सिप परीक्षण गर्ने गरी कार्यान्वियन र विद्यार्थीको कार्य सम्पादन स्तरलाई मूल्याङ्कनको नतिजाले स्पष्ट गर्न सक्ने बनाउने।
- योग्यता प्रमाणीकरणका लागि तहगत स्तर निर्धारण र समकक्षता प्रदान (राष्ट्रिय योग्यता प्रारुपको कार्यान्वियन)।
- सिकाई सहजीकरण र मूल्याङ्कनमा सूचना प्रविधिको उपयोग सहितको बैकल्पिक विधिको प्रयोग ।

### ४.१.३ उद्देश्य

- स्थागीय पाठ्यक्रमलाई समयसापेक्ष, सान्दर्भिक, गुणस्तरीय र प्रभावकारी बनाई नगरपालिका, प्रदेश र देशलाई आवश्यक सक्षम, सृजनशील तथा प्रतिस्पर्धी नागरिक तयार गर्न सहयोग गर्नु,
- अनुसन्धान तथा जिवन्त अनुभवमा आधारित पाठ्यक्रम विकास तथा कार्यान्वियन गर्नु,
- सिकाईलाई दैनिक जीवनसँग सम्बन्धित गराउने र विषयवस्तुलाई अन्तरसम्बन्धित गरी सिकाई क्रियाकलाप सञ्चानल गर्नु,
- पाठ्यक्रममा आधारित शिक्षण सिकाईद्वारा स्थानीय र आधुनिक विश्वपरिवेश अनुसार सिकारुमा ज्ञान, सिप तथा व्यवहार विकासमा सहजीकरण गर्नु,
- सिकारुका सिकाई समस्याको समधान उन्मुख निरन्तर आवधिक तथा स्तरिकृत साथै प्रमाणमा आधारित मूल्याङ्कन पद्दतिको व्यवस्था गर्नु।

### ३.५.४ रणनीतिहरु

- ज्ञानमा आधारित समाज, सूचना तथा सञ्चार प्रविधिको विकास र प्रयोग एवम् शैक्षिक, सामाजिक, सांस्कृतिक, राजनितिक, आर्थिक परिवर्तन र विश्वपरिवेश समेतका आधारमा पाठ्यक्रमलाई समसामयिक सान्दर्भिक र व्यवहारिक बनाउँदै लैजानका लागि यसै क्रममा विद्यालय तहको स्यानीय पाठ्यक्रम कार्यान्वियनको मूल्याङ्कनका आधारमा आवश्यक सुधार, परिमार्जन तथा समायोजन गर्न पहल गरिने छ।

- पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास प्रक्रियालाई बढी सहभागितामूलक बनाई स्थानीय सरोकारवालामा अपनत्व विकास गरी जवाफदेही बनाउन विद्यालयमा आधारित पाठ्यक्रम विकास प्रक्रियालाई अवलम्बन गरी परीक्षणका रुपमा कार्यान्वयनमा ल्याईने छ र यसको प्रभावका आधारमा निरन्तरता प्रदान गरिने छ । विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सम्बन्धित शिक्षक तथा सरोकारवालालाई प्रभावकारी ढङ्गले प्रबोधीकरण गरिने छ।
- संघ र प्रदेश सरकार तहबाट पाठ्यक्रम विकास तथा कार्यान्वयन गरिएका पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न उचित कानूनी तथा नीतिगत व्यवस्था गर्ने।
- वैकल्पिक सिकाईका आधारमा शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गरी नगरपालिकामा पर्न सक्ने विपत, महामारी तथा सङ्कटको अवस्थामा सिकाईलाई निरन्तरता दिन सामुदायिक विद्यालयको संरचनागत सुधार गर्ने, शिक्षकको पेशागत सक्षमता विकास गर्ने र पर्याप्त सिकाई सामग्री विकास गरी सिकाई अवसर अभिवृद्धि गरिने छ र विद्यालयहरुलाई यसका लागि सक्षम बनाईदै लगिने छ।
- शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाई सामग्री, स्वाध्यायन तथा सन्दर्भ सामग्रीहरु डिजिटाईज अनलाईन सिकाई पोर्टलमार्फत् र हात हातमा पुग्ने गरि सर्वसुलभ गराईने छ।
- पाठ्यक्रम विकास तथा कार्यान्वयनमा सम्बद्ध सरोकारवालाहरु अभिभावक, शिक्षक, विद्यार्थी, समाजसेवी, विद्यालय व्यवस्थापन पदाधिकारी, बुद्धिजिवी, शिक्षा प्रेमी, परम्परागत ज्ञान र सिपको ज्ञाता तथा अनुसन्धाता आदिको सहभागिता र भूमिका वृद्धि गरिने छ।
- पाठ्यपुस्तक गुणस्तर सुधार गर्न प्रतिस्पर्धात्मक प्रक्रिया अवलम्बन गरी पाठ्यपुस्तक विकास गर्नका लागि पहल गरिनेछ।
- पाठ्यक्रममा आधारित शिक्षण सिकाईलाई सुनिश्चित गर्न शिक्षकका पेसागत सक्षमता विकासलाई निरन्तरता दिई बहुपाठ्यपुस्तक नीति कार्यान्वयन गरिने छ।
- परम्परागत रुपमा प्रचलनमा रहेको पाठ्यपुस्तकमा आधारित शिक्षण सिकाईलाई बालकेन्द्रित, लैङ्गीक तथा अपाङ्गतामैत्री बनाई सूचना, सञ्चार र प्रविधिको उचित प्रयोग गर्दै बढी सहभागितामूलक, अन्तरक्रियात्मक, खोजमुलक एवम् समस्या समाधान केन्द्रित शिक्षण विधिको प्रयोगलाई संस्थागत गरिने छ।
- बालबालिकाको सिकाईलाई भाषाका कारण अवरोध नहुने गरी स्थानीय भाषा छनोट गरिने छ । यसका लागि विशेषतः प्रारम्भिक कक्षाहरुमा सिकाई सहजीकरणका लागि आवश्यकताअनुसार मातृभाषा, स्थानीय भाषा, बहुभाषा प्रयोगलाई प्राथमिकता दिइने छ।
- विद्यालयहरुलाई वैकल्पिक तथा बहुकक्षा शिक्षण सिकाई अनुरुपका शैक्षिक क्रियाकलापहरु सञ्चालन गर्न सक्षम बनाईदै लगिने छ।
- विद्यालयमा आधारित सहयोग पद्दती विकास गरी पाठ्यक्रम कार्यान्वयनमा रहेका समस्याहरुलाई कार्यान्वयन तहमा नै समाधान गरी शिक्षण सिकाई प्रक्रियालाई प्रभावकारी बनाईने छ।

- सहपाठी सिकाई समूह गठन गरी कमजोर सिकाई क्षमता भएका बालबालिकालाई सहयोग गर्ने, व्यवस्थालाई कार्यान्वयनमा ल्याई सिकारुको शिक्षण सिकाई क्रियाकलापमा सहभागिता अभिवृद्धि र सिकाई उपलब्धिमा सुधार गरिने छ।
- सबै सामुदायिक विद्यालयमा सूचना, सञ्चार तथा प्रविधिमा आधारित शिक्षण सिकाईका लागि अत्यावश्यक पूर्वाधार विकास तथा त्यसको उचित उपयोग गर्न सक्ने क्षमता विकास गरी कक्षागत वा तहगत रुपमा प्रविधिमा आधारित शिक्षण सिकाईलाई परीक्षणमा ल्याईने छ।
- प्रत्येक सामुदायिक विद्यालयमा एक एक सूचना सञ्चार तथा प्रविधि ल्याब र सिकाई सामग्रीयुक्त पुस्तकालय स्थापना गरी शिक्षक तथा सिकारुलाई प्रविधिको प्रयोग, थप ज्ञान सिप विस्तारको अवसरमा वृद्धि तथा खोजमुलक शिक्षण सिकाईको प्रयोग गर्ने वातावरण सुनिश्चित गरिने छ।
- स्थानीय तथा मातृभाषाको पाठ्यक्रम तथा पाठ्यसामग्रीको विकास र प्रयोलाई व्यवस्थित गर्न नगरपालिका तथा विद्यालयको सक्षमता विकास गरी जिम्मेवार जवाफदेही बनाईने छ र मातृभाषाको प्रयोगलाई थप व्यवस्थित गरि स्थानीय पाठ्यक्रम विकास गरिनेछ।
- नगरपालिकाले स्थानीय पाठ्यक्रम, र पाठ्यपुस्तक विकास तथा कार्यन्वयनका लागि आवश्यक संरचना विकास गरी समन्वयात्मक अनुगमन तथा पृष्ठपोषण कार्यदल बनाइ त्यसलाईं व्यवस्थित गरिने छ।
- अपाङ्गता भएका बालबालिकाहरुको शैक्षिक पहुँच बढाउन र सिकाई अवसर बृद्धि गर्न ब्रेल लिपिमा तयार भएका पाठ्यक्रम तथा सिकाई सामग्री तथा श्रव्यदृश्यमा आधारित साङ्केतिक भाषाका शैक्षिक सामग्रीहरुको प्रयोगलाई उच्च प्राथमिकताका साथ कार्यान्वयनमा ल्याई सबै बालबालिकाको शैक्षिक अधिकारको सुनिश्चित गर्न पहल गरिनेछ।
- सिकारुको सिकाई उपलब्धिप्रति शिक्षकलाई जिम्मेवार तथा जवाफदेही बनाई विद्यार्थीको सिकाई उपलब्धिलाई शिक्षकको वृद्धिविकाससँग आवद्ध गर्दै पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सिर्जना गरिने छ।
- आधारभूत तह र माध्यमिक तहमा हुने सार्वजनिक परीक्षालाई सुधार गरिने छ

### ४.१.५ उपलब्धि तथा प्रमुख नतिजा

**उपलब्धि**

- विद्यालय तहको पाठ्यक्रम सान्दर्भिक तथा मूल्याङ्कन प्रणाली प्रभावकारी भई दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमता सहित सृजनशील सकारात्मक सोच भएका, निरन्तर सिकाई प्रति प्रतिबद्ध र रोजगार उन्मुख नागरिक तयार गर्न सहयोग हुने।
- राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ अनुसार प्रारम्भिक बालविकास शिक्षादेखि कक्षा १२ सम्मका पाठ्यक्रमहरूको कार्यान्वयन हुने।
- कक्षा १-३ मा व्यवहार कुशल सिपहरु सहित अन्तरविषयक तथा बहुविषयक ढाँचाको एकिकृत पाठ्यक्रम कार्यान्वयन हुने।

- कक्षा १-८ सम्म सबै विद्यालयमा नगरपालिकाले विकास वा समायोजन गरे अनुसार स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री विकास भई  कार्यान्वयन हुने।
- प्रारम्भिक बालविकास तथा शिक्षादेखि आधारभूत तहसम्म विशेषतः कक्षा १३ मा आवश्यकतानुसार मातृभाषा–, स्थानीय भाषा वा बहुभाषाको प्रयोग गरी सिकाई सहजीकरण हुने।
- बहुपाठ्यपुस्तक प्रयोग हुने र पाठ्यपुस्तकको गुणस्तरमा सुधार हुने।
- कक्षाकोठा सिकाईको अभिन्न अङ्गका रुपमा सिकाई सुधारको माध्यमका रुपमा मूल्याङ्कनको प्रयोग हुनाका साथै विभिन्न तहमा सञ्चालन गरिने सार्वजनिक परीक्षाले विद्यार्थीको क्षमताको सही व्याख्या गरेको हुने।
- अपाङ्गमैत्री तथा सामाजिक सांस्कृतिक तथा भौगोलिक विविधता सापेक्ष पाठ्यसामग्रीहरुको प्रयोग हुने।
- सिकाई क्रियाकलाप बालमैत्री, स्थानीय सन्दर्भ सापेक्ष, सान्दर्भिक तथा प्रभाकारी हुने।
- पाठ्यक्रम विकास तथा परिमार्जन सहभागितात्मक हुने।
- पाठ्यक्रम परिमार्जन तथा सुधार गरी अुनसन्धानमा आधारित गरिने।
- निरन्तर विद्यार्थी मूल्यांकनलाई सुधारात्मक शिक्षणको रुपमा लिई पाठ्यक्रम कार्यान्वयनका लागि नतिजा अर्थात् विद्यार्थीको सिकाईमा आधारित उत्तरदायित्व वहन हुने।

**प्रमुख नतिजा  तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | एकिकृत पाठ्यक्रम लागु गरेका विद्यालय सङ्ख्या | ५४ | ५४ | ५४ | ५४ | ५४ | ५४ |
| २ | परीक्षामा स्तरीकृत प्रश्न प्रयोग गर्ने विद्यालय संख्या | ५४ | ५४ | ५४ | ५४ | ५४ | ५४ |
| ३ | स्थानीय भाषामा कक्षा सञ्चालन गर्ने विद्यालय | ० | १ | १ | १ | १ | १ |
| ४ | निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने विद्यालय | ५४ | ५४ | ५४ | ५४ | ५४ | ५४ |
| ५ | जलवायु परिवर्तन तथा उत्थानशीलता सम्बन्धी सामग्री प्रयोग गर्ने विद्यालय संख्या | ५ | १० | ५ | ७ | ३ | ३० |
| ६ | ब्रेललिपीमा कक्षा सञ्चालन गर्ने विद्यालय संख्या | ० | ० | १ | २ | ३ | ३ |
| ७ | सांकेतिक भाषामा कक्षा सञ्चालन गर्ने विद्यालय संख्या | ० | ० | १ | १ | २ | २ |

### ४.१.६ प्रमुख क्रियाकलाप र लक्ष्य

तालिका ४.१

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | पाठ्यक्रमले तोकेअनुसारका सिकाइ उपलब्धि प्राप्तिका लागि आवश्यकतामा आधारित शिक्षक क्षमता विकास तालिमको प्रबन्ध गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| २ | शिक्षक पेसागत सहयोगका लागि शिक्षक सिकाइ समूहको गठन, कक्षा अवलोकन तथा विज्ञ समूहको परिचालन गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| ३ | राष्ट्रिय पाठ्यक्रम प्रारुप अनुसार विद्यार्थीको नियमित मूल्याङ्कन गरी सिकाइमा सुधार ल्याउन कक्षा कोठामा आधारित विद्यार्थी मूल्याङ्कन पद्दति अवलम्बन गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| ४ | विद्यालयमा सहपाठी सिकाई समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्था मिलाउने | पटक | १० | १ | १ | १ | १ | १ | ५ | ५ |
| ५ | शिक्षण सिकाइलाई प्रविधिमैत्री तथा गुणस्तरीय र युग सुहाउँदो बनाउनका लागि विद्यालयमा डिजिटल सामग्री एवम् सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने | पटक | ४५ | १ | ३ | ६ | ७ | ८ | २५ | १५ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | आधारभूत विद्यालयहरुमा क्रमश: पुस्तकालयको स्थापना गर्ने | सङ्ख्या | ३७ | ० | ४ | ४ | ५ | ५ | १८ | १९ |
| ७ | कक्षा १ देखि १२ सम्मका सबै विद्यार्थीहरुका लागि समयमै गुणस्तरीय निशुःल्क पाठ्यपुस्तक वितरण गर्ने | पटक | १० | १ | १ | १ | १ | १ | ५ | ५ |
| ८ | शिक्षण सिकाइमा पाठ्यपुस्तकका अतिरिक्त प्रयाप्त सन्दर्भ सामग्रीको प्रयोगका लागि प्रत्येक कक्षामा बुक कर्नरको व्यवस्था गरी त्यसको शिक्षणमा प्रयोग गर्ने | विद्यालय | ४५ | ४५ | ४५ | ४५ | ४५ | ४५ | ४५ | ४५ |
| ९ | तहगत रुपमा स्थानीय पाठ्यक्रमका आधारमा पाठ्यपुस्तक विकास गरी त्यसको सफल कार्यान्वयन गर्ने | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ | १ |
| १० | शिक्षण सिकाइको माध्यम भाषाका रूपमा मातृभाषा, स्थानीय भाषा वा बहुभाषाको प्रयोग गर्ने | विद्यालय | ३ | ० | ० | १ | ० | १ | २ | १ |
| ११ | पाठ्यक्रम तथा पाठ्यसामग्रीको उपलब्धता र कार्यान्वयनको अवस्था बुझ्न एवं कार्यान्वयनमा देखिएका समस्याहरुको समाधानका लागि समय समयमा सुपरिवेक्षण तथा अनुगमन गरी आवश्यकताका आधारमा पृष्ठपोषण प्रदान गर्ने | पटक | १० | १ | १ | १ | १ | १ | ५ | ५ |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### ४.२ १. परिचय

गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य, व्यावसायिक रुपमा दक्ष, पेसा प्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइ प्रति जवाफदेही हुन आवश्यक छ । शिक्षकमा भएको विषयवस्तुको पर्याप्त ज्ञान, शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनमा दक्षता र नमुना व्यक्तित्व प्रदर्शनले विद्यार्थीहरुको सिकाइमा सकारात्मक प्रभाव पार्दछ । सबै तहको शिक्षामा योग्य, दक्ष, समर्पित र अभिप्रेरित शिक्षकहरुको व्यवस्थापनबाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ । यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ । नेपालमा विद्यालय तहको शिक्षामा पहुँच गुणस्तर, समता, सान्दर्भिकता, सुशासन प्रवर्धनका लागि विगतमा सञ्चालित विभिन्न योजना, परियोजना तथा कार्यक्रमहरुले शिक्षक व्यवस्थापन र शिक्षकको पेसागत क्षमता अभिवृद्धिलाई उच्च प्राथमिकतामा राखी कार्यक्रम सञ्चालन गरेको पाइन्छ ।

वर्तमान अवस्थामा शिक्षक तयार गर्ने काम विश्वविद्यालयहरु तथा विद्यालयहरु  ले गरिरहेका छन् । शिक्षक अध्यापन (उच्च मावि) अनुमति पत्रमा लागि परीक्षा सञ्चालन गर्ने, रिक्त दरबन्दीमा शिक्षक पदपूर्तिका लागि परीक्षा सञ्चालन गरी नियुक्तिका लागि सिफारिस गर्ने र बढुवा सम्बन्धी कार्य शिक्षक सेवा आयोगले गर्दै आएको छ । आयोगबाट सिफारिस भई आएका शिक्षकहरुलाई नियुक्ति गरी पदस्थापन गर्ने कार्य स्थानीय तहहरुले गर्दै आएका छन् । यसैगरी अस्थायी वा विद्यालयको निजी स्रोतमा शिक्षक नियुक्ति गर्ने, शिक्षकको कार्यसम्पादन मुल्याङ्कन गर्ने कार्य स्थानीय तहले गर्दै आएका छन् । शिक्षकको पेसागत विकासका लागि नीति निर्माण गर्ने काम शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले, प्रमाणीकरण तथा कष्टमाइज्ड तालिम पाठ्यक्रम निर्माण गर्ने र प्रशिक्षक तयार गर्ने कार्य शिक्षा तथा मानव स्रोत विकास केन्द्रले र शिक्षकको क्षमता अभिवृद्धिका लागि तालिम सञ्चालन गर्ने काम प्रदेश शिक्षा तालिम केन्द्रहरुको गर्दै आएका छन् ।

नेपालमा शिक्षक तयारी कार्यलाई वास्तविक आवश्यकता र अनुसन्धानमा आधारित बनाउन सकिएको छैन । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र विश्वविद्यालयहरु बिच शिक्षक तयारी गर्ने कार्यमा प्रभावकारी समन्वय र सहकार्य हुन सकेको छैन । यसै गरी देशमा विभिन्न तरिकाले नियुक्ति पाएका शिक्षकहरु, जस्तैः शिक्षक सेवा आयोगबाट छनोट भई नियुक्ति पाएका स्थायी, अस्थायी, राहत अनुदानका, विद्यालयको निजी स्रोतबाट तलब सुविधा पाउने शिक्षक आदि छन् । विभिन्न किसिमका शिक्षकहरुका सेवाको सर्त र सुविधा पनि फरक फरक छन् । शिक्षकको कार्यसम्पादन मुल्याङ्कन बढुवा प्रयोजनका लागि मात्र भएको र यसलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग जोडी शिक्षकलाई विद्यार्थीको  सिकाइमा जिम्मेवार बनाउने प्रयोजनमा प्रयोग गर्न सकिएको छैन् ।

यस योजनामा शिक्षाको गुणस्तर अभिवृद्धिका लागि शिक्षण पेसालाई रोजाइको पेसाका रुपमा विकास गर्ने, कक्षाकोठाको शिक्षण सिकाइलाई गुणस्तरयुक्त बनाउने, शिक्षक सहयोग प्रणालीलाई सुदृढ बनाउने, शिक्षक पेसागत विकासलाई प्रभावकारी बनाउने, विद्यार्थीको सिकाइ प्रति शिक्षकलाई जिम्मेवार बनाउने र औचित्यपूर्ण शिक्षक आपूर्ति र वितरण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ । यसमा शिक्षक व्यवस्थापन तथा विकासको वर्तमान अवस्थाको समीक्षा गरी चुनौतिहरु परिचान गरिएको छ । वर्तमान अवस्थाको समीक्षा तथा पहिचान गरिएका चुनौतिहरुको सामना गरी शिक्षक व्यवस्थापन तथा विकासलाई व्यवस्थित र प्रभावकारी बनाउने सन्दर्भमा यस

कार्यक्रमका उद्देश्य, उद्देश्य पुरा गर्नका लागि अपनाइने रणनीतिहरु, कार्यक्रम कार्यान्वयनबाट हासिल हुने अपेक्षित नतिजा तथा मुख्य मुख्य क्रियाकलाप तथा लक्ष्यहरु समावेश गरिएको छ।

### ४.२ २. वर्तमान अवस्था

शिक्षक पेसालाई रोजाइको पेसाका रुपमा विकास गर्नका लागि नेपालको सोह्रौ योजना २०८५-०८२-२०८१)-०८६ ले यस पेसामा ( अब्बल प्रतिभाहरुलाईआकर्षित गर्न विश्वविद्यालयमा उत्कृष्ट अङ्क हासिल गरेका व्यक्तिलाई सोझै शिक्षण पेसामा प्रवेश गर्न पाउने कानुनी व्यवस्था गर्ने उल्लेख गरेको छ। शिक्षक सेवा आयोग नियमावली, २०५७ अनुसार शिक्षक हुनका लागि शिक्षण अनुमति पत्र अनिवार्य हुनु पर्ने, स्थायी शिक्षक हुनका लागि शिक्षक सेवा आयोगले लिने परीक्षा उतीर्ण भएको हुनुपर्ने, बढुवाका लागि निश्चित मापदण्ड पुरा गनुपर्ने र पेसाको सुरक्षा लगायतका कारणले शिक्षण पेसालाई समाजमा प्रतिष्ठत पेसाका रुपमा लिइने अवस्था सुधार हुँदै गएको छ। नियमित रुपमा स्थायी नियुक्ति गर्ने कार्यको थालनीले शिक्षण पेसामा थप आकर्षण बढेको अवस्था छ। शिक्षक सेवा आयोगद्वारा सञ्चालित परीक्षामा सम्मिलित हुने युवाहरुको उल्लेख्य उपस्थितिले यस सेवाप्रति शिक्षित युवाहरुको आकर्षण बढ्दै गएको पुष्टि हुन्छ। आगामी दिनहरुमा निरन्तर शिक्षक पेसागत विकास तथा सहयोग, पूर्वानुमानयोग्य सरुवा र बढुवा प्रणाली, कार्यसम्पादनमा आधारित प्रोत्साहन तथा सुविधा, दण्ड र पुरस्कार सम्बन्धी स्वच्छ र पारदर्शी प्रणाली, विश्वविद्यालयमा सर्वोत्कृष्ट स्थान ल्याउन सफल मेहनेती, मेधावी तथा प्रतिभावान व्यक्तिहरुलाई शिक्षक पदमा कुल रिक्त पदको निश्चित प्रतिशत छुट्याई सोझै प्रवेश गराउन सकिने गरी कानुनी तथा प्रक्रियागत व्यवस्थाको सुनिश्चितता मार्फत शिक्षण पेसालाई रोजाइको पेसाका रुपमा विकास गराउन आवश्यक देखिएको छ।

शिक्षक सेवा आयोगबाट आधारभुत तह –कक्षा १)५(, आधारभुत तह –कक्षा ६)८ र माध्यमिक तहमा (रिक्त शिक्षक दरबन्दीमा पदपुर्तिका लागि परीक्षा सञ्चालन गर्ने कार्य भइरहेको छ। शिक्षक सेवा आयोगबाट नियुक्तिका लागि सिफारिस भएका शिक्षकहरुलाई स्थानीय तहले विद्यालयमा नियुक्ति तथा पदस्थापन गर्ने कार्यको थालनी भएको छ। शिक्षक सेवा आयोगको कामलाई थप प्रभावकारी बनाउन प्रदेशस्तरमा शिक्षक सेवा आयोग स्थापना गरी संस्थागत सुदृढीकरण गर्नु आवश्यक देखिएको छ। अस्थायी तथा विद्यालय स्रोतबाट नियुक्त शिक्षकहरुको व्यवस्थापनका लागि उपयुक्त मापदण्ड तथा निर्देशिका निर्माण गरी प्रयोगमा ल्याउनु आवश्यक देखिएको छ।

### शिक्षक तयारी

नेपालमा विश्वविद्यालयहरुले सञ्चालन गर्दै आएका वि.एड., एम लाई नै शिक्षक तयारी कोर्स वा प्राज्ञिक योग्यता र व्यावसायिक.एड. विश्वविद्यालय, नेपाल संस्कृत विश्वविद्यालय, मध्यपश्चिम विश्वविद्यालय र सुदूरपश्चिम विश्वविद्यालयले सञ्चालन गर्दै आएका छन्।

शिक्षक सेवा आयोग नियमावली, २०५७ बमोजिम वि गरेपछि अध्यापन अनुमतिपत्रका लागि योग्य मानिन्छ। .एड.वा एम .एड. अध्यापन अनुमति पत्र प्राप्त गरेको व्यक्ति मात्र शिक्षकका लागि योग्य हुन्छ। शिक्षा ऐन, २०२८ तथा शिक्षा (संशोधनसहित) नियमावली, २०४९ र शिक्षक सेवा आयोग नियमावली, २०५७ मा भएको व्यवस्थाअनुसार नेपालमा प्राथमिक र निम्नमाध्यमिक तहका लागि शिक्षाशास्त्रमा प्रवीणता प्रमाणपत्र तह उतीर्ण वा कक्षा १२ वा अन्यबाट प्रवीणता प्रमाणपत्र तह उतीर्ण गरी १० महिने शिक्षक तालिम लिई अध्यापन अनुमति पत्र प्राप्त गरेका र माध्यमिक तहका लागि शिक्षा शाश्त्रबाट स्नातक तह उतीर्ण वा अन्यबाट स्नातक तह

उतीर्ण गरी एक वर्षे वि गरी अध्यापन  अनुमति प्राप्त गरेका व्यक्ति मात्र शिक्षक हुन योग्य मानिन्छ । यसैगरी .एड.माध्यमिक तह कक्षा ११ १२ मा अध्यापन गर्नका लागी स्नातकोत्तर अनुमती पत्रका लागी—परीक्षा सञ्चालन भने शिक्षक सेवा आयोगले गर्दै आएको छ ।

राष्ट्रिय शिक्षा नीति, २०७६ बमोजिम सबै प्रकारका विद्यालयमा अध्यापन गर्ने शिक्षकका लागि राष्ट्रिय शिक्षक सक्षमताको मापदण्ड निर्धारण गरी सोको आधारमा शिक्षक तयार गर्ने र शिक्षक सक्षमताका आधारमा निरन्तर पेसागत विकास कार्य सञ्चालन गरिने उल्लेख गरेको छ । यही मापदण्डका आधारमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र विश्वविद्यालयहरु विचको सहकार्यबाट विश्वविद्यालयहरुले शिक्षक तयारी कोर्स विकास गरी कार्यक्रम सञ्चालन आवश्यक देखिएको छ ।

परिवर्तित कक्षा ११ र १२ को  पाठ्यक्रममा संकायगत संरचना नभएको कक्षा १२ उत्तीर्ण गरी शिक्षक हुनको लागि कम्तीमा १ वर्षे शिक्षक तयारी कोर्स व्यवस्था गरी सो पुरा गर्नपर्ने व्यवस्था आवश्यक छ । तर दीर्घकालिन रुपमा भने आधारभुत तह र माध्यमिक तहको शिक्षक बन्नको लागि क्रमशः न्युनतम् शैक्षिक योग्यता स्नातक तह र स्नातकोत्तर तह उतीर्ण भई एक वर्ष शिक्षक तयारी कोर्स पूरा गरेको हुनुपर्ने गरी कानुनी व्यवस्था गर्न उपयूक्त हुनेछ ।

## शिक्षण सिकाई क्रियाकलाप

बालबालिकाको सिकाइ उपलब्धी मूलतः कक्षाकोठामा सञ्चालन गरिने शिक्षण सिकाइ क्रियाकलापमा भर पर्दछ । विद्यालय तहको पाठ्यक्रम प्रारुप, २०७६ ले पनि शिक्षण सिकाई विद्यार्थी केन्द्रित, प्रविधिमैत्री, परियोजनामा आधारित, समूहकार्यमा आधारित, सामुदायिक क्रियाकलापमा आधारित बनाउन जोड दिएको छ । राष्ट्रिय शिक्षा नीति, २०७६ ले सूचना तथा सञ्चार प्रविधिलाइ शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रुपमा एकीकृत गर्दै प्रविधि मैत्री, व्यवहारिक र नतिजामुलक बनाउने उल्लेख गरेको अवस्था छ । नेपालमा विगतदेखि हालसम्म सञ्चालित विभिन्न शिक्षा परियोजना तथा कार्यक्रमहरुले कक्षा कोठाको शिक्षण सिकाइमा सुधार ल्याइ शिक्षाको स्तर वृद्धि गर्न जोड दिएका छन् । यसको फलस्वरुप विद्यालयको शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउने, प्रविधिको प्रयोग गरि शिक्षण गर्ने, बालमैत्री सिकाइ वातावरण सिर्जना गर्ने जस्ता केहि प्रयास भएका छन । गुणस्तरीय शिक्षण सिकाइ क्रियाकलापबाट शिक्षाको स्तरमा सुधारको अपेक्षा गर्न सकिन्छ । यस योजनाले बालकेन्द्रित तथा अन्तक्रियात्मक शिक्षण विधिका साथै सक्रीय सिकाइका तौरतरिकाको प्रयोगमा जोड दिएको पाइन्छ । यसमा बालकेन्द्रित शिक्षण विधिलाइ छुट्टै पद्दतिका रुपमा नभइ गुणस्तरीय शिक्षाका लागी गरीने सबै  खाले प्रयत्नको अभिन्न अङ्ग बनाइने उल्लेख छ ।

कक्षाकोठाको शिक्षण सिकाइमा सुधार ल्याउन कमजोर सिकाइस्तर भएका विद्यार्थीका लागी विशेष सहयोग, अपाङ्गता भएका बालबालीकाको सिकाइको सुनिश्चिता, शिक्षण शिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग, निरन्तर विद्यार्थी मूल्याङ्कन, परियोजना तथा प्रयोगात्मक कार्यमा जोड, उपचारात्मक शिक्षण पद्धती, परीक्षाको नतिजा विश्लेषण र त्यसबाट प्राप्त पृष्ठपोषण लिई शिक्षण शिकाइमा सुधार गर्ने जस्ता कार्यहरु शिक्षकबाट अपेक्षित रुपमा हुन नसकेको विभिन्न अध्ययन प्रतिवेदनहरुले औँल्याएका छन् (MOE-२००६)।

विद्यालय क्षेत्र विकास योजना अबधिमा कक्षा कोठाको शैक्षणिक अभ्यास वा क्रियाकलापलाई विद्यार्थी केन्द्रित बनाउन शिक्षकको क्षमता विकासका कार्यक्रमहरु सञ्चालन भएका छन । यस अवधिमा शिक्षक पेसागत विकास प्रमाणीकरण तालिम, छोटो अवधिको

मागमा आधारीत कष्टमाइज्ड तालिमहरु सञ्चालन गरी शिक्षण सिकाइ क्रियाकलापमा सुधार ल्याउन प्रयत्न गरियो । हजारौँ शिक्षकले पेसागत विकास तालिम पाए तापनि शिक्षकले तालिममा सिकेका सिपको कक्षाकोठामा प्रयोग अपेक्षित रुपमा हुन नसकेको विभिन्न अध्ययन प्रतिवेदनहरुले औँल्याएको अवस्था छ (MOE-२००६) । तालिममा सक्रीय सिकाइका तौरतरिहरुका बारेमा जानकारी हासिल गरे पनि कक्षा कोठाको अभ्यासमा रुपान्तरण हुन नसकेको अध्ययन प्रतिवेदनहरुले औँल्याएका छन् । कतिपय बिद्यालयको कमजोर भैतिक पूर्वाधार, उच्च गतिको इन्टरनेट सुविधाको कमी, स्रोतको कमी, विषयगत दक्ष, योग्य र उत्प्रेरित शिक्षकको कमी, शैक्षणिक सामग्रीको कमी, उपयुक्त कार्य वातावरणको कमी आदिका कारणले कक्षाकोठाको शिक्षण सिकाइमा अपेक्षित सुधार हुन नसकेको अवस्था छ ।

## शिक्षक पेसागत सहयोग पद्दति

शिक्षक पेसागत सहयोगका विभिन्न उपागमहरु प्रचलनमा छन् जस्तैः कक्षा अवलोकन र छलफल, मेन्टरिङ, नियमित अनुगमन तथा पृष्ठपोषण आदान प्रदान, शिक्षकहरुको सिकाइ सञ्जाल, कन्फरेन्स सहपाठीसँगको अन्तक्रिया, प्रतिविम्बित अभ्यास आदि ।

ग्रामिण विकासका लागी सेती परियोजना तथा आधारभुत तथा प्राथमिक शिक्षा परियोजना देखि नै नेपालमा शिक्षक पेसागत सहयोगका लागी स्रोत केन्द्रहरु स्थापना भएर स्रोत केन्द्रहरु मार्फत शिक्षक पेसागत सहयोग प्रदान हुदै आइरहेको थियो । स्रोत केन्द्रहरुले आफ्नो सेवाक्षेत्रका विद्यालयहरुमा कार्यरत शिक्षकहरुलाई नयाँ पाठ्यक्रम तथा पाठ्यपुस्तक र शिक्षक निर्देशिका सम्बन्धी अभिमुखीकरण गर्ने शैक्षिक विषयवस्तुमा प्रधानाध्यापकहरुसंग नियमित बैठक गर्ने, शैक्षिक सामग्री निर्माण तथा प्रयोग सम्बन्धी कार्यशाला सञ्चालन गर्ने, कक्षा अबलोकन गरी पृष्ठपोषण प्रदान गर्ने, अतिरिक्त क्रियाकलाप सञ्चालनमा सहयोग गर्ने शैक्षिक योजनाहरु निर्माणमा सहयोग गर्ने शिक्षकहरु बिचको अन्तरक्रिया गराउने आदि कार्यहरु हुने गर्थे । संघीय संरचनाको कार्यन्वयनसँगै स्रोत केन्द्र पद्दति विघटन भएको छ । राष्ट्रिय शिक्षा नीति, अनुसारको स्थानीय तहमा सेवा निवृत शिक्षकहरुलाई अध्ययन अनुसन्धान, शिक्षक सहायता, अनुगमन आदीमा प्रयोग गर्ने उल्लेख गरेपनि अनुभव हस्तान्तरणका लागी कानुनी व्यवस्था अझै मिलिसकेको छैन । दिगो विकास लक्ष्य –सन् २०१६) २०३०अनुसार सिकाई आदान प्रदान (, क्षमता विकास, प्रविधि हस्तान्तरण र ज्ञानको सञ्जालीकरणका लागी शिक्षक पेसागत सहयोगका लागी राष्ट्रिय तथा अन्तराष्ट्रिय संघसस्थाहरु विच सञ्जाल विकास गर्ने अति कम विकसित मुलुकका लागी दिइएको सुविधाको उपयोग हुन सकेको छैन । शिक्षक पेसागत सहयोगका लागी अवसरहरुमा विविधता ल्याउने कार्य हुन सकेको छैन । शिक्षक सहयोग प्रणाली स्थापना गरी शिक्षक पेसागत सहयोगलाई प्रभावकारी बनाउन नगरपालिकाले आवश्यक कार्यक्रम ल्याउन पर्ने आवश्यक देखिएको छ ।

## शिक्षक क्षमता विकास कार्यक्रम

पेसागत रुपमा सक्षम, र अभिप्रेरित शिक्षकबाट नै कक्षाकोठाको शिक्षण सिकाइमा सुधार आउन सक्छ । यसका निम्ती शिक्षकलाई पेशागत विकासका अवसरहरु उपलब्ध हुन आवश्यक छ र शिक्षकको पेसागत विकासका विभिन्न तौरतरिकाहरु छन् । शिक्षक तालिम, कार्यशाला सेमिनार कन्फरेन्स, क्रियात्मक अनुसन्धान, शिक्षकहरुको सिकाई सञ्जाल, अवलोकन भ्रमण, मेन्टरिङ आदि अवसरहरुबाट शिक्षकको पेसागत विकास सम्भब हुन्छ । हाल संघीय संरचनाको कार्यन्वयन संगै शिक्षक तालिम तथा विकासका लागी प्रदेशस्तरमा एक तालिम केन्द्र मात्र रही बिगतमा रहेका अन्य संरचनाहरु हटेका छन् ।

राष्ट्रिय शिक्षा नीति, २०७६ अनुसार सबै प्रकारका विद्यालयमा अध्यापन गर्ने शिक्षकका लागि राष्ट्रिय शिक्षक सक्षमताको मापदण्ड निर्धारण गरी सोको आधारमा निरन्तर पेसा विकास सञ्चालन गर्ने उल्लेख छ। यसै गरि आधारभुत तहका शिक्षकले बिषयगत शिषण, बहुकक्षा शिक्षण, कक्षा शिक्षण पद्दति सम्बन्धी ज्ञान सिप हासिल गर्ने गरि सिकाइ प्रभाबकारी प्रयोग गर्न सक्ने गरी शिक्षक तालिम र क्षमता विकास कार्यक्रमहरु सञ्चालन गरिने समेत ब्यबस्था गरिएको छ।

राष्ट्रिय शिक्षा निति, २०७६ ले स्थानीय तहले बिद्यालयको केन्द्र बिन्दु बनाएर शिक्षकको निरन्तर पेसागत विकास कार्यक्रमहरु जस्तैः कष्टमाइज तालिम, कार्यशाला, सेमिनार अवलोकन भ्रमण, प्रतिबिम्बन, शिक्षक नेटर्वक, सहकार्यात्मक रुपमा गरिने अनुसानधान, मेन्टरिङ, कोचिङ आदिको ब्यबस्था गरेको छ। साथै सो नीतिमा सूचना तथा संचार प्रबिधिको क्षेत्रमा भएको तिब्र विकाससंगै तालिम दिने पद्धती समेत परिमार्जन गरी आमने सामने, बिद्यालयमा आधारित, मिश्रित, अनलाइन तथा भर्चुअल पद्दतिबाट तालिम सञ्चालन गरिने उल्लेख छ।

शिक्षक पेसागत विकासका कार्यक्रमहरु सञ्चालनका लागि मापदण्ड बनाउने, प्रारुप बनाउने, तालिम पाठ्यक्रम विकास गर्ने र प्रशिक्षण सञ्चालन गर्ने कार्य शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट हुँदै आएको छ।

हाल प्रदेशस्तरीय शिक्षा तालिम केन्द्रले अनलाइन तथा अफलाइन बिधिबाट तालिम सञ्चालन गर्दै आइरहेको अबस्था छ। हाल सञ्चालनमा रहेको शिक्षा क्षेत्र योजनाले समेत शिक्षकको पेसागत विकासमा जोड दिएको छ।

बिद्यालय क्षेत्र विकास योजना अवधिमा आधारभुत तथा माध्यमिक तहमा अध्यापन गर्ने बिज्ञान, गणित, अंग्रेजी बिषयका शिक्षकहरुको शिक्षण क्षमता विकासका लागि टिपिडि तालिम सञ्चालनमा प्राथमिकता राख्ने कार्य भइरहेको थियो। शैक्षिक तालिम केन्द्रले ठूलो सङ्ख्यामा शिक्षकहरुलाई प्रमाणीकरण तालिम प्रदान गर्न कठिन भएको अबस्था छ। यसै गरी शिक्षक तालिमलाई बास्तबिक आबश्यकतामा आधारित बनाउन तालिममा सिकेका ज्ञान तथा सिपहरुको कक्षा कोठामा प्रयोग गर्नमा समस्या देखिएको छ। यसका लागि छायाँनाथ रारा नगरपालिकाको समन्वयमा बार्षिक रुपमा शिक्षक क्षमता विकास कार्यक्रम संचालन गर्ने योजना बाएको छ।

### ४.२.३ उद्देश्य

१शिक्षक तया .रीको गुणात्मक पक्षको पुनरावलोकन गरी तयारिको वर्तमान स्वरुप तथा प्रक्रियामा परिर्वतन गरी सक्षम शिक्षक आपुर्ति गर्नु,

२. शिक्षक विकास तथा निरन्तर पेसागत सहायता प्रणाली सञ्चालनमा सहयोग गर्नु,

३सबै तहमा . तहगत, कक्षागत तथा विषयगत शिक्षकहरु व्यवस्थापन सुनिश्चित गर्नु,

४ .नगरपालिका भित्र शिक्षक विकास तथा निरन्तर पेसागत सहायता प्रणाली स्थापना गर्नु,

५. आबश्यक प्रोत्साहान, निरन्तर पेसागत विकास र सिकाइ आदन प्रदान कार्यक्रमका माध्यमबाट सबै तहमा सक्षम, प्रतिबद्ध र अभिप्रेरित शिक्षकको प्रबन्ध गर्नु ।

६. सुपरिवेक्षण, शिक्षक तालिम र शिक्षक सक्षमता प्रारुपको प्रभाबकारी कार्यान्वयन गर्नु।

७ शिक्षकको निरन्तर पेसागत .विकासका अवसरको स’निशिचतता गर्नु।

### ४.२.४ रणनीतिहरु

- शिक्षक बिद्यार्थी अनुपातको आधारमा तहगत, क्षेत्रगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान/दरबन्दी पुनर्वितरण तथा यवस्थापन गरिने छ।
- रिक्त दरबन्दीमा स्थानीय तहद्वारा शिक्षकको व्यवस्थापन गर्न पहल गर्ने।
- शिक्षकको निरन्तर पेसागत विकासका लागि सङ्घ तथा प्रदेशको समन्वयमा शिक्षण सीप विकास लगायतका सेवाकालीन तालिम सञ्चालन गर्ने
- स्थानीय शिक्षक पेसागत सहयोग प्रणाली मार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराइने छ। यसका लागि पालिकामा बिषयगत शिक्षक सञ्जाल तथा आबश्यकता अनुसार अनुभबि शिक्षकबाट सहयोग तथा मेन्टरिङ पद्धती विकास गरिने छ।
- शिक्षकको उपस्थिती, नियमितता र कार्यसंपादनमा सुधार गरि नतिजा प्रति जवाफ देही हुने पद्धती विकास गर्ने।
- शिक्षक ताथा प्रधानाध्यापकको बृति विकासलाई बिद्यार्थीको सिकाइ सुधारसंग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्ती विकास गर्ने ।

### ४.२.५ उपलब्धी

१ .दरबन्दी मिलान सम्पन्न भई विषयगत र कक्षागत रूपमा शिक्षकको व्यवस्थापन भएको हुनेछ।

२. सक्षम र अभिप्रेरित शिक्षकको ब्यबस्था भई बिद्यार्थीको सिकाइमा सुधार हुने।

३. शिक्षकहरूलाई निरन्तर पेशागत विकासका अवशरहरू प्राप्त भएको हुनेछ।

### ४.२.६ प्रमुख क्रियाकलापहरु तथा लक्ष्य

तालिका ४.२

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | ईकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य (पहिलो ५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| शिक्षक पेसाप्रति आकर्षण नियुति | | | | | | | | | | |
| १ | मेधावी बिद्यार्थीइ सहज तरिकाले शिक्षण पेसामा प्रबेश गराउने गरि कानुनी ब्यबस्था गर्ने पहल गर्ने | प्रतिशत | १०० | २० | ३० | ३० | २० | १०० | १०० | निरन्तर |
| २ | कार्यसम्पादनका आधारमा प्रोत्साहान तथा सुबिधा दिने। | जना | २०० | २० | ३० | २० | २० | १० | १०० | १०० |
| ३ | सरुवा बढुवालाई बस्तुनिष्ठ बनाउने गरी कानुनी ब्यबस्थाका लागि पहल गर्ने। | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ४ | पाठ्यक्रममा आधारित आधारभुत तह (कक्षा १–५) मा बहुकक्षा बहुस्तर, कक्षा शिक्षक , आधारभुत कक्षा १–६ र माध्यमिक तहमा बिषयगत शिक्षक नियुक्ति गर्ने मार्गचित्र तयार गर्न माथिल्लो निकायमा पहल गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| ५ | अस्थायी तथा बिद्यालय स्रोतबाट नियुक्त शिक्षकहरुको ब्यबस्थापनका लागि उपयुक्त मापदण्ड तथा निदेर्शिका निर्माण तथा कार्यान्वियन गर्न पहल गर्ने। | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| शिक्षक तयारी | | | | | | | | | | |
| १ | शिक्षण सिकाइ प्रक्रिया र मुलयाङकन बिधिमा सुधार गरि गुणस्तर सुधार गर्ने। | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | शिक्षक बन्नका लागि हालको योग्यतालाई बृद्धि गर्नका लागि पहल गर्ने (प्रारम्भिक बालविकास-पुर्ब प्रथमिक  शिक्षा र कक्षा १-३ का लागि कक्षा १२ उत्तीर्ण कक्षा ४-८ का लागि स्नातक तह उत्तीर्ण र कक्षा ९-१२ का लागि स्नाकोत्तर भएको सुनिश्चीतता गर्ने) | पटक | ३ | ० | १ | ० | १ | ० | २ | १ |
| ३ | अपाङगता भएका ब्यक्ति, महीला, सीमान्तकृत वर्गका शिक्षकहरुलाई शिक्षक पेसामा सहभागी गाराउन क्षमता अभिबृद्धि कार्यक्रम सञ्चालन गर्ने | पटक | ४ | ० | १ | १ | १ | १ | ४ | निरन्तर |
| ४ | नयाँ नियुक्ति पाएका शिक्षकहरुले बिषेश तालिमको ब्यबस्था गर्ने | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| शिक्षण सिकाई | | | | | | | | | |
| १ | नियमित शिक्षण क्रियाकलाप प्रभाबकारी बनाउन मापदण्ड विकास गर्ने र कार्यान्वयनकोलागि  पहल गर्ने | पटक | १ | ० | १ | ० | ० | ० | १ | १ |
| २ | कमजोर बिद्यार्थीका लागि बिशेष सहयोगी कक्षा सञ्चालन गर्ने उपचारात्कम शिक्षण पद्दति लागु गर्ने । | विद्यालय | ४५ | १० | १० | १० | १० | ९ | ४९ | निरन्तर |
| ३ | दृष्टि समबन्धी अपाङगता भएका सबै बालबालिकाका लागि ब्रेललिपि माध्यमबाट र श्रवण सम्बन्धी अपाङगता भएका लाइ साङकेतिक भाषा बाट सिक्ने ब्यबस्थाका लागि पहल गर्ने | पटक | ४५ | ४५ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ४५ | |
| ४ | प्रत्येक माध्यमिक बिद्यालयमा एक पुस्तकालयको प्रबन्ध गर्ने प्रत्येक आधारभुत कक्षामा पुस्तक कुनाको ब्यबस्था गर्ने | बिद्यालय | ४५ | ० | १० | १० | १० | १० | ४० | ५ |
| ५ | प्रत्येक बिद्ययालयमा कम्तीममा एक ICT LAB को प्रबन्ध गर्ने | संख्या | ४५ | ० | १५ | १० | १० | १० | ४५ | निरन्तर |
| ६ | प्रत्येक बिद्ययालयमा उपकरण/ बिज्ञान सामाग्रीयुक्त कम्तीमा एक बिज्ञान प्रयोग शालाको ब्यबस्था गर्ने | संख्या | ४५ | ५ | १० | १० | १० | १० | ४५ | निरन्तर |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | प्राबिधिक तथा ब्यबसायिक शिक्षा धारको पढाइलाई ब्यबहारिक र सिपमा आधारित बनाउन प्रयोगात्मक पक्षमा जोड दिने र यसकालागि प्रत्यक आ. वि र मा .वि ,विद्यालयमा सुबिधायुक्त प्रयोगशालाको प्रबन्ध  गर्ने । | विद्यालय | १० | ० | २ | २ | २ | २ | १० | निरन्तर |
| ८ | योग्य,दक्ष र उत्प्रेरित शिक्षकको ब्यबस्थाबाट शिक्षण सिकाईलाइ बिद्यार्थी केन्द्रीत परियोजनामा आधारित समूह कार्यमा आधारित प्रयोगात्मक कार्यमा आधारित बनाउने गरि शिक्षण तथा सिकाइ सामाग्री विकास गर्ने | सेट | १ | १ | १ | १ | १ | १ | १ | |
| ९ | प्रत्येक बिद्ययालयमा उच्च गतिको इन्टरनेट सेवाको उपलब्धता मार्फत शिक्षण सिकाइमा सूचना तथा संचार प्रबिधिको प्रयोगलाइ बढाउने | सेट संख्या | ४५ | ५ | १० | १० | १० | १० | ४५ | |
| १० | निरन्तर बिद्यार्थी मुल्याङकन प्रणलीमा सुधार गर्ने गरि सहजीकरण पुस्तिका विकास गरि लागु गर्ने । | बिद्यालय | ४५ | ५ | १० | १० | १० | १० | ४५ | |
| १२ | बिद्यार्थीको सिकाइ सुनिश्चित गर्ने शिक्षकले काममा बिताउने समय सुनिश्चित गर्ने प्र.अ.लाई जिम्वार बनाउने । | पटक | ४५ | ५ | १० | १० | १० | १० | ४५ | |
| १३ | सुपरिवेक्षणलाई बिद्यालयमा आधारित बनाउन बिद्यालयका प्रधानाध्यापक अनुभबि शिक्षक वा मेन्टर बिषय बिज्ञ र समकक्षी शिक्षकबाट सुपरिवेक्षण गराउने गरि ३ दिने क्षमता विकास तालिम सञ्चालन गर्ने । | पटक | ५ | १ | १ | १ | १ | ५ | ५ | |
| शिक्षक पेसागत सहयोग पद्धती | | | | | | | | | | |
| १ | शिक्षक पेसागत सहयोग मार्गदशन विकास गर्ने | पटक | १० | १ | १ | १ | १ | १ | ५ | ५ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | कार्यबिधिका आधारमा सिकाइका लागि शिक्षकहरुको ई सञ्जाल समूह बनाउने। | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| ३ | शिक्षक मेन्टरीङ कार्यक्रम सञ्चालनका लागि क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| ४ | अन्तर विद्यालय असल अभ्यासको अवलोकन भ्रमण गराउने। | पटक | १० | १ | १ | २ | २ | ४ | १० | निरन्तर |
| ५ | सिकाइ आदानप्रदान,क्षमता विकास, प्रबिधि हस्तान्तरण र ज्ञानको संञ्जालीकरणका लागि शिक्षक पेसागत सहयोगका लागि गठन भएका राष्ट्रिय तथा अन्तराष्ट्रिय संघसंस्थाहरुको बिच सञ्जाल विकास गर्ने। | पटक | २ | ० | १ | ० | १ | ० | २ | निरन्तर |
| ६ | बिद्यालयमा आधारित नियमित र प्रभाबकारी अनुगमन तथा सुपरिवेक्षण संयन्त्र विकास गरि कार्यन्वयन गर्ने | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| ७ | प्रधानाध्यापकबाट नियमित रुपमा शिक्षकको कार्यसम्पादनको अनुगमन तथा मुल्याङकन गर्ने। | पटक | २० | ० | ४ | ४ | ४ | ४ | १६ | ४ |
| ८ | शिक्षकलाई प्रामर्श कार्य गर्न, अध्ययन अनुसन्धान, अनुगमन गर्ने तथा बिज्ञ सेवा प्रदान गर्नेका लागि स्थानीय तहमा सेवा निवृत्त बिज्ञ टोलि गठन गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ९ | सहपाठि कक्षा अवलोकन गर्ने (प्रत्येक शिक्षकले प्रत्येक महीनामा कम्तीमा २ ओटा कक्षा अवलोकन र पृष्ठपोषण आदान प्रदान) | कक्षा | ६०० | ५० | १०० | १०० | १०० | १०० | ४५० | १५० |
| | शिक्षक पेसागत विकास | | | | | | | | | |
| १ | शिक्षक पेसागत विकास कार्यक्रम सञ्चालन गरि बिद्यालयमा आधारित शिक्षक सहायता पद्धती स्थापना गर्ने | विद्यालय | ४५ | ४५ | ४५ | ४५ | ४५ | ४५ | ४५ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | बालमनोबैज्ञमनिक सिकाइ सिप, आधारभुत तह कक्षा १ देखी ५ मा पठाउने शिक्षकका लागि कक्षा शिक्षण सम्बन्धी अन्तरसम्बनधीत बिषय बस्तुलाई समेत समेटी मागका आधारित छोटो अवधिको तथा पुनर्ताजगि अनलाइन र अफलाइन शिक्षक तालिम सञ्चालन गर्ने | जना | २०० | ० | ५० | ५० | ५० | ५० | २०० | |
| ३ | प्रत्येक शैशिक सत्रको सुरुमै शैक्षिक गोष्ठि तथा सेमिनार सञ्चालन गर्ने । | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| ४ | बिद्यालय तहमा शिक्षकको निरन्तर पेसागत विकास गर्ने प्रधानाध्यापकलाई जिम्बेवारी बनाउनका साथै शिक्षकको निरन्तर पेसागत विकास कार्यलाई बिद्यार्थीको सिकाइ उपलब्धी संग आबद्ध गर्ने | बिद्यालय | | ४५ | ४५ | ४५ | ४५ | ४५ | ४५ | |
| ५ | एक महिने प्रधानाध्यापक शैशिक नेतृत्व विकास तालिमलाइ पनि १५ दिनको तालिम केन्द्रमा आधारित शैक्षणिक नेतृत्व सिप विकास समन्वय सिप विकास र बाँकि १५ बिद्यालय आधारित अभ्यास केन्द्रीत बनाउने । | जना | | २० | ३० | ४० | ५० | ५० | १९० | |
| ६ | टिपिडी तालिम संगै १० दिनको प्रशिक्षक प्रशिक्षण तालिम संञ्चालन गर्ने । | जना | ४०० | ५० | ७५ | ७५ | ७५ | ७५ | ३५० | ५० |
| ७ | बहिरा बालबालिकालाई शिक्षण गर्न सांकेतिक भाषाको प्रयोग सम्बन्धी शिक्षक क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने | पटक | | १ | १ | १ | १ | १ | ५ | |

## ४.३. शैक्षिक समता र समावेशीकरण

### ४.३.१ परिचय

नेपाल सामाजिक साँस्कृतिक विविधता भएको मुलुक हो । यहाँ विभिन्न भाषिक, सांस्कृतिक तथा जात जातिगत समुदायहरूको बसोबास छ । नेपाली समाजको यो विविधतालाई एकातिर पहिचान तथा सार्मथ्यका रुपमा लिने गरिनेछ भने अर्कोतिर ऐतिहासिक रुपमा यही भिन्नतका आधारमा सामाजिक विभेद र बञ्चितीकरणमा परेका समुदायहरू पनि छन् । उदाहरणका लागि दलित तथा सिमान्कृत समुदाय, नेपाली बाहेक अन्य मातृभाषा बोल्ने समुदाय, अल्पसंख्यक साँस्कृतिक समुदायहरू, ऐतिहासिक रूपमा सामाजिक, आर्थिक तथा शैक्षिक बञ्चितीकरणमा पर्न गई अहिलेसम्म पनि यस्तो बञ्चितीकरणको असर कुनै न कुनै रूपमा देखिने गरेको छ । भौगोलिक क्षेत्रगत, आर्थिक स्तरगत तथा लैङ्गिक भिन्नताको प्रभाव पनि शैक्षिक पहुँच, सहभागिता र नतिजामा परिरहेको देखिन्छ । त्यसैगरी विभिन्न किसिमका अपाङ्गता भएका बालबालिकाहरू तथा कठिन परिस्थितिमा रहेको बालबालिकाहरूमा शिक्षाको पहुँच पुर्याई सहभागी बनाउन थप प्रयास आवश्यक छ ।

उल्लेखित विविधता भएको नेपाली समाजमा विविधतालाई पहिचान दिनु, सम्मान गर्नु, सेलीब्रेसन गर्नु र व्यक्तिगत भिन्नताको कदर गरी विविधतालाई प्रोत्साहित गर्नु आवश्यक छ । बालबालिकामा भएका उल्लेखित लगायतका भिन्नताले पहुँच, सहभागिता तथा नतिजामा फरक नपर्ने अवस्था सृजना गरी समता कायम गर्नु आवश्यक छ । यस्तो समताले अवसरको समानता मात्र सृजना नगरी अवसर असमान हुनाका कारण पहिचान गरी तिनलाई समान बनाउन विशेष तथा थप प्रवन्ध गर्नु पर्दछ । समता अभिवृद्धि सहित विविधतालाई समावेश गर्न प्रत्येक बालबालिकाले स्वीकारिएको र महत्व दिएको महसुस गर्नु पर्दछ । यस प्रकारको शिक्षामा विविधता, समता र समावेशीताको प्रवर्धन गर्नु आवश्यक छ । यो सामाजिक न्याय स्थापित गर्न शिक्षामा सबैको पहुँच तथा सहभागिताको अधिकार सुनिश्चित गर्ने कार्य भएकाले महत्वपूर्ण र अत्यावश्यक छ ।

समता तथा समावेशीता सम्बन्धी केही रणनीति तथा क्रियाकलापहरू प्रारम्भिक बालबालिका शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षा लगायत अन्य अन्तर सम्बन्धित विषयगत खण्डमा पनि समावेश गरिएको भए पनि उल्लिखित उप-क्षेत्रसँग अन्तरसम्बन्धित महत्वपूर्ण विषयका रुपमा यसलाई अलग्गै प्रस्तुत गरी योजनाको समग्र खाका समावेश गरएिको छ । त्यसैले अन्य खण्डमा समावेश भएका रणनीति तथा क्रियाकलापहरूको सम्बन्धित उपक्षेत्रको समग्र क्रियाकलापलाई सङ्गठित र अन्तरसम्बन्धित गर्न सहयोग गरे तापनि समता तथा समावेशीता सम्बन्धी समग्र योजना विकास गरी अरू उपक्षेत्रसँग सम्बन्धित गराउन यसले सहयोग गर्ने छ । सोह्रौ योजनाले समेत गुणस्तरीय शिक्षा स्वास्थ्य, तथा सिप विकासका सबै क्रियाकलापमा सबै लिङ्ग वर्ग क्षेत्र र समुदायका नागरिकहरुलाई अवसर सुनिश्चित गर्दै सक्षम मानव पुजी निर्माण गर्ने तथा प्रारम्भिक बालविकासदेखि सबै तह र प्रकारको शिक्षालाई पहुँचयोग्य, समावेशी र गुणस्तरीय, समयसापेक्ष एवम् जीवनोपयोगी बनाइ सक्षम तथा प्रतिस्पर्धि जनशक्ति मार्फत मुलुकको समग्र विकासमा योगदान पुर्याउने रहेको छ ।

### ४.३.२ वर्तमान अवस्था

समाजमा विविध किसमका नागरिकहरु हुने हुन्छन । सवैको सहज पहुँचमा शिक्षाका अवसर पाउन अपाङ्गता, भूगोल, आर्थिक तथा सामाजिक रुपमा पछाडि पारिएका व्यक्ति समूहको समतापूर्ण सहभागिता सुनिश्चित गर्नु नेपालको सविधानले परिकल्पना गरेको छ । शिक्षामा पहुँच र सहभागिता मौलिक हकको रुपमा रहेको छ । समानता र समता तथा सहभागिता स्थान विशेषमा फरक फरक हुने भएकोले

यसलाई सहि तवरले कार्यान्वयन गर्नु चुनौतिपूर्ण भएको भएपनि स्थानीय तहको सरकारबाट हुनु पर्नेछ। विभिन्न कारणले अझै पनि दलित अल्पसंख्यक विपन्न तथा अपाङ्गता भएका र दुर्गम भूगोलमा वसोवास गर्ने वालवालिकाहरुका लागि शैक्षिक पहुँच समान अवसरको रुपमा पुगेको देखिदैन। शिक्षाको पहुँच गुणस्तरमा समता भावले काम गरेर सवैको सहभागिता सुनिश्चित गर्नु पर्ने देखिन्छ। शिक्षा आफैंमा एक सामाजिक कार्य भएकोले शिक्षामा सवैको पहुँच तथा सहभागिताको अधिकार सुनिश्चित गर्ने अति छ।

छायाँनाथ रारा नगरपालिकामा रहेका ४५ वटा सामुदायिक बिद्यालयहरुमा जम्मा ६६८७ (जनजाती ४५ जना, दलित २०८३ जना) बिद्यार्थीहरु रहेका छन। जम्मा बिद्यार्थीमा छात्रा जम्मा ३४३४ रहेका छन। विभिन्न किसिमले सामाजिक र आर्थिक रुपमा पछाडी परेका बालबालिकाहरुको लागि विभिन्न किसिमका सहयोगहरु प्रदान गरिएको छ। विभिन्न कारणहरु जस्तै आर्थिक अबस्था, सामाजिक अबस्था तथा अन्य लैंगिक अबस्थाका कारण विद्यालयको सेवा र पहुँचभन्दा बाहिर रहेका बालबालिकाको लागि बिद्यालय तथा शिक्षाको पहुँचमा ल्याउनको लागि छात्रवृति, शैक्षिक सेवा तथा परामर्शहरु र संघीय सरकारबाट प्राप्त दिवा खाजा र छात्रबृति आबश्यकता अनुसारको अन्य शैक्षिक सामग्री प्रदान गर्ने कार्य गरिएको छ। बिद्यालय सेवा क्षेत्र भित्र रहेका हरेक विद्यार्थीलाई बिद्यालयको सेवाको पहुँचमा ल्याउनका लागि यस नगरपालिकाले हर प्रयास गरेको छ। नगरपालिकाले अपाङ्गता भएका बालबालिकाको एकिन तथ्याङ्क संकलन तथा अद्याबधिक गरी वर्ग अनुसारको परिचय पत्रको प्रभावकारी व्यबस्था, अपाङ्तामैत्री भौतिक संरचनाः शौचालय, खानेपानी, फर्निचर लगायतका पूर्वाधारको अभाव, तथा अपाङ्गता भएका बालबालिकाको लागि सहजीकरण गर्न शिक्षक तालिम तथा शैक्षिक सामग्रीहरुको अभाव जस्ता चुनौतीहरु रहेका छन्। शिक्षामा सबै तहको लगानी वृद्धि गर्ने, दिवा खाजा, छात्रावृत्ति लगायत विद्यार्थी सहुलियत कार्यक्रमलाई एकिकृत प्रणाली बमोजिम कार्यान्वयन गर्ने, उच्च शिक्षामा लगानी साझेदारीको नीति अवलम्बन गर्दै शिक्षामा निजी क्षेत्र र विकास साझेदार तथा गैर आवासीय नेपालीको स्रोत समेत परिचालन गर्ने; योजनाको अन्त्यसम्ममा कुल बजेटको २ प्रतिशत बजेट अनुसन्धान तथा विकासमा लगाउन; उच्च शिक्षामा आधुनिक प्रविधिको प्रयोग गरी दूर सिकाइलाई प्राथमिकतामा राखेर दुर्गम बस्तीका विद्यार्थीलाई समेत अध्ययन गर्न सकिने गरी प्रणालीको विकास गर्ने; अटिजम लगायत सबै प्रकारका अपाङ्गता भएका बालबालिकाको शिक्षामा पहँचु सुनिश्चित गर्न पर्ने अवस्था रहेको छ। विभिन्न कारणले अपाङ्गता भएका विद्यार्थीहरुलाई आधारभूत तहको शिक्षा स्थानीय विद्यालयमै उपलब्ध गराउन आवस्यक व्यवस्था गर्नुपर्ने अवस्था छ।

### ४.३.३ उद्देश्य

- महिला, दलित, जनजाती, लोपोन्मुख समुदाय, अपाङ्गता भएका, कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका, आर्थिक रूपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक कारणले बञ्चितिमा परेका व्यक्तिहरूलाई शिक्षामा पहुँच पुर्याउने,
- लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि गरी गुणस्तर सुनिश्चित गर्ने,
- विविधता, समता एवम् समावेशी शिक्षाका मूल्य, मान्यता अनुकुल गुणस्तरीय सेवा प्रवाह गर्ने जनशक्तिको दक्षता र सक्षमता सुनिश्चित गर्ने,
- शैक्षिक सुशासनका लागि विद्यमान संरचनालाई जवाफदेही बनाउने,
- पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाइ क्रियाकलापलगायत समग्र शैक्षिक प्रणालीमा विविधता, समता तथा समावेशीता अभिवृद्धि गरी विद्यालयलाई बालमैत्री बनाउने,

- विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार र हेपाई नहुने सुनिश्चितता गर्ने,
- मैत्रीपूर्ण भौतिक संरचनाहरु निर्माण गर्ने।

### ४.३.४ रणनीतिहरू:

- घरधुरी सर्वेक्षण गरी बालबालिकाहरूको अवस्था तथा आवश्यकता पहिचान गरी सो अनुसार पहुँच र सहभागिताको प्रबन्ध मिलाइने।
- सबै विद्यालयमा लैङ्गिक तथा अपाङ्गमैत्री भौतिक अवस्था तथा शैक्षिक वातावरणको विकास गरी विशेष लक्षित समूहका सबै बालबालिकाहरूलाई शिक्षा उपलब्ध गराइने।
- आवश्यकतामा आधारित बैकल्पिक शिक्षा कार्यक्रमका विभिन्न नमूनाहरूको विकास गरी पहुँच सुनिश्चित गरिने।
- स्थानीय पाठ्यक्रम मार्फत तथा अन्य तवरले शिक्षण सिकाइमा स्थानीय भाषा, संस्कृति, भूगोल, इतिहास, ज्ञान तथा सीप समावेश गरिने।
- सहयोगको आबश्यकता भएका बालबालिकाको लागि आवश्यकता अनुसार पोशाक, स्टेशनरी तथा सिकाइ सामग्रीका लागि छात्रबृत्ति उपलब्ध गराइने।
- सिकाई क्रियाकलापलाई सहभागितामूलक बनाइ विद्यार्थीका आवश्यकतालाई सम्बोधन गरिने।
- विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुव्र्यवहार, हेपाइ नहुने वातावरणको सृजना गरिने।

### ४.३.५ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि:**

विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित हुने

**प्रमुख नतिजाः**

| क्र. सं. | प्रमुख नतिजा | आधार बर्ष २०८१८/२ | २०८२८/३ | २०८३८/४ | २०८४८/५ | २०८५८/६ |
|---|---|---|---|---|---|---|
| १ | आधारभूत तह १-५ विद्यालय बाहिर रहेका छात्रा | ३.४ | ३ | २ | १ | ० |
| २ | आधारभूत तह ६-८ विद्यालय बाहिर रहेका छात्रा | ४.७ | ४ | ३ | २ | १ |
| ३ | आधारभूत तहमा लैङ्गिक समता सुचक | १.०१ | १ | १ | १ | १ |
| ४ | माध्यमिक तह ९-१० विद्यालय बाहिर रहेका किशोरीहरुको प्रतिशत | २.८ | २ | १ | १ | ०.५ |
| ५ | माध्यमिक तहमा लैङ्गिक समता सुचक | १.०९ | १.०५ | १ | १ | १ |
| ६ | आधारभूत तह १-८ को दलित छात्रा-छात्रको प्रतिशत | ०.९८ | १ | १ | १ | १ |
| ७ | पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाई प्रक्रिया लगायत समस्त शैक्षिक प्रणालीमा विविधता, समता र समावेशिता अभिवृध्दी भएका विद्यालय | ५ | १५ | १० | १० | ५ |
| ८ | अपाङ्गता, गरिब, विपन्न, अभिभावक विहिन, बेसहारा बालबालिकाहरूको अलभिलेख अद्यावधिक | १ | १ | १ | १ | १ |
| ९ | विविधता, समता एवंम समावेशी शिक्षाका मान्यता अनूकूल शैक्षिक सुशासन कायम भएका विद्यालय | ० | १५ | ३० | ४५ | ४५ |
| १० | तोकिए बमोजिम छात्रवृत्ती एव प्रोत्साहन वितरण गरेका विद्यालय | ४५ | ४५ | ४५ | ४५ | ४५ |
| ११ | महिला, दलित, जनजाती, लोपोन्मुख समुदाय, अपाङ्गता भएका, कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका, आर्थिक रूपले विपन्न, द्धन्द प्रभावित तथा सामाजिक कारणले बञ्चितिमा परेका सबै बालबालिकाहरूले शिक्षा प्राप्त गर्ने अवसरकालागि मापदण्डको निर्धारण | १ | १ | १ | १ | १ |
| १२ | लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि भई गुणस्तर सुधारका लागि आवस्यक क्रियाकलाप गर्ने | २ | ३ | ४ | ५ | ५ |
| १३ | विविधता, समता एवम् समावेशी शिक्षाका मूल्य, मान्यता अनुकूल गुणस्तरीय सेवा प्रवाह गर्ने जनशक्तिको दक्षता र सक्षमता सुधारका लागि क्षमता विकास क्रयाकलाप सञ्चालन | १ | १ | १ | १ | १ |
| १४ | सबै विद्यालयहरू विभिन्न तबरमा मैत्रीपूर्ण हुने | १० | १० | १० | १० | ५ |

### ४.३.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष

तालिका ४ ३.

| क्र. सं. | नतिजा अनुसार प्रमुख कार्यक्रम | इकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य (५ वर्ष) | | | | | जम्मा | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | शिक्षाको मूलप्रबाह बाहिर रहेका र नरहेका सवै बालबालिकाहरूको तथ्याङ्क संकलन र बिश्लेषण गर्ने | पटक | १० | १ | १ | १ | १ | १ | ५ | ५ |
| २ | सबैप्रकारका विभेदको अन्तका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ३ | लक्षित बर्गको लागि छात्रवृत्ती वितरण | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ४ | विद्यालयमा गनुासो सनुवुाई अधिकारीको व्यवस्था सहित प्रणालीको व्यवस्था गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ५ | विद्यालयमा बालक्लबहरूको गठन गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ६ | विद्यालयमा जिम्मेवारी सहितको लैङ्गिक सम्पर्क व्यक्ति तोक्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ७ | विद्यालयबाहिरका बालबालिकाहरू रहेका विपन्न दलित, समदुायमा विव्यस, अभिभावक, शिक्षकहरूको संलग्नतामा घरदैलो कार्यक्रमसञ्चालन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ८ | बालिका तथा समावेशी शिक्षा संजाल संचालन | पटक | ५ | १ | १ | १ | १ | १ | | |
| ९ | लागु पदार्थ दुर्ब्यशनी सचेताना कार्यक्रम संचालन  आधारभूत र)माध्यमिक विद्यालयहरुमा ( | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| १० | छात्राहरुका लागि निः शुल्क सेनिटरी प्याड वितरण | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ११ | दलित तथा अती विपन्न छात्राहरूलाई सरकारी तथा सार्वजनिक सेवामा पहुँच | पटक | ५ | १ | १ | १ | १ | १ | | |
| १२ | आवश्यकता अनुसार समता र समावेशीरूपमा पेशागत तालिमको व्यवस्थापन गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| १३ | विपन्न दलित, लोपोन्मुख र अती विपन्न छात्राहरूलाई उच्च शिक्षा अध्ययन छात्रवृशत्त | जना | ५ | ५ | ५ | ५ | ५ | ५ | २५ | निरन्तर |

## ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

### ४.४.१ वर्तमान अवस्था

बालबालिकाको शैक्षिक पहुँच, सहभागिता र सिकाई स्तर अभिवृद्धी गर्ने र उनीहरूको स्वास्थ्य तन्दुरुस्त राख्न सामुदायिक विद्यालयमा खाजा कार्यक्रम सञ्चालित छ। तत्कालिक रूपमा बालबालिकाको भोक न्युनीकरण गर्दै उनीहरूको पोषण तथा स्वास्थ्य स्थितिमा सुधार गरी शैक्षिक पहुँच, सहभागिता, निरन्तरता र सिकाई स्तर समेत अभिवृद्धी गर्ने दिर्घकालीन लक्ष्यका साथ दिवा खाजा कार्यक्रम आधारभूत विद्यालय तहमा विगत केही वर्ष देखि कार्यान्वयनमा छ। यसको दायरा प्रतिवर्ष विस्तार हुँदै गएको छ। नेपालको संविधानले आधारभूत तहसम्मको शिक्षा अनिवार्य तथा निशुल्क र प्रत्येक नागरिकलाइ खाद्य: सुरक्षा समेत प्रत्याभतू गरेको छ। दिगो विकासका लक्ष्यमा गरिबी न्युनिकरण, भोक उन्मुलन र सबैलाई गुणस्तरीय आधारभूत शिक्षा सुनिश्चित गर्ने राष्ट्रिय प्रतिबद्धता व्यक्त गरिएको छ। आर्थिक रूपमा विपन्न, मानव विकास सूचकाङ्कमा पछि परेका समदुायका बालबालिकालाई दिवा खाजासहित निशुल्क शिक्षा: सुनिश्चित गरिने व्यवस्था अनिवार्य तथा नि: शुल्क शिक्षा ऐन २०७५ ले गरेको छ। विद्यार्थीको स्वास्थ्य तथा पोषणको अवस्था उनीहरूको संज्ञानात्मक क्षमता, शैक्षिक उपलब्धि, गुणस्तरीय जीवन तथा समाजका लागि विभिन्न पक्षमा योगदान गर्ने क्षमतालाई प्रभाव पार्ने भएकाले उनीहरूको स्वास्थ्य तथा पोषणको अवस्था राम्रो बनाइनु आवश्यक हुन्छ। विद्यालयमा हुने सरसफाई तथा स्वच्छताको अभ्यास तथा शिक्षाले बालबालिकाको स्वास्थ्यमा सकारात्मक प्रभाव पर्ने भएको हुँदा आवश्यक परिपाटीको व्यबस्था मिाउनु सम्बन्धित स्थानीय तह र विद्यालयको जिम्मेवारी भित्र पर्दछ। यसले बालबालिकाको भावी जीवनका लागि सरसफाई तथा स्वच्छताको अभ्यासमा सहयोग गर्नाका साथै परिवार तथा समदुायमा पनि यसले सकारात्मक प्रभाव पर्ने भएको हुँदा आवश्यकता अनुरुप सरसफाई र स्वच्छतामा सुधार आवश्यक छ। यस छायाँनाथ रारा नगरपालिका अन्तरगतका विद्यालयहरूमा भर्ना दर वृद्धि गर्ने, शिक्षाको पहुँच बढाउने, स्वास्थ्य, पोषणमा सुधार ल्याउने, कक्षा छोड्ने र दोहोर्याउने दर अन्त्य गर्ने, बिद्यार्थीलाई कक्षामा नियमितता गराउने र सामुदायिक विद्यालयमा आकर्षण गराउने उद्देश्यले बालबालिकालाई दिवा खाजा उपलब्ध गराउँदै आएका छन्। दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रम अन्तरगत विभिन्न प्रयासहरूको बाबजुद यस नगरपालिका अन्तरगतका विद्यालयहरूमा दिवा खाजा, स्वास्थ्य तथा पोषण र सरसफाई तथा स्वच्छताको प्रभावकारीतालाई अझै व्यवस्थापन गर्नु पर्ने, सबै विद्यालयमा स्वास्थ्यकर्मीको व्यवस्था गर्नु पर्ने, विद्यालय खाजाका लागि उपयक्तु स्वरूप निर्धारण गरी पौष्टिक तथा स्वस्थकर विद्यालय खाजा सुनिश्चित गर्नु पर्ने, विद्यालय दिवा खाजा कार्यक्रमलाई स्थानीय कृषि तथा व्यापारसँग जोड्नुपर्ने र सरसफाई तथा स्वच्छताका लागि मापदण्ड विकास गरेर कार्यान्वयन गर्नुपर्नेजस्ता चुनौतीहरू पहिचान गरिएको छ। संविधानले प्रत्याभुत गरेको निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा कार्यान्वयनका लागि बनेको निःशुल्क तथा अनिवार्य शिक्षा ऐन, २०७५ एवं निएमावली, २०७७ ले दिवा खाजाको प्रावधानलाई कानुनी रुपमा स्थापित गरेको छ। बालवालिकाको वृद्धि विकास र सिकाईका लागी पौष्टिक खाना तथा खाजा निर्णायक हुने कुरा अध्ययन अनुसन्धानबाट पुष्टि गरिएको छ। खाना भोक मेटाउनका लागि मात्र नभई शरीरलाई आवश्यक पर्ने पोषक तत्व आपूर्तिका लागि पनि आवश्यक छ।

स्वस्थ शरिरमा स्वस्थ मस्तिष्कको निर्माण हुन्छ भन्ने मान्यतालाइ आत्मसाथ गर्दै नेपाल सरकारले आ.व २०८१/२०८२ का लागि पनि कक्षा ५ सम्मका सबै विद्यार्थीहरुका लागी दिवा खाजा सञ्चालन गर्नका लागी बजेट विनियोजन गरिएको छ। विद्यार्थीको स्वास्थ्य तथा पोषणको अवस्थाले गुणस्तरीय जीवन जिउन सहयोग गर्नुका साथै समाजका विभिन्न पक्षमा योगदान गर्न सक्ने सक्षम जनशक्ति उत्पादन गर्न सहयोग गर्ने भएकोले स्वास्थ्य तथा पोषण सम्बन्धि ज्ञान प्रदान गर्नु आवश्यक छ। विद्यार्थीहरुले स्वास्थ्य तथा पोषण सम्बन्धि आवश्यक ज्ञान हासिल गरी उक्त ज्ञानको अभ्यासले आफ्नो घर परिवार तथा समुदायमा सकारात्मक प्रभाव पार्दछ। यस छायाँनाथ रारा नगरपालिका अन्तर्गतका ४५ वटै सामुदायिक विद्यालयहरुमा नेपाल सरकारको पन्ध्रौ योजनामा बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तरगत विद्यालयमा आधारित पोषण कार्यक्रमलाई महत्व दिएको थियो भने सोह्रौ योजनामा सोही कार्यक्रमको तेस्रो चरण कार्यान्वयनमा उच्च प्राथमिकताका आधारमा सुक्ष्म पोषक तत्वको कमिलाई कम गर्न सप्लिमेन्टफोर्टिफिकेसन तथा खाध्य विवि,धीकरणमा स्थानीय एवम् रैथाने खाध्यान्न उत्पादन गर्नेखाध्य तथा पोषण सुरक्षा सुनिश्चित गर्न मौलिक एंवम रैथाने उत्पादनमा जोड दिने ,, प्रकृति मैत्री उत्पादन प्रणालिलाई अनुसरण गर्दै दिगो उपयोगको पद्दति अवलम्वन गर्ने कुरा उल्लेख गरिएको छ।

### ४.४.२ उद्येश्य

- बालबालिकालाई स्वस्थ्य एवं पौष्टिक आहार प्राप्तिको सुनिश्चितता गर्नु।
- स्वास्थ्य, पोषण र सरसफाई तथा स्वच्छता सम्बन्धि सेवाको गुणस्तर वृद्धि गरी बालबालिकाको सिकाई उपलब्धि स्तर वृद्धि गर्नु।
- बालबालिकाको शारीरीक, मानसिक तथा संवेगात्मक पक्षको विकास गर्नु।

### ४.४.३ रणनिती

- दिवा खाजा कार्यक्रमलाई विस्तार गर्दै आधारभूत तहसम्मका सम्पूर्ण बालबालिकालाई बिद्यालयमा दिवा खाजा उपलब्ध गराउने र अभिभावकको संलग्नतामा माध्यमिक तहसम्मका बिद्यार्थीहरूलाई दिवा खाजाको प्रबन्ध गर्ने।
- विभिन्न सुविधाहरुको विस्तार गरी दिवा खाजा कार्यक्रमलाई व्यवस्थित गर्ने।
- सबै विद्यालयहरुमा प्रयाप्त स्वच्छ पिउने पानीका साथै सरसफाइ सामाग्री व्यवस्थापन गर्ने।
- दिवा खाजा व्यवस्थापनका लागी स्थानीय स्तरको कृषि उत्पादित वस्तुलाई प्राथमिकता दिईने।
- दिवा खाजा सहित स्वास्थ्य तथा पोषण कार्यक्रमलाई दिगो र प्रभावकारी बनाउन तिनै तहका सरकारसंग साझेदारी, अभिभावक सक्रीयता र गैह्र सरकारी संस्थाहरुसंग आवश्यक सहयोगका लागी पोषण अन्तरगत न्यून रकमलाई वृद्धि गर्नका लागी आवश्यक तयारी गर्ने।
- सबै विद्यालयहरुमा सफाई सामाग्री सहित शौचालयको व्यवस्थापन गर्ने।
- विद्यालयमा स्वास्थ्य परिचालिकाको व्यवस्था गरी आवश्यक पर्ने प्राथमिक उपचार किट, विद्यार्थीहरुको आवधिक स्वास्थ जाँचका साथै छात्राहरुका लागी महिनावारी स्वच्छताको व्यवस्थापनलाई प्रभावकारी बनाउने।
- विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलगअलग शौचालय तथा युरिनल, किशोरीहरूका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबारको व्यवस्था गर्ने।
- विद्यालयमा अतिरिक्त क्रियाकलाप, खेलकुद र पोषण व्यवस्थापनका लागी आवश्यक कार्यक्रम सञ्चालन गर्ने

### ४.४.४ उपलब्धि तथा नतिजा :

**उपलब्धि**

- विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषण अवस्थामा सुधार भई शारीरिक, मानसिक तथा संवेगात्मक विकासमा सुधार आई विद्यार्थीको भर्ना दरमा वृद्धि हुनुका साथै विद्यार्थीको उपस्थितिमा नियमितता भई कक्षा तथा विद्यालय छोड्ने दर कमि हुनेछ।

**प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र . सं. | प्रमुख नतिजा | आधार बर्ष २०८१\|८२ | २०८२\|८३ | २०८३\|८४ | २०८४\|८५ | २०८५\८६ |
|---|---|---|---|---|---|---|
| १ | सवै विद्यालयमा दिवा खाजा, स्वास्थ्य तथा पोषण र सरसफाइ सम्वन्धि कार्यक्रम संचालन गर्ने | ४५ | ४५ | ४५ | ४५ | ४५ |
| २ | स्वास्थ्य तथा पोषण र स्च्छता सम्वन्धि मापदण्ड तर्जुमा तथा कार्यन्वयन | १ | १ | १ | १ | १ |
| ३ | दिवाखाजा तथा पोषण सम्बन्धि चाहिने आवश्यक सामाग्री आपूर्तिको लागी स्थानीय कृषक समूहलाई तालिम तथा सहयोग | ० | १० | १५ | २० | ११ |
| ४ | प्रयाप्त शुद्ध पिउने पानी तथा  सफाइ सामग्री व्यवस्थापन | १० | १० | १० | १५ | ११ |
| ५ | महिनावारी स्वच्छताका लागी आवश्यक सुरक्षित व्यवस्थापनमा सहयोग | १० | १५ | १५ | १० | ६ |
| ६ | कक्षा ६ देखि कक्षा ८ सम्म  दिवा खाजाको व्यवस्थापन | ० | ० | १४ | १४ | १४ |
| ७ | विद्यार्थीको भर्नादरमा वृद्धि भएका विद्यालय संख्या | ० | ० | ३ | ३ | २ |
| ८ | विद्यार्थीको स्वास्थ्य तथा पोषणमा सुधार आउनेछ। | २५ | २५ | २५ | २५ | १०० |
| ९ | कक्षा छोड्ने र कक्षा दोहोर्याउने दरमा कमि प्रतिशतमा | ९२ | ९३ | ९३ | ९४ | ९७ |
| १० | विद्यार्थीलाई विद्यालयमा नियमित उपस्थित गराउने विद्यालय संख्या | ४३ | ४५ | ४५ | ४५ | ४५ |
| ११ | विद्यार्थीहरुलाई शारीरीक, मानशिक तथा संवेगात्मक पक्षमा स्वस्थ बनाई गुणस्तरिए शिक्षा प्रदान गर्ने विद्यालय संख्या | ३९ | ४२ | ४४ | ४५ | ४५ |

### ४.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

तालिका ४.४

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | दिवा खाजाका लागि आवश्यक सामग्रीको व्यवस्थापन भएका बिद्यालय | वटा | ४५ | ६ | ६ | ६ | ६ | ६ | ३० | १५ |
| २ | स्वस्थकर तथा पौष्टिक दिवा खाजाको प्रबन्ध भएका बिद्यालय | वटा | ४५ | ६ | ६ | ६ | ६ | ६ | ३० | १५ |
| ३ | दिवा खाजाको लागि चाहिने खाद्य सामाग्री आपूर्तिमा भाग लिने स्थानीय कृषि सहकारी, किसान समूहलाई तालिम तथा सहयोग | जना | २५० | ३० | ३० | ३० | ३० | ३० | १५० | १०० |
| ४ | विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलग अलग शौचालय भएका बिद्यालय | वटा | ४५ | ४५ | ४५ | ४५ | ४५ | ४५ | ४५ | ४५ |
| ९ | कक्षा ६ देखि १२ सम्मका छात्राहरूलाई महिनावारी स्वच्छताको लागि स्यानीटरी प्याडको उपलब्धता र वातावरणमैत्री व्यवस्थापन भएका बिद्यालय | वटा | १४ | १४ | १४ | १४ | १४ | १४ | १४ | १४ |
| १० | आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि र शुक्ष्मपोषक तत्त्व प्रदायक ट्यावलेटहरू भिटामिन ए र आइरन), फोलिक एसिड आदि प्रदान( भएका बिद्यालय | वटा | ४५ | ४५ | ४५ | ४५ | ४५ | ४५ | ४५ | ४५ |
| ११ | विद्यालयलाई प्राथमिक उपचारको किट प्रदान | वटा | ४५ | ५ | १० | १० | १० | १० | ४५ | ४५ |
| १२ | विद्यालयलाई प्राथमिक उपचारको किट प्रयोग सम्बन्धि अन्तरक्रिया र पुनर्ताजगी तथा तालिम | पटक | ९ | ० | १ | १ | १ | १ | ४ | ५ |

## ४.५ विद्यालयमा सुरक्षा, विपत न्यूनीकरण तथा उत्थानशीलता

### ४.५.१ वर्तमान अवस्था

आपतकालिन तथा संकटपर्ण अवस्थामा बालबालिकाले सिक्न पाउने अधिकारको सुनिश्चतताको लागि आपतकालिन तथा संकटकालिन अवस्थामा शिक्षाको सन्दर्भ जोडिएको हुन्छ । यस अवधारणा अन्तर्गत शिक्षा क्षेत्रमा देखापर्ने सम्भावित जोखिमको पूर्वतयारी, आपतकालिन अवस्थामा क्षति कम हुने गरी तत्काल विद्यालय तहको शिक्षा सेवाको सुचारुपनाको व्यवस्थापन, आपतकाल पश्चात क्षतिको आपूर्ण सम्वन्धि कार्य ढाचाँलाई समेटेर यो उप क्षेत्र अन्तर्गत उद्देश्य, रर्णनीतिहरूको तर्जुमा गरिएको छ। प्राकृतिक तथा मानवीय प्रकोप, कोभिड- १९ को कारण बालबालिकाको सिकाइ र शिक्षा प्राप्त गर्ने अधिकारमा अवरोध पुगेको अवस्थाबाट पाठ सिकी आपतकालिन अवस्थामा शिक्षाको कार्यढाचाँ निर्माणको कार्य, यो योजनाको खण्डमा समावेश गरिएको छ । द्वन्द, महामारी तथा प्राकृतिक प्रकोपको अवस्थामा पनि बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गर्दै सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपाय सहितको शैक्षिक कार्यक्रमलाइ आपतकालिन तथा संकटपूर्ण अवस्थामा शिक्षाको रूपमा लिने गरिन्छ। यसको मूल उद्देश्य् विभिन्न कारणले उत्पन्न संकटकालिन अवस्थामा बालबालिका लगायत शिक्षासँग सम्बद्ध व्यक्ति, परिवार तथा समुदायको जीवन रक्षा, प्रकोपबाट सिर्जित संकटको व्यवस्थापन, सामाजिक द्वन्द तथा हिंसा र दुरुपयोगबाट बालबालिकालाई सुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निवार्ध रूपमा क्रियाशील हुनेगरी शैक्षिक कार्यक्रमहरुको तयारी तथा सञ्चालन गर्नु हो।

आपतकालिन तथा सङ्कटपूर्ण परिस्थितिमा बालबालिकाहरूले प्राप्त गर्न पाउनुपर्ने विद्यालय तहको शिक्षाको अधिकारलाई सुनिश्चितको लागी माथि उल्लेखित विद्यमान नीतिगत व्यवस्था भए तापनि स्थानीय तहको शिक्षामा कार्यान्वयनको प्रभावकारिता कम देखिन्छ। आपतकालिन अवस्थामा शिक्षाको भूमिकालाई सामान्य उद्धार कार्यका रूपमा हेरिनु एक ठूलो चनुौतीको विषय बनेको छ। अहिले आपतकालिन अवस्थाको लागि शिक्षा महत्वपूर्ण अनिवार्य कार्यक्रमका रूपमा स्थापित गर्नु अति आवश्यक देशखन्छ। त्यसैले शिक्षाको भूमिका यस नगरपालिकाको शैक्षक व्यवस्थामा पनि सुनिश्चितता गर्नु जरुरी छ। सामान्य समयभन्दा आपतकालिन अवस्थामा शिक्षाका विषयवस्तु, विधि र सामग्री फरक हुन्छन्। यस नगरपालिकामा अधिक हिमपात, भूकम्प तथा खडेरी, अधिक हावा हुरी , बाढि पहिरो, डडेलो र असीना पानी सम्भावित मुख्य बिपदहरू हुन्। यस्तो अवस्थामा बिपदको अवस्थामा पनि यस नगरपालिकाको शिक्षा निरन्तर होस् भनि यसका उद्धेश्य, रणनीति, उपलब्धि, नतिजा र प्रमुख क्रियाकलापहरु निर्धारण गरिएको छ।

### ४.५.२ उद्धेश्य

- औपचारिक तथा अनौपचारिक शिक्षाको माध्यमबाट सम्भावित विपद्को पूर्व सावधानी र तयारीको वातावरण तयार गर्ने।
- सम्भावित विपद्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासको लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको तयारी गर्ने।
- विपद् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास गर्ने र पूर्व तयारीका लागि आधार तय गर्ने।
- विपदबाट बालबालिकामा पर्ने असर न्यूनीकरण गर्ने।

### ४.५.३ रणनीति

- विपद्को समयमा शिक्षण सिकाइका गतिविधिहरुलाई निरन्तरता दिन पूर्वतयारी, व्यवस्थापन, प्रतिकार्य र पूर्नस्थापना सम्बन्धी आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधिहरू तयार गरि कार्यान्वयन गरिने ।
- सम्भावित प्रकोप तथा विपद् सम्बन्धी पूर्वसावधानी, प्रकोपबाट बच्ने उपायहरूको बारेमा जानकारी तथा सिप विकास गरिने ।
- महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिने बैकल्पिक उपायहरूको खोजी र प्रयोग गरिने ।
- सम्पूर्ण विद्यालयहरुको विपत जोखिमको अवस्था मुल्याङ्कन गर्ने र प्राथमिकीकरण गर्ने ।
- बिद्यालयले विद्यालय सुधार योजनामा विपत विषयमा तयार पारेको योजनाको प्रभावकारी रुपमा सहकार्य र समन्वय गरेर कार्यान्वयन गरिने ।
- विपत प्रतिकार्यका लागि आबश्यक सीप, ज्ञान र स्रोत तयारी गरिने ।

### ४.५.४ प्रमुख उपलब्धी तथा नतिजा

**उपलब्धि**

- विद्यालय र शिक्षा प्रणालीमा विपद् तथा प्रकोप व्यवस्थापनको लागि पूर्वतयारी, प्रतिकार्य, पूनर्स्थापना तथा पूनर्उत्थान योजना तथा क्षमता विकास हुने ।
- विपद् तथा संकटपूर्ण अवस्थामा शैक्षिक क्रियकलापहरू निरन्तर रुपमा संचालन हुने ।
  विपत जोखिम न्यूनीकरणका लागि योजना निर्माण हुने ।

**प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष**

| क्र.सं. | प्रमुख नतिजा | आधार वर्ष २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|
| १ | स्थानीय तहमा संकटासन्नता मूल्यांकनका आधारमा योजना निर्माण | १ | १ | १ | १ | १ |
| २ | हरित विद्यालय सङ्ख्या | ४ | ८ | १४ | २० | २३ |
| ३ | बिपद जोखिम न्यूनीकरण सम्बन्धी शिक्षक तथा वि.व्य.स तालिम | १ | २ | ३ | ४ | ५ |
| ४ | निरन्तर र सुरक्षित सिकाइका लागि शिक्षक विद्यार्थी सम्मिलित कार्य समूह निर्माण र परिचालन | ५ | १० | १५ | २० | २५ |
| ५ | जलवायू परिवर्तन तथा दीगो विकास सम्न्धी कार्यक्रम सञ्चालन गर्ने विद्यालय संख्या | ० | ५ | १० | १५ | १५ |

### ४ ५.५. प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

तालिका ४.५

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | विपत् तथा प्रकोप व्यवस्थापन नीति तथा मापदण्ड पुनरावलोकन तथा निर्माण | पटक | ९ | ० | १ | १ | १ | १ | ४ | ५ |
| २ | विपत् तथा प्रकोप सम्बन्धी स्थानीय तह र विद्यालयको क्षमता विकास | पटक | १० | १ | १ | १ | १ | १ | ५ | ५ |
| ३ | शिक्षाका सवै उपक्षेत्रमा उल्लेखित आपतकालीन तथा संकटपूर्ण अवस्थामा गर्न सकिने विधिमा वैकल्पिक उपाय सहित योजना बनाउने तथा कार्यान्वयन गर्ने | पटक | १० | १ | १ | १ | १ | १ | ५ | ५ |
| ४ | विपत् पूर्वतयारी, प्रतिकार्य, पुनर्स्थापना तथा उत्थानशीलताका लागि सचेतना; शिक्षक, वि.व्य.स तथा शिक्षक अभिभावक संघहरुलाई तालिम | जना | ५०० | ५० | ७५ | ७५ | ७५ | ७५ | ३५० | १५० |
| ५ | हरित विधालय प्रवर्द्धन | वटा | ४५ | ४ | ८ | १४ | २० | २३ | ४५ | ४५ |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१ बर्तमान अवस्था

यस छायाँनाथ रारा नगरपालिका भित्र रहेका ४९ विद्यालयहरु मधये ४५ वटा सामुदायिक र ५ वटा संस्थागत विद्यालयहरु छन्। आधारभूत १ ५ तहका २८ वटा-र १ ८ तह-६ वटा, मावि ११०- तहका ८ वटा र १ १२-का २ वटा विद्यालयहरु सञ्चालनमा रहेका छन्। यी विद्यालयहरुमा जम्मा २४२ वटा कक्षाकोठा रहेका छन् जसमा ३८ कक्षाकोठा कच्चि रहेका छन। साथै पुस्तकालय कोठा ६ वटा, विद्यालय प्रयोगशालाको रुपमा ७ वटा कोठा छ ,विद्यालय कार्यालय कोठा १४ वटान् भने यस नगरपालिकालाई ६४ वटा कोठा अपुग देखिन्छ। माध्यमिक तह सञ्चालन भएका विद्यालयहरुमा पुस्तकालय र विज्ञान प्रयोगशालाको व्यवस्था रहेता पनि आधारभुत तहको विद्यालयहरुमा पर्याप्त व्यवस्थापन हुन सकेको छैन। सबै विद्यालयहरुमा विद्यालय प्रशासन सञ्चालनका लागि कम्तिमा एक वटा कोठा उपलब्ध रहेको अवस्था छ। विद्यार्थी संख्या धेरै भएका विद्यालयहरुमा अझैपनी शिक्षण सिकाइको लागि कक्षाकोठा अपुग रहेको छ। त्यसैगरि कच्ची भवन र कक्षाकोठाहरुलाई पुनःनिर्माण गर्नुपर्ने अवस्था रहेको छ। यस नगरपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयहरु मध्ये ३८ कच्ची भवनहरुमा नयाँ निर्माण गर्नुपर्नेमा २१ वटा र स्तरोन्नती तथा पुनःनिर्माण गर्नेपर्ने १३ वटा ५ वटा भान्सा, कोठा निर्माण गर्नु पर्ने देखिन्छ। साथै विद्यालयका प्राथमिकता प्राप्त सक्षमताभित्र रहेका कक्षाकोठा तथा छात्राका लागि बेग्लै शौचालयको प्रबन्ध समेत पूरा भएका विद्यालय ३५ रहेका छन। भौतिक पुर्वाधार निर्माण सम्बन्धी मापदण्ड २०८० अनुसार विद्यालय भवन निर्माण गर्नूपर्ने, विद्यालयहरुमा प्रयाप्त कक्षाकोठा व्यवस्थापन गर्नुपर्ने, सबै विद्यालयहरुका भवनहरु अपाङ्गमैत्री र लैंगिक समतामूलक सुरक्षित मापदण्ड पुरा गरी निर्माण हुनुपर्ने। समयानुकुल छात्रछात्रामैत्री थप शौचालय निर्माण गर्नु पर्ने देखिन्छ।

### ४.६.२ चुनौती र अवसर

भौतिक पुर्वाधार विकाससँग सम्बन्धित चुनौतिहरु अन्तर्गत भौतिक पुर्वाधारको स्वरुप तथा यसका लागी आवश्यक भुमिका, भौतिक पुर्वाधार विकासका विधि तथा प्रक्रियालाई गुणस्तरीय, पारदर्शि एंव जवाफदेही बनाउनु, आवश्यक स्रोतको व्यावस्थापन गर्नु, भौगोलिक विकटता, भौतिक पुर्वाधारहरुलाई अपाङ्गमैत्री, लैङ्गिक मैत्री, सिकाई मैत्री तथा वातावरण अनुकुलन बनाउनु पर्ने, निमार्ण कार्यलाई विवाद र उजुरी रहित बनाउनु, समुदायलाई अपनत्व ग्रहण गर्ने वातावरण बनाउनु, पुर्वाधारका कार्यक्रम वितरण गर्दा न्यायपूर्ण र निष्पक्षताका आधारमा वितरण गर्नु, भौतिक पुर्वाधारका कार्यक्रम वितरण गर्दा तीन तहका सरकार बीच समन्वयको वातावरण नहुनु, स्थानीय आवश्यकता र उपलब्ध स्रोतको आधारमा निमार्णको लागत ईष्टिमेट गर्नु, आदी यस नगरपालिकाका भौतिक पूर्वाधार सम्बन्धि चुनौतीहरू हुन।

भौतिक पुर्वाधार विकासको सन्दर्भमा अवसरहरु पनि पर्याप्त देखिन्छन्। विद्यालय व्यावस्थापन समितिका पदाधिकारीहरु र जनप्रतिनिधिहरुले विद्यालयको अन्य पक्षलाई भन्दा पुर्वाधार निमार्णको पक्षलाई बढी महत्व र चासो दिनु, तीनै तहका सरकारबाट विद्यालय पूर्वाधारका लागी बजेट र कार्यक्रमको व्यावस्था गर्नु, विद्यालय पूर्वाधार निमार्णमा विभिन्न गैरसरकारी संस्थाहरुले समेत योगदान गर्नु, भौतिक पूर्वाधार निमार्णमा समुदायको योगदान निरन्तर हुनु, २०७२ को भुकम्पपछि निमार्ण हुने भौतिक पूर्वाधारहरुलाई भुकम्प प्रतिरोधि हुनेगरी निमार्ण गर्न अनिवार्य गरिनु आदिलाई अवसरको रुपमा लिन सकिन्छ।

### ४.६.३ उद्देश्य

१. विद्यालय भौतिक पूर्वाधार निर्माण सम्बन्धी मापदण्ड २०८० अनुसार केन्द्रमा सहजीकरण समिति र स्थानीय तहमा स्थानीय तहस्तरीय विद्यालय पूर्वाधार विकास समितिको व्यवस्था गर्ने।

२. सबै विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक सुविधा सुनिश्चित गर्न पूर्वाधार विकास मर्मत संभार तथा सबलीकरण , गर्नु
३. जलवायु परिवर्तनका असरबाट सुरक्षित हुन Climate Smart Infrastructure बनाउन परामर्श गर्नु
४. गुणस्तरीय पुर्वाधार विकास एंवम विस्तारका लागी पारदर्शि एंव जफावदेही प्रणालीको विकास गर्नु। विद्यालय पुर्वाधार निमार्णको पहुँचलाई मागका आधारमा भन्दा पनि वास्तविक आवश्यकताका आधारमा उपलब्ध गराउनु।
५. भौतिक पूर्वाधारका हिसावले विद्यालयहरुलाई अभावमुक्त बनाउन।
६. अन्तर सरकार र अन्य सरोकारवाला बीच समन्वय सहकार्य गर्नु।

### ४.६.४ रणनीति

१. भौतिक पूर्वाधार विकासका लागि सञ्चालित विद्यालयको तहविद्यार्थी सङ्ख्याको प्रक्षेपण , र भौगोलिक क्षेत्रको आधारमा मापदण्ड विकास गर्ने।
२. विद्यालयमा पूर्वाधार विकासका सबै कार्य एकै पटक गर्ने गरी पूर्ण विद्यालय निर्माणको अवधारणा कार्यान्वयन गर्ने ।
३. भौतिक पूर्वाधार विकासका लागि सञ्चालित विद्यालयको तहविद्यार्थी सङ्ख्याको प्रक्षेपण , र भौगोलिक क्षेत्रको आधारमा मापदण्ड विकास गर्ने
४. एक विद्यालयमा पूर्वाधार विकासका सबै कार्य एकै पटक गर्ने गरी पूर्ण विद्यालय निर्माणको अवधारणा कार्यान्वयन गर्ने
५. विद्यालय पूर्वाधार विकासका लागि संघ प्रदेश र स्थानीय तहको लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापन गरी , सरोकारवालाको सहभागितामा कार्यान्वयन हुने प्रबन्ध गर्ने
६. विद्यालयलाई सुरक्षित बनाउन आवश्यकतानुसार सबलीकरण तथा पुनर्निर्माण एवम् मर्मत सम्भार गर्ने
७. पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवम् वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि गर्ने
८. भौतिक निर्माणको स्रोत परिचालनमा तीन तहका सरकारबीच समन्वय कायम गरी एकद्वार प्रणालीको अपनाउने
९. विद्यालय भौतिक पूर्वाधार विकासमा स्थानीय समुदाय, सरकारी एवम् गैरसरकारी तथा समुदायमा आधारित सघसंस्थाको परिचालन गरी साझेदारीमा निर्माण कार्य गर्ने।

### ४.६.५ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. सबै विद्यालयमा बालमैत्री, अपाङ्गमैत्री पर्याप्त भौतिक संरचना निर्माण हुने।
२. विद्यालयका भौतिक संरचना बाल मैत्री, अपाङ्गता मैत्री र सुरक्षित हुने
३. सबै विद्यार्थीहरुलाई सुरक्षित र उपयुक्त भौतिक अवस्था सहितको विद्यालयमा अध्यायन गर्ने अवसर प्रर्याप्त भएको हुनेछ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | भूकम्प प्रतिरोधी विद्यालय | ७२ | ६ | ६ | २ | २ | ८८ |
| २ | नयाँ निर्माण गर्नुपर्ने कक्षाकोठा सङ्ख्या | १० | ४० | ४० | ८ | १० | ९८ |
| ३ | सबलीकरण गर्नुपर्ने कक्षाकोठा सङ्ख्या | १८ | १४ | १० | १० | ० | ५२ |
| ४ | नयाँ निर्माण गर्नुपर्ने शौचालय सङ्ख्या | ६ | ५ | ५ | २ | ० | १८ |
| ५ | बाढी पहिरो लगायतका प्रकोप न्यूनीकरणका लागि कार्य गर्नुपर्ने विद्यालय सङ्ख्या | ४ | ३ | १ | १ | ० | ९ |
| ६ | बिद्यालय घेरवार | ३ | ३ | ३ | ४ | ० | १३ |
| ७ | छात्रबास | ० | १ | १ | १ | ० | ३ |

### ४.६.६ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

तालिका ४.६

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | लक्ष्य | परिमाणात्क लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | विद्यालय भवन निर्माण गरिनुपर्ने विद्यालय संख्या | विद्यालय | १६ | ० | ८ | ६ | २ | ० | १६ | निरन्तर |
| २ | विद्यालय भवनको को सबलीकरण गरिनुपर्ने विद्यालय संख्या | सङ्ख्या | ३४ | ० | १४ | १० | १० | | ३४ | निरन्तर |
| ३ | विद्यालयमा बनेका संरचनाको सम्बर्धन तथा मर्मत सम्भार र फर्निचर व्यवस्थापन | विद्यालय | १५ | ६ | ४ | ५ | ० | ० | १५ | निरन्तर |
| ४ | छात्रा र छात्रलाई अलग्गै शौचालय तथा पानी तथा सरसफाइको प्रबन्ध | विद्यालय | २५ | ० | ५ | ५ | ५ | ५ | १५ | ५ |
| ५ | प्रारम्भिक बालविकासका लागि पानी तथा सरसफाइका साथै अलग्गै शौचालयको व्यवस्थापन | विद्यालय | ४५ | ५ | ५ | १० | १० | १० | ४० | ५ |
| ६ | अपाङ्ता मैत्री संरचना निर्माण | विद्यालय | २० | ७ | ४ | २ | २ | २ | १७ | ३ |
| ७ | विद्यालय भौतिक निर्माणमा वातावरणीय र सामाजिक सुरक्षासम्बन्धी रुजुसूची भर्ने | विद्यालय | ४५ | १० | १० | १० | १० | ५ | ४५ | निरन्तर |

## ४.७ विधालयमा सूचना तथा सञ्चार प्रविधि

### ४.७.१ परिचय

सबै नागरिकहरुमा देश विकासका लागि आवश्यक ज्ञान तथा सीप विकास गराउनु र नेपाललाई विश्वव्यापी समुदायमा आवद्ध गराउनु शिक्षाको दीर्घकालिन उद्धेश्य रहेको छ। विश्व प्रतिस्पर्धी, श्रमवजारको माग अनुरुपको जनशक्ति उत्पादनको लागि विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिमा जोड दिनु अपरिहार्य छ। नेपालको संविधान, २०७२ ले सूचनाको हकमा प्रत्येक नागरिकको आफनो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र प्राप्त गर्ने हक हुनेछ भनि मौलिक हकमा उल्लेख गरेको छ। शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुऱ्याई डिजिटल भिन्नता कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षा सिकाइको साधनका रूपमा प्रयोग गरी सिकाइ सुधार गर्ने, सबैका लागि शिक्षामा पहुँच पुऱ्याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्दतिलाई कुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभूतिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई सहयोग पुऱ्याउनु पर्दछ। त्यसैगरी नेपालको सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ ले सूचना तथा सञ्चारका संरचनामा पहुँच पुऱ्याउने विषयमा नीति निर्धारण गरेको छ भने शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरूयोजना कार्यान्वयन गर्ने लगायतका नीतिहरू उल्लेख गरेको छ। डिजिटल नेपालको कार्यढाँचा, २०७६ ले विद्यालय तथा क्याम्पसहरूमा सूचना तथा सञ्चार प्रविधि शिक्षा, जियोस्पासियल र जिआइएस )Geospatial/GIS शिक्षा प्रदान गर्ने र शिक्षा ( क्षेत्रको सूचना तथा सञ्चार प्रविधि शिक्षासम्बन्धी क्षमता विकास गर्ने र सबैका लागि सूचना प्रविधी सम्बन्धी साक्षरता प्रदान गरेको छ। नेपाल सरकारले २०७६ सालमा स्वीकृत गरेको राष्ट्रिय शिक्षा नीति र विज्ञान तथा प्रविधि प्रवर्धन नीतिमा पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्वन्धी नीतिहरू उल्लेख गरिएको छ । उक्त शिक्षा नीतिमा सबै विद्यालय तथा शिक्षण संस्थाहरूमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी संरचना तयार गर्ने, कनेक्टिभिटी पुऱ्याउने, तालिम, शिक्षण सिकाइ तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामाग्रीको व्यवस्थापन र जनशक्ति संरचना तयार पार्ने जस्ता विषय उल्लेख गरिएको छ ।

### ४.७.२ वर्तमान अवस्था

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले सूचना तथा सञ्चार प्रविधिलाई विद्यालय शिक्षामा शैक्षिक रूपान्तरणका लागि विषय, विषयवस्तु र माध्यमका रूपमा प्रयोग गर्ने गरी पाठ्यक्रम विकास गर्ने; सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई सुनिश्चित गर्न पाठ्यक्रम, पाठ्यसामग्री विकास एवं तिनको विद्युतीय प्रतिको उपलब्धतालाई जोड दिने; डिजिटल साक्षरता, प्रविधिमा आधारित सिकाइ सहजीकरणका लागि अन्तरक्रियात्मक विद्युतीय सामग्री विकास गर्ने; सिकाइ सहजीकरण प्रक्रियालाई प्रविधिमा आधारित बनाउन अत्यावश्यक सिकाइ वातावरण विकासलाई प्राथमिकता दिइने व्यवस्थाको उल्लेख गरेको छ । तसर्थ सूचना तथा प्रविधिमा विद्यार्थीहरुको सहभागिता वृद्धि गर्न सबै विद्यालयहरुको ICT सम्बन्धी कार्ययोजना तर्जुमा गरि ICT लाई शैक्षिक क्रियाकलापमा जोड्नु आजको आवश्यकता रहेको छ । सामुदायिक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि प्रयोगको सन्दर्भलाई हेर्ने हो भने केही विद्यालयहरुमा कम्प्युटर प्रविधिसम्बन्धी पठनपाठन हुँदै आएको पाइन्छ तर यो पर्याप्त देखिँदैन। शिक्षा क्षेत्र योजनाले सूचना तथा सञ्चार प्रविधिलाई महत्वपूर्ण कम्पोनेन्टको रूपमा लिइ विद्यार्थीहरूमा सूचना तथा सञ्चार प्रविधी सीपको विकास गराउने, कक्षाकोठामा हुने

शिक्षण सिकाइ क्रियाकलापमा सुधार ल्याउने, सिकाइ सामग्रीको पहुँचमा बिस्तार गर्ने, र शैक्षिक व्यवस्थापन र सेवा प्रवाहलाई प्रभावकारी र चुस्त बनाउनेमा जोड दिएतापनि सामुदायिक विद्यालयमा यसको कार्यान्वयको पाटो कमजोर देखिएको छ । सामुदायिक विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगतर्फ केही सकारात्मक प्रयास तापनि सन्तोष गर्ने अवस्था छैन । यस छायाँनाथ रारा नगरपालिकाको सम्पुर्ण विद्यालयहरुमा कम्प्युटर तथा इन्टरनेटको पहुँच पुर्याउन सकिएको छैन । ICT को प्रयोग गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नका लागि पूर्वाधारको अभाव हुनु, सूचना प्रविधिसम्बन्धी दक्ष मानवीय स्रोतको विकासको कमी हुनु, पाठ्यक्रममा कम्प्युटर शिक्षा लगायतका प्रविधिसम्बन्धी विषयको व्यापकता नहुनु, सबै विषय, तह र कक्षाका पाठ्यसामग्री डिजिटाइजेसन हुन नसक्नु जस्ता समस्या र चुनौतीको कारण यस पालिका अन्तर्गतका विद्यालयहरूको शिक्षामा सूचना तथा सञ्चारको प्रयोगलाई व्यापक बनाउन सकिएको छैन ।

### ४.७.३ उद्देश्य

१. सबैमाविद्यालयमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षाको पहुँच विस्तार गरि कक्षाकोठामा हुने शिक्षण सिकाइ क्रियाकलापमा सुधार ल्याउनु,
२. शिक्षामा समतामूलक पहुँच विस्तारका साथै सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार गर्नु,
३. शिक्षाको समग्र व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रभावकारी, पारदर्शी र समतामूलक बनाउनु ।

### ४.७.४ रणनीतिहरू

१. सबै विद्यालयमा सूरना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणहरूको व्यवस्था गर्ने ।
२. भिन्न कक्षाका लागि तयार गरिएका अन्तरक्रियात्मक तथा डिजिटल सामग्रीको प्रयोग गर्ने ।
३. सिकाइलाई सहजीकरण गर्न सूचना तथा सञ्चार प्रविधिको एकीकृत सिकाइ रणनीतिको छनोट गरी उपयोग गर्ने ।
४. सिकाइको मूल्याङ्कन र पृष्ठपोषण प्रदान गर्न सूचना तथा सञ्चार प्रविधिको उपयोग गर्ने ।
५. शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी नीति र डिजिटल संस्कृतिमा भएको विकासबारे अनुकूल पेसागत व्यवहार प्रर्दशन गर्ने सबै शिक्षकहरूको क्षमता विकास गर्ने ।
६. सिकाइ सहजीकरण प्रक्रियालाई प्रविधिमा आधारित बनाउन अत्यावश्यक सिकाइ वातावरण विकासलाई प्राथमिकता दिने ।
७. शैक्षिक स्रोत सामग्रीहरूमा इन्टरनेटको सुविधा मार्फत विद्यालय र विद्यार्थीहरूको पहुँच विस्तार गरिने ।
८. दृष्टिविहीन तथा सुनाइ क्षमता कमजोर भएका बालबालिकालाई लक्षित गरी तयार गरिएका डिजिटल दृश्य तथा श्रव्य सामाग्रीको उचित प्रबन्ध र प्रयोग गर्ने ।

### ४.७.५ प्रमुख उपलब्धी र नतिजा

**उपलब्धि**

१. विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुग्नुका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आई सुशासन प्रवर्धन हुने ।
२. डिजिटल साक्षरता, प्रविधिमा आधारित सिकाइ सहजीकरणका लागि अन्तरक्रियात्मक विद्युतीय सामग्रीको विकास भएको हुने ।
३. विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तरक्रियात्मक डिजिटल सामग्रीको प्रयोग भएको हुने ।

४. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भई सबैको पहुँच पुग्ने।
५. सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन हुने।
६. सामुदायिक सिकाइ केन्द्रमा सूचना प्रविधिको प्रयोगमा विस्तार हुने।

**gप्रमुख नतिजा तथा परिमाणात्म लक्ष**

| क्र. सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | Internet connectivity भएका विद्यालयको संख्या | २९ | १ | २ | १ | २ | ३५ |
| २ | शिक्षण-सिकाइ क्रियाकलापमा कम्प्युटर लगायतको प्रविधिको उपयोग भएका विद्यालय संख्या | ३० | २ | २ | ३ | ४ | ४१ |
| ३ | मुख्य विषयहरूमा डिजिटल पाठ्यसामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | ४ | १ | २ | ३ | ५ | १५ |
| ४ | व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने विद्यालय प्रतीशत | ३०% | ३५% | ४०% | ४५% | ५०% | ५५% |
| ५ | वैकल्पिक उर्जा तथा विद्युतको पहुँच पुगेका विद्यालय प्रतीशत | ८०% | ८५% | ९०% | ९५% | १००% | निरन्तर |

**४.७.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य**

तालिका ४.७

| क्र.स | प्रमुख क्रियाकलाप | इकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | विद्यालयमा ICT संरचना विस्तार | विद्यालय | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| २ | प्रत्येक विद्यालयमा Internet Connectivity को व्यवस्था तथा सञ्चालन | वटा | ४५ | ० | ४५ | ४५ | ४५ | ४५ | ४५ | निरन्तर |
| ३ | शिक्षकहरूकोक्षमता विकास | पटक | १० | १ | १ | १ | १ | १ | ५ | ५ |
| ४ | विद्यालमा अन्तरक्रियात्मक डिजिटल सामग्रीको उपलब्धता | वटा | ४५ | ८ | ८ | ८ | ८ | ८ | ४० | ५ |
| ५ | IEMIS व्यवस्थापन | विद्यालय | ४५ | ४५ | ४५ | ४५ | ४५ | ४५ | ४५ | निरन्तर |
| ६ | सामुदायिक सिकाइ केन्द्रहरूको क्षमता विकास | पटक | ५ | ५ | ५ | ५ | ५ | ५ | ५ | निरन्तर |
| ७ | विद्यालमा इ हाजिरी व्यवस्थापन तथा सञ्चालन | वटा | ४५ | ० | १० | १० | १० | १० | ४० | ५ |
| ८ | माध्यमिक विद्यालयका अनिवार्य विषयहरुको भर्चुअल कक्षा संचालन | विद्यालय | ४५ | ५ | ९ | ९ | ९ | ९ | ४१ | ४ |
| ९ | प्रविधि मैत्री सिकाइका लागि टेलिभिजन, कम्पयुटर, इन्टरनेट लगायतको व्यवस्थापन | वटा | ४५ | ८ | ८ | ८ | ८ | ८ | ४० | ५ |
| १० | प्रविधि मैत्री सिकाइका लागि टेलिभिजन, कम्पयुटर, इन्टरनेट लगायत प्रयोगका लागि तालिमको ब्यवस्था | पटक | १० | १ | १ | १ | १ | १ | ५ | ५ |

# परिच्छेद ५: अन्य उप-क्षेत्र

## ५.१ उच्च शिक्षाको व्यवस्थापन

### ५.१.१ अवधारणा

मानिसलाई बाँच्नका लागि गाँस, बास र कपास चाहिन्छ, त्यसरी नै वर्तमान परिप्रेक्ष्यमा विश्वसँग प्रतिष्पर्धा गरी समयानुकूल अगाडी बढ्न र सफलता प्राप्त गर्न नभई नहुने चिज हो- शिक्षा । विज्ञान र प्रविधिको यो युगमा कसैले शिक्षा विना अगाडी बढ्छ भन्छ भने त्यो दिवा स्वप्न मात्र हो । प्रतिष्पर्धात्मक युगमा शिक्षामा दिन प्रतिदिन आइरहेको परिवर्तनमा त नपढीकन जीवन चलाउँछु भन्नु कोरा कल्पना मात्र भएकोले नै हामीले विकासको मेरुदण्डका रुपमा शिक्षालाई राखेका छौं ।

नेपालको शैक्षिक इतिहासको कुरा गर्दा बि १९०३ मा जंगबहादुर राणाले शासन सत्ता हातमा लिएर बेलायत भ्रमण पछि अंग्रेजी .सं. शिक्षाबाट प्रभावित भई बि) १९१० मा अंग्रेजी प्रारम्भिक स्कुल .सं.दरबार हाइ स्कूल को स्थापना गरेपछि शिक्षाको थालनी भएको ( पाइन्छ । पहिलो कलेजका रुपमा त्रिचन्द्र कलेज स्थापना भएको छ । त्यसपछि समयसापेक्ष राजनीतिक, आर्थिक र सामाजिक परिवर्तनसँगै शिक्षामा पनि विस्तारै परिवर्तनहरु देखा परे । विद्यालय, कलेज खुल्ने क्रम बढे । २०४६ साल पछिको राजनीतिक परिवर्तनपछि मुलुकको सर्वाङ्गीण विकासका लागि शिक्षा महत्वपूर्ण आवश्यक्ता मनन गरियो र, नेपालको शिक्षामा नीजि क्षेत्रलाई प्रवेश दिइयो । फलस्वरुप बर्तमान अवस्थामा नेपालको शिक्षा प्रणालीमा सरकारी, निजी र अन्तराष्ट्रिय गरी तीन तहबाट अध्ययन अध्यापन हुने गरेको पाइएको छ । बर्तमान शिक्षाको अवस्था नेपाली शिक्षाले स्थापनाको १७२ वर्ष लामो यात्रा तय गर्दा यसको विकासक्रमलाई सरसर्ती नियाल्दा विश्व परिप्रेक्षमा हामी अहिले पनि कछुवाकै गतीमा अगाडी बढिरहेका छौं । देशभर निजी, सरकारी र अन्तराष्ट्रिय तहका विद्यालय, कलेज र विश्वविद्यालयहरुको उपस्थिति रहेको छ । जसमा गुणस्तरीय शिक्षाको कुरा गर्दा निजी तह र अन्तराष्ट्रिय तहबाट दिइने शिक्षाको तुलनामा सरकारी स्तरबाट प्राप्त शिक्षा कमजोर भएको छ । अहिले हामीसँग ९ ओटा पूर्ण विश्वविद्यालय सहित देशभर उच्च शिक्षा दिनखोलिएका कलेजहरुको संख्या धेरैको संख्यामा रहेको छ । जसमा उच्च शिक्षाकै लागि भनेर खोलिएका कलेज र विश्वविद्यालयहरुको संख्या पनि कम छैन । परीक्षा प्रणालीलाई लेटरग्रेडिङ प्रणालीमा लैजानु, विश्वविद्यालय तहमा समेष्टार प्रणाली लागू हुनु, प्रयोगात्मक शिक्षण विधिलाई आत्मसात गर्नु बर्तमान शिक्षा प्रणालीका उपलब्धी हुन् । अहिले संरचनागत कुरा गर्दा नेपालको शिक्षा प्रणाली आधारभूत, माध्यमिक र विश्वविद्यालयगत रुपमा सञ्चालनमा आएको छ । जहाँ निजी, सरकारी गरी लाखौं विद्यार्थीहरु गुणस्तरीय शिक्षाका लागि अध्ययनरत छन् ।

नेपालको शिक्षाको संरचनामा माध्यमिक तह पश्चात विश्वविद्यालय स्तरबाट प्रदान गरिने शिक्षालाई उच्च शिक्षा मानिन्छ । उच्च शिक्षाले देशको आर्थिक तथा सामाजिक परिवर्तनका लागि आवश्यक पर्ने स्वस्थ, प्रतिस्पर्धी, नवप्रवर्तनात्मक, स्वाबलम्बी, रोजगारउन्मुख तथा गुणस्तरीय उच्च तहको जनशक्ति उत्पादन गर्ने उद्देश्य राखेको हुन्छ । माध्यमिक तहको शिक्षा पूरा गरेपछि रुचि र क्षमताको आधारमा उच्च शिक्षा हासिल गर्न चाहने विद्यार्थीहरुका लागि विभिन्न क्याम्पस तथा विश्वविद्यालयले उच्चस्तरको शिक्षा दिइरहेका हुन्छन् । नेपालमा उच्च स्तरको मानव संशाधनको विकास गर्नका लागि चार तहको उच्च शिक्षा प्रदान गर्ने नीतिगत प्रावधान रहेको छ । नेपालको संविधान,२०७२ ले महिला, दलित तथा अपाङ्गता भएका र आर्थिक अवस्था कमजोर भएका नागरिकहरुलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ भनी नागरिकको मौलिक हकमा व्यवस्था गरेको छ । साथै संविधानले केन्द्रीय विश्वविद्यालयहरुलाई संघीय सरकारको र प्रदेश स्तरका विश्वविद्यालयहरुलाई प्रदेश सरकारको अधिकार सूचीमा राखेको छ । हालको सन्दर्भमा उच्च शिक्षालाई गुणस्तरीय बनाई त्यसमा सबैको समतामूलक पहुँच सुनिश्चित गर्नु र आधुनिक ज्ञान, विज्ञान, कला, सीप एवम् प्रविधिमा दक्ष, प्रतिस्पर्धी

जनशक्ति तयार गर्न यस तहको शिक्षालाई समय सापेक्ष रूपमा विकास र विस्तार गर्नु आजको आवश्यकता हो। कुनै पनि देशले विकासमा फड्को मार्नका लागि त्यस देशका उच्चस्तरीय दक्ष जनशक्तिको अहम भूमिका रहेको हुन्छ। त्यसका लागि उच्च शिक्षालाई विशिष्टिकृत बनाइनुपर्छ जसले गर्दा विद्यार्थीले आफ्नो रुचिको विषयमा उच्च स्तरको अध्ययन गर्ने अवसर पाउने छन। यस खण्डमा उच्च शिक्षामा समावेशी पहुँच, गुणस्तर तथा समता र व्यवस्थापकीय प्रबन्धको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौती र अवसरहरूको पहिचान गरी आगामी दश बर्षका लागि छायाँनाथ रारा नगरपालिकाको उच्च शिक्षा विकासका उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्य उल्लेख गरिएको छ।

### ५.१.२ वर्तमान अवस्था

शिक्षामा समतामूलक पहुँच अभिवृद्धि गर्ने, उच्च शिक्षालाई सिपसँग आवद्ध गर्ने प्राविधिक तथा वैज्ञानिक शिक्षाका अवसरहरू वृद्धि गर्दै लैजानु पर्ने सन्दर्भमा उच्च शिक्षालाई व्यवस्थित गर्दै लैजान सरकारका साथै निजी क्षेत्र, सहकारी, गुठि, स्थानीय निकाय एवम् समुदायलाई समेत उत्तरदायी बनाइ समग्र शैक्षिक प्रक्रिया तथा कार्यक्रमहरुलाई प्रभावकारी, सान्दर्भिक र गुणस्तरीय बनाउनु पर्ने आवश्यकता छ। उत्कृष्ट शैक्षिक गुणस्तर सुनिश्चित गर्न हरेक उच्च शिक्षा प्रदायक संस्थाहरूको न्यूनतम दायित्व भित्र पर्दछ। शैक्षक संस्थाहरू निश्चित मापदण्ड, गुणस्तरयुक्त शिक्षा प्रदान गर्ने उत्कृष्ट प्राज्ञिक थलो हुने स्थापित मान्यता स्वरुप गुणस्तर सुनिश्चितता एवम् प्रत्यायन (Quality Assurance and Accreditation—QAA) प्रणालीको थालनी भएको छ। यस प्रणालीलाई सुदृढ एवम् सबल बनाइ सबै उच्च शिक्षा प्रदायक संस्थाहरूलाई समेट्नेगरी प्रणालीगत विकास गर्ने कार्य अझै बाँकि नै छ। उच्च शिक्षालाई गुणस्तरीय बनाइ समतामूलक पहुँच सुनिश्चित गर्न र आधुनिक, ज्ञान, सिप विज्ञान, कला एवम् प्रविधिमा दक्ष, प्रतिशपर्धि जनशक्ति तयार गर्न यस तहको शिक्षाको समय सापेक्ष रुपमा विकास र विस्तार गर्न आवश्यक छ। नेपाल विश्व व्यापार सङ्गठनको सदस्य भएपछि विदेशी उच्च शिक्षा प्रदायक संस्थाहरू तथा तिनका सम्बन्धनमा उच्च शिक्षा प्रदायक संस्थाहरू खुल्ने क्रम बढेको छ। यस क्रममा हाल सञ्चालनमा रहेका र भविष्यमा खोलिने उच्च शिक्षा प्रदायक संस्थाहरूको विकास, व्यवस्थापन र नियमनका लागि उच्च शिक्षा नीति २०७२ तर्जुमा गरिएको छ। देशको आर्थिक तथा सामाजिक परिवर्तनका लागि आवश्यक पर्ने स्वस्थ, प्रतिस्पर्धी, नवप्रवर्तनात्मक, स्वाबलम्बी, रोजगारउन्मुख तथा गुणस्तरीय उच्च तहको जनशक्ति उत्पादन गर्ने उद्देश्यका साथ हाल यस छायाँनाथ रारा नगरपालिकामा मध्यपश्चिम विश्वविद्यालयबाट सम्बन्धन प्राप्त रारा बहुमुखी क्याम्पस सञ्चालनमा रहेको छ। शिक्षा शास्त्र संकायमा ४ वर्षे स्नातक तहको अध्यापन भइरहेको उक्त क्याम्पसमा नेपाली, अंग्रेजी, जनसंख्या शिक्षा जस्ता विषयहरु अध्यापन हुँदै आएको छ। यहाँ पूर्णकालीन रुपमा २ जना र आंशिक रुपमा ४ जना प्राध्यापकहरुले अध्यापन गराउनुहुन्छ। उक्त क्याम्पसलाई भौतिक रुपमा सुबिधा सम्पन्न बनाएर गुणस्तरीय उच्च शिक्षा प्रदायक संस्थाको रुपमा विकसित गर्नु आजको आवश्यकता रहेको छ। २०७१ साल सम्मको तथ्याङ्क अनुसार देशमा उच्च शिक्षा प्रदायकका रूपमा ९ ओटा विश्वविद्यालयहरू र ४ ओटा स्वास्थ्य विज्ञान प्रतिष्ठानहरू रहेका छन्। नेपाली उच्च शिक्षाको विकास र विस्तारमा सरकारका साथै समुदाय र निजी क्षेत्रको लगानी र प्रयास रहेको छ। यसका लागि लागत आपुरण, निजी क्षेत्रको लगानी, सामुदायिक सहभातगिता, मागमा आधारित कार्यक्रम सञ्चालन र विश्वविद्यालयबाट आयस्रोतको परिचालन जस्ता नमुना विकास गर्नका लागि स्थानीय निकाय, समुदाय र निजी क्षेत्रहरूलाई पनि उच्च शिक्षा विकास साझेदारका रूपमा सहभागी हुने अवसर खुला गरिएको छ। यसको परिमाणस्वरुप हाल उच्च शिक्षा प्रदान गर्ने १२७६ क्याम्पसहरू मध्ये ९६ ओटा आङ्गिक क्याम्पसका रूपमा र ४२९ समुदायबाट सञ्चालित छन भने ७५१ ओटा निजी लगानीमा सञ्चातलि छन। अहिले नेपालको उच्च शिक्षाको कुल भर्नादर १७ १.% पुगेको छ।

उच्च शिक्षामा भर्ना ज्यादै खुकुलो हुनु, क्याम्पसहरु जागिर खोज्ने वा जागिरमा बढुवा हुन चाहनेहरुका लागि प्रमाणप्रत्र वितरण गर्ने संस्थाका रुपमा मात्र संचालित भएको गुनासो सुनिनु, सञ्चालित क्याम्पसबाट स्थानीय समुदायको आवश्यकता अनुसारका अध्ययन

अनुसन्धानका कामहरु भएको नपाइनु, नियमित कक्षाहरु संचालन हुन नसक्नु, उच्च शिक्षामा विविध समस्याहरु अभावका कारण उच्च शिक्षा गुणस्तरीय बन्न नसकिरहेको सन्दर्भमा सम्बन्धित क्याम्पस व्यवस्थापन समिति सक्रीय रुपमा अग्रसर हुन आवश्यक देखिन्छ।

### ५.१.३ चुनौती तथा अवसर

उच्च शिक्षा अध्ययनका लागि एउटा क्याम्पस स्थापना र सञ्चालन गरिएता पनि त्यसलाई गुणस्तरीय उच्च शिक्षा प्रदायक केन्द्रको रुपमा विकास गर्नु, क्याम्पसको सुधारका लागि भौतिक पूर्वाधार र आर्थिक लगानीको प्रवर्धन गर्नु , शिक्षणका लागि दक्ष र योग्य जनशक्तिको व्यवस्थापन गर्नु, युग अनुकुलको गुणस्तरीय उच्च शिक्षा प्रदान गर्ने उच्च शिक्षाका केन्द्रहरू स्थापना गर्नु , उच्च शिक्षालाई व्यवसायिक, व्यवहारिक र जीवनोपयोगी बनाई शैक्षिक बेरोजगारीको न्यूनीकरण गर्नु, उच्च शिक्षालाई उत्पादन र आर्थिक उपार्जनसंग जोडनु, उच्च शिक्षा प्राप्त गरेका जनशक्तिहरूलाई रोजगार सिर्जना गर्नु, क्याम्पस मार्फत स्थानीय प्राकृतिक स्रोत साधन र मौलिक कला संस्कृति र सभ्यताको अध्ययन, अध्यापन र अनुसन्धान गर्नु, जस्ता चुनौतीहरु विद्यमान रहेका छन्।

भौगोलिक विकटता र विविध समस्याका बाबजुत पनि यस क्षेत्रमा मध्यपश्चिम विश्वविद्यालयको सम्बन्धन प्राप्त गरी रारा बहुमुखी क्याम्पस स्थापना हुनु, साथै क्याम्पस व्यवस्थापनका लागि यस छायाँनाथ रारा नगरपालिकाले समेत वार्षिक रुपमा लगानी गर्नु, यस क्षेत्रमा उच्च शिक्षा अध्ययनका लागि क्याम्पस स्थापना हुदाँ यहाँबाट बाहिर गएर अध्ययन गर्न नसक्नेहरुका लागि घर नजिकै उच्च शिक्षा अध्ययन गर्न पाउनु जस्ता तथ्यहरुलाई उच्च शिक्षाको अवसरका रुपमा लिन सकिन्छ।

### ५.१.४ उद्देश्य

यस योजनाले उच्च शिक्षा प्रदायक संस्थामार्फत उच्चस्तरीय, प्रतिस्पर्धी, प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनमुखी जनशक्ति उत्पादन गर्ने लक्ष्य पूरा गर्नका लागि निम्नलिखित उद्देश्यहरू तय गरेको छ :

- ✓ उच्च शिक्षामा सबै वर्ग, लिङ्ग र जात तथा समुदायका नागरिकहरुको समावेशी पहुँच अभिबृद्धि गर्नु,
- ✓ उच्च शिक्षाका अवसरहरूलाई सान्दर्भिक, उपयोगी र गुणस्तरीय बनाउनु ,
- ✓ सामाजिक र आर्थिक विकासका लागि युग सुहाउँदो, प्रतिस्पर्धी र उद्यमशील मानव संशाधनको विकास गर्नु,

### ५.१.५ रणनीति

- ✓ नगरपालिका भित्रका विद्यालय शिक्षाको कक्षा १२ वा सो सरहको तह पुरा गरेका विद्यार्थीको विवरण तयार गरी उनीहरूको क्षमता र योग्यता अनुसार उच्च शिक्षाको प्रबन्धका लागि योजना तयार गर्ने।
- ✓ खुला एवं दूर शिक्षा लगायतका व्यस्थामार्फत उच्च शिक्षामा पहुँच बृद्धिका लागि आवश्यक पहल गर्ने।
- ✓ उच्च शिक्षामा महिला, आदिबासी/जनजाती, दलित, अपाङ्गता भएका नागरिक एवम् आर्थिक रूपले विपन्न समूदाय र वर्गको पहुँच बढाउनका लागि आवश्यक कार्यक्रमहरूको व्यवस्था गर्ने।
- ✓ उच्च शिक्षालाई राष्ट्रिय विकासका प्राथमिकताका क्षेत्रहरू कृषि, उर्जा, पर्यटन, जलस्रोत, स्थानीय प्रविधि, सम्पदा र संस्कृति, खेलकूद, जलवायु परिवर्तन लगायतका क्षेत्रहरूमा केन्द्रित गर्न पहल गर्ने।

- ✓ विद्यार्थीहरूलाई उच्च शिक्षाका अवसरहरु स्थानीयस्तरमै उपलब्ध गराउनका लागि उच्च शिक्षा सञ्चालन गर्ने संस्थाहरूसँग समन्वय तथा सहकार्य गर्ने ।
- ✓ यस पालिका अन्तर्गत सञ्चालित उच्च शिक्षा प्रदायक संस्थाको सञ्चालन तथा व्यवस्थापनमा आवश्यक सहयोग उपलब्ध गराइने ।
- ✓ पालिका लगाएत अन्य जिल्लाका विद्यार्थीहरुलाई रारा बहुमुखी क्याम्पसमा पढ्न आउने वातावरण सिर्जना गर्ने ।
- ✓ दरवन्दी सिर्जना गरी तथा थप विषयको सम्बन्धन प्राप्त गर्ने व्यवस्था मिलाइ विद्यार्थीको इच्छा अनुसारका विषयहरु छनौट गरी अध्ययन गर्न पाउने व्यवस्था गर्ने ।
- ✓ उच्च शिक्षा प्रदायक संस्थाहरूको स्थापना, सञ्चालन, नियमन र व्यवस्थापनका लागि केन्द्र तथा प्रदेश सरकारसँग समन्वय, सहकार्य र सहजीकरण गर्ने ।
- ✓ उच्च शिक्षाको विकासका लागि सार्बजनिक, सामूदायिक तथा निजी स्तरमा साझेदारी गर्ने कार्यलाई प्रोत्साहन गर्ने ।
- ✓ आर्थिक रूपमा पिछडिएका प्रतिभावान तथा सीमान्तकृत, दलित, अपाङ्गता भएका, लोपोन्मुख जाति/जनजाति, महिला विद्यार्थीका लागि उच्च शिक्षामा सहज पहुँचको अवसर सृजना गर्न आवश्यक स्रोतको व्यवस्था गर्ने ।

### ५.१.६ प्रमुख उपलब्धि र नतिजा

उपलब्धि

- ✓ उच्च शिक्षामा समावेशी पहुँच अभिबृद्धि भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने छ ।

**प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

| **क्र.सं.** | **प्रमुख नतिजा** | **आधार वर्ष २०८१/०८२** | **२०८२ /०८३** | **२०८३ /०८४** | **२०८४ /०८५** | **२०८५/ ०८६** |
|---|---|---|---|---|---|---|
| १ | छायाँनाथ रारा नगरपालिका कक्षा १२ वा सो सरहको तह पुरा गरेका विद्यार्थीहरुको क्षमता र योग्यता अनुसार उच्च शिक्षामा पहुँच पुगेको संख्या | ५४३ | १०८६ | १६२९ | २१७२ | २२०० |
| २ | कक्षा १२ उत्तीर्ण गरी स्थानीय क्याम्पसमा भर्ना हुने विद्यार्थीको प्रतिशत | ४५ | ५५ | ६५ | ७० | ७५ |
| ३ | नगरपालिका भित्र उच्च शिक्षा प्रदायक संस्थाको स्थापना | १ | - | - | - | १ |
| ४ | नगरपालिकामा सञ्चालित उच्च शिक्षा प्रदायक संस्थाहरूबाट सञ्चालन हुने कार्यक्रमहरूको सान्दर्भिकता र गुणस्तरमा अभिबृद्धि गर्ने कार्यक्रम सञ्चालन | १ | १ | १ | १ | १ |
| ४ | उच्च शिक्षा उत्पादन र आर्थिक उपार्जनसँग जोडिएका कार्यक्रम समन्वयत्मक ढंगबाट सञ्चालन | ० | २ | ३ | ४ | ५ |
| ५ | उच्च शिक्षामा सार्बजनिक, निजी तथा सामूदायिक सहभागितामा लगानी अभिबृद्धिका लागि अन्तरक्रियात्मक कार्यक्रम संचालन | ० | २ | २ | २ | २ |

### ५.१.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

तालिका ५.१

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य ( ५वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | भूगोल र विद्यार्थीको माग तथा आवश्यकताका आधारमा उच्च शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाको स्थापना गर्ने | संख्या | २ | १ | ० | ० | ० | १ | २ | |
| २ | उच्च शिक्षा प्रदान गर्ने संस्थाहरूको न्यूनतम भौतिक पूर्वाधार विकास गर्ने | संख्या | २ | | | १ | | १ | २ | २ |
| ३ | उच्च शिक्षामा दक्ष, क्षमतावान र कर्तव्यनिष्ठ तथा पेशाप्रति समर्पित जनशक्तिको व्यवस्थापन गर्ने | संख्या | ८ | | २ | | | ६ | ८ | निरन्तर |
| ४ | उच्च शिक्षा अध्ययनका लागि अपाङ्गता भएका तथा आर्थिक रुपले विपन्न जेहेन्दार विद्यार्थीहरुका लागि छात्रवृत्ति प्रदान गर्ने | संख्या | ५० | ३ | ५ | ५ | ५ | ५ | २३ | २७ |
| ५ | उच्च शिक्षामा अंग्रेजी, गणित तथा विज्ञान विषयका कार्यक्रमहरु सञ्चालन गर्ने | क्याम्पस | २ | | १ | | १ | | २ | निरन्तर |
| ६ | उच्च शिक्षालाई प्रकोप, संकट तथा महामारी लगायतका परिस्थिति प्रति उत्थानशील बनाउन योजना निर्माण गरी कार्यान्वयन गर्न सहयोग गर्ने | निरन्तर | १ | | १ | | | | १ | निरन्तर |
| ७ | उच्च शिक्षामा विभिन्न साझेदार निकायहरुको लगानी तथा साझेदारी वृद्धि गर्नका लागि मापदण्डको निर्माण तथा कार्यान्वयन | निरन्तर | १ | | १ | | | | १ | निरन्तर |

# परिच्छेद ६: सुशासन तथा व्यवस्थापन

## ६.१ परिचयः

शिक्षा क्षेत्रको परिमाणमुखी विकास तथा प्रभावकारी सेवा प्रवाहका लागि यस नगरपालिकाको लागि संस्थागत क्षमता विकास एक महत्वपूर्ण आधार हो। शिक्षासम्बन्धि राष्ट्रिय नीति, मापदण्ड, योजना र कार्यक्रमको प्रभावकारी कायान्र्वयन गरी अपेक्षित नतिजा हासिल गर्नाका लागि संस्थागत क्षमता विकासमा जोड दिन अति आवश्यकता रहेकोछ। यो शिक्षा क्षेत्र योजनाको पूर्ण रुपमा कार्यान्वयनको लागि स्थानीय सरकारले सम्पादन गर्न विद्यामान जनिशक्तिलाई कस्तो प्रकारको क्षमता विकासको आवश्यकता छ, त्यसको लेखाजोखा गरी अगामी पाँच वर्षका लागि कर्मचारी र जनप्रतिनिधिहरुको व्यक्तिगत क्षमता, स्थानीय तहको संस्थागत क्षमता र थप सुधार गर्नुपर्ने आवश्यकता लिई मध्यनजर गरेर योजनाबद्ध रुपमा अगाडी बढ्नुअति आवश्क हुन्छ। स्थानीय तहले आफ्ना अधिकारिभत्र रहेर आवश्यकता अनुसार नीति, योजना तथा कार्यक्रम र बजेट तर्जुमा लगायत विभिन्न विषयगत क्षेत्रको विकासका लागि आवश्यक क्षमता विकासका क्षेत्रहरुको पहिचान सहित योजनाबद्ध हनुपर्दछ। सामान्यतया क्षमता विकासलाई तीन आयाममा विश्लृषेर्ण गर्न सकिन्छ। सर्वप्रथम संस्थाको संरचनालाई दुरुस्त पार्नुपर्ने एउटा पाटो हो भने संरचनाको जिम्मेवारी अनकुल हुनेगरी आवश्यक संख्यामा मानव संसाधनको व्यवस्था र तिनीहरुको जिम्मेवारी अनुसारका कार्य गर्न सक्नेगरी ज्ञान, सीप र क्षमताको विकास गर्नु जरुरी छ। यसका अतिरिक्त नगरपालिकाले जनसमक्ष न्यनुतम र निरन्तर पुर्याउनुपर्ने सेवाहरु मध्ये शिक्षा क्षेत्र अन्तर्गतका सेवाहरू पनि हुन्छन्। यी सबै प्रकारका सेवाहरु उचित व्यबस्थापनको लागि संस्थागत क्षमता विकासको आवश्यकता पर्दछ। तसर्थ, यो शिक्षा क्षेत्रको योजना तर्जुमाको सन्दर्भमा संस्थागत क्षमता विकास र सुशानलाई प्रमुख साधन तथा माध्यमको रुपमा लिई योजना तर्जुमा गरिएको छ। छायाँनाथ रारा नगरपालिकाले शिक्षा योजना तर्जुमा गर्दा संस्थागत क्षमता विकास, श्रोत परिचालन, स्थानीय सुशासन, विकास व्यवस्थापन, लैङ्गिक समता तथा सामाजिक समावेशीकरण र शिक्षित वर्ग तथा समुदायको मूलप्रवाहीकरण सम्बन्धि विषयहरु समावेश गरिएका छन्। सोह्रौँ योजनामा सबै जाति, धर्म, भाषा, सिंस्कृति र सम्प्रदायबीच पारस्परिक सद्भाव र सहिषुणताको भावना जागृत गराई राष्ट्रिय एकता कायम गर्न विद्यालय शिक्षा देखि विश्वविद्यालय शिक्षासम्मको पाठ्यक्रममा समायानुकूल परिमार्जन गरि कार्यान्वयन गर्ने कुरा उल्लेख गरिएको छ। साथै सार्वजनिक सेवा र सेवा प्रवाहसँग सम्बन्धित कर्मचारी प्रशासनलाई जनमूखी र पररणाममूखी बनाउन सार्वजनिक सेवा सम्पादन सम्बन्धि विशेष सावजनिक सेवा कार्य सम्पादन ऐन र्निमाण गर्ने; सङ्घ, प्रदेश र स्थानीय तहबाट प्रवाह हुने सेवालाई छिटो-छरितो, चुस्त-दुरुस्त तथा प्रभावकारी बनाउन अनुहार रहित र कागज रहित बनाइ विधुतीय सुशासन प्रवद्धन गर्ने; एउटा विवरण एक पटक मात्र सङ्कलन गर्ने आवश्यक कानूनी व्यवस्था गर्ने; सार्वजनिक सेवा प्रवाहलाई लक्षित वर्गको सेवाग्राहीको माग र आवश्यक्तालाई सम्बोधन हुनेगरी सेवा तथा सहायता प्रदान गर्न प्रशासनिक व्यवस्थामा सुधार गर्ने; सार्वजनिक निकायहरूमा हुने सबै प्रकारका भुक्तानीहरूलाई विधुतीय स्वरूपमा रुपान्तरण गर्ने; गुनासोको सनुवुाई तथा तत्काल सम्बोधन हुने प्रणालीको विकास गर्ने; सार्वजनिक सेवामा आबद्ध पदाधिकारी तथा कर्मचारीसँग गरिएको कार्य सम्पादन करारलाई नतिजामूलक बनाउने व्यवस्थापन परीक्षण र कार्य परीक्षण लागु गरी कार्य सम्पादन प्रणालीमा सुधार गर्ने उल्लेख गरिएको छ।

## ६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

### ६.१.१ परिचय

योजनाले तोकेका लक्ष्य तथा उद्देश्यहरुको प्राप्तिका लागि त्यसमा समावेश भएका क्रियाकलापहरुको कार्यान्वयन, सञ्चालन, व्यवस्थापन, अनुगमन, निरीक्षण, पृष्ठपोषण तथा मूल्याङ्कन जस्ता कार्यका लागि संस्थागत संरचना र त्यसमा कार्यरत मानवीय स्रोतको आवश्यकता पर्दछ। संस्थागत संरचनाले कार्यक्रमलाई व्यवस्थित र सरल बनाउने मात्र नभइ त्यसको प्रभावकारितामा पनि महत्वपूर्ण भूमिका निर्बाह गरेको हुन्छ। योजना तथा कार्यक्रमहरुको कार्यान्वयनका लागि कसले, के,कसरी, कहिले र कहाँ जस्ता प्रश्नहरुको उत्तर संस्थामा काम गर्ने व्यक्तित्वसँग जोडिएको हुन्छ। नेपालको संविधान, २०७२ को कार्यान्वयन संगै देशमा शिक्षा प्रशासन सम्बन्धि कार्य गर्ने निकायहरुको संस्थागत संरचना र संगठनात्मक स्वरुपमा फेरबदल भएको छ। नेपालको संविधान,२०७२ ले सङ्घ, प्रदेश र स्थानीय तहको एकल अधिकार भित्र आधारभूत तथा माध्यमिक शिक्षा र साझा अधिकार भित्र शिक्षा रहने व्यवस्था गरेपश्चात शिक्षा क्षेत्रको विद्यमान संरचनालाई हेर्दा केन्द्र स्तरमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय तथा शिक्षा तथा मानव स्रोत विकास केन्द्र लगायतका ७ निकायहरु, प्रदेश स्तरमा सामाजिक विकास मन्त्रालय,शिक्षा विकास निर्देशनालय र मावन संसाधन विकास केन्द्र, जिल्ला स्तरमा शिक्षा विकास तथा समन्वय इकाइ र स्थानीय तहमा शिक्षा, युवा तथा खेलकुद महाशाखा/शाखाले शिक्षा सम्बन्धि कार्य गर्दै आइरहेका छन्। केन्द्रदेखि स्थानीय तहसम्मका सबै संस्थागत कार्यालयहरुमा तहगत र श्रेणीगत रुपमा विभिन्न कर्मचारीको संगठनात्मक दरबन्दीको व्यवस्था गरी प्रशासन सञ्चानल गर्ने, कार्यालय व्यवस्थापन गर्ने, कार्यालयको सेवा प्रवाह गर्ने तथा त्यसलाई निरन्तरता दिने र विद्यमान तमाम समस्याहरुको समाधान गर्ने कार्य भइरहेको छ। संविधान कार्यान्वयनसंगै संस्थागत तथा संगठनात्मक संरचनामा फेरबदल भए तापनि हालसम्म कानुनहरु नबनिसकेकाले कसले, के काम, कसरी गर्ने? कसको जिम्मेवारी र अधिकार कति हुने? भन्ने विषयले अन्यौलता पैदा गरेको छ।

त्यसैगरी स्थानीय तहको पुनर्संरचनासंगै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) मा स्थानीय तहका २२ वटा अधिकारहरूको व्यवस्था गरेको छ। संघीयता कार्यान्वयन भएको वर्षौं भइसक्दा पनि संघीय शिक्षा ऐन तथा नियमावली र कानुन परिवर्तन हुन नसकेका कारण शिक्षामा अस्तव्यस्तता छाएको गुनासो पनि सुनिन थालेको छ। त्यतिमात्र होइन स्थानीय तहहरुमा भर्खर मात्र लोकसेवा आयोगबाट सिफारिस भईआएका शिक्षाका कर्मचारीहरुको काम, कर्तव्य र अधिकारको बारेमा स्पष्टता नहुँदा र उनीहरुलाई क्षमता विकासका कार्यक्रमहरुमा अवसर प्राप्त नहुँदा कार्यसम्पादनमा समस्या सिर्जना हुने गरेको छ। नेपालको यो बदलिदो परिवेसअनुसार शासकीय संरचना कार्य ,पद्दति, कर्मचारीहरुको क्षमता विकास तथा कानुन निर्माण गरिएमा मात्र असल शैक्षिक प्रशासन तथा सुदृढ व्यवस्थापनले गति लिइ शिक्षा क्षेत्रमा सुशासन कायम हुने निश्चित छ। सुदृढ शैक्षिक प्रशासनका लागि शिक्षा क्षेत्रमा काम गर्ने कर्मचारीहरुको माग तथा आवश्यकतामा आधारित क्षमता विकासका कार्यक्रमहरु, नवप्रर्वतन, सूचना तथा सञ्चार प्रविधिमा भएको विकास र परिवर्तनसँग समायोजन हुने खालका कार्यक्रमहरुसुशासन प्रवर्द्धन ,, सकारात्मक सोचाइ तथा चिन्तन र व्यवहार, कुशल सीपसंग सम्बन्धित क्षमता विकासका क्रियाकलाप तथा तालिम कार्यक्रमहरु सञ्चालन गर्नु जरुरी छ। जसले गर्दा शिक्षा योजनामा समावेश गरिएका लक्ष्य, उद्देश्य तथा क्रियाकलापहरुको सफल कार्यान्वयनमा सहजता हुनेछ।

### ६.१.२ वर्तमान अवस्था

नेपालमा विभिन्न तहका सरकारहरुको आ-आफ्नै संस्थागत संरचना र संगठनात्मक व्यवस्था भएको परिवेशमा छायाँनाथ रारा नगरपालिकाको शिक्षा क्षेत्रको वर्तमान संस्थागत संरचनालाई हेर्दा नगरपालिकाको दैनिक शैक्षिक प्रशासन सञ्चालन, व्यवस्थापन, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन जस्ता कार्यहरु गर्नका लागि छुट्टै शिक्षा, युवा तथा खेलकुद शाखाको व्यवस्था गरिएको छ। जसको संगठन संरचनालाई हेर्दा उक्त शाखामा १ जना उप-सचिव १ अधिकृतस्तर सातौँ र १ जना प्राविधिक सहायक पाँचौँ र २ जना स्रोतव्यक्ति रहने व्यवस्था रहेको छ। त्यसैगरी स्थानीय तहको शिक्षा ऐन, २०७५ मा शिक्षा अधिकृत र प्राविधिक सहायकको काम, कर्तव्य र अधिकारको बारेमा उल्लेख गरिने व्यवस्था छ तर हाल यस पालिकाको शिक्षा ऐन निर्माण भइ कार्यान्वयन प्रक्रियामा रहेको र विद्यालय अनुगमन तथा निरीक्षणलाई प्रभावकारी बनाउन विद्यालय निरीक्षकको व्यवस्था गर्ने कुरामा अन्यौलता देखिएको छ। स्थानीय

सरकार सञ्चालन ऐनमा व्यवस्था भएको तर शिक्षा ऐन निर्माणको चरणमा शिक्षा शाखाले स्वायत्त भएर कुनै कार्यक्रमहरू सञ्चालन गर्न सकेको छैन । शाखामा विद्यमान कर्मचारीहरुलाई क्षमता विकासका तालिमहरुको व्यवस्थापन नहुदाँ दैनिकजसो असहजता सिर्जना हुने गरेको छ। विद्यालय शिक्षासँग सम्बन्धित शिक्षाको कार्यक्रम हेर्ने अलग्गै लेखाको कर्मचारी व्यवस्था नहुँदा शिक्षा क्षेत्रको रकम निकासा एवं वितरणदेखि लिएर आर्थिक स्रेस्ताको अभिलेखीकरण अपेक्षा गरेबमोजिम व्यवस्थित हुन सकेको छैन। साथै शाखामा विद्यमान जनशक्तिले प्रशासनिक कार्यमा बढी समय बिताउनुपर्ने बाध्यता भएकाले विद्यालय अनुगमन तथा सुपरिवेक्षणको पाटो प्रभावकारी बन्न सकेको छैन।

यसैगरी नगरपालिकाको समग्र संस्थागत संचनालाई हेर्दा नगरसभाले शिक्षा सम्बन्धि नीति, योजना तथा कार्यक्रम पास गर्ने कार्य, नगरकार्यपालिकाले कार्यक्रम तथा बजेट निर्माण गर्ने कार्य, नगरशिक्षा समिति बजेट तथा कार्यक्रम निर्माणका लागि सिफारिस, प्राप्त बजेटको बाँडफाँड, शिक्षा सम्बन्धि महत्वपूर्ण निर्णयहरु गर्ने, विद्यालय अनुगमन तथा सुपरिवेक्षण गर्ने कार्य, वडा शिक्षा समितिले विद्यालयका लागि आवश्यक थप सहयोग गर्ने, विद्यालय व्यवस्थापन समितिले विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्ने कार्य, शिक्षक अभिभावक सङ्घले विद्यालयको आर्थिक तथा शैक्षिक गतिविधि सम्बन्धि कार्य गर्दै आएका छन्। साथै सबै विद्यालयहरुमा विद्यालयको दैनिक प्रशासन सञ्चालनका लागि प्रधानाध्यापक रहने व्यवस्था पनि रहेको छ। तर विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र प्रधानाध्यापकहरुको क्षमता विकासका कार्यक्रमहरु संचालन गर्न नसक्दा शैक्षिक क्षेत्रका समस्याहरु बढ्दै गएको देखिन्छ।

### ६.१.३ चुनौती र अवसरहरुः

नेपाल संघीय संरचनामा गएको दशक वित्नलाग्दा पनि हालसम्म शिक्षा क्षेत्रमा अन्यौलता छरपष्ट हुनुले शैक्षिक सुधारमा विभिन्न चुनौतीहरु रहेको प्रष्टै देखिन्छ। जसमा शिक्षासम्बन्धी स्पष्ट कानुनको व्यवस्था गर्नु, शिक्षा शाखामा आवश्यकता अनुसार दरबन्दीको व्यवस्थापन गर्नु, नागरिक बडापत्र राख्ने तथा गुनासो सुनुवाइ संयन्त्रको विकास गर्नु, शिक्षा शाखामा कार्यरत कर्मचारीहरुको क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्नु तथा संविधानले व्यवस्था गरेबमोजिम तीनवटै सरकारका बीच सह-सम्बन्ध, समन्वय र सहकार्य कायम गर्नु जस्ता चुनौतीहरु शिक्षा सम्बन्धी संस्थागत संरचना र क्षमता विकासका क्षेत्रमा देखिएका विद्यमान चुनौतीहरु हुन्।

यसैगरी यी चुनौतीहरुसँगै केही अवसरहरु पनि यस क्षेत्रमा देखापरेका छन्। जसमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आउनु, विद्यालय शिक्षालाई स्थानीय तहको अधिकार क्षेत्रभित्र राख्नु, स्थानीय तहको आफ्नै शिक्षा ऐन तथा नियमावली निर्माण हुनु, नगरपालिकामा शिक्षाका कार्यक्रम हेर्ने गरी छुट्टै शाखाको व्यवसथापन हुनु , नगरपालिका देखि विद्यालय तहसम्म विभिन्न समितिहरुको व्यवस्था हुनु, शिक्षा शाखामा स्थायी दरबन्दिको व्यवस्थापन हुनु आदिलाई शिक्षा सम्बन्धी संस्थागत संरचना र क्षमता विकासका क्षेत्रमा देखिएका अवसहरु मान्न सकिन्छ।

### ६.१.४ उद्देश्य

- स्थानीय तहको अधिकार क्षेत्र अनुसार शिक्षा क्षेत्रको संस्थागत संरचना बनाउनु,
- संघ, प्रदेश र स्थानीय सरकारबीचको अन्तरसम्बन्धलाई सुदृढ र बलियो बनाउनु,
- शैक्षिक प्रशासनसम्बन्धी गुणस्तरको कमजोर नतिजालाई सम्बोधन गर्न आवश्यकता अनुसारको जनशक्ति व्यवस्थापन गर्नु,
- कार्यसम्पादन स्तरमा सुधार गर्दै उपलब्ध जनशक्तिलाई नतिजाप्रति उत्तरदायी र जवाफदेही बनाउनु,
- आवश्यकता र परिवेश अनुकुल कार्यरत जनशक्ति र संस्थाको क्षमता अभिबृद्धि गर्नु।

### ६.१.५ रणनीतिहरू

- शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति, योजना तथा कानुन निमार्ण गर्ने।
- विद्यमान संस्थागत संरचना अनुसार आवश्यक जनशक्तिको व्यवस्थापन गर्ने।

- शिक्षा, युवा तथा खेलकुद शाखामा कार्यरत जनशक्तिहरुको क्षमता विकास गर्ने।
- पालिकास्तरमा गठित शिक्षक पेसागत सहयोग प्रणालीलाई थप प्रभावकारी बनाउने।
- वि.व्य.स. अध्यक्ष तथा प्रधानाध्यापकसँग करार सम्झौता गरी कार्यसम्पादनमा जिम्मेवार बनाउने।
- विद्यालय शिक्षासँग सम्बन्धित वि.व्य.सं., शि.अ.सं. तथा प्रधानाध्यापकहरुको क्षमता विकास गर्ने।
- संघ, प्रदेश र स्थानीय सरकारका बीच सह-सम्बन्ध, सहकार्य र समन्वयको सिद्धान्त अनुसार कार्य गर्ने परिपाटी सुरु गर्ने।

### ६.१.६ उपलब्धि तथा प्रमुख नतिजा

**उपलब्धि**

शिक्षाका सबै क्षेत्रमा सुशासन प्रबर्द्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी हुने प्रणालीको विकास भएको हुने।

**प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

| प्रमुख नतिजा | आधार वर्ष २०८१/२०८२ | २०८२/ २०८३ | २०८३/ २०८४ | २०८४/ २०८५ | २०८५/ २०८६ | जम्मा |
|---|---|---|---|---|---|---|
| शिक्षाको शासकीय तथा व्यवस्थापकीय कार्यका लागि आवश्यक स्पष्ट कानुन तथा मापदण्ड तयार तथा अध्यावधिक हुने | १ | १ | १ | १ | १ | ५ |
| शिक्षाको शासकीय तथा व्यवस्थापकीय कार्यका लागि आवश्यक संरचना तथा जनशक्ति तयार हुने | १ | १ | १ | १ | १ | ५ |
| शिक्षाको शासकीय तथा व्यवस्थापनमा सहभागि हुने सबै निकायको दायित्व र अधिकार स्पष्ट हुने | १ | १ | १ | १ | १ | ५ |
| शिक्षाको शासकीय तथा व्यवस्थापनमा सहभागी हुने सबै निकाय तथा जनशक्तिको क्षमता विकास पद्दति स्थापना भई क्षमता सुधार हुने | १ | १ | १ | १ | १ | ५ |
| सेवा प्रवाह सहभागितामूलक, कार्यसम्पादनप्रति उत्तरदायी, विद्यार्थीको सिकाइप्रति जवाफदेही, समतामूलक र समावेशी भई कार्यसम्पादन उद्देश्यमूलक, प्रभावकारी तथा कुशल हुने | १ | १ | १ | १ | १ | ५ |

### ६.१.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

तालिका ६.१

| नतिजाअनुसार प्रमुख कार्यक्रम | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| बार्षिक बजेट तथा कार्यक्रम निर्माण | पटक | १० | १ | १ | १ | १ | १ | ५ | ५ |
| शिक्षा क्षेत्र योजना अन्तरगत तर्जुमा गरिएका कार्यक्रमको कार्यान्वयनमा एकरूपता कायम गर्न प्रभावकारी शैक्षिक व्यवस्थापन गरिएको हुनेछ। | पटक | १० | १ | १ | १ | १ | १ | ५ | ५ |
| शिक्षा क्षेत्र योजनाको प्रभावकारी कार्यान्वयनको लागी आवश्यक कानुन निर्देशिका तथा कार्यविधिको विकास | पटक | २ | ० | १ | ० | ० | ० | १ | १ |
| सबै विद्यालयमा विद्यालय व्यवस्थापन समिती र शिक्षक अभिभावक संगको सहाकार्यबाट विद्यालय सुधार योजना (SIP) निर्माण तथा अध्यावधिक भई कार्यान्वयनमा सहजीकरण भएको हुनेछ। | वटा | ४५ | ४५ | ४५ | ४५ | ४५ | ४५ | ४५ | ४५ |
| विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिक | वटा | ४० | ४५ | ४५ | ४५ | ४५ | ४५ | ४५ | ४५ |
| उपलब्ध शिक्षा क्षेत्रगत कानुन निर्देशिका मापदण्डको छपाई तथा प्रबोधीकरण | पटक | ३ | | १ | | १ | | २ | १ |
| लगानीको लागी स्थानीय गैससहरूसँग साझेदारी | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| एकिकृत शैक्षिक सूचना प्रणाली सुदृढीकरण | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| सम्बद्ध सबै संस्थाहरूको लागी सामाजीक परीक्षण | पटक | १० | १ | १ | १ | १ | १ | ५ | ५ |
| अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना | विद्यालय | ४५ | ४५ | ४५ | ४५ | ४५ | ४५ | ४५ | ४५ |
| समुदायिक सिकाई केन्द्र मार्फत सबै उमेर समूहका सिकारुहरूका लागी साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, बैकल्पिक शिक्षा तथा आय आर्जन र सिप विकासका कार्यक्रम सञ्चालन गर्ने | केन्द्र संख्या | | १० | १५ | २० | २० | २० | | |
| शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रबद्धान भई बालबालिकाको सिकाई प्रति उत्तरदायी प्रणालीको विकास हुनेछ। | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |

## ६ २ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध.

### ६.२.१ वर्तमान अवस्था

सन् २०३० सम्मका लागी विश्वव्यापी रुपमा तय गरिएका दिगो विकासका १७ लक्ष्यहरुमा लक्ष्य ४ गुणस्तरीय शिक्षामा केन्द्रित छ। लक्ष्य ४ विशेष गरी समावेशी र समतामूलक गुणस्तरीय शिक्षाको पहुचँ सुनिश्चित गर्ने र जीवन पर्यन्त शिक्षाका अवसर उपलब्ध गराउने उल्लेख गरेको छ। यो लक्ष्य हासिल गर्न बिभिन्न प्रयासहरू भएतापनि उचित प्रतिफल देखा परेका छैन। विगतमा तर्जुमा गरिएका शिक्षा नीतिको कार्यान्वयन पक्ष कम्जोर हुदा औपचारिकता लागी मात्र तर्जुमा भएको देखिन्छ। तसर्थ, योजना यस छायाँनाथ रारा नगरपालिकाको शिक्षा क्षेत्रको आवश्यकता, अवसर र सम्भावनाको आकलन गरी बनाइएको हुदा यस नगरपालिकाको शैक्षिक गतिविधिलाई व्यवस्थित गर्ने आधारमात्रको रुपमा हेरिएको छ। यसको प्रभावकारी कार्यान्वयनको लागी सम्पुर्ण सरोकारवालाहरूको एकीकृत प्रयासको आवश्यकता पर्दछ। पालिकाभित्रको विशिष्ट परिवेश सापेक्ष शिक्षा नीति निर्माण गरी सोहीअनुरुप पको रणनीति र कार्यनीति तयार गरिएको हुदा यस पालिकाको शिक्षा क्षेत्रको विकासमा यो उपयोगी दस्तावेज हनु सक्छ। विगतमा संचालित शिक्षा क्षेत्रमा कार्यक्रमहरुले शिक्षाको पहुँच र सहभागीता समेट्न नसके को अवस्थामा समावेशी शिक्षाको विश्वव्यापी मान्यतालाई मध्यनजर गरी यो शिक्षा क्षेत्र योजना तर्जुमा गरि कार्यान्वयन गर्न लागीएको हो। यस योजनासाँग सम्बन्धित सम्पुर्ण पक्षहरूको समावेशी सहभागीता सुनिश्चित गरी कार्यपालिकाको कुनै एक सदस्यको संयोजकत्वमा स्थानीय शिक्षा योजना कार्यान्वयन तथा समन्वय समिती गठनगरिनेछ। उक्त समितीको सदस्य सचिवमा- पालिकाको शिक्षा शाखाप्रमुख लाई तोकिने छ। साथै यो शिक्षा क्षेत्र योजनाको कार्यान्वयनको जिम्मेवारी मुख्यरुपमा यही समितिले गर्नेछ। यो समितीको कार्य निम्न बमोजिम हुनेछ।

- शिक्षा क्षेत्र योजना तर्जुमामा नेतृत्वदायी भूमिका निर्वाह गर्ने।
- शिक्षा क्षेत्र योजना अन्तरगत तर्जुमा गरिएका नीति तथा रणनीतिहरू कार्यपालिका मार्फत सभाबाट पारित गराउने र कार्यान्वयनका लागी बजेटको सुनिश्चितता गर्ने।
- शिक्षा क्षेत्र योजनालाई आवश्यकता अनुरुप बार्षिक रुपमा अध्यावधिक गर्ने गराउने,
- यो शिक्षा क्षेत्र योजना अन्तरगतका कार्यक्रमरू सञ्चालन गर्ने गराउने,
- स्थानीय सरकार र अन्य संघसंस्थाबाट पालिका क्षेत्रभित्र सञ्चालन हुने शिक्षा क्षेत्रका कार्यक्रमरू बीच समन्वय गर्नेगराउने-,
- समित सूचकमा आधारित भई शिक्षा क्षेत्र अन्तरगतका कार्यक्रमकोअनगुमन गर्ने,
- कार्यक्रमको गुणस्तर सुनिश्चित गर्न नियमित रूपमा कार्यक्रमकोअनगुमन र समीक्षा गर्ने
- अन्य सहयोगी निकार्यहरूबीच समन्वय गर्ने,
- शिक्षा अन्तरगतका नगरपालिका क्षेत्र सम्बन्धि अध्ययन, अन्वेषण गर्नेगराउने, र अन्य आवश्यक कार्यहरू गर्ने, गराउने,

### ६.२.२ उद्देश्य

- स्थानीय तहमा सञ्चालन हुने शैक्षिक कार्यक्रम कार्यान्वयनमा समन्वय र सहकार्यलाई सुदृढीकरण गरी योजनालाई प्रभावकारी बनाउन सरोकारवालाहरूलाई सुसूचित गर्नु।
- यो नगरपालिका शिक्षा क्षेत्र योजना अन्तरगतका स्वीकृत कार्यक्रम कार्यान्वयनबाट बालबालिकामा न्यूनतम सिकाई सुनिश्चित गर्न समग्र विद्यालय शिक्षाको पहुँच , गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धीको लागी आवश्यक सहजीकरण गर्नु
- शिक्षा क्षेत्र योजनाका उपक्षेत्र अन्तरगत तर्जुमा गरि-एका कार्यक्रमकोकार्यान्वयनमा एकरूपता कार्यम गर्न प्रभावकारी शैक्षिक व्यवस्थापन गर्न मदत पुर्यउनु,
- बार्षिक कार्यक्रम तर्जुमा तथा कार्यान्वयनमा प्रभावकारीता अभिवृद्धी गर्न सम्बन्धित तह निकार्यको भूमिका स्पष्ट गरी अपेक्ष / नतिजा हासिल गर्न जिम्मेवार र जवाफदेही बनाउनु
- बार्षिक कार्यक्रमकार्यान्वयन र स्रोत परिचालन एवंम प्रतिवेदन पद्दतिलाई दिशानिर्देशनगर्नु।

### ६.२.३ रणनीतिहरू

- नीति तर्जुमा आधाररत अनगुमन प्रणालीको माध्यमबाट कार्यक्रमकोप्रभावकारी कार्यान्वयन गरी शिक्षित नतिजा सुनिश्चित गर्न नीति निर्देशन तथा समन्वय गर्ने।
- संघीय तथा प्रदेश तहबाट वित्तिय हस्तान्तरण मार्फत प्राप्त सर्शत अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी बार्षिक शिक्षा बजेट तथा कार्यक्रमतयार गर्ने।
- कार्यक्रम कार्यान्वयनका लागी आवश्यकतानुसार कानुन, कार्यविधि तथा निर्देशिका विकास गर्ने।
- एकीकृत शैक्षिक सूचना व्यवस्थापन मार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने।
- विद्यालयमा विद्यालय व्यवस्थापन समिती र शिक्षक अभिभावक संघ गठनगर्नेर विद्यालयलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने।
- विद्यालय सुधार योजना )SIP) निर्माण तथा अध्यावधिक गर्ने।
- विद्यालय व्यवस्थापन सशक्तिकृत र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागी प्राध्यानाध्यापकलाइ जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने।
- वित्तिय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चितता सम्बन्धि आवश्यक मापदण्ड तयार गरी लागुगर्ने।
- अभिभावक तथा सरोकारवालाहरूसग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामाजीक परीक्षणलाई प्रभावकारी बनाउने।
- समुदायिक सिकाई केन्द्र मार्फत सबैउमेर समूहका सिकारुहरूका लागी साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, बैकल्पिक शिक्षा तथा आय आर्जन र सिप विकासका कार्यक्रमरू सञ्चालन गर्दै आजीवन सिकाई केन्द्रका रूपमा समेत कार्य गर्ने ।

### ६.२.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

- शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चित भएको हुने छ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. स. | प्रमुख नतिजा | २०८०/८१ | २०८२/८३ | २०८३/२०८४ | २०८४/२०८५ | २०८५/२०८६ | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | स्थानीय तहमा सञ्चालन हुने शैक्षिक कार्यक्रम कार्यान्वयनमा समन्वय र सहकार्य सुदृढीकरण भएको हुनेछ । | १० | १ | १ | १ | १ | ५ |
| २ | स्वीकृत कार्यक्रम कार्यान्वयनबाट बालबालिकामा न्यूनतम सिकाई सुनिश्चित गर्न समग्र विद्यालय शिक्षाको पहुँच , गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धीको लागी आवश्यक सहजीकरण भएको हुनेछ । | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | स्थानीय तहमा सञ्चालन हुने शैक्षिक कार्यक्रम कार्यान्वियनमा समन्वय र सहकार्य सुदृढीकरण भएको हुनेछ । | ५ | ५ | ५ | ५ | ५ | ५ |
| ४ | स्वीकृत कार्यक्रम कार्यान्वियनबाट बालबालिकामा न्यूनतम सिकाई सुनिश्चित गर्न समग्र विद्यालय शिक्षाको पहुँच , गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धीको लागी आवश्यक सहजीकरण भएको हुनेछ । | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ५ | बार्षिक कार्यक्रमतर्जुमा तथा कार्यान्वियनमा प्रभावकारीता अभिवृद्धी गर्न सम्बन्धित तह निकार्यको भूमिका स्पष्ट गरी / अपेक्षीत नतिजा हासिल गर्न जिम्मेवार र जवाफदेही बनाउनकालागि आबस्यक कार्यक्रम स ञ्चालन भएका हुने । | १ | १ | १ | १ | १ | ५ |

### ६.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

तालिका ६.२

| नतिजा अनुसार प्रमुख कार्यक्रम | इकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| बार्षिक बजेट तथा कार्यक्रम निर्माण | पटक | १० | १ | १ | १ | १ | १ | ५ | ५ |
| शिक्षा क्षेत्र योजनाका उपक्षेत्र अन्तरगत तर्जुमा गरिएका कार्यक्रमको- कार्यान्वयनमा एकरूपता कार्यम गर्ने | पटक | १० | १ | १ | १ | १ | १ | ५ | ५ |
| शिक्षा क्षेत्र योजनाको प्रभावकारी कार्यान्वयनको लागी आवश्यक कानुन निर्देशिका तथा कार्यविधिको विकास | पटक | २ | ० | ० | १ | ० | ० | १ | १ |
| सबै विद्यालयमा विद्यालय व्यवस्थापन समिती र शिक्षक अभिभावक संघको सहाकार्यबाट विद्यालय सुधार योजना (SIP) निर्माण तथा अध्यावधिक भई कार्यान्वयनमा सहजीकरण भएको हुनेछ । | वटा | ४५ | ४५ | ४५ | ४५ | ४५ | ४५ | ४५ | ४५ |
| विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिक | वटा | ४५ | ४५ | ४५ | ४५ | ४५ | ४५ | ४५ | ४५ |
| उपलब्ध शिक्षा क्षेत्रगत कानुन निर्देशिका मापदण्डको छपाई तथा प्रबोधीकरण | पटक | ५ | १ | १ | १ | १ | १ | | ३ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| लगानीको लागी स्थानीय गैससहरूसाँग साझेदारी | पटक | १० | १ | १ | १ | १ | १ | ५ | ५ |
| एकिकृत शैक्षिक सूचना प्रणाली सुदृढीकरण | पटक | ४५ | ० | ४५ | ४५ | ४५ | ४५ | ४५ | ४५ |
| सम्बद्ध सबै संस्थाहरूको लागी सामाजिक परीक्षण | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना | पटक | २० | १ | ४ | ४ | ४ | ४ | १७ | ३ |
| समुदायिक सिकाई केन्द्र मार्फत सबै उमेर समूहका सिकारुहरूका लागी साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, बैकल्पिक शिक्षा तथा आय आर्जन र सिपका कार्यक्रम सञ्चालन | वटा | १५ | १ | १ | १ | १ | १ | ५ | १० |
| शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रबर्धन भई बालबालिकाको सिकाईप्रति उत्तरदायी प्रणालीको विकास गरेका विद्यालय | संख्या | ४५ | ५ | १० | १५ | १० | ५ | ४५ | ४५ |

# परिच्छेद ७ : लगानी **र** स्रोत व्यबस्थापन

**७.१.१ वर्तमान अबस्था**

नेपालको संबिधानले व्यवस्था गरेअनुसार शिक्षामा स्थानीय तहको लगानीमा बृद्धि भईरहेको छ। मानव जीवनको आधारभूत जगलाई उकास्नको लागि शिक्षामा लगानी अपरिहार्य हुँदै आएको छ। शिक्षाका कार्यक्रमलाई प्रभावकारी बनाउन शिक्षा क्षेत्रको आर्थिक अवस्था मजबुत भएमा मात्र सम्भब देखिन्छ। सङ्घ र प्रदेश सरकारले दिने बजेट र स्थानीय नीतिअनुसार सङ्कलन हुने राजश्वको रकम नै यसको आर्थिक स्रोत रहेको छ।

यस नगरपालिकामा हाल शिक्षा क्षेत्रमा कुल बजेटको १३ प्रतिशत बजेट बिनियोजित गरेको छ। यसका मुख्य स्रोतमा सङ्घीय सरकारले दिने अनुदान बापतको रकम, प्रदेश सरकारले दिने कार्यक्रम र नगरपालिकाको अनुदान राजस्व बाँडफाँडबाट हुने बजेट तथा राष्ट्रिय तथा अन्तराष्ट्रिय निकायबाट हुने कार्यक्रम तथा अनुदान रहेका छन्। उच्च शिक्षामा बिद्यार्थीबाट लिइने शुल्क नै मुख्य स्रोतका रूपमा रहेको छ। योजनामा प्रक्षेपित बजेटको सुनिश्चितताको लागि आगामी आ देखी शिक्षा क्षेत्रमा कम्तिमा कुल बजेटको २० प्रतिशत पुर्याउनको .ब. लागि क्रमिक रूपमा बजेट बृद्धि गर्दै लैजाने लक्ष लिइएको छ। नगरपालिकाको केही वर्षको शिक्षा क्षेत्रको बजेत बिनियोजन हेर्दा सङ्घ र प्रदेश सरकारले भन्दा बढि लगानी बृद्धि गरेको देखिन्छ। हालको लगानी प्रारम्भिक बाल विकास, आधारभूत शिक्षा, माध्यमिक शिक्षामा शिक्षकको क्षमता अभिबृद्धि, नमुना बिद्यालय, बाल मैत्री बिद्यालय, खानेपानी तथा स्वाच्छता सम्बन्धी, बाल बगैँचा हरियाली, बिद्यालय भवन, जिरो दरबन्दी भएका बिद्यालयहरूलाई शिक्षक अनुदान, भैतिक सुधार, प्रशासनिक सुधारमा लगानी भएको अबस्था छ। आगामी दिनहरूमा यसलाई थप व्यस्थित बनाइने लक्ष्य लिइएको छ। यस योजनाको सुनिश्चितताको लागि तपसिल प्रस्ताबित बजेट स्रोतको व्यवस्थान गरिने छ।

संवैधानिक व्यवस्था बमोजिम विद्यालय शिक्षा सञ्चालनको मूल जिम्मेवारी स्थानीय तहको भए तापनि शिक्षा साझा सूचीको विषय रहेकोले शिक्षाको वित्तीय व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय तहका साथै समुदाय र निजी क्षेत्रको समेत साझेदारी आवश्यकता पर्दछ। शिक्षामा आवश्यक पर्ने स्रोत पहिचान गरी तिनलाई एकीकृत गर्नु र उपयुक्त तरिकाले वितरण तथा उपयोग गर्नु शिक्षामा लगानीको प्रबन्धका लागि ध्यान दिनुपर्ने महत्वपूर्ण पक्ष हो। शिक्षामा आवश्यक पर्ने वित्तीय स्रोत जुटाउने, स्रोतको विनियोजन गर्ने, विनियोजित स्रोतको प्रवाह गर्ने र उपलब्ध स्रोतको उपयोग गर्ने भन्ने विषयमा ध्यान पुग्न आवश्यक देखिन्छ।

छायाँनाथ रारा नगरपालिकाले पालिकाको शैक्षिक सुधारका लागि हरेक बर्षका नीति तथा कार्यक्रमहरुमा शिक्षा क्षेत्रलाई प्राथमिकतामा राखेर कार्य गरिरहेको छ। शिक्षा क्षेत्रको सुरधाका लागि पालिकाले विभिन्न शैक्षिक कार्यक्रम र नीतिहरु निर्माण गरेर कार्यान्वयन गरेको छ।

बालविकासका शिक्षकको तलब थप गर्ने तथा नगरपालिका अनुदान मार्फत शिक्षक थप गरी शैक्षिक गतिविधी सहज बनाउन पनि नगरपालिकाले बजेट विनियोजन गरेर अगाडि बढेको छ। पालिकाको कुल बजेटमा शिक्षा क्षेत्रको बजेट बढी देखिए तापनि कुल बजेटको ८५ प्रतिशतको हाराहारीमा शिक्षकको तलवमा जाने र बाँकी रहेको न्यून बजेटमा पनि शैक्षिक पुर्वाधारमा लगानी भएर १ ५ प्रतिशत.

### ७.१.२ उद्देश्य

- योजना अवधिका लागि विद्यालय शिक्षामा आवश्यक स्रोतको प्रक्षेपण गर्नु ।
- विद्यालय शिक्षा सम्बन्धी पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु ।
- सम्भावित स्रोतका आधारमा पहिचान गरिएका कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत वजेट निर्धारण गर्नु ।
- लगानीको उपयोगको अवस्था जानकारी लिने विधि र प्रक्रिया  प्रतिवेदन)पद्दतिप्रस्तुत गर्नु र जवाफदेहिता स्पष्ट गर्नु । (

### ७.१.३ रणनीतिहरु

- विद्यालय शिक्षाको लागि कानुनमा तोकिए अनुसारको आर्थिक दायित्व तिनै तहका सरकारहरु विचको लागत साझेदारीमा हुनेछ । यसका लागि कम्तीमा संघीय सरकारको शिक्षा क्षेत्रको लगानीको अनुपातमा प्रदेश तथा स्थानीय सरकारको आ-आफ्नो स्रोतबाट थप लगानी गराउन पहल गरिने ।
- शिक्षामा सरकारी अनुदान खर्चको जिम्मेवारी स्थानीय तहको भएकोले आफ्नो तह भित्रको लक्षित शैक्षिक पहुँच र सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न जवाफदेही हुने पद्दति विकास गर्ने ।
- सरकारबाट प्रदान गरीने स्रोतको उपयोग गर्ने प्रमुख एकाइ विद्यालय भएकाले विद्यालयलाई लक्षित गुणस्तर सुनिश्चित गर्न जवाफदेहि बनाउने ।
- शिक्षामा सार्वजनिक लगानी वृद्धि गरी कूल गार्हस्थ उत्पादनको ७ प्रतिशत र तीनै तहका सरकारबाट कूल वजेटको वार्षिक रुपमा २० प्रतिशत पुर्याउन पहल गर्ने ।
- नेपालको वैदेशिक सहायता नीति अनुरुप शिक्षाको वजेटमा हुने न्यूनता पूरा गर्नका लागि निश्चित लक्ष्य हासिल गर्न बाह्य स्रोतको परिचालन गरिने ।
- क्षेत्रगत उपागम (SWAP) को अवधारणा अनुसार कार्यक्रम खर्च तथा नतिजामा आधारित खर्च गरिने छ ।
- मापदण्डका आधारमा शिक्षामा नीजि तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रवर्धन गरीनेछ । निजी क्षेत्रले सार्वजनिक सेवा, सामाजिक दायित्व वा सेवामूलक व्यवसायका रुपमा रहने गरी विद्यालय शिक्षा सञ्चालन गर्न व्यवस्था गरीनेछ ।
- अवस्था र आवश्यकताका आधारमा समानीकरण, समपूरक, सशर्त र विशेष अनुदानको उचित उपयोग गरीनेछ ।

### ७.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

वित्तीय व्यवस्थापन क्षमतामा सुधार  ल्याई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी तथा जवाफदेहिताको सुनिश्चितता भएको हुने छ । यस योजनाको सुनिश्चितताको लागि तपसिल अनुसारको प्रस्ताबित बजेट स्रोतको ब्यवस्था गरिने छ ।

**क्षेत्रगत रुपमा लागत अनुमान** बजेट रूहजारमा .

| क्र .स | प्रमुख सूचक तथा क्रियाकलापहरू | आ .ब. २०८१/८२ | आ .ब. २०८२/८३ | आ .ब. २०८३/८४ | आ .ब. २०८४/८५ | आ .ब. २०८५/८६ | जम्मा बजेट |
|---|---|---|---|---|---|---|---|
| **१** | **प्रारम्भिक बालविकास शिक्षा** | **१६०६७** | **१७६७३** | **१९४४०** | **२१३५८** | **२३५२४** | **९८०६२** |
| १.१ | ELDS Report Card को प्रयोग | २६२ | २९२ | ३१६ | ३४३ | ३७६ | १५८९ |
| १.२ | स्थानीय एकिकृत प्रारम्भिक बाल विकास (LIECDP) योजना तर्जुमा र कार्यान्वयन | ० | २१६ | ७० | ८० | ९२ | ४५८ |
| १.३ | प्रारम्भिक बाल विकास संचालक समिति गठन तथा सवलीकरण | ६० | १२० | १२० | १५० | १५५ | ६०५ |
| १.४ | कक्षा कोठा व्यवस्थापन | ० | १५० | १९० | २३० | ३२५ | ८९५ |
| १.५ | बहुभाषिक कक्षा संचालनकालागि छापामय भित्ता बनाउने | ० | ९० | १०८ | १३० | १५६ | ४८४ |
| १.६ | बहुभाषीकक्षा सञ्चालनकालागि शिक्षकको क्षमता विकास गर्ने | ० | २५० | २७५ | ३०५ | ३३५ | ११६५ |
| १.७ | शिक्षकलाइ MLE पाठ्यक्रमको बारेमा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने | ० | २० | ४० | ६० | ८० | २०० |
| १.८ | अन्तर विद्यालय भ्रमण | ० | ० | १०५० | ० | ० | १०५० |
| १.९ | शिक्षक व्यवस्थापन तथा थप त भ | २५०० | २६०० | २७५० | २८५० | २९५० | १६५० |
| **२** | **आधारभूत शिक्षा** | **१४४३५५** | **१५८७९०** | **१७४६६९** | **१९२१३५** | **२११३४८** | **८८१२९७** |
| २.१ | कक्षा कोठा व्यवस्थापन | १५०० | १८०० | २००० | २४५० | २८५० | १०६०० |
| २.२ | निरन्तर विद्यार्थी लेखाजोखा प्रणाली सवलीकरण | ० | १००० | ११५० | १३६० | १६५० | ५१७० |
| २.३ | घुम्ती शिक्षक बैठक | ४० | ६० | ६५ | ७५ | ८५ | ३२५ |
| २.४ | आधारभूत तह कक्षा १ -३मा बहुभाषिक कक्षा सञ्चालनकालागि छापामय भित्ता बनाउने । | ० | १०० | १५० | १८० | २२० | ६५० |
| २.५ | स्थानिय भाषिलाइ मेन्टर शिक्षकको रुपमा प्रयोग गर्ने | ० | २२५ | २५० | २७५ | ३०० | १०५० |
| २.६ | बहुभाषा शिक्षणका लागि ICT प्रयोग गर्ने | ० | ३२० | ३५२ | ३८७ | ४२५ | १४८४ |
| २.७ | बहुभाषि पाठ्यक्रमको विकास तथा कार्यान्वयन गर्ने | ० | ५० | ६० | ७० | ८० | ९० |
| २.८ | शिक्षण सिकाई आपुरण -कक्षा १)८( | ० | ४५० | ५०० | ५५० | ६५० | २१५० |
| २.९ | विद्यालयमा खानेपानी तथा सरसफाई | ० | ३०० | ४५० | ५०० | ५५० | १८०० |
| **३** | **माध्यमिक शिक्षा** | **४६३२५** | **५०९५७** | **५६०५२** | **६१६५७** | **६७८२२** | **२८२८१३** |
| | कक्षा कोठा व्यवस्थापन | ० | ६४० | ७२० | ७९० | ८४० | २९९० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | निरन्तर विद्यार्थी लेखाजोखा प्रणाली सवलीकरण | ० | २५० | ३०० | ३५० | ४०० | १३०० |
| | घुम्ती शिक्षक बैठक | ० | ३० | ३५ | ३५ | ४० | १३५ |
| | शिक्षण सिकाई आपुरण -कक्षा ९)१२( | ० | ३५० | ४२० | ५०० | ६०० | १८७० |
| | विद्यालयमा खानेपानी तथा सरसफाई | ३५० | ४५० | ५०० | ६०० | ६५० | २५५० |
| **३** | **अनौपचारिक शिक्षा** | **१२६१८** | **१३८७९** | **१५२६६** | **१६७८२** | **१८४६१** | **७७००६** |
| ३.१ | विद्यालय बाहिर रहेका बालबालिकाको तथ्यांक संकलन | ० | ३०० | २८० | २५० | २०० | १०३० |
| ३.२ | सामुदायिक सिकाई केन्द्र सञ्चालन | १२५० | १२५० | १३५० | १३५० | १५५० | ६७५० |
| ३.३ | रूपान्तरण कक्षा संचालन | ० | १५० | १९० | २३० | ३०० | ८७० |
| ३.४ | राष्ट्रिय योग्यता प्रारूप (NQF) कार्यान्वयन | ० | ० | ० | २०० | २५० | ४५० |
| ३.५ | किशोर-किशोरीहरूलाई सीप विकास सहयोग | ० | २०० | ३०० | ४०० | ५०० | १४०० |
| ३.६ | किशोर-किशोरीहरूलाई व्यवसायिक योजना निर्माणमा सहयोग | ० | ३०० | ३५० | ४०० | ४०० | १४५० |
| ४ | प्राविधिक तथा व्यवसायिक शिक्षा र सिप विकास तालिम | **०** | **६५०** | **७८०** | **९४०** | **१२५०** | **३६२०** |
| ५ | पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन | **०** | **४००** | **५५०** | **७००** | **८५०** | **२५००** |
| ६ | शिक्षक व्यवस्थापन र विकास निजि) स्रोत तथा नगर अनुदान ( | **१०५१८** | **१०५१८** | **११०४३** | **११०४३** | **११५९५** | **५४७१७** |
| ७ | विद्यालय सुरक्षा, विपत् व्यवस्थापन तथा उत्थानशीलता (ड्रिल समेत) | **०** | **३००** | **५००** | **६००** | **६००** | **२३००** |
| ७.१ | बृहत्तर विद्यालय सुरक्षा कार्ययोजना (CSSMP) तर्जुमा र कार्यान्वयन | ३०० | ४०० | ६०० | ८०० | १०० | ३१०० |
| ७.२ | जलवायु परिवर्तन अनुकुलन सहयोग | १५० | १५० | २०० | २०० | २०० | ९०० |
| ८ | सुशासन तथा व्यवस्थापन )EMIS सवलीकरण समेत( | १५० | २०० | २५० | २८० | ३०० | ११८० |
| ९ | शिक्षामा समता र समावेशीकरण | ० | ३०० | ४५० | ५४० | ६०० | १८९० |
| ९.१ | अभिभावक क्षिक्षा | ० | १०० | १५० | २०० | २५० | ७०० |
| ९.२ | अपांगता भएका बालबालिकालाई सहयोग तथा IEP | ३०० | ४५० | ५०० | ५२० | ५४० | २३१० |
| ९.३ | SATC सवलीकरण | ० | | | | | |
| ९.४ | मातृभाषामा सिक्षण सिकाई क्रियाकलाप प्रवर्धन | ० | ३५० | ४६० | ५०० | ५३० | १८४० |
| १० | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | ० | १०५० | १२५० | १५६० | १८५० | ५७१० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ११ | विद्यालय भौतिक पुर्वधार  विकास | ६२००० | ७२००० | ७२००० | ८२३०० | ९२५०० | ४१३८०० |
| | क तलब तथा पारिश्रमिक . | १३६१९७ | १३६१९७ | १४९८१६ | १४९८१६ | १४९८१६ | ७२१८४२ |
| | ख कार्यक्रम खर्च . | २०६७४७ | २२७४२१ | २५०१६३ | २७५१७९ | ३०२६९६ | १२६२२०६ |
| १२ | सूचना तथा सञ्चार प्रविधि | ६५० | ६५० | ६५० | ७५० | ७६० | ३४६० |
| | आ .स्थानीय पाठ्यक्रम | ५०० | ७०० | १००० | १००० | १००० | ४२०० |
| | इ छात्रवृत्ति तथा प्रोत्साहन . | २००० | २१०० | २१०० | २२०० | २२५० | १०६५० |
| | ईनिर्माण कार्य . | ० | | | | | |
| | उ उपकरण तथा जडान सामग्री . | ६५० | ७०० | ७०० | ७५० | ९०० | ३७०० |
| | ऊ शिक्षक तालिम तथा क्षमता विकास . | १५५० | १८५० | २१६० | २३५० | २५२० | १०४३० |
| | ऋ  अन्य क्षेत्रहरू . | ० | | | | | |
| | जम्मा | २१९५६५ | २४१२९९ | २६५४२७ | २९१९३२ | ३२११५५ | १३३९१७८ |

**भौतिक सुचक तथा नतिजा खाका**

| भौतिक संरचना | लक्ष्य | आधार बर्ष २०८०।०८१ | २०८१।०८२ | २०८२।०८३ | २०८३।०८४ | २०८४।०८५ | २०८५।०८६ देखी २०९०।०९१ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| कक्षा कोठा | १०६ | १० | २० | २० | २४ | २४ | ८ | |
| कार्यालय कोठा | २५ | ० | ५ | ५ | ५ | ५ | ५ | |
| खानेपानी तथा शौचालय | २१ | २ | ४ | ५ | ५ | २ | ३ | |
| पुस्तकालय | ३९ | ५ | ५ | ५ | ९ | ५ | १० | |
| कम्प्यूटर प्रयोशाला | ९ | १ | १ | २ | २ | २ | १ | |
| नमुना बिद्यालय चमेना गृह | ५ | ० | ० | १ | १ | १ | २ | |
| बिज्ञान प्रयोशाला | ९ | १ | ० | १ | २ | २ | ३ | |
| नमुना सभा कक्ष | ३ | ० | ० | १ | ० | १ | १ | |
| छात्रबास | ३ | ० | ० | १ | १ | १ | ० | |
| खेल मैदान | १० | १ | १ | २ | ३ | २ | १ | |
| करेशाबारी | ४१ | ९ | ६ | ६ | ५ | ५ | ९ | |
| बगैंचा | ३९ | ९ | ५ | ५ | ५ | ५ | १० | |
| घेरबार | ३४ | २ | १ | ३ | ३ | ४ | २१ | |
| फर्निचर संख्या | १२७५ | ५७५ | १०० | १०० | १०० | १०० | ३०० | |
| कार्पेट पि.फम मि. | १५५०० | ४०५० | १५०० | १५०० | १५०० | १००० | ६००० | |
| दराज | ९२ | २ | ६ | १५ | २० | २० | २९ | |
| कुर्ची संख्या | ६५० | ३० | १५० | १५० | १२० | ११० | ९० | |
| टेबुल | १३८ | २० | २५ | ३० | २५ | २० | १३ | |
| र्याक | ९२ | १० | ५ | १५ | २० | २५ | १७ | |

## परिच्छेद ८ : अनुगमन तथा मूल्याङ्कन

### ८.१.१ परिचय

योजनाबद्ध विकास प्रयासको शुरु अवस्थासँगै विकास आयोजनाको अनुगमन तथा मुल्याङकन गर्ने परिपाटी बसेको पाइन्छ । आ .व. २०३२/०३३ देखि विकास आयोजनाहरुको कार्यान्वयनको मुल्याङ्कन गर्ने व्यवस्थाको सुरुवात भयो । आठौं योजना २०४९/०५४ देखि अनुगमन तथा मुल्याङकनको एउटा पद्दतिको रुपमा मजबुत गर्ने कार्य गरियो । यस योजनामा विगतका अनुगमन तथा मुल्याङकन सम्बन्धी व्यवस्थामा देखिएका कमीकमजोरीहरुमा सुधार गरी संस्थागत व्यवस्था, उच्च राजनैतिक तहको प्रतिबद्धता र उपलब्धि मुल्याङ्कनको व्यवस्था सहितको बलियो अनुगमन तथा मुल्याङकन प्रणाली लागु गरियो ।

अनुगमन भन्नाले कुनैपनि कार्यक्रम कार्यान्वयनका लागि विशेषत शैक्षिक योजना तथा कार्यक्रमहरु के कति रुपमा भए ? त्यसको लक्षित प्रतिफल योजना अनुरुप ठीकसंग भइरहेका छन् वा छैनन ? भनी कार्यक्रम कार्यान्वयन गर्ने  व्यवस्थापनद्वारा निरन्तर र अद्यावधिक गरी निगरानी राख्ने कार्य हो । मुल्याङ्कन भन्नाले कुनै शैक्षिक कार्यक्रमको निर्धारित उद्देश्यको सन्दर्भमा त्यसका कार्यहरु कति सान्दर्भिक, सक्षम, लाभदायक र प्रभावकारी देखिएका छन् भन्नेबारे व्यवस्थित रुपबाट मापन गरी लेखाजेखा गर्ने कार्य हो । यहाँ भन्न खोजिएको तथ्य अनुगमन तथा मुल्याङ्कनको मुख्य उद्देश्य नगर शिक्षा योजनाले किटान गरेका प्रत्येक सेवा प्रवाह तहका लक्ष्य तथा उद्देश्य अनुरुपका उपलब्धिहरु पत्ता लगाई ती सूचकका आधारमा निर्णय प्रक्रियालाई सहयोग गरी प्रवाह सुधार गर्नु हो ।

### ८.१.२ वर्तमान अवस्था

यस नगरपालिकामा शिक्षा क्षेत्र प्रभावकारीगु ,णस्तर कायम र समुदायिक विद्यालय आकर्षण वढाउनका लागि शिक्षा ऐन, नियम अनुसार कार्य भए नभएको लेखाजोख गर्ने, लक्ष्य तथा उद्देश्यका आधारमा प्रगति मापन गर्ने र क्षेत्रगत उद्देश्य तथा लक्ष्यमा भएको रणनीति तथा नीतिगत प्रवाहको  मुल्याङ्कन गर्ने कार्यहरु नियमित रूपमा भैरहेका छन्  ।  सबै तहको सेवा व्यवस्थापन तथा सेवा प्रवाहका लागि वित्तीय व्यवस्थापकीय र प्राविधिक पक्षको अनुगमन, लेखाजोखा तथा मुल्याङ्कन गरिने छ । नगरपालिका शिक्षा योजनाको प्रचार प्रसार गर्न सरोकारवालाहरुलाई भेला गराई, सूचना तथा प्रविधिको अन्य माध्यमबाट जानकारी गराउने गरेको छ । योजनाको कार्यन्वयनको क्रममा आवश्यक सहयोग तथा सहकार्यको लागि पालिका तथा सम्वन्धित वडाहरुले यस योजनासंग सम्वन्धित तह तथा निकायहरुसंग आवश्यक प्रत्यक्ष भेटघाट वा पत्राचार गर्ने गरेको छ । योजनाको कार्यान्वयनको क्रममा पालिका वडाहरु, सम्वन्धित समिति तथा उप-समितिहरुको वैठक कार्यतालिका वा आवश्यकता अनुसार बस्नेछ । शिक्षा क्षेत्रका योजना कार्यक्रम र विभिन्न क्रियाकलाप थप , प्रभावकारी  बनाउन अनुगमन तथा मुल्यांकन समिति रहेको छ।  यस पालिकाको शिक्षा योजना सरोकारवालाहरुलाई जानकारी गराइ सो कार्यान्वयन भए-नभएको सम्वन्धित निकायबाट अनुगमन गरिनेछ । यो योजना अनुसारका कृयाकलापहरूको अनुगमन तपसिल बमोजिमका निकायहरूबाट हुनेछ ।

| क्र.स. | अनुगमन गर्ने निकाय | अनुगमन प्रकृया | जिम्मेवारी | अनुगमन समय | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| १ | वडा शिक्षा समिति | परीक्षण, अवलोकन, सुपरिवेक्षण | संयोजक तथा सदस्य | मासिक | अनुगमन प्रतिवेदन आगन्तुक पुस्तिका |
| २ | नगरपालिका शिक्षा समिति | | संयोजक तथा सदस्य | मासिक | |
| ३ | वडा कार्यालय | | अध्यक्ष तथा पदाधिकारी | मासिक | |
| ४ | नगरपालिका | | नगर प्रमुख लगायत पदाधिकारी | त्रैमासिक | |
| ५ | शिक्षा विकास तथा समन्वय एकाइ | | ईकाइ प्रमुख | | |
| ६ | जिल्ला समन्वय समिति | | प्रमुख तथा पदाधिकारी | वार्षिक | |

| क्र.स. | अनुगमन गर्ने निकाय | अनुगमन प्रकृया | जिम्मेवारी | अनुगमन समय | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| ७ | शिक्षा अधिकृत वा तोकिएको अधिकारी | | शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख | मासिक | |
| ८ | नगरपालिका शिक्षा शाखा | | शिक्षा, युवा तथा खेलकुद शाखा | मासिक | |
| ९ | शिक्षा तथा मानव श्रोत विकास केन्द्र | | तोकिएको अधिकारी | वार्षिक | |
| १० | प्रदेश शिक्षा विकास निर्देशनालय | | | वार्षिक | |
| ११ | पालिका स्तरका विज्ञ समूह | | शाखा प्रमुख | मासिक | |
| १२ | वि व्य स र शिक्षक अभिभावक संघ | | पदाधिकारी | निरन्तर | |
| १३ | नागरिक समाज तथा गैर सरकारी संघसंस्था | | | निरन्तर | |

### ८.१.३ उद्देश्य

- बार्षिक शिक्षा बजेट तथा कार्यक्रम अवश्यकता र योजनाबद्ध तरिकाले तयारी र कार्यान्वयन गर्नु
- आवश्यकता अनुसार कानुन, मापदण्ड र निर्देशिका  विकास तथा स्थानीय तहका शिक्षा शाखा तथा महाशाखाहरूको क्षमता विकास गर्नु,
- एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली मार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयनका नतिजाहरूको विवरण तयार, समीक्षा,  सुधार गर्नु,
- शिक्षण सिकाइमा आवश्यक सहयोग तथा अनुभव आदान प्रदानका लागि अवश्यक व्यावस्था मिलाउनु,
- विद्यालय तथा सामुदायिक अध्ययन केन्द्रहरूले योजना बनाई शैक्षिक कार्यक्रमहरू सञ्चालन तथा प्रभावकारी तथा कुशल अनुगमन प्रणाली विकास गर्नु
- नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली बनाउनु
- योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु
- योजनाको लगानीदेखि प्रभाव तहसम्मको मूल्याङ्कन गरी आवश्यकतामा आधारित योजना निर्माणमा सहयोग गर्नु

### ८.१.४ रणनीतिहरू

- व्यावस्थित बजेट बिनियोजनका लागि अनुगमन मुल्यांकन र अनुसन्धान बाट प्राप्त नतिजाका अधारमा बितरण र ,कुल बजेटको निश्चित हिस्सा अनुगमन तथा मूल्याङ्कनमा छुट्याई नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको अवलम्बन गरिने,
- एकीकृत शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण र उपयोग र अनुगमन, मूल्याङ्कन र प्रतिवेदन कार्यलाई छिटो, छरितो, व्यवस्थित र  प्रभावकारी बनाउन प्रविधिको प्रयोग गरिने छ
- शिक्षण सिकाइमा आवश्यक सहयोग तथा अनुभव आदान प्रदानका लागि स्थानीय स्तरमा शिक्षक तथा विज्ञ समूह सम्मिलित शिक्षक सहायता प्रणाली विकास तथा सञ्चालन गर्ने,

- राष्ट्रिय सूचकको अतिरिक्त आवश्यकताअनुसार स्थानीय सूचकहरूलाई समेत सूचना प्रणालीमा आवद्ध गरिने,
- योजनाका निर्माण देखि सञ्चालन प्रक्रिया, परिणाम, उपलब्धि र प्रभावको अनुगमन तथा मूल्याङ्कनका लागि संरचना र जनशक्तिको प्रबन्ध गरिने,
- व्यवस्थित र प्रमाणमा आधारित अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको विकास गरिने,
- अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषण सिकाइका र असल अभ्यास लाई अन्य विद्यालय वा कार्यक्षत्रमा ,
- सहभागितामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको कार्यान्वियन गरिने,
- कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एवम् प्रतिवेदन प्रणालीको प्रबन्ध गरिने,
- अनुगमनका क्रममा उत्कृठ विद्यालय शिक्षक र कर्मचारी लाई प्रोत्सानका लागपि ,पुरस्कार र दण्ड प्रणालीको विकास गरिने,

## ८.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिः**

- प्रभावकारी अनुगमनको माध्यबाट योजना कार्यान्वियनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुनेछ।
- अनुगमन, मूल्याड्कन, समन्वय र सहजीकरणका माध्यमले योजनाका चुनौतिहरू समाधान भई अपेक्षित उपलब्धी हासिल हुने छ।
- अनुगमन र मूल्याड्कनमा संस्थागत विकास र अनुगमन, मूल्याड्कन, समन्वय र सहजीकरणका माध्यमले नतिजामा सुधार हुने,
- विद्यार्थीहरूको शैक्षिक उपलब्धी सुधार तथा समन्वय र सहजीकरणले कार्यले शिक्षकको क्षमतामा कुशलता ल्याउने,

### ८.१.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

तालिका ८.१

| क्र.स . | प्रमुख क्रियाकलाप | एकाई | लक्ष्य | परिमाणात्मक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८१ | ०८२ | ०८३ | ०८४ | ०८५ | जम्मा | |
| १ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरू तयार तथा अद्यावधिक गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| २ | आफुले कार्यान्वयन गरेका कार्यक्रमहरूको नियमित अनुगमन गर्ने | पटक | १५ | १ | ३ | ३ | ३ | ३ | १३ | २ |
| ३ | कार्यक्रम कार्यान्वयनको चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन तयार | पटक | १५ | १ | ३ | ३ | ३ | ३ | १३ | २ |
| ४ | स्थिति प्रतिवेदन तयार गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ५ | विद्यार्थीको सिकाइ उपलब्धी परीक्षण गर्ने | पटक | २० | २ | ४ | ४ | ४ | ४ | १८ | २ |
| ६ | कक्षा १ देखि ३ सम्मका बालबालिकाको पठन सिप परीक्षणका लागि कक्षाकोठामा आधारित पठन सिप परीक्षण (CB-EGRA) संचालन गर्ने | पटक/मासिक | ६० | ३ | १२ | १२ | १२ | १२ | ५१ | ९ |
| ७ | विद्यालयको कार्यसम्पादन मूल्याङ्कन गर्ने। | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| ८ | विद्यालयहरुको  सामाजिक परीक्षण | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| ९ | विद्यालयहरूको लेखा परीक्षण | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| १० | रोष्टर विशेषज्ञहरूको व्यस्थापन र परिचालन | जना | २० | ० | ५ | ५ | ५ | ५ | २० | निरन्तर |

| क्र.स . | प्रमुख क्रियाकलाप | एकाई | लक्ष्य | परिमाणात्मक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८१ | ०८२ | ०८३ | ०८४ | ०८५ | जम्मा | |
| ११ | विज्ञ समूह विद्यालय निरक्षक ,तथा शिक्षक सिकाइ समूह मार्फत शिक्षा शाखा मार्फत विद्यालय अनुगमन तथा कक्षा , सुपरिवेक्षण | पटक | २० | १ | ४ | ४ | ४ | ४ | १७ | ३ |
| १२ | प्रधानाध्यापक तथा आधारभूत तह संयोजकबाट विद्यालय तथा कक्षाकोठा अनुगमन तथा सुपरिवेक्षण र प्रतिवेदन | मासिक | ६० | १ | १२ | १२ | १२ | १२ | ५० | ११ |
| १३ | सिकाइमा आधारित मुल्याङ्कन | पटक | २० | १ | १ | ४ | ३ | ५ | १७ | ३ |
| १४ | प्रमाणमा आधारित मुल्याङ्कनका लागि अभिलेखीकरण | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| १५ | स्थानीय तहद्वारा कक्षा अनुगमन | पटक | १५ | १ | ३ | ३ | ३ | ३ | १३ | २ |

## सन्दर्भ सामग्रीहरु


१. नेपालको संविधान, २०७२
२. स्थानीय सरकार सञ्चालन ऐन,२०७४
३. सोह्रौ आवधिक योजना, (२०८०/२०८१-२०८५/२०८६)
४. दिगो विकास लक्ष्य, २०१६- २०३०
५. अनिवार्य तथा नि:शुल्क शिक्षा ऐन, २०७५
६. शिक्षा ऐन, २०७६
७. राष्ट्रिय शिक्षा पद्धतिको योजना, २०२८
८. राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७५
९. सोह्रौँ आवधिक योजना
१०.विद्यालय क्षेत्र विकास योजना २०७३)-०७४/२०७७(०७८–
११. शिक्षा क्षेत्रको योजना, २०२१ - २०३०
१२ नेपाल जीवनस्तर मापन सर्वेक्षण, २०८०
१३.आर्थिक सर्वेक्षण २०८०, शिक्षा, विज्ञान तथा सञ्चार मन्त्रालय
१४.बालबालिकाको सिकाइ उपलब्धिमा भाषाहरू र भाषिक नीति हरूको प्रभावको बुझाइ, डा. प्रेमप्रसाद पौडेल, डाट्र्यासी कस्ट्ली .
१५.शिक्षामा मातृभाषाको प्रयोगसम्बन्धी एकीकृत अध्ययन प्रतिवेदन डा. डिल्लीराम रिमाल
१६. शिक्षा तथा मानव स्रोत विकास केन्द्र, फल्यास प्रतिवेदन, २०२४
१७. नगरपालिकाको इ.एम.आइ.एस.